# येशू यदि नगरप्रमुख (मेयर) भए

## सामाजिक रुपान्तरण र स्थानीय मण्डली

संक्षिप्त संस्करण

बब् मोफिट्
कार्ला टेस्क संगै

## बब् मोफिट् र हार्वेस्टका अन्य कृतिहरू :

येशू यदि मेयर भए (पूर्ण संस्करण)

बेसिक्स् सर्वाङ्गीण चेलापन
*पुस्तक १ : येशू राजा*
*पुस्तक २ : परमेश्वरको प्रतिरुप*
*पुस्तक ३ : मण्डली*

सर्वाङ्गीण सेवाकाई तालिम
*मानवीय आवश्यकता प्रति ख्रीष्टीय प्रतिक्रिया*
*बाइबलीय सर्वाङ्गीणता*
*सेवापन*
*परमेश्वरको राज्य*
*ईश्वरीय राज्य गणित*
*झ्यालको रुपमा मण्डली*
*बीऊ छर्ने कार्य*

सामुदायिक विकासको लागि शीपहरू
*सहभागितात्मक सिकाई*
*नेतृत्व*
*परियोजना व्यवस्थापन*

ईश्वरीय राज्य जीवन शैली श्रृखंला (डेरो मिलर र स्कट आलेन संगै)
*जाती-जातीहरूको लागी परमेश्वरको उदेकको योजना*
*परमेश्वरको राज्यको विश्व दृष्टीकोण*
*परमेश्वरको अटल राज्य*

झ्यालको रुपमा मण्डली (भिडियो)

कारापिताको लागी एक दर्शन (भिडियो)

स्वर्गमा झै पृथ्वीमा (डेरो मिलरको साथमा भिडियो श्रृखला)

# येशू
## यदि
# नगरप्रमुख
## भए !

सामाजिक रुपान्तरण र
स्थानीय मण्डली

संक्षिप्त संस्करण

बब् मोफिट्
कार्ला टेस्क संगै

Internationa Edition
Abridged Version

Copyright . 2005 by Bob Moffitt.
Published by Harvest. Printed in India. First printing.
ISBN 1-59724-000-1

Unless otherwise noted, all Scripture references in this book are taken from the HOLY BIBLE, NEW INTERNATIONAL VERSION. Copyright . 1973, 1978, 1984 International Bible Society. Used by permission of Zondervan Bible Publishers. Scripture quotations in this edition are printed in an italicized font.

Cover art and book layout designed by Brian Gammill, Harvest, 2005.
Abridged from International Edition (revised 2005) by Fritz Palas, Harvest, 2005.

Inquiries about this and other wholistic ministry materials may be sent to the following:

Harvest
PO Box 2670
Phoenix AZ 85002
USA
Email: info@harvestfoundation.org
Phone: +1-602-258-1083

Many of Harvest’s teaching materials are available online at:
www.harvestfoundation.org

*About the cover:* The church is comprised of followers of Jesus Christ from all cultures and eras; thus, the cover depicts no specific people group, culture, or era. The cross at the top of the church reminds us that Jesus is the head of the His church and that He shed His blood for the reconciliation of all things (Colossians 1:20). The cross also signifies that the people of the church are likewise called to sacrificial service, to carry out the large agenda of God.

# विषय सूची

प्रस्तावना

**भाग एक** **मेयरको कार्यसूची**
अध्याय १ यात्राको आरंभ
अध्याय २ येशू यदि नगरप्रमुख (मेयर) भए

**भाग दुई** **स्थानीय मण्डलीद्वारा साँस्कृतिक रुपान्तरण : बाइबलीय तथा ऐतिहासिक खोज**
अध्याय ३ ईतिहासको मण्डली र साँस्कृतिक रुपान्तरण
अध्याय ४ परमेश्वरको बृहत कार्यसूची
अध्याय ५ परमेश्वरको प्रतिरुप प्रदर्शित
अध्याय ६ मण्डलीको उद्देश्य
अध्याय ७ मण्डली र वर्तमान संसार
अध्याय ८ परमेश्वरको उद्देश्य पुरा गर्ने मण्डलीको विशेषताहरू

**भाग तीन** **साँस्कृतिक परिवर्तन ल्याउने स्थानीय मण्डलीहरू**
आरम्भ
अध्याय ९ स्थानीय मण्डलीद्वारा सामाजिक रुपान्तरण
अध्याय १० सर्वाङ्गीण गवाहीको लागि स्थानीय मण्डलीलाई सु-सज्जीत पार्नु ।
अध्याय ११ ईश्वरीय राज्य गणित – सेवाको लागी गुणन
अध्याय १२ रुपान्तरणका लागी औजारहरू

*उपसंहार*
*बाइबल पाठको उल्लेख*
*कार्यको उल्लेख*
*लेखकको बारेमा*

# प्रस्तावना

के तपाईले यो विषयमा कहिल्यै विचार गर्नु भएको छ कि यदि येशू तपाईको नगर प्रमुख वा गा.वि.स. अध्यक्ष हुनु भएको भए ? मैले कहिल्यै यसरी विचार गरेन । मैले धेरै वर्ष सम्म यस्ता व्यक्तिहरूको विचमा काम गरे जो गरीब र अधिकार विहिन थिए । म जान्दथे कि उनीहरूको अवस्था देखेर परमेश्वरको हृदय टुटेको थियो । तर एक दिन, बीस् वर्ष अघि, होन्डुरस् देशको एउटा सानो सुकुम्वासी बस्तीमा म केहि निराश पाष्टरहरूसंग कुराकानी गरिरहेको थिए । जसै उनहिरूसंगको कुराकानी सकेको थिए परमेश्वरले एउटा उत्तेजित दर्शन र प्रश्नद्वारा मलाई झक्झक्याउनु भयो : *येशू यदि तपाईको नगर वा गाँउको प्रमुख भए के गर्नुहुन्थ्यो होला ?* मानसिक रुपमा उहाँसंगै हामी बाटोमा हिड्दै थियौं । उहाँ मानिसहरूको दुःख र वेदना देखेर रोईरहेको हामीले देख्यौं । समूदायको लागि उहाँको दर्शन (इच्छा) को एउटा झलक हामीले पायौं । भाग एकमा तपाई स्वयमले नै त्यो कथा पढ्नु हुनेछ ।

मण्डली यस पृथ्वीमा खीष्टको शरीर हो, जोसंग उत्साहजनक संभाव्यता र जिम्मेवारी छ । जसलाई खीष्ट येशूद्वारा सुसज्जीत पारिनुका साथै नियूक्ति गरिएको छ । होन्डुरस्मा त्यस दिन मैले विचार गरे *"खीष्टको शरीर अर्थात मण्डलीले समाजमा खीष्ट जस्तै सेवा गर्नुपर्छ ।"* मैले यो बुझ्न सके कि येशू हाम्रो नगर वा गा.वि.स प्रमुख हुनुहुन्छ जसै उहाँले आफ्नो परिवर्तनकारी प्रतिनिधि द्वारा काम गर्नुहुन्छ, अर्थात मण्डली.......हामी । यस पृथ्वीमा उहाँको प्रतिनिधिको लागी यो उहाँको योजना हो– उहाँको बृहत कार्ययोजना ।

मलाई लाग्छ कसै कसैले यस पुस्तकको शिर्षक प्रति यस्तो प्रतिक्रिया जनाउन सक्छन्, "येशू यस धर्तीमा समाज सुधारक बन्न आउनु भएन" । यस भावमा उनीहरू ठिकै हुन् । यस कुरामा म अस्वाल्ड चेम्बर्सको टिप्पणीको कदर गर्दछु ।

> "मानिसहरूले भनिरहेका छन् कि येशू खीष्ट एउटा समाज सुधारकको रुपमा आउनुभयो । वाईघात कुरा ! हामीहरू पो समाज सुधारक हौं । येशू खीष्ट हामीलाई सचेतगर्न आउनुभयो र हामी आफ्नो जिम्मेवारी उहाँमाथि थोपरेर उम्किने प्रयास गर्दैछौं । जसै येशू हामीलाई सचेत गर्नुहुन्छ र हामीलाई ठिक पार्नुहुन्छ, तब उहाँका यी शिद्धान्तहरूले हामीलाई तुरुन्त समाज सुधारक बनाईदिन्छ । हामीहरू जहाँ बस्दछौ त्यहिँ त्यसले सिधै कामगर्न सुरु गर्दछ ......."।

*'येशू यदि नगर प्रमुख हुनुभएको भए'* भन्ने विचार एकप्रकारको सु-समाचारको बारेमा हो जसले हामी पुरुष र स्त्री दुवैलाई खीष्टको स्थायित्व र सजक सम्बन्धमा ल्याउँदछ र उनीहरूलाई मण्डलीद्वारा राष्ट्रलाई चेलापन गर्ने कार्यतर्फ डोर्‍याउँदछ ।

यो पुस्तक मूख्यतया अल्प विकसित एंव विकासशील देशहरूमा रहेका स्थानीय मण्डली अगुवाहरूको लागि लेखिएको हो । यद्यपी उनीहरू स्वयम मलाई प्रश्न गर्छन् :-

*"यो हाम्रो लागी मात्र किन लेखियो ? के सम्पूर्ण संसारमा रहेका पाष्टर र मण्डली अगुवाहरूलाई यो बुझ्नु आवश्यक छैन र ? अथवा उनीहरूलाई कम्तीमा पनि ख्रीष्टको शरीर हुनुको बोध वा अवगत गराउनु आवश्यक छैन र ?"*

निश्चय नै, उनीहरू ठिकै भन्दछन्, यो सबैले बुझ्नु आवश्यक छ। हामी सबै यसमा सहमत छौं। यो शिद्धान्त हरेक ठाउँको लागी उत्तिकै सत्यपूर्ण छ। तपाई जहाँको हुनुभए तापनि म तपाईलाई यस पुस्तक पढ्नको लागी अनमन्त्रण गर्दछु र प्रार्थना गर्दछु कि तपाईको लागि यो चुनौतिपूर्ण र महत्वपूर्ण  सावित् होस्।

मलाई यस निमन्त्रणालाई विस्तार गर्न दिनुहोस्। यस कार्यमा म प्रायः पारम्परिक (ईभान्जेलिकल, केरिसमेटिक, वा पेन्टीकोस्टल) मण्डलीहरूलाई संवोधन गर्दछु। हाम्रो सेवाकाईमा हामी प्रायः यस्तै मण्डलीहरूसंग सम्पर्क र काम गर्दछौं। यद्यपी म सबै प्रकारका चर्च संप्रदायका विश्वसीहरूलाई  पढ्न र यस शैद्धान्तिक प्रयोगलाई आफ्नो परिवेशमा जाँचगर्न आमन्त्रण गर्दछु। मेरो एउटा दृढ आसय एवं निश्चयता यहि हो की यस अस्तव्यस्त संसारलाई निको पार्न मण्डली परमेश्वरको प्रमुख अस्तित्व एवं माध्यम हो। दोस्रो कुरा, जसै हामी मिलेर सेवा गर्छौं, परमेश्वरले हाम्रो माझमा एकता ल्याँउनु हुन्छ। ज्यू, तपाई कुनैपनि सम्प्रदायको भए तापनि कृपया यो पुस्तक पढ्नुहोस्।

मैले यो पुस्तक लेख्नुको देस्रो कारण परम्परागत चर्चका मेरा दाजुभाई दिदीबहिनीहरूको लागी हो जसको मण्डलीहरू प्रायः असन्तुलित र आत्मीक सेवाकाई बारे संकिर्ण धारणा राख्दछन्। धेरै जसोले यो जानेका छैनन की भौतिक र सामाजिक अस्तव्यस्तता प्रति परमेश्वरको करुणा बुझेर उहाँका छोराछोरीहरूले सकृय रुपमा उहाँको करुणा प्रर्दशित गर्न उहाँ आज्ञा दिनुहुन्छ। उनीहरूमा प्रायः रणनीति, बाइबलीय "अनुमति" र श्रोत साधनको अभाव देखिन्छ। गत बीस् वर्षमा तीस् भन्दा बढि देशहरूमा, जहाँ जहाँ मैले सिकाए त्यहाँ मण्डली अगुवाहरूलाई मैले देखे जसमा एक अति आवश्यक संवेदना छ की परमेश्वरले उनीहरूलाई धेरै भन्दा धेरै कार्यगर्नको लागि बोलाउनुभयो। मूलत : यो पुस्तक उनीहरूको लागि लेखिएको हो, तर यसले ती सबैलाई चुनौति दिनेछ जो स्वयमलाई र मण्डली समूदायलाई एउटा फराकिलो र गहन सेवाकार्य तर्फ लैजान तयार छन्।

परमेश्वरको कार्ययोजनाको प्रारंम्भ प्रत्येक व्यक्तिको आत्मीक मुक्तिसंगै शुरु हुन्छ, मुख्यतः स्थानीय मण्डलीको सेवाकाईद्वारा। तर उहाँको पूर्ण कार्ययोजना राष्ट्रलाई चेलापन गर्ने कार्य भन्दा कम छैन। जो मण्डलीहरू यस बृहत कार्ययोजना प्रति प्रतिबद्ध छन् ती लगातार मानिसहरूलाई ख्रीष्टतर्फ ल्याउँदछन् र समूदायको लागि परमेश्वरको शालोम (शान्ति)  । मण्डलीको लागि परमेश्वरको त्यस बृहत कार्ययोजनाको दृष्टिकोणबाट हामी धर्मशास्त्रमा हेर्नेछौं। हाम्रो एकजना कर्मचारी जो पहिला एक सुसमाचारीय सेवाकाईमा सेवा गर्नुहुन्थ्यो जसले यो टिप्पणी सुन्नुभयो : *"म कल्पना गर्न सक्दिन कि कति पटक मैले यस मूख्य खण्डको बारेमा सिकाऐ तर कहिल्यै यसको बृहत आशयलाई देखिन।"* यद्यपी त्यो त्यहिँ छ ! जसै यी पन्नाहरू तपाई पढनुहुनेछ, यसप्रकारको प्रकाश तपाईले पनि पाउनुहुने कुरामा म विश्वस्त छु। *"येशू यदि नगरप्रमुख (मेयर) भए"* ले रुपान्तरणीय सेवाकाईका यस्ता थुप्रै वास्तविक जिवन कथाहरू

समाहित गरेको छ । यी कथाहरूलाई सम्पूर्ण पुस्तकमा अलंकृत गरिएको छ ताकी तपाई संसार भरीका थुप्रै व्यक्तिहरूलाई भेट्न सक्नुहुनेछ जसले स्वयमको लागी प्रत्यूत्तर दिएका छन् : *यदि येशू हाम्रो नगरको नगर प्रमुख हुनुभएको भए के हुन्थ्यो होला ?* यी कथाहरूलाई आफ्नो परिवेशमा अनुवाद गर्न म तपाईहरूलाई उत्साह दिन्छु । आफ्नो दाजुभाई, दिदीवहिनीको आत्मा, समर्पण र सिर्जशिलतालाई ध्यानाकर्षण गर्नुहोस् ।

परमेश्वरले जुन अभियानको विकास गर्दै हुनुहुन्छ त्यसको अझै अर्को आवाज हुनको लागि म आफूलाई विनम्र तुल्याउँछु र मेरो जीवन यात्राको यस घडिमा दिनुभएको दर्शन परमेश्वरको दृष्टिकोणबाट बाढ्न चाहान्छु । तपाईले यस पुस्तकमा पढ्नुहुने हरेक कुराहरूलाई लिखित वचन र पवित्र आत्माको आन्तरीक अभिप्रेरणाद्वारा मापन गर्नुहुन पनि म तपाईलाई बिनम्र अनुरोध गर्दछु । ब्राजिलमा रहेका हाम्रा एक सहकर्मीले भन्नुभयो, यस पुस्तकको हस्तलिपी पढ्दा मैले उहाँसंग एउटा लामो बातचित गरेजस्तै लाग्यो । यस्तै लामो बातचितको लागी म तपाईलाई पनि आमन्त्रित गर्दछु । मलाई खुसी लागेको छ की परमेश्वरले हामीलाई यो शुभअवसर दिनु भएको छ की हामी एक साथ त्यो कुरा हेरौं जो यथार्तमा भन्नु पर्दा - *संसार उहाँ प्रति* ।

-बब् मोफिट्

पुनश्चः यदि तपाइलाई यस *"येशू यदि नगरप्रमुख (मेयर) भए"* को संक्षिप्त संस्करण उत्साहजनक र मूल्यवान लागेमा पूर्ण अनुवाद पनि अवश्य पढ्न चाहनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

# भाग एक

# नगरप्रमुखको कार्ययोजना

# १

तपाईको इच्छा स्वर्गमा जस्तै यस पृथ्वीमा पुरा होस्.....
मत्ती ६:१०

# यात्रा आरंभ १

## मेरो यात्रा

परमेश्वरले मलाई एउटा तृष्णा दिनु भएको छ । मेरो तृष्णा यहि हो की ख्रीष्टको शरीर विशेष गरी स्थानीय मण्डली जसलाई परमेश्वरले एउटा महान उद्देश्यको लागी सृष्टि गर्नु भयो त्यो देखोस् र पुरा गरोस् । यो त्यही कथा हो जसले ममा त्यो तिब्र इच्छा ल्यायो । यो मेरो यात्रा कथा हो, अक्षरंस र प्रतिकात्मक । म विश्वास गर्छु यसले तपाईलाई  जुन सन्दर्भमा मैले यो लेखेको छु त्यो बुझ्न मद्दत गर्ने छ । र त्यो कारण जो मानिसहरूले सोधुन कि यदि येशू मेयर भए के गर्नु हुन्थ्यो ।

म सझक हुन आवश्यक छ की मण्डलीको लागि ख्रीष्ट, उसको शिर हो यो जाने बिना म आफ्नो तिब्र इच्छा उसमा राख्न सक्दिन । सबै भन्दा माथि ख्रीष्टलाई बुझेको म चाहन्छु, जसरी प्रेरित पावलले फिलिप्पीको मण्डलीलाई भन्नुभयो (फिलिप्पी ३:७-१०) । तिब्र आकांक्षा बोकेका हामीहरूमध्ये जो कामदिने व्यक्तिमा होइन तर काममा अधिक ध्यान दिन्छौ भने हामी खतरामा हुनेछौ । जब हाम्रो ध्यान ख्रीष्टमा नभएर अरुकुरामा हुन्छ तब हामी हाम्रो कार्यको प्रभावलाई कम गर्छौ । फसलको लागी शक्ति हाम्रो कामबाट होइन तर उहाँबाट आउँछ जसले हामीलाई यो काम दिनुहुन्छ । प्रभु, पहिला तपाईको चाह राख्नलाई हामीलाई मद्दत गर्नुहोस् ।

म एक प्रचारकको छोरा हुँ । मेरो बाल्यकाल देखि १५ वर्षको हुँदा सम्म मेरो पिताले लस्एन्जेलस्मा कर्मचारीवर्ग बीच काम गर्ने एक प्रेमिलो ब्याप्टिष्ट मण्डलीमा पाष्टरको रुपमा सेवाकाई गर्नुभयो । मेरो मातापिताले लस्एन्जेलस्को बाइबल संस्थामा अध्ययन गर्नुभयो जुन आज बायोला विश्वविद्यालयको रुपमा चिनिन्छ । त्यो त्यही हो जहाँ परमेश्वरले उनीहरूलाई विश्व–सुसमाचारको लागि तिब्र इच्छा दिनुभयो । मिशनरी भएर उहाँहरू अफ्रिका जान तयारी हुनुभयो तर त्यसको सट्टा उहाँहरूले अरुहरूलाई छनौट गरी पठाउने कार्यको चुनौति लिनुभयो ।

त्यो मण्डलीको बप्तीष्मा कक्ष माथि लेखिएको कुरा आज पनि मेरो मन मष्तिष्कमा अंक्ति छ: "के कसैलाई सु-समाचार दोहोऱ्याई सुन्ने अधिकार छ जबसम्म सबैले एक पटक सुनेका छैनन् ?" हाम्रो परिवार र मण्डलीले मिशनरीहरूलाई सहायता गर्थे र आगन्तुक मिशनरीहरू हाम्रो घरमा बस्थे । मैले उनीहरूको कथा सुन्ने गर्थे । उनीहरू मेरो लागि एक नायक थिए । म उनीहरू जस्तै हुन चाहन्थे ।

जब म पन्ध्र वर्षको थिए मेरो पिता एरिजोना ब्याप्टीष्ट कन्भेन्सन्को सचिव हुनुभयो । मण्डली स्थापना उहाँको दर्शन थियो । उहाँको पच्चीस सालको सेवाकाईमा एकसय भन्दा बढि

मण्डलीहरू स्थापना भए । विश्व सु-समाचार र मण्डली स्थापना एक अद्धितिय सम्पदा थिए तर मेरो प्रारम्भिक बालिग अनुभवहरूले मेरो लागी समस्यामय प्रश्नहरूको उत्तर खोज्नको लागी मलाई बाध्य बनायो ।

म दुईबर्ष पिस्कर्प्स्को रुपमा अफ्रिकाको मालावी भन्ने ठाउँको एउटा माध्यमिक स्कूलमा पढाउन बिताँए । मैले सानो छदाँ सुनेको जस्तै मेरो नियूक्ति एक ग्रामिण मिशन स्कूलमा भएको थियो । मिशनरीहरूले ज्यादै राम्रो काम गरेका थिए । त्यो स्कूलको शैक्षिक स्तर देशको उत्कृष्ट स्कूलहरूमध्ये एक थियो । त्यो स्कूल उत्कृष्ट रुपले संचालित र प्रभावकारी रुपले व्यवस्थित थियो । मिशनरीहरू स्पष्टरुपमा विद्यार्थीहरूलाई प्रेम गर्थे र उनीहरूलाई सु-समाचार सुनाउने चाह गर्थे । म पनि हाम्रा विद्यार्थीहरू येशूसंगको व्यक्तिगत सम्बन्धमा आएको चाहन्थे र एकजना मिशनरीसंग व्यक्तिगत रुपमा सहभागी भई विधार्थीहरूको लागि हरेक दिन बिहानै अन्तरविन्ती प्रार्थना गर्थे ।

तथापि केहि विद्यार्थीहरू सु-समाचार देखि टाढा भाग्दथे । सहि हो या गलत तिनीहरूले यो सन्देश बुझे की मिशनरीहरूको ईसाईत्व अफ्रिकन विश्वासीहरूको लागि एउटा नमूना हुनुपर्छ । विद्यार्थीले सांस्कृतिक साम्राज्यवादको आशंका गरे र त्यस आशंकाको कारण धेरैले उनीहरूलाई अति प्रेमगर्ने मिशनरीहरूको संस्कृति र विश्वासलाई  अस्वीकार गर्ने कारण बन्यो । यो अवस्थामा मैले अन्तरसांस्कृतिक सुसमाचारको प्रश्नहरू गर्न शूरु गरें । तर पनि मैले विश्वास गरे की मलाई मिशनरी सेवाको लागी बोलाईएको थियो ।

पिस्कर्प्स्को सेवा पश्चात् मेरो दुई वर्षको मिशनलाई बुझ्ने खोज र मेरो संभाव्य भुमिकालाई बुझ्न मैले आरम्भ गरें । मैले मोटरसाईकिलमा उप-भुमध्यवर्ती अफ्रिकाका थुप्रै ठाउँहरूमा यात्रा गरे जहाँ थुप्रै मिशनरीहरूलाई भेटे र उनीहरूसंग समय बिताँए । यसै यात्रामा मैले अफ्रिकन दुई दाजुभाईहरूलाई भेटे जो मेरो जिवनपर्यन्त दाजुभाई बनें । आज उनीहरू आफ्नो देशमा खीष्टियन् अगुवाहरू भएका छन् ।

मैले मध्यपूर्व भएर यात्रा गरे र ईस्राएलको स्नातक स्कूलमा एक सत्र अध्ययन पुरा गरे । त्यसपछि बेल्जियममा एउटा पुरानो दुई सिलिण्डरवाला सिन्त्रोईन मोटरसाईकिल, (जसलाई फ्रन्सेली भाषामा *"कुरुप हाँसको बच्चा"* भनिन्छ,) खरिद गरे र भारत गऐं जहाँ त्यो अधिक प्रयोगको कारण बिग्रियो । मेरो भ्रमणको अन्त्य तर्फ दक्षिण एवंम पुर्वी एसियाका नौवटा देशहरूका लागि उडें । मेरो यात्रा अवधिभर विभिन्न मिशनेरीहरू र राष्ट्रिय विश्वासीहरूसंग अन्तरवार्ता लिऐं ।

मैले यो जान्न चाहे कि सु-समाचारको व्यापक्तामा कुन कुराले काम गऱ्यो र कुन कुराले काम गरेन । मैले निष्कर्ष निकालें कि प्रति-सांस्कृतिक सुसमाचार प्रचार उपयूक्त छ र त्यसको प्रमुख सम्भावना यहि हो जब प्रति-सांस्कृतिक मिशनेरी एउटा मालिकको रुपमा होइन तर स्थानीय मण्डलीका दाजुभाईको एवंम सेवकको रुपमा आउँछन् । मेरो बोलावट मिशन कार्यको लागि हो भनि मैले निक्यौल गरे । म घर फर्किएँ र लगतै डनवरको एक सेमिनारीमा मिशन विषय लिएर भर्ना भएँ । थाहै नपाई म वास्तविकताको मुश्किल खुराक तर्फ अग्रसर भए जसले मण्डली प्रतिको मेरो भावनामा मौलिक परिवर्तन ल्यायो ।

सेमिनारीले विद्यार्थीहरूलाई समुदायिक सेवाकाईमा लाग्न प्रोत्सहित गऱ्यो । फलस्वरुप मैले नियम कानून तोड्ने यूवाहरूलाई परामर्शक्र्ता उपलब्ध गराउने एउटा नयाँ कार्यक्रमको समन्वय गरें । तिनीहरूमध्ये धेरैजसो अफ्रिकि मूलका अमेरिकन र हिस्पानिस्हरू थिए । यद्यपी हाम्रो कार्यक्रम खुल्ला रुपमै खिष्टीयन कार्यक्रम थियो तथापी अदालतले उनीहरूका यूवाहरूलाई हामीकहाँ सिफारिस गर्न ईच्छुक थिए । वयस्क खिष्टियनहरूले आवश्यकतामा परेका यूवाहरूलाई प्रेमिलो मित्रता दिन सके र खीष्टको विश्वासको बारेमा तिनीहरूलाई बताउन सके - महानआज्ञा र महानकार्यलाई जोडने एउटा पूर्ण अवसर (मत्ती २२:३७-४०, २८:१९-२०)[1] । सेमिनारीको अध्यक्षले स्थानीय मण्डलीलाई पत्र लेख्नुभयो र मैले सैयौं मण्डलीका मानिसहरूसंग कुराकानी गरें । उनीहरूबाट थोरै मात्र प्रतिक्रिया आयो । शायद त्यस समयको जातिय तनावले मानिसहरूलाई भयभीत तुल्याएको थियो । भाग्यवस् मेरा सेमिनारीका विद्यार्थीसाथीहरू ईच्छुक थिए । सेमिनारीका दशजना विद्यार्थीले एक-एक गरी यूवाहरूलाई परमार्शिय सम्बन्ध राख्न शरु गरे । प्रतिफल राम्रो थियो र अदालतले अझै धेरै यूवाहरू हामीलाई शिफारिस गऱ्यो । हामीले साहस्पूर्ण रुपले स्थानीय मण्डलीका विश्वासीहरूलाई यस कार्यमा समावेश गर्ने कोशिस गऱ्यौं तर थोरैमात्र सफल भयौं । आवश्यकता यति धेरै थियो कि हामीले गैर खिष्टिय विश्वविद्यालयका विद्यार्थीहरूलाई स्वीकार गर्न बाध्य भयौं जसले अक्षरंश : सहभागी हुनकोलागि भिख मागेका थिए । हाम्रो कार्यक्रम बढ्दै गयो र राष्ट्रिय नमूना बन्यो । यस बृद्धिको प्रमूख कारण ती गैर ईसाईहरू थिए जो आवश्यकतामा परेका जवानहरूसंग साथि बन्न चाह गरिरहेका थिए । म मेरो सम्पदारुपी मण्डलीसंग ज्यादै निराश भएँ ।

त्यस भन्दा बढि मैले ती मण्डलीहरूसंग केहि कुरा गर्न चाहान्थे जोहरू प्रेमको बारेमा कुरा त गर्छन् तर समस्यामा परेका यूवाहरूलाई सहायत गर्न अनिच्छुक थिए, उनीहरू शायद, कहिल्यै परमेश्वरको प्रेमलाई अनुभव गर्ने मौका पाउने थिएनन् होला । मैले परमेश्वरलाई प्रेम गर्थें तर मण्डलीसंग ज्यादै अति ज्यादै रिसाएको थिएँ ।

त्यस नैराश्यताकै विचमा परमेश्वर मसंग बोल्नुभयो । प्रार्थना र वचनद्वारा उहाँले मलाई भन्नुभयो *"बब् यो मेरो मण्डली हो, मेरो दुलही ।"* उ जस्तो टुक्रिएको भएतापनि म उसलाई प्रेमगर्छु । मैले आफ्नो जिवन उसको लागि दिएँ । जबसम्म तिमीले मेरो प्रेमले उसलाई प्रेम गर्दैनौं, तबसम्म उ जस्तो बनेको म चाहान्छु त्यस्तो बन्नको लागि तिमीलाई प्रयोग गर्न म सक्दिन ।

मेरो हृद्‌यमा छुरी घोचेंजस्तै मलाई महशुस भयो । "प्रभु, म स्वीकार गर्छु मलाई क्षमा गर्नोस्, मैले तबसम्म मण्डलीलाई प्रेम गर्न सक्दिन जबसम्म तपाईले उनीहरू प्रतिको तपाईको प्रेम मेरो हृद्‌यमा भर्नुहुन्न, तर म ईच्छुक छु ।" परमेश्वरले प्रार्थनाको उत्तर दिनुभयो । आज मण्डलीको जिर्णताको बाबजूत म उसलाई प्रेम गर्छु र उसको स्वस्थताको लागि सहयोग गर्ने मेरो तिब्र आकाक्षा छ । के म मिशन कार्यको लागि बोलाईएको थिएँ ? हजुर ! मेरो मिशन मण्डलीको सेवा गर्नु हो भनि मैले देखें, मण्डलीको पैत्रिक अधिकार दावीगर्नको लागि उसलाई सहायता गर्नु । त्यस लगत्तै: स्वयमसेवकहरूलाई परिचालन एंव निर्देशन गर्ने कार्यक्रमको लागि *फुड फर द हङ्ग्री* (भोकालाई भोजन) भन्ने संस्थामा काम सुरुगरें । केहि समय पश्चात तेस्रो मूलुकका मण्डलीहरूको निम्ति परमेश्वरले अर्को ढोका खोल्नु भयो ।

## हाम्रो यात्रा

१९८१ मा मैले हार्वेष्ट (Harvest) भन्ने संस्थाको स्थापना गरें । मूलत: हार्वेष्टले तेस्रो मूलुकका विश्वासी र उत्तर अमेरीकी विश्वासीहरू विच साझेदारी स्थापना गर्‍यो । हामीसंग थुप्रै मण्डली मण्डली विच साझेदारिता थियो । हामीले ख्रीष्टीयन संस्थाहरूविच पनि साझेदारिता स्थापना गर्‍यौं, जस्तै डोमिनिकन रिपप्लीक को एउटा शिशु स्याहार केन्द्र र एउटा अमेरिकी प्रि-स्कूलको साझेदारीता । यो साझेदारिताको आशय भौतिक रुपमा गरीब मण्डली एंव समूहलाई ख्रीष्टको प्रेम प्रदर्शित गर्न उनीहरूको समूदायमा भौतिक सहायता प्रदानगर्नु थियो । यस्ता थुप्रै राम्रा परियोजनाहरू शुरु गरिए । तथापी केहि मण्डलीहरूमा अमेरीकी साझेदारहरूले दिएको स्रोत र साधनको नियन्त्रणका लागि अगुवाहरू विच अस्वस्थ प्रतिस्पर्धा भएको हामीले देख्यौं । तेस्रो मूलुकको एउटा मण्डलीमा रुपैया पैसा नियन्त्रण गर्ने विषयले मण्डली विभाजित भयो र पाष्टर आर्थिक हिनामिनामा फसे । हामीले यो पनि देख्यौं कि स्थानीय ख्रीष्टीय साझेदार संस्थाहरू बाहृय श्रोत र साधनहरू विना आफ्ना परियोजनाहरूलाई स्थायित्व दिन सकेनन् र यो हाम्रो लक्ष्य थिएन ।

सन् १९८६ मा हाम्रो हार्वेष्ट कार्यकारिणी समिति र कर्मचारीहरूले घुँडा टेकी मार्ग निर्देशनको लागि परमेश्वरलाई प्रार्थना गऱ्यौं । परमेश्वरले प्रत्यूत्तर दिनुभयो । हाम्रो केन्द्रविन्दु स्थानीय मण्डली बन्यो-अरु खीष्टीय संघसंस्था होइन र हामी यस्ता परियोजनाबाट टाडा हट्न लाग्यौं जुन परियोजनाहरू समूदायमा बाह्य श्रोत साधनको लगानीबाट गरिन्छ । त्यसको विपरित हामी स्थानीय मण्डलीका पाष्टर र विश्वासी समूदायलाई बाइबलको आज्ञा, वचन र कामको विश्वास्मा जिउने कुराको तालिम दिने कुरामा जोड दिन थाल्यौं, स्थानिय श्रोत र साधन बाट सुरु गरेर ।

हाम्रो प्रथम प्रयास दक्षिण अमेरिकी र केरेवियनका पाँच देशहरूमा थियो । परिणाम उत्साहजनक थियो । परमेश्वरले उनीहरूको प्रयासमा बृद्धि ल्याउनु भएको मण्डलीहरूले देखे । सुसमाचारमा चासो नराख्ने समुदायका कति मानिसहरू परमेश्वरको प्रेम प्रदर्शनद्वारा खीष्टको विश्वासमा आए । मण्डलीमा बृद्धि भयो । यी मण्डलीहरूले समुदायमा आत्मीक र सामाजिक रुपमा प्रभाव पार्न थाले । यो कुरा विभिन्न खीष्टीयन मिशन संघसंस्थाहरूमा पनि फौलियो । यूथ विथ् द मिशन (YWAM) ले सामुदायिक विकासका विद्यर्थीलाई तालिम् दिन हामीलाई बोलाए । सन् १९९७ मा हार्वेष्टले अनौपचारिक रुपमा *भोकालाई भोजन* ( Food for the Hungry) संग सहकार्य शुरु गऱ्यौं । त्यस सहकार्यले चालिस भन्दा बढि राष्ट्रमा मण्डली र मण्डलीसंग सम्बन्धित मिशन संस्थाहरूलाई बाइबलीय सर्वाङ्गीण सेवाकाईको[2] लागि दर्शन र रणनीति हस्तान्तरण गर्ने तालिमको लागि हाम्रो संस्थालाई ढोका खोलिदियो। हाम्रो तालिम पाठ्यक्रम स्थानीय समूहद्वारा बीस् भन्दा बढि भाषाहरूमा अनुवाद गरिएको छ । यो शिक्षालाई अझै व्यापक बनाउन पन्ध्र मूलुकमा स्थानीय समूहहरू संगठित गरिएको छ । यो सरल शिक्षाले मण्डलीहरू र समूदायहरूलाई रुपान्तरण गरिरहेको छ । परमेश्वरले यो गर्नु भएको छ र यसलाई हेर्नु अश्चर्यजनक छ ।

## हाम्रो बढ्दो यात्रा

मण्डलीको लागि परमेश्वरको इच्छा परिवर्तन हुदैन, तर मेरो बुझाईमा परिवर्तन हुन्छ जब म परमेश्वरले राख्नु भएको मार्गमा लगातार अघि बढ्छु । *भोकालाई भोजन* ( Food for the Hungry) संगको हाम्रो सहकार्यले न केवल हाम्रो निम्ति तालिमको अवसरहरूलाई बृद्धि गऱ्यो, तर हाम्रो विचारलाई पनि बृद्धि गऱ्यो । हामीले यो देख्नसक्यौ की मण्डलीले न केवल स्थानीय समाजमा प्रभाव पार्नुपर्छ तर आफ्नो राष्ट्रलाई पनि चेला बनाउन सक्नुपर्छ[3]।

हामीले यो पनि देख्न सक्यौं की बाइबलीय विश्वदृष्टीकोण कति अनिवार्य छ यदि हामी हाम्रो जाती र राष्ट्रलाई चेला बनाउछौं र हाम्रो समाजको सेवागछौं भने जस्तै *"यदि येशू नगरप्रमुख भए"* । विश्वदृष्टीकोण भनेको साधारणतया मूल तत्वहरूको संग्रह हो जसद्वारा मानिसहरूले कसरी उनीहरूका वरिपरिको संसारलाई हेर्छन् र त्यसै अनुसार काम गर्छन् । बाइबलीय विश्वदृष्ट्रीकोणले भन्छ की हामी टुटेका जाती हौं । परमेश्वरको हस्तक्षेप विना हामी आशारहित छौं तर उहाँको सुसमाचारमा हाम्रो जीर्णताको निम्ति स्वस्थताको आशा छ । यो त्यहि विश्वदृष्ट्रीकोण हो जो हामी अंगिकार गर्छौं ।

............अब हामी नगरप्रमुखलाई भेटौं ।

# येशू यदि नगरप्रमुख भए | २

## परमेश्वरको कार्यसूचीको दर्शनलाई पक्रिनु

*"येशू यदि नगरप्रमुख भए"* [१] तपाईको समुदायमा कस्तो परिवर्तन हुन्थ्यो होला ? म प्राय : यो प्रश्न हाम्रो सम्मेलनहरूमा संसार भरिका पाष्टर र अगुवाहरूलाई सोध्ने गर्छु । उनीहरूको प्रत्यूत्तरले उनीहरूलाई आफ्नो मण्डली समूदायमा सहभागी हुनको लागि दर्शन पाउन सहायता गर्दछ ।

बाइबलले स्पष्ट रुपमा भन्छ : *"जहाँ दर्शन छैन त्यहाँ मानिसहरू नाश हुन्छन्* (हितोपदेश २९:१८) ।" यदि जवानहरू आफ्नो भविष्यप्रति दर्शनविहिन हुन्छन् भने उनीहरू आफ्नो समय कसरी बिताउने सो जान्दैनन् । आफ्नो दिशाको विषयमा उनीहरू विश्वस्त हुदैनन् र उनीहरूले थोरैमात्र उपलब्धी हाँसिल गर्नेछन् । तथापी आफ्नो भविष्यको लागि दर्शन बोकेका जवानहरूमा भने आफ्नो समयको उचित सदुपयोग गर्न र निर्णय गर्न समस्या हुदैन । तिनीहरूको जिवन भविष्यको लागि कुनै निश्चित दर्शनको वरिपरि व्यवस्थित हुन्छ । त्यस अनुरुप दर्शन विनाको मण्डलीले आफ्नो प्रतिमा बनाईराख्नु बाहेक अरु केहि गर्नसक्दैन । उसलाई समूदायमा परमेश्वरको राज्यको प्रभाव पार्न थोरैमात्र अवशर प्राप्त हुन्छ । तर दर्शन बोकेका मण्डलीसंग यस पृथ्वीमा र अनन्तताको लागि प्रभाव पार्ने थुप्रै सुअवशरहरू हुन्छन् । हामी केवल कुनै दर्शन होइन तर परमेश्वरको दर्शन चाहिन्छौं जो उहाँले बनाउनु भएका र प्रेम गर्नुहुने मानिसहरू र संसारको लागि हो ।

प्रश्न गर्दा हामीले यो कल्पना गरिरहेका छैनौं कि येशू वास्तविक शरीरमै एउटा सामाजिक अगुवाको रुपमा आउनुहुनेछ । यसको विपरित हामीले यो कल्पना गरिरहेका छौं की यदि येशूको चरित्र, नौतिक मूल्य, व्यवस्था, र उहाँको शिक्षा हाम्रो समाज सञ्चालनका आधारहरू भए के हुन्थ्यो होला ? येशू नगरप्रमुख हुने यस विचारले हामीलाई केवल सोँच्नलाई मद्धत गर्छ की यदि उहाँको इच्छा हाम्रो समुदाय र समाजमा लागू भए हाम्रो समाज कस्तो हुन्थ्यो होला ? हामी यो मान्दछौं की उहाँले यस पृथ्वीमा कुनै राजनैतिक राज्य स्थापित गर्नु भएन ।

यदि येशू नगरप्रमुख भए उहाँले के गर्नुहुन्थ्यो होला भनि हामी पक्का जान्न सक्दैनौं तर हामीले धर्मशास्त्र अध्ययन गर्न सक्छौं र हाम्रो समाजको लागि उहाँको इच्छा के छ भनि प्रकट गरिदिनको लागि पवित्र आत्मालाई निवेदन गर्न सक्छौं ।

हामीले परमेश्वरको वचन र चरित्र बुझ्नु पर्छ र उहाँको आवाज सुन्नु पर्छ। जुन कुरा येशू नगरप्रमुख भए गर्नुहुन्थ्यो, त्यसले हाम्रो समाजको लागि परमेश्वर पिताको इच्छा प्रकट गर्दछ। येशूले सधै आफ्नो पिताको इच्छा पुरा गर्नुभयो (यूहन्ना १५:१०, ५:१९)। येशूले हामीलाई हाम्रो पितालाई प्रार्थना गर्न सिकाउनु भयो : *"तपाईको राज्य आओस्, तपाईको इच्छा स्वर्गमा जस्तै यस पृथ्वीमा पुरा होस्* (मत्ती ६:१०)।" उहाँको इच्छा जस्तो स्वर्गमा पुरा हुन्छ त्यस्तै अहिले यस पृथ्वीमा पुरा होस् भनि परमेश्वर चाहानु हुन्छ। उहाँले यो चाहानु हुन्छ किनकी उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र यस संसारलाई पनि जसलाई उहाँले सृष्टी गर्नुभयो। उहाँले हाम्रो लागि अति असल चाहानु हुन्छ। जसै हामीले सिक्नेछौं, उहाँले सबैकुरा उहाँमा पुन:मिलाप भएको चाहानु हुन्छ।

कल्पना गर्नेस् त यदि स्वर्गमा जस्तै परमेश्वरको इच्छा यस पृथ्वीमा पुरा भए के होला। यो विचार गर्नको लागि अर्को तरिका हो स्वयमलाई सोध्नु : "*यदि आउने सोमवार ९ बजेदेखि शुरु गरेर हाम्रो समाजको सबैजना परमेश्वरको चाहाना अनुसार जिउन शुरुगरे भने के होला ?*"

❖ व्यक्तिगत रुपमा हाम्रो सम्बन्धमा, आफ्नो शरीरलाई वास्ता गर्ने कुरामा, र परमेश्वरसंगको सम्बन्धमा यदि हामी पूर्णरुपले उहाँको अभिप्राय पालना गरे हाम्रो व्यक्तिगत जिवनमा के हाला ?

❖ हाम्रो परिवारमा परिवारका सबै सदस्यहरूले यदि परमेश्वरको अभिप्राय पूर्ण रुपमा पालना गरे हाम्री एकार्का बिचको सम्बन्ध कस्तो होला ?

❖ हाम्रो मण्डली एंव समूदायमा भएका सबै मण्डलीमा यदि सबै अगुवा र विश्वासी जनहरू एक अर्कासंग साँचो प्रेम गरे, एकार्कालाई सेवा गरे, शक्तिविहिनहरूको पक्षमा बोलिदिए, र एकतामा रहे कस्तो हुन्थ्योहोला ?

❖ हाम्रो समूदायका सबै नेताहरू साझा, असलकार्यको लागि ईमान्दार र सदाचार भावमा मिलेर काम गरे हाम्रो समाज कस्तो हुन्थ्योहोला ?

❖ यदि व्यवसायिक क्षेत्रमा बेइमानी, कपट, छल, भ्रष्टाचार कहिल्यै नहुदो हो त कस्तो हुन्थ्यो होला ?

❖ यदि छोराछोरीले आफ्ना माता पितालाई आदर गर्ने र उनीहरूबाट सिक्ने भए के हुन्थ्यो होला ?

❖ यदि हाम्रो देशमा भ्रष्टाचार नभई वास्तविक न्याय भए कस्तो हुन्थ्यो होला ?

धेरै वर्ष पहिले एक समय, म होन्डुरस् देशको एउटा सुकुम्बासी बस्तीमा पाष्टरहरूसंग कुराकानी र प्रार्थना गरिरहेको थिएँ । अचानक परमेश्वरले उनीहरूसंग बाढ्नलाई मलाई एउटा कथा दिनुभयो । मैले कथा भनि सकेपछि, हामीले पूर्ण रुपान्तरीत सँस्कृतिको लागि परमेश्वरको दर्शनबारे खोजी गऱ्यौं । त्यो एक यात्रा थियो जो मैले कहिल्यै बिर्सिन्न । आउनोस् फेरी एक पटक त्यो कथा मबाट सुन्नुहोस्, "जुआनको दृष्टान्त" ।

## जुआनको दृष्टान्त

जुआनले अत्याधिक बृद्धि भईरहेको शहरको मण्डली नभएको स्थानमा गएर एउटा मण्डली शुरु गर्न परमेश्वरको बोलावटको महसुस गरें । बास्तवमा, हरेकपटक ऊ काममा जाँदा र आउँदा बस चढ्थ्यो र त्यो बस लास्पलास्को एउटा सुकुम्बासी बस्ती भएर जान्थ्यो । जुआनले त्यहाँ बस्ने मानिसहरूको लागि एउटा अनौठो आकर्षक महसुश गरे । उनले धेरै तालिम लिएका थिएनन्, तर केहि बाइबल अतिरिक्त कक्षा मात्र । उनीसंग जे थियो, त्यो त्याहाँका मानिसहरूले येशूलाई चिनुन् भन्ने तिब्र मनोकांक्षा ।

जुआनले आफ्नो श्रीमतिसंग यस बारेमा छलफल गरे र उनीहरू आफ्ना दुई स-साना छोरीहरूलाई लिएर लास्पलास् सर्ने निर्णय गरे । तिनीहरूले एउटा सानो काठे झोपडी भाडामा लिए । लास्पलास्मा पानी, बिजुली, स्कूल, स्वास्थ्य केन्द्र आदि कुनै कुराको पनि व्यवस्था थिएन । बाटो भरि फोहोरो थियो । मानिसहरू गरीब थिए । उनीहरू कागज, टिन, पुरानो टायर, गत्ता, बोरा आदिले बनाईएका झुपडीहरूमा बस्थे । त्यहाँ बस्नु अति कठिन थियो तर पनि जुआन र उनको श्रीमतिको विश्वास थियो की परमेश्वरले उनीहरूलाई त्यहाँ रहन र सेवाकाई गर्न बोलाउनु भएको हो ।

जुआनले दिनमा काम गर्थे तर बेलुकीको समय उनले छर छिमेकलाई भेट्ने र बाइबल अध्ययनको लागि आफ्नो घरमा बोलाउने गर्थे । एक पाष्टर भएकोले आफ्नो छुट्टी परमेश्वरको लागि सर्मपित गर्थे । केहि महिना भित्र, केहि महिला र बच्चाहरूको सानो समूह हरेक आईतबार जुआनको एक कोठे घरमा भेला हुन थाले । केहि महिना पश्चात, संगतीको लागि उनीहरूले एउटा कोठा भाडामा लिन सके । जुआनको मण्डलीमा करिब बीस्जना महिलाहरू र थुप्रै बच्चाहरू थिए तर त्यहाँ कुनै पुरुषहरू थिएनन् । त्यस समूदायका मानिसहरूले जुआनलाई मन पराए तापनि धर्मकर्म भनेको महिलाहरू र बच्चाहरूको लागि हो भनि बिचार गर्थे ।

जुआन एउटा ईमान्दार र स्नेही पाष्टर थिए । उनी हरेक विहान सबेरै उठेर आफ्ना विश्वासीहरूको लागि प्रार्थना गर्थे र बाइबल अध्ययन गर्थे । एक वर्ष पछि त्यहाँ एउटा राम्रो संगती स्थापना भयो तर ज्यादा बृद्धि भएन । जुआन र उनकी पत्नीले थाहा पाए की त्यहाँको जिवन अवस्थाले उनीहरूलाई शारिरीक रुपमा कमजोर बनाईरहेको थियो । उनका साना छोरीहरू अक्सर विरामी हुन्थे । उनीहरूको उचित उपचारको लागि उनले पर्याप्त पैसा आर्जन गर्न सकेनन् । जुआन निराश भए ।

एकदिन विहानै करिव ४:०० बजे, जुआन शान्तिपूर्वक उठे । सदाझैं उनको पत्नी र छोरीहरू नजागुन् भनि उनी सचेत थिए । उनले कोठालाई दुई भाग गर्न एउटा प्लस्टिकको पर्दा लगाएका थिए । रातमा त्यो पर्दाले सुत्ने ठाउँ देखि बस्ने ठाउँ अलग गरिदिन्थो जहाँ एउटा टेवल र चारवटा कुर्चीहरू थिए । जुआन टेवलको नजिकै बसे र एउटा दुधको पुरानो बट्टाको टुकी बाले । उनले बाइबल खोलेर पढ्न शुरु गरे ।

त्यो विशेष बिहानी उनले यशैया ५८ पढिरहेका थिए । उनले भोका, नाङ्गा, घरबार विहिन तथा उत्पीडित प्रति परमेश्वरको वास्ता र फिक्रिको बारेमा पढे । जुआनको हृद्य भित्र भित्रै परमेश्वरसंग रोयो : ‘‘परमेश्वर म बाइबलमा गरीबहरू प्रति तपाईको चिन्ता देख्दछु तर त्यो यहाँ लास्पलास्मा किन देख्दिन ?’’ त्यहाँका मानिसहरूको आवश्यकता र खाँचो देख्दा जुआनको हृद्य रोयो र जब ऊ प्रार्थना गर्दै थियो उसको गालाबाट आँशू झरिरहेको थियो । जसै उनले अनुभव गरेका र भर्खर पढेका कुराहरू विचको भिन्नता बारे मनन् गरिरहेका थिए ढोकामा एउटा हल्का दस्तक आयो ।

तुरुन्त, जुआन ढोका तिर गए, तर उनले ढोका खोलेनन् । अध्याँरोमा कोहि अपरिचितको लागि ढोका खोल्नु खतरापूर्ण हुन सक्छ । ‘‘को हुनुहुन्छ ?’’ जुआनले हल्का स्वरमा सोधे ।

दोस्रो पट्टिबाट एउटा मधुर आवाज आयो “जुआन, म येशू हुँ ।”

वास्तवमा तपाई को हो ? जुआनले फेरि सोधे ।

फेरि आवाज आयो, “जुआन, म येशू हुं ।”

आवाज यति मधुर सुनिन्थ्यो की जुआनले साच्चैनै येशू हुन भनि विश्वास गरे । उनले सुस्त चुक्कुल सर्काए र सावधानी पूर्वक बाहिर चिहाउन मिल्ने गरी थोरै ढोका खोले । त्यहाँ अध्यारोमा उनले एउटा मानवको छायाँ चित्र देखे र त्यो डरलाग्दो थिएन् । जुआनले ढोका अलिक ठूलो खोले र भने “भित्र आउनोस् ।”

तर येशूले भन्नुभयो, “अहँ, होइन जुआन, आज बिहान मैले तिमी रोएको सुनें । म यहाँ ती कुराहरू हेर्न आएको हुँ, जुन कुराले तिमीलाई यहाँ लास्पलास्मा विचलित तुल्याएको छ ।”

जुआनले तुरुन्त एंव सुस्तरी बाहिर कदम राखे, यो निमन्त्रणा प्रति उनको आज्ञाकारिता बाट उनी थोरै आश्चर्यचक्ति भए । पछिल्तीर उनले ढोका बन्द गरे । जुआनले भने ‘‘हुन्छ, येशू, तर हजुर मेरो समिप रहनुहोस् ।’’ यो वर्षादको मौषम हो र म जान्दछु की हिड्दा कसरी हिलोबाट बच्ने ।

“हुन्छ, जुआन” येशूले भन्नु भयो, म तिमीलाई पछ्याउँछु ” ।

उहाँहरूले घुमाउरो बाटो भएर हिड्न शुरु गर्नु भयो । जसै उहाँहरू हिडिरहेका थिए जुआनले येशू संग बोल्नथाले । ‘‘येशू , यो झुपडीमा एउटा एक्ली आमा बस्छे । खानको लागी पैसा जुटाउन त्यसले उसकै घरमा उसकै बच्चाको अघि आफ्नो शरीर बेच्छे ।’’ उनीहरू अझै अगाडी बढे । ‘‘त्यो अलकत्रे टिनको झुपडीमा एउटा परिवार छ । त्यस घरको बाबु जडेंवा छ । उ प्राय रक्सी खाएर घरमा आउछ र श्रीमति र छोराछोरी कुट्छ । यो पुरै क्षेत्रमा उसलाई चिच्याउदै कराउदै गरेको सुन्न सकिन्छ । येशू, जब म उसको चिच्याई सुन्छु एकछिन पनि यहाँ बस्न सक्दिन तर मैले केहि गर्न सक्दिन ।’’ उनीहरू अझै अगाडी बढ्छन् र जुआनले भन्छ ‘‘यहाँ बाट गुज्रिन्दा आफ्नो नाक थुन्नोस् । यो त्यहि ठाँउ हो जहाँ मानिसहरू फोहोर मैला फाल्छन् र दिशा पिसाप गर्छन् ।’’ फोहर मैलामा मूसा दौडिरहेको आवाज सुनिदै थियो । जुआनले अर्को झुपडीतर्फ ईसारा गर्‍यो । अरु भन्दा त्यो अलि ठूलो थियो । जुआनले भन्यो, ‘‘येशू, लास्पालास्को अध्यक्ष यहिं बस्छ । उ आफूलाई शक्ति सम्पन्न भएको मनपर्छ । उसले मानिसहरूसंग पैसा उठाउछ र भन्छ, त्यो पैसाबाट बत्ती ल्याईदिन्छु, पानी ल्याई दिन्छु, तर सबैलाई थाहा छ की त्यसले त्यो पैसा रक्सी र केटीहरूमा खर्च गर्छ ।’’ जुआन फेरी एक कुनामा मोडिन्छन् र तलतिर झर्छन् र घुमेर जहाँबाट आएको त्यही पुग्छन् । जुआनले माथि अग्लोबाट तल एउटा सानो झुपडी तर्फ इशारा गर्छन् । उनले भन्छन, ‘‘येशू , लास्पलास्भरिमा मेरो लागि यो एउटा सबै भन्दा दुःख लाग्दो कुरा हो । जुन महिला त्यहाँ बस्छिन उनी उनका स-साना तीनजना बच्चाको पिताद्वारा त्यागिएकी छिन् । जब यहाँ वर्षाद हुन्छ कालो पानी उनको झुपडीमा पस्छ । उनीहरू सबै भुँईमा सुत्छन् र उनले बच्चालाई समाति रहनु पर्छ ताकी उनीहरू पानीमा नबगुन ।’’

जुआनले कोहि सुस्त रोईरहेको सुने । उनले चारैतिर हेरे । उ येशूको काँपीरहेको काँध देखेर भन्न सक्थे की जो रोईरहेको थियो त्यो प्रभु नै हुनुहुन्थ्यो । जुआनले देखे की जुनकुराले उनको हृदय तोडियो त्यहि कुराले येशूको पनि हृद्य तोडियो । येशूले फर्किएर टुटेको आवाजमा भन्नुभयो “जुआन, लास्पलास्को लागि मेरो अभिप्राय म तिमीलाई देखाउन चाहान्छु ।”

जुआनले बुझ्न सकेनन् की यो कसरी भयो , तर अचानक उ र येशू लास्पलास्लाई तल देखिराख्नु भएको थियो । लास्पलास्को सम्पूर्ण समूदाय जुआनले देख्न सके । येशूले पर्याप्त घरको प्रबन्धको बारेमा बोल्न शुरु गर्नुभयो । अचानक ती सबै झुपडीहरू सानो र सफा सुध्घर कुटीहरूमा परिवर्तन भयो । तिनीहरू अति राम्रा थिएनन्, तर सुन्दर थिए । येशूले कामको विषयमा कुरा गर्नु भयो, र लास्पलास्का मानिसहरू काममा गएको जुआनले देखे । जुआनले यो भन्न सक्छन् की त्यो कामहरू धेरै पैसावाला काम थिएनन्, तर उनी भन्न सक्छन् कि प्राप्त तलबबाट उनीहरूले आफ्नो परिवारको आवश्यकता पुरा गर्न सक्थे । येशूले पानीको विषयमा कुरा गर्नु भयो, अचानक समूदायमा प्रर्याप्त रुपमा पानीको धारा देखियो र हरेकलाई सफा पानी पर्याप्त थियो । येशूले शिक्षा र स्वास्थको विषयमा कुरा गर्नुभयो । ठिक जुआनको आँखाको सामू

त्यहाँ स्कूल र स्वास्थ्य क्लिनिक थियो । येशूले सुन्दरताको विषयमा कुरा गर्नुभयो, र जुआनले फोहर मैला सबै लुप्त भएको देखे । त्यहाँ ठाउँमा बच्चाहरू रुख र फूलसंग खेलिरहेको देखे । येशूले स्वस्थ परिवारको विषयमा कुरा गर्नु भयो र त्यहाँ पुरुष, महिला, र बाल बच्चा एकापस्मा आदर प्रेम गरेका देखिए । फेरी येशूले आत्मीक स्वस्थताको बारेमा भन्नु भयो र जुआनले आफ्नो सानो मण्डली पुरुष महिला दुबैले खचाखच भरिएको देखे । उनी उत्तेजित भए । उनले सोचें यस्तै प्रकारको समाज त म चाहान्छु ।

वास्तवमा येशूले उनको विचार बुझेर भन्नु भयो "जुआन, लास्पलास्को लागि मेरो अभिप्राय यहि हो । म चाहान्छु की यो मेरो योजना मानिसहरूलाई बताउ र तिमीले नेतृत्व गर्न शुरु गर ।"

"तर, येशू," जुआनले खण्डन गरेर भने "यो म गर्न सक्दिन । कसरी केहि महिला र केटाकेटी भएको मेरो सानो मण्डलीले यो गर्न सक्छ ? हामी त केवल हाम्रो जिवनको लागि संघर्ष गरिरहेका छौ ।"

"जुआन, मेरो कुरा सुन । म चाहान्छु मेरो योजना तिमी यहाँका मानिसहरूलाई बताउ । फेरी म चाहान्छु की तिमी तिम्रो मण्डलीलाई आफ्नो छिमेकीलाई सेवागर्न निर्देशन देऊ । रोगी विमारीलाई भेट्न जाऊ । विधवा एवं अवला आमाहरूलाई भेट्न जाऊ । उनीहरूको छरछिमेकीलाई  बताऊ । शनिवारका दिन उनीहरूले मण्डलीमा दुई मुठी चामल, सानो टुक्रा साबुन, अलिकति चिनी एवं नून, केहि तरकारी र लुगाफाटा ल्याइदिन सक्छन् । ती सबै कुराहरूलाई एउटा टोकरीमा जम्मा गर र जसलाई त्यसको बढि आवश्यकता छ तिनलाई देओ । तिनीहरूले यो हरेक हप्ता गर्नुपर्छ । त्यस पछि गएर तिमीले नगर पालिकाको कर्मचारी एवं हाकिम संग सम्बन्ध विकास गर । लास्पलास्मा पानी र विजुली ल्याउनको लागि के गर्नु आवश्यक छ सोको खोजि गर ।

जुआनले  भने, "येशू , हामी यथार्तवादी हुनु आवश्यक छ । यी छोटामोटा कुराले खासै फरक पार्न सक्दैन..........म......."
"जुहान, कसले यस संसारलाई सृष्टी गऱ्यो ?"
"प्रभु तपाईले गर्नु भयो, तर ................"
"जुआन, कसले लालसागरलाई दुईभाग गर्नुभयो ताकी ईस्राएलीहरू पार गरुन ? "
"प्रभु, तपाईले गर्नु भयो .........तर"
"जुआन, पाँचहजार मानिसहरूलाई पाँच रोटी  र दुई माछाबाट कसले खुवायो ?"
"प्रभु , तपाईले खुवाउनु भयो .........तर "

“जुआन, म हिजो, आज, र सधैंभरी म एक समान छु । तिमीलाई दिईएको भुमिका तिमी पुरा गर र बाँकी म गर्ने छु । कुनै कुरा मेरो दोस्रो आगमन नहोउन्जेल पुरा हुने छैन तर यसको प्रक्रिया तिमीले शुरु गरेको म चाहान्छु । तिमी र तिम्रो सानो झुण्ड मेरा राजदुत र प्रतिनिधि हौ । जसै तिमी आज्ञाकारी हुन्छौ, म लास्पलास्लाई निकोपार्न शुरु गर्ने छु ।”

येशूले भन्नु भएको कुराको बारेमा जुआनले विचार गर्दै थिए । अचानक कुखुरा बासेको उनले सुने । उनको श्रीमती पर्दा पछाडी चलहल गरेको उनले सुने । उनले चारैतिर हेरे । उनी टेबुल सामू बसिरहेका थिए । टुकी निभिसकेको थियो । बाहिर उज्यालो हुन लागेको थियो ।

जुआनले यता उता येशूलाई खोजे तर त्यहाँ कोहि देखिएन । के भयो ? जुआनले सोँचे । के मलाई दर्शन दिईएको हो ? कि त्यो एउटा सपना थियो ? जुआनले बुझ्न सकेनन् । तर उनी यो जान्दछन् कि येशूले उनलाई भेट्नु भएको थियो  र लास्पलास्को मण्डली र समूदायको निम्ति उनीसंग एउटा नयाँ दर्शन छ ।

म यहि विश्वास गर्दछु कि जुआनको समाज र अरुहरूको लागि येशू यहि चाहानु हुन्छ । वास्तवमा, मैले यो दृष्टान्त थुप्रै देशमा त्यहाँका स्थानीय मण्डली अगुवाहरूलाई दर्शन र आशाको प्रेरणा दिन बाढेको छु । अहिलेसम्म मैले यहि प्रश्न सोधें  र यहि दृष्टान्त बताऐं । म आशा गर्छु की तपाईले पनि अघिबाटै यो प्रश्न माथि विचार गर्न आरंभ गरिसक्नु भएको छ : “*यदि येशू नगरप्रमुख भए तपाईको समुदायमा कस्तो परिवर्तन हुन्थ्यो हाला?*” म अब मेरो विचार तपाईलाई बताउन चाहान्छु । यदि येशू नगरप्रमुख भए, म कल्पना गर्छु की उहाँले धेरै कुरा गर्नुहुन्थ्यो ।

- उहाँ एउटा उदाहरणीय जिवन जिउनुहुन्थ्यो जसले उहाँको पिताको इच्छा पुरा भएको अर्थ दिन्थ्यो ।

- उहाँले मण्डलीका विश्वासीहरूको भुमिका थाहापाउन, उहाँको उदाहरण पछ्याउन, उहाँको पिताको मार्गनिर्देशन अनुसार जिउन र समाजमा जहाँ उनीहरू जान्छन्  र जे गर्छन् स्वेच्छानुसार पिताको इच्छा फैलाउने काम गर्नु हुन्थ्यो ।

- समाजका मानिसहरूले परमेश्वरको इच्छा उनीहरूको सामुदायिक जिवनको हरेक पक्षमा बुझे नबुझेको निर्क्योल गर्नुहुन्थ्यो जस्तै : व्यवसाय, शिक्षा, स्वास्थ्य, सुरक्षा, आवास्, र अन्य सबै क्षेत्रहरू ।

- उहाँले सहानुभुति पूर्वक आज्ञाकारी हुँदाका फाईदा र लापरवाह हुँदाको खतराबारे उहाँको पिताको योजना प्रस्तुत गर्नुहुन्थ्यो । उहाँले प्रत्येक मानिसलाई परमेश्वरको योजना स्वीकार गर्ने र अस्वीकार गर्ने मौका दिनुहुन्थ्यो ।

परमेश्वर पिताको इच्छा पहिल्याउनु र पालना गुर्न एउटा विशाल कार्य हो । येशू भौतिक रुपमा हाम्रो नगरप्रमुख हुनुहुन्न । जुआनको जस्तै उहाँले हाम्रो ढोका ढक्ढकाउनु भएको छैन,

तर अलौकिक रुपमा हामीलाई उहाँको दर्शन दिनुभएको छ र उहाँको करुणा हामीलाई देखाउनु भएको छ । यो बुझे तापनि मेरो एक सहकर्मी जसलाई येशू ख्रीष्टलाई सामाजिक विकास अधिकृतको रुपमा कल्पना गर्न गार्‍हो भएको थियो । उनले त्यो मूल प्रश्नलाई अर्को प्रकारले सोधे *"यदि म नगरप्रमुख भए र पवित्र आत्माको शक्तिद्वारा येशूको अभिप्राय पालना गर्न सक्ने भए मेरो समाज, समुदाय कस्तो देखिन्थ्यो होला ?"*

यो एउटा महान प्रश्न हो र एउटा योग्य विचार पनि । तथापी एउटा व्यक्तिको लागि यो अति विशाल छ । यदि त्यहाँ कुनै संस्था भए ....मानिसहरूको समूह भए....त्यो त्यसको लागि सु-सज्जित भए.....एउटा समूह जो हाम्रो समाजको सबै भागमा अस्तित्वमा रहे.....एउटा समूह जसको असल नैतिक मान्यता भए ...एउटा संस्था जो परमेश्वरद्वारा सृजित सबै यूगहरू र ईश्वरीय झलकहरू प्रस्तुत गर्छ, व्यक्तिगत, परिवार, छरछिमेक स्थानीय ब्यवसाय, स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य सेवा र भौतिक वातावरण ।

वास्तवमा, यहाँ एउटा यस्तो समूह छ जसलाई मण्डली भनिन्छ । यसको विभिन्न सदस्यहरूद्वारा प्रत्येक क्षेत्रमा परमेश्वरको इच्छा प्राप्ती र वकालत गर्न अद्वितीय रुपले स्थापित छ । यदि येशू नगरप्रमुख भए के हुन्थ्यो ? भन्ने प्रश्न गर्दै हामीले यो अध्याय शुरु गर्‍यौं । शायद हामीले यो प्रश्न अर्को प्रकारले सोध्नु पर्छ । येशूले के गर्नु हुन्थ्यो यदि उहाँले आफ्नो विश्वासीहरूद्वारा, मण्डलीद्वारा सेवा गर्नुहुन्थ्यो भने ? परमेश्वरले पहिलेनै मण्डलीलाई उहाँको इच्छा समाजका हरेक क्षेत्रमा कार्यन्वयन गर्नको लागि अभिषेक र सुसज्जित गर्नु भएको छ जहाँ मानिसहरू बस्छन् र काम गर्छन । हामी, मण्डली, ले स्वर्गमा झैं यस पृथ्वीमा परमेश्वरको इच्छा पुरा गर्नेछौं । जसै हामी यो गर्छौं, म विश्वास गर्छु की हाम्रो प्रयास ईतिहासको ख्रीष्टीय मण्डलीको क्रियाकलापलाई सदृष्य राख्ने छ । सुरुका प्रारंभिक मण्डलीको समय देखिनै परमेश्वरका विश्वासीहरूले अरु मानिसहरूको वास्ता र फिक्रि गरे र उनीहरूको वरपरको समाजमा प्रभाव पारे जसरी यदि येशू नगरप्रमुख भए ।

# भाग दुई
## मण्डलीद्वारा साँस्कृतिक रुपान्तरण

# २

## बाइबलीय एंव ऐतिहासिक आधार

........ताकी यसरी मण्डलीद्वारा परमेश्‍वरका विभिन्‍न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरियोस् ।
(एफिसी ३:१०)

## दोस्रो भागको आरंभ

# मण्डलीद्वारा
# साँस्कृतिक परिवर्तन
## बाइबलीय एवं ऐतिहाँसिक आधार

"येदि येशू नगरप्रमुख भएको भए के गर्नु हुन्थ्यो होला ?" यस मूख्य प्रश्नलाई हामी यस पूस्तकमा घरिघरि सोध्नेछौँ, चाहे हाम्रो छिमेकमा दयाको सानो कामलाई देखेर होस् या बृटिस् साम्राज्यमा दासप्रथाको अन्त्य गरिने कार्यहोस् ।

यसै गरी हामी अरु प्रश्नहरूलाई पनि विचार गर्नेछौँ । मण्डलीको लागि परमेश्वरको भुमिका के हो ? जुन समाजमा परमेश्वरले मण्डलीलाई राख्नुभएको छ त्यस समाज प्रति मण्डलीको योगदान कस्तो हुनुपर्छ ? के त्यो मूख्यतया हराएकाहरूलाई खीष्टमा ल्याँउनु हो ? कि आत्मिक चेलापन स्वरुप विश्वासहरूलाई सिकाउनु र उत्साह दिनु हो ? वा समाजमा असुरिक्षत रहेकाहरूको पक्षमा वकालत गर्नु, गरिब दुःखीहरूको सेवा गर्नु र सामाजिक अन्याय जसलाई परमेश्वरले घृर्णा गर्नु हुन्छ, लाई सम्बोधन गर्नु हो ? अथवा के मण्डलीसंग एक बृहत उद्देश्य छ जुन आत्मिक छुटकाराबाट आरंभ हुन्छ तर यसको साँस्कृतिक रुपान्तरण गर्ने कार्य भने जारी छ?

यस पछिका थुप्रै अध्यायहरूमा, यस संसारमा बाइबलीय र ऐतिहासिक परिवर्तनका आधारहरूको हामी लेखाजोखा गर्नेछौँ । धर्मशास्त्रमा ती शिद्धान्तहरूको खोजि गर्नेछौं र ईतिहास्द्वारा विवेचना गर्नेछौं । आधारशिलाको रुपमा यसले बाँकी पूस्तकमा त्यस कार्यको लागि मण्डलीलाई सुसजिज्त गर्न टेवा पुऱ्याउने छ ।

यस संसारमा परमेश्वरको अभिप्राय प्रस्तुत गर्नको लागि येशू खीष्टको मण्डली उहाँको प्रमूख प्रतिनिधि हो । यस विश्वासमा समाज र संस्कृति जहाँ मण्डली अस्तित्वमा छ त्यहाँ बृहत रुपान्तरणको हामी ठुलो अपेक्षा गर्दछौं । निश्चयनै, ईतिहास्को मण्डलीले उसको संस्कृतिलाई स्वरुप प्रदान गऱ्यो । यद्यपी, आज यो भिन्दै कथा हुनसक्छ । खीष्टीयन मण्डलीले संसारैभरी दुत बृद्धिको अनुभव गर्‍यो तर प्रायः त्यस बृद्धिले समाजमा सदृष्य प्रभाव पार्न भने सकेको छैन । करिब आधा जनसंख्या खीष्टीयन भएको समाजमा पनि सरकार र व्यापारी क्षेत्रमा भ्रष्टचार

यथावत छ, मानिसहरू सृष्टिर्कर्ता र एक आपसलाई अनादर गर्छन र जाती जाती र राष्ट्र राष्ट्र बिच द्वन्द्व छ । दुखको कुरा यो छ कि जहाँका आधिक्तम् मानिसहरू आफूलाई खीष्टीयन भन्छन् त्यहाँ घृणित नरसंहार भएको छ ।

आफ्नो वरपरको संसारलाई मण्डलीले किन रुपान्तरीत गर्न सकेको छैन ? विश्वब्यापी तहमा, शायद यसको प्रमुख अभाव भनेको मण्डली प्रति परमेश्वरको आभिप्राय बारे बाइबलीय बुझाई नहुनु हो । विचार गरियोस्, आफ्नो भुमिका बारे बाइबलीय बुझाई बिना खीष्ठको मण्डलीले परमेश्वरको अभिप्रायलाई पुरा गर्न सक्दैन ।

यस पुस्ताका धेरै जसो मण्डलीहरूले भन्ने गर्छन् कि उनीहरूको प्रमुख कार्य भनेको खीष्टको महान आदेश पुरागर्नु हो *"यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ पिता र पुत्र पवित्र आत्माको नाँउमा वप्तिसमा देओ । मैले तिमीहरूलाई आज्ञा गरेको सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ"* (मत्ति २८:१९–२०) । प्राय: यी मण्डलीहरू चाहे परम्परावादी होऊन वा उदारवादी, महान आदेशको सम्पूर्णतालाई लभ्कै बुझ्न सकेका छैनन् ।

प्रोटेस्टेन्ट मण्डलीको परम्परावादी हाँगाले महानकार्य भनेको सुसमाचार र मण्डली स्थापना हो भनि बुझ्दछन्, तर खीष्टको प्रभुत्वमा जिएर जातिहरूलाई चेला बनाउने आज्ञा पनि यसले दिन्छ भन्ने कुराको निक्यौंल विरलै गर्दछन् । परम्परावादी भन्नाले सुसमाचारीय केरिसमेटीक, पेन्टीकोस्टल र अन्य विश्वासी संम्प्रदायहरू जसले बाइबल परमेश्वरको प्रकाशित वाक्य हो र ब्यक्तिगत आत्मीक उद्धार आवश्यक छ भन्ने कुरा विश्वास गर्दछन् ।

उदारवादी हाँगाले समाजमा मण्डलीको दह्रो प्रभाव हुनुपर्छ भनि बुझ्दछन् तर ब्यक्तिगत आत्मिकी बृद्धि विकासलाई त्यति महत्व दिदैनन् । उदारवादी मण्डलीहरूमा ती संप्रदाय र संस्थाहरू पर्दछन् जसले बाइबललाई परम्परावादी मण्डलीहरूभन्दा कम अधिकारपूर्ण रुपमा ब्याख्या गर्दछन् । तर मूख्य शिद्धान्त यो छ कि समाजमा रहेका संवेदनशिल र उपेक्षित वर्गहरूलाई सेवा गर्नु र उनीहरूको पक्षमा बोलिदिनुमा मण्डलीको ठूलो भुमिका छ ।

मण्डलीको कुनै पनि हाँगाले महान कार्यको आशयलाई पूर्णरुपमा बुझ्न र अपनाउन सकिरहेका छैनन् । धर्मशास्त्र स्पष्ट छ कि मण्डलीको लागि परमेश्वरको उद्देश्य सुसमाचार भन्दा बृहत छ ।

यो मण्डली स्थापना भन्दा चौडा छ । यो आत्मिक चेलापन भन्दा गहिरो छ । यो सामाजिक अन्यायलाई सम्बोधन गर्नु भन्दा ठूलो छ । यो गरीबहरूलाई खुवाउनु भन्दा महान छ ।

परमेश्वरको रणनिति सुसमाचारको "घोषणा" र "प्रर्दशन" दुवैको लागि हो । यस पुस्तकमा खासगरी मैले "प्रदर्शन" को बारेमा लेख्तछु । तर सुसमाचारको संचारमा दुबैको प्रमुख भुमिका छ । सन्त फ्रान्सिस्ले स्पष्ट रुपमा भन्नु हुन्छ *"सधैंभरी सुसमाचार प्रचार गर्नोस् र जब आवश्यक पर्छ शब्दहरूको प्रयोग गर्नुहोस् ।"*[1] धेरै भन्दा धेरै मण्डलीहरू, मण्डलीका अगुवाहरू यसलाई बुझ्न थालेका छन् । जब सबै संप्रदायका मानिसहरू जसले धर्मशास्त्रको आधिकारिक्ता सुन्छन्, विश्वास गर्छन, र परमेश्वरको बचनमा ध्यान दिन्छन्, तिनीहरूले यसलाई स्वीकार र कार्यन्वयन गर्छन । तिनीहरू सन्तुलित छन् र परमेश्वरको अभिप्राय अनुसारको मण्डली र मानिस कसरी बन्ने भनेर सिक्ने कुराको प्रतिज्ञा गर्दछन् । म यसमा ज्यादै आशावादी छु कि खीष्टले आफ्नो मण्डलीको नेतृत्व लगातार गर्नुहुन्छ ।

## भाग दुइको लागि मूलतत्व

मूलतत्व एउटा आधारशिल शिद्धान्त हो । हाम्रो तर्क र कार्यको लागि एक आधार । मूल तत्वले हामीले कसरी *सोच्छौं र कार्य गर्छौं* भन्ने कुराको आकार निर्धारण गर्दछ । यस संदर्भमा, यस संसार परमेश्वर धर्मशास्त्र र मण्डली आदीको बारेमा हामी के सोच्छौं भन्ने कुराको आकार यसले दिन्छ र त्यो कार्य पुरागर्नको लागि मण्डलीलाई मद्धत गर्न हामीलाई बाध्य पार्दछ ।

मूलतत्व १ : संसार गंभिर रुपमा टुक्रिएको छ । मानवीय बुद्धि र श्रोतसाधन ले यसलाई स्वस्थ पार्न सक्दैन ।

मूलतत्व २ : राष्ट्र र समाजको लागि स्वस्थता तब मात्र आउँछ जब परमेश्वरका जनहरू आज्ञाकारी भई उहाँले देखाए अनुसार जिवन जिउँछन् । त्यसको फलस्वरुप उहाँले तिनीहरूको इतिहास्मा अलौकिक हस्तक्षेप गर्नुहुन्छ ।

मूलतत्व ३ : हाम्रो स्वस्थताको लागि बाइबल हाम्रो प्रकाश हो ।

मूलतत्व ४ : मानव पतनमा टुक्रिएको सबै कुरालाई स्वस्थ पार्ने उद्देश्यको लागि मण्डली परमेश्वरको प्रमूख साध्य हो ।

यस विचारले तपाईलाई उत्प्रेरित र प्रोत्साहित गरोस् जसै तपाई र तपाईको मण्डलीले परमेश्वरको यस बृहत कार्ययोजना कार्यान्वयन गर्ने दर्शनलाई पक्रिनु सकोस् जस्तै *"येशू यदि नगर प्रमूख भए ।"*

## मूल परिभाषाहरु

**संस्कृति :** जिवनको सबै मार्गहरु जसले हामीहरुलाई ब्यक्तिगत रुपमा र सामाजिक रुपमा को हौं भनि परिभाषित गर्दछ । संस्कृतिमा व्यवहारहरु, नमूनाहरु, विश्वास्, विचारहरु, संस्थाहरु, मूल्य र मान्यताहरु, बानीब्यहोरा, परम्पराहरु, चलनचल्ती एवं विशेषताहरु पर्दछन् जो हामीहरुले आउने नयाँ पुस्तामा हस्तातरण गर्दछौं ।

**समाज :** एक पृथक मानिसहरुको समूह जसलाई उनीहरुको संस्था, सम्बन्ध, र सँस्कृतिद्धारा पहिचान गरिन्छ ।

सँस्कृतिले एउटा समाज कसरी सोँच्छ र क्रियाशिल हुन्छ भन्ने कुराको परिभाषित गर्दछ । यदि हामी समाज रुपान्तरीत गर्न चाहान्छौं भने यसको सँस्कृतिलाई रुपान्तरण गरेर मात्र यो गर्न सकिन्छ ।

**रुपान्तरण :** स्वभाव र चरित्रको वास्ताविक परिवर्तन । बाइबलीय रुपान्तरणले मानिसहरुलाई परमेश्वरको अभिप्राय तर्फ मिलाएर लैजान्छ ।

# साँस्कृतिक रुपान्तरण ३
# र मण्डली इतिहास्

समाजमा मण्डलीको भुमिकाको यो एउटा इतिहास् मात्र होइन । यो उहाँको आफ्नै कथा हो । परमेश्वरको कथा जो आफ्नो संसारमा आफूमा त्यसको छुटकारको लागि कार्यमा हुनुहुन्छ ।

इतिहास् भरिनैं सामाजिक र साँस्कृतिक रुपान्तरण मण्डलीको एक आवश्यक कार्यको रुपमा प्रायः मण्डलीले बुझेको पाउछौं । हुनसक्छ तपाईको वरपरको मण्डलीहरूले यसकुरामा विश्वास गर्दैनन् । हुनसक्छ तपाई पनि उनीहरूसंग सहमत हुनुहुन्छ । यदि हुनुहुन्छ भने कसरी मण्डलीले बितेको लामो पुस्तामा आफ्नो वरपरको संसारलाई प्रभाव पार्‍यो भन्ने कुराले तपाईलाई चुनौति दिनेछ । धर्मशास्त्रले देखाउँछ कि येशूले सिकाउनु मात्र भएन, तर असल कार्य गर्दै हिडनुभयो । येशूको आशय थियो कि सुसमाचार र सामाजिक कार्य एकार्कामा घनिष्ट रुपमा सम्बन्धित छन् र मण्डली इतिहास्को लामो अवधिले उहाँको त्यस अभिप्रायलाई ब्यक्त गरेको थियो ।

उहाँको कथाको ज्ञानले हामीलाई यसबारे सु-सुचित मात्र होइन् तर वर्तमानमा मण्डलीको संमाब्यतालाई बुझ्न पनि मद्दत गर्दछ । यी कथाहरू ति मानिसहरूको हो जसले परमेश्वर र छिमेकीलाई प्रेम गरे र संसारमा नून र ज्योति बने । यो हाम्रो सम्पदा हो । उनीहरू हाम्रा विश्वासका पूर्खाहरू हुन । यो *हाम्रो मण्डली* हो ।[१]

## प्रारंभिक मण्डली

प्रारंभिक मण्डलीमा येशूका अनुयायीहरूले येशूको सिघ्र आगमनको आशा गरिरहेका थिए । प्रेम, जोश्, र विश्वासले भरिपूर्ण भई उनीहरूले उत्सुक्तापुर्वक आ-आफ्ना सम्पतीहरू

एकार्कामा बाँढ्चुढ् गरे । उनीहरूको उदारताले एउटा गहिरो प्रभाव पाऱ्यो । न केवल गैर इसाईहरूले

यसलाई देखे र लाभ उठाए तर यी नम्र विश्वासीहरूको त्यागपूर्ण दान र सेवा द्वारा सुसमाचारको विस्तार र स्थापना भयो । दोस्रो र तेस्रो शताब्दीमा मण्डली उत्तरी अफ्रिका, अरबिया र भारत सम्म विस्तार भयो र पाँचौं शताब्दीको अन्त्य सम्ममा सम्पूर्ण ग्रीक–रोम साम्राज्य भरि फैलियो ।

शुरुका मण्डलीका हजारौं विश्वासीहरूले सतावट र मृत्युको सामना गरेको कुरा मण्डली ईतिहाँसले चित्रण गर्दछ तापनि मण्डली बृद्धि भई नै रह्यो ।

## मण्डलीले कसरी प्राचिन रोममा परिवर्तन ल्यायो ?

येशूले संसारमा उहाँको सन्देश लिएर जान मूट्ठीभर चेलाहरूलाई नियूक्ति गर्नुभयो । परमेश्वरले सन्देश लिएर जान एउटा सानो १२० जनाका प्रताडित, उत्पीडित, तिरस्कृत, र निन्दनीय समूहलाई प्रयोग गरेर रोमी साम्राज्यलाई परिवर्तन गर्नुभयो (प्ररित १:१५) । वास्तवमा, यो गत दुई सहश्राब्दीमा पश्चिमी साँस्कृति भित्रको सबै भन्दा ठूलो सामाजिक रुपान्तरण बन्न पुग्यो ।[२]

येशूले चेलाहरूको सानो समूहलाई पवित्रआत्माको भरिपूर्णता, शसक्तिकरण, सुसज्जित, उत्साह, र साहसको लागि येरुसलेममै पर्खिरहनलाई आज्ञा दिनुभयो । उनीहरूले यस्तै गरे – यसरी मण्डलीको शुरुवात भयो । परमेश्वर स्वयम आफ्ना मानिसहरूद्वारा काम गरिरहनु भएको थियो । यो नै अति महत्वपूर्ण कारण थियो जसले संसारलाई प्रभाव पाऱ्यो, त्यस समय र अहिले । यद्यपी, यहाँ मानवीय तत्वलाई हेर्नु पनि लाभदायक हुन्छ, कि कसरी ख्रीष्टीयानहरूले के विश्वास गर्थे, के सौंच्थें, र के काम गरे जसले उनीहरू वरपरको समाजमा ठूलो प्रभाव पाऱ्यो भन्नेबारे सिक्नु ।

समाजशास्त्री रोड्नी स्टार्कले[३] शुरुको मण्डली र सामाजिक रुपान्तरण विचको सम्बन्धलाई परिक्षण गरेर हेरे । उनले यो पत्ता लगाए कि शुरुको मण्डलीको एउटा सानो समूहले रोमी साम्राज्यमा मानीयताको एउटा नयाँ दर्शन प्रस्तुत गरे । शुरुको मण्डलीको सात धारणा र अभ्यासहरूले विशेष गरी रोमी समाजमा ठूलो प्रभाव पाऱ्यो र अन्तत्वगत्वा सम्पूर्ण संसारभरिनै ।

प्रारंभिक मण्डलीका यि सात मान्यताहरू – मनवताको नयाँ दर्शन – जुन प्राचिन ऐतिहासिक तथ्य, दस्तावेज र आलेख हेरेर स्टार्कले पत्ता लगाउनु भयो ।

(१) खीष्टीयनहरूसंग परमेश्वर हुनुहुन्छ जसलाई प्रेम गर्नेहरूलाई उहाँले प्रेम गर्नुहुन्छ ।

(२) खीष्टीयनहरूको परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई अरुलाई प्रेमगर्न आज्ञा दिनुहुन्छ ।

(३) खीष्टीयनहरूसंग विभेद र तह रहित सँस्कृति छ ।

(४) खीष्टीयनहरूका परमेश्वर दयालु परमेश्वर हुनुहुन्छ जसले दया चाहानुहुन्छ ।

(५) ईसाईत्वमा श्रीमानहरूले श्रीमतिहरूलाई आफूलाई जस्तै प्रेम गर्छन ।

(६) खीष्टीयानहरूले गर्भपतन र शिशूहत्या जस्ता रोमी परम्परालाई इन्कार गरे ।

(७) हानी र नाक्सानीको बाबजुद पनि खीष्टीयनहरूले अरुलाई प्रेम गरे ।

खीष्टीयन मार्गले मानवताको एउटा नयाँ दर्शन दियो जसले धेरैलाई त्यस विश्वासमा आउन बाध्य बनायो ।[४] मण्डलीको औपचारिक कार्यक्रममा होइन तर विशवासीहरूको जिवनमा मानवताको त्यो नयाँ मान्यता सदृष्य थियो ।

ईसाईत्वको प्रभाव त्यसको संख्यात्मक संकेत भन्दा बृहत थियो । ई.स. ४० तिर जम्मा १००० विश्वासीहरू थिए । जुन अनुमानित सम्पूर्ण रोमी साम्राज्यको ६ करोड जनसंख्याको ०.००१७ प्रतिशत थियो । ई.स. ३०० सम्म आईपुग्दा, स्टार्क अनुमान गर्छन, त्यो समूह बढेर ६३ लाख पुग्यो जुन कूल जनसंख्याको १०.५ प्रतिशत हुन्छ ।[५] सानो प्रतिशतको बाबजुतमा पनि त्यहाँ यस्तो उल्लेखनिय प्रभाव पर्यो कि ई.स. ३१३ सम्म आईपुग्दा रोमी सम्राट कन्स्टीनटाइनले ईसाईत्वलाई कानुनी मान्यता दिए र मण्डली सतावट र सामाजिक अपमानबाट मूक्त भयो । उनी र उनका उत्तराधिकारीहरूले मण्डलीको हितमा नीति नियमलाई खुल्ला र विस्तार गरिदिए । ई.स. ३८१ मा ईसायित्वलाई राज्यधर्मको रुपमा घोषणा गरियो । गैर खीष्टीयन रोम अब औपचारिक रुपमा खीष्टीयन भयो ।

## मध्य यूग – एक परिवर्तित मण्डली, परिवर्तित समाज

शुरुको मण्डलीमा परोपकार आत्मीकी परिवर्तनको प्रतिफल थियो । असल कामहरू खीष्टमा विश्वास गर्नेहरूको स्वभाविक एवं आसापूर्ण फल थियो । तथापी, मध्य यूगमा आइपुग्दा खीष्टीयन परोपकारको लागि उत्प्रेरणामा परिवर्तन हुदै थियो । त्यस समय सुसमाचार र

सामाजिक जिम्मेवारी केवल त्यस समयको संस्थागत मण्डलीको सन्दर्भमा मात्र बुझिन्थ्यो । जसले यो सिकायो कि परोपकार तर्फ जाने मार्ग मण्डलीद्वारा मात्र थियो जसको नेतृत्व पोपद्वारा

गरिएको थियो । तपस्या, त्याग, र सेवाका कामहरूद्वारा धर्म कमाउनु एक मूल शिद्धान्त थियो । मण्डली र राज्य दुवैलाई मानवताको लागि परमेश्वरको उद्देश्य प्राप्त गर्ने माध्यमको रुपमा हेरियो ।

मण्डलीसंग सम्बन्धित परोपकारका कार्यहरूले बेरोजगारी, अनाथ, विधवा, घाईते, विरमी, बटुवा, प्राकृतिक प्रकोप पिडितहरू, तथा समूदायका गरीब, दुःखीहरूमा सेवा पुग्यो । गरीब दुखीहरूको वास्ता र सेवागर्नु मध्येयूगका सु-प्रशिद्ध ब्यक्तित्वहरू जस्तै : सन्त थोमस्, ईग्नासियस् लोयोला, सन्त प्याट्रिक, र आसिसिका सन्त फ्रान्सिस् आदीको मूख्य उद्देश्य र काम थियो ।[६]

चौंथो देखी आठौं शताब्दीमा सन्तहरूद्वारा ब्यवहारिक सेवा र विश्वासलाई राष्ट्रका अन्य विषय बस्तुहरूमा विस्तारीत गरियो । ति ब्यक्तिहरू एशिया माइनर देखि अरब, भारत लगाएत मध्य एशिया र चीन सम्मै गए । अर्थोडक्स् (कट्टरपंन्थी) उत्तरतर्फ बल्कान राज्य र रुसतर्फ गए । सेल्टहरू आयरल्याण्डबाट स्कटल्याण्ड, ईङ्गल्याण्ड, र मध्य यूरोपतर्फ गए । बेनेडिक्टाईनीहरू पश्चिमी मण्डलीमा थिए । यात्राको कममा तिनीहरूले आश्रम एवं गुम्बाको स्थापना गरे जहाँ दैनिक प्रार्थना र कामको आयोजना गरियो । संयोगवस्, सन्तहरूको अनुशासित शारीरिक श्रम कान्तिकारी थियो । सामान्यतया श्रमलाई दासहरूले गर्ने काम भनि बुझिन्थ्यो ।[७]

पाचौं शताब्दीमा रोमी साम्राज्य बार्बरियनको हातमा गयो । सम्पूर्ण यूरोपभरि रहेको पुस्तकालयहरूलाई ध्वस्त गरियो र जलाईयो र यूरापका हजारौं शास्त्रीय कलाकृतिहरू लोप हुने डर भयो । पाचौं शताब्दीमा ईसाईत्व र साक्षरताको लागि नव ईसाई आयरिश्हरूले एक पछि अर्को पाण्डुलिपी यूरोपबाट उद्धार गरि हस्त प्रतिलिपी बनाईकन् तिनको सुरक्षा गरे । उनीहरूले आश्रमहरूको निर्माण कार्य जारी राखे र ल्याटिन, ग्रिक, हिब्रु र कप्टीकमा अरु पुस्तकहरूको खोज गर्ने मिशन अभियानमा लागे । जब यूरोपका पुस्तकालयहरू पूर्णरुपमा ध्वस्त र बन्दभयो तब आएरल्याण्डका आश्रमहरूमा भएका पुस्तकहरू बहुमूल्य भयो । यूरोप झण्डै बार्बरियन तर्फ ढल्कियो । पछि सन्तहरूले ति पौराणिक धर्मग्रन्थहरू यूरोप महादेशमा फिर्ता ल्याए । नयाँ शासकहरूले तिनीहरूका छोराछोरीहरूलाई शिक्षा दिन सन्तहरूलाई आग्रह गरे, र यसरी तिनीहरूले यूरोपभरि आश्रम र स्कूलहरूको स्थापना गरे । अन्तत्वगत्वा तिनीहरूले आफ्नो विश्वास र प्राचिन साहित्यहरू यूरोप महादेशमा फिर्ता ल्याए । वास्तवमा एक लेखकले टिप्पणी गरेका छन् *''बौद्धिक विचारको पूर्नपरिचय र पूर्नस्थापनाले यूरोपलाई मध्ययूगमा ईस्लाम तिर मोडिनुबाट जोगायो ।''* [८]

मध्ये युगको अन्त्य तिर, मण्डली र समाज परिवर्तनको लागि तयार भए । मध्ये युगमा मण्डलीको क्षति र उतारको वावजुत, परमेश्वरले आफ्नो कथालाई अगाडी बढाईरहनु नै भयो ।

## सुधारको समयमा मण्डलीको प्रभाव र अभ्यासहरू

परमेश्वरले मण्डली र प्रोटेस्टेन्ट सुधार अभियानहरूलाई स्वीट्जरल्याण्ड, जर्मनी, र होल्याण्डका समाजहरूमा रुपान्तरणको लागि चलाउनु भयो । ई.स.१५१७ मा जब मार्टिन लुथरले आफ्नो ९५ बुदे धार्मिक सिद्धान्त विटेनवर्ग महलको ढोकामा काँटी ठोके, तब पूर्न-सुधारको थालनी भयो । मण्डलीको ढुकुटी भर्न विशेष गरी पापक्षमाधिकार[९] बिक्रीको लागि उनलाई विरोध गरियो । वास्तवमा त्यस वखत मण्डलीमा ठूलो भ्रष्टचार थियो र लुथरले मण्डलीलाई पहिलो शताब्दीको पवित्रतामा फर्किनलाई आव्हान गरे । रोमन क्याथोलिक चर्चसंगको लुथरको शैद्धान्तिक मतभिन्नता रोमी र गलातीको पुस्तकहरूमा उनको अध्ययनबाट आयो । ‘‘*एउटा अनुग्रह*’’, ‘‘*एउटै विश्वास*’’, ‘‘*एउटै धर्मशास्त्र*’’, र ‘‘*एउटै महिमित परमेश्वर*’’[१०] को शिद्धान्तले तत्कालिन रोमन क्याथोलिक मण्डलीको परम्परालाई चुनौति दियो ।

लुथरले असल कामले पापक्षमा हुदैन भने तापनि यसले खीष्टियनहरूको गरीबहरूलाई वास्तागर्ने अथवा संसारलाई प्रभावपार्ने जिम्मेवारीलाई कदापी कम गरेन । बरु लुथरले दुई प्रकारका राज्यहरू छन् भनि सिकाए । परमेश्वरको राज्य र यस संसारको राज्य । खीष्टीयनहरूको दुबैमा सहभागिता हुनुपर्छ । उनले मण्डलीमा एउटा साझा नियम स्थापित गरे । गरीबहरूको सेवा गर्ने बारेमा पाष्टरहरूले प्रचार गर्थे, मण्डली सदस्यहरूले उदार चित्तले दिन्थे, र डिकनहरूले आफ्नो विचारलाई ठिक प्रयोग गर्दै प्रभावकारीरुपमा गरीबहरूको सेवागर्न कोषको संचालन गर्थे ।[११]

त्यसै समय एक स्वीस् सुधारक जोन क्याल्वीनले मण्डलीलाई ‘‘ठूलो समाज भित्रको सानो समाज’’ को रुपमा परिभाषित गरे, एउटा पूर्ण नयाँ संसारको एउटा सानो अंश (भ्रुण) को

रुपमा ।[१२] मानिसहरूको आवश्यकताको बारेमा उनले प्रायः प्रचार गर्थे र त्यसै अनुसार जिऊथे पनि । ई.स.१५५० को शुरुमा जब फ्रान्सबाट साठी हजार शरणर्थीको बाढी जेनेभामा आयो, क्याल्वीनले मण्डलीमा निहित एउटा प्राइभेट सेवाकाईको स्थापना गरे, जुन यूरोपभरीको लागि एउटा नमूना बन्यो । यो सेवाकाईले मानवीय आवश्यकताको बृहत क्षेत्रलाई समेट्यो - बिरामीको सेवा, टुहुराटुहुरी, बृद्धहरू, अशक्तहरू, बटुवाहरू, अपाङ्गहरू, दीर्घरोगीहरू आदि । आवश्यकतामा परेकाहरूलाई सेवागर्ने कुरा कार्यनीति बन्यो । गरीबीको दीर्घकालिन समाधान खोज्न डिकनहरूलाई तालिम दिईयो जस्तै : कामकोलागि पूर्नशिक्षण, अस्थाई घरको व्यवस्था, ब्यापार ब्यवसायको लागि औजार, तथा सेवायोग्य, अयोग्य गरीबहरूको पहिचान ।[१३]

वास्तवमा, परमेश्वरले कैयौं खीष्टीयन अगुवाहरूलाई त्यो अभियानको लागि प्रयोग गर्नु भयो जुन सारा यूरोपभरी फैलियो । जसै उनीहरूले सम्पूर्ण यूरोप भरिको मण्डली र समाजमा सुधारको लागि आवाज उठाइरहेका थिए । उनीहरूले गरीबहरूलाई समेट्ने कार्यको पनि ब्यवस्थित प्रबन्ध गरे ।

## जाग्रितीद्वारा समाजमा मण्डलीको प्रभाव

सत्रौं र अठारौं शताब्दीमा सुसमाचारीय जागरणको सुरुवात भयो । जागरण अभियानले पापीहरूलाई मात्र परिवर्तन गरेन तर सेवाको असल काम गर्न मानिसहरूलाई प्रभावित पाऱ्यो जुन कुराले एट्लान्टीकको दुबै तर्फको समाजहरूमा गहिरो असर पाऱ्यो । त्यो अभियानले मण्डलीलाई नयाँ बनायो, हजारौंमा आत्मिकी परिवर्तन ल्यायो, समाज सुधारको काम गऱ्यो र प्रोटेस्टेन्ट मिशनरी अभियानको थालनी पनि गऱ्यो ।

जोन वेस्लीद्वारा शूरु गरिएको वेस्लीयन जाग्रिती अभियान ती महत्वपूर्ण अभियानहरू मध्ये एक थियो । त्यसले ईङ्गल्याण्डमा ठुलो रुपान्तरण ल्यायो । त्यस अघि पश्चिमी मूलुकहरूमा ईङ्गल्याण्ड सबै भन्दा भ्रष्ट र अनैतिक समाज थियो । त्यहाँ महिला र बालबालिकाहरूको श्रम

शोषण गरिन्थ्यो । अनैतिकता यत्रतत्र थियो । साम्राज्यलाई लोभले गाँजेको थियो र त्यसले ब्रिटिस दासदासी ब्यापारलाई उर्जा दिईरहेको थियो जुन विश्वमै सबै भन्दा घृणित मानव ब्यापारको रुपमा चिनिन्छ । जब वैस्लीयन जाग्रितीद्वारा बाइबलीय विश्वदृष्टिकोण ईङ्गल्याण्डमा ल्याइयो सँस्कृतिमा उल्लेखनीय रुपान्तरणको अनुभव गरियो ।[१४]

जोन वेस्ली एक सुसमाचार प्रचारका र प्रखर वक्ता थिए तर जुन सुसमाचार तिनी प्रचार गर्थे त्यसले येशूको नाममा सामाजिक कार्य गर्न मानिसहरूलाई उत्साहित तुल्यायो । ईतिहासकारहरू भन्छन् त्यस अभियानले विशेषगरी निम्न वर्गको नैतिक आचरण परिवर्तनमा अरु कुनै अभियानले नल्याएको रुपान्तरण ल्यायो जस्ले ई.स.१७८९-९५ मा फ्रन्समा आएको भयानक राजनैतिक क्रान्तिको दु:खबाट ईङ्गल्याण्डलाई बचायो ।[१५]

ई.स. १७२९ मा अक्सफेर्डमा रहेको समय, वेस्ली लगायत साथिहरूको सानो झुण्डले एउटा "पवित्र ल्कब" नामक संगठनको गठन गरे । खीष्टीयान राजनितिज्ञको रुपमा विशेष गरी समाजमा ब्याप्त अन्यायको विरुद्धमा आवाज उठाउन तिनीहरू लगातार त्याहाँ भेटने गर्थे । तिनीहरूले जसको जे कुरामा दखल छ त्यहि कुराको जिम्मेवारी हरेक सदस्यहरूलाई दिए । तिनीहरूले विभिन्न सामाजिक र आत्मिक कार्ययोजनाहरूको कार्यान्वयन गरे । विलियम विल्भरफोर्सको बृटिस साम्राज्यबाट दासप्रथा अन्त्यको लागि गरेको परिश्रम [१६] लगाएत समूहका अरुहरूले विभिन्न सरोकारका विषयहरूलाई सम्बोधन गरे जस्तै : सांसद र जेल सुधार, शिक्षा, औपनिवेश राष्ट्र प्रति ईङ्गल्याण्डको दायित्व, विशेषगरी भारत, साक्षरता, बालश्रम, कारखाना नियमकानून, द्वन्द्ध, जुवातास, रक्सी, अनैतिकता, पशुपंक्षी प्रतिको निर्दयिता, पागलहरूको दुर्दशा, धुवादानलाई सफा गर्ने, महिला र बालबालिका, झुपडीमा रहेका बालबालिकाहरू, कारखानाको अवस्था, झुपडपटीमा स्कूलको ब्यवस्था आदी । द्रुत मण्डली बृद्धिको कारणले सण्डे स्कूलको स्थापन भयो । त्यसै गरि YMCA र YWCA, स्यालवेशन आर्मी, बाइबल सोसाईटी, मण्डली मिशनरी सोसाईटी आदीको पनि स्थापना भयो ।[१७] तत्कालिन विश्वास ब्यवहारिक र मजबुत थियो ।

जोन वेस्लीको आदर्श वाक्यले उनी र उनको साथिहरूलाई ज्यादै मद्दत गर्‍यो । जति सक्छौ असल काम गर, जुन माध्यमद्वारा गर्न सक्छौ गर, जसरी गर्न सक्छौ गर, जहाँ जहाँ गर्न सक्छौ गर, जहिले जहिले गर्न सक्छौ गर, जति मानिसलाई गर्न सक्छौ गर, जाति लामो समय सक्छौ गर ।[१८]

परमेश्वरले ईङ्गल्याण्डमा दासप्रथाको अन्त्यगर्न ब्रिटिस राजनेता विलियम विल्वरफोर्सलाई उपयोग गर्नुभयो । परमेश्वर प्रति आफ्नो गहिरो विश्वास र जोन वेस्लीलाई आत्मिकी पिता मानेकोले विल्भरफोर्सले आफ्नो अडान जारीराखे । पहिलो वर्ष जब विल्भरफोर्सले दासप्रथा

उल्मूलनको लागि विधेयक सांसदमा पेश गरे उनी वास्तवमा एक्लै थिए । उनले लगातार तीस वर्षसम्म दासप्रथा विरोधी विधेयक सांसदमा पेश गरिनै रहे । हरेक बर्ष थप केहि सांसदहरूले उनको दासप्रथा विरोधी विधेयकमा समर्थन गर्दै जान थाले । त्यसै समयमा ईङ्गल्याण्ड भरी वेस्लीयन जाग्रिती फैलिरहेको थियो । त्यो विधेयक अन्तमा पास भयो । यद्यपी विल्भरफोर्सले सांसदमा भुमिका निभाए, तथापी त्यो ख्रीष्टको शरीरको बृद्धि अर्थात ख्रीष्टको मण्डलीको बृद्धि , यसका सदस्यहरूको जिवनशैली र विचारले ब्रिटिस साम्राज्यको विश्वदृष्टिकोण र सस्कृतिलाई प्रभावित पार्नुका साथै त्यसलाई परिवर्तन गरिदियो । त्यस परिवर्तनले विल्भरफोर्सको दासप्रथा विरोधी आकांक्षालाई साकार बनाईदियो ।

अन्तत्वगत्व, सुसमाचारीय मिशनरी अभियानले एटलान्टीक महासागर पार गरेर संयूक्त राज्य अमेरिकामा पहिलो र दोस्रो महान जागरणको प्रस्फुटन गऱ्यो । दोस्रो महान जागरण पश्चात लगभग सबै प्रोटेस्टेण्ट संप्रदायहरू सामाजिक सेवा, महिला अधिकार, दासप्रथा, आत्मसंयम, बन्दीगृह सुधार, सार्वजनिक शिक्षा, विश्व शान्ति जस्ता विषयलाई संवोधन गर्न थाले । सुसमाचार र सामाजिक चिन्तन बिच नजिकको सम्बन्धले मण्डलीमा सेवाकाई गर्ने मिशनरी र दाजुभाई दिदीबहिनीमा एउटा नयाँ लहरको शुरुवात गऱ्यो जसले सुसमाचार र बाइबलमा आधारित सामाजिक सुधारको प्रचार गरेर त्यसलाई बाटो देखाए न केवल उनीहरूको आफ्नो महादेशमा तर अफ्रिका, एसिया र दक्षिण अमेरिकामा पनि ।[१९]

## सांस्कृतिक प्रभाव र प्रोटेस्टेण्ट मिशनरी अभियान

उन्नईसौं शताब्दीका फिरन्ते मिशनरीहरूले आफ्नो बाइबलसंगै औषधी र बिऊहरू बोकेर जान्थे । उनीहरूले कफि र कोका घाना भन्ने देशमा ल्याए, उनीहरूले थाइल्याण्डमा दादुरा मलेरिया, र कुष्टरोगको उन्मुलन गरे । उनीहरूले कंगोमा सित्तैमा काम कजाउने प्रथालाई सम्बोधन गरे । चीनमा अफिमको ब्यापारको विरुद्ध संघर्ष गरे, र छोरीहरूलाई खुट्टा बाँध्ने र मर्नलाई छाडिदिने प्रथा विरुद्ध संधर्ष गरे । भारतमा तिनीहरूले सतीप्रथा, शिशुहत्या र मंदिरमा वेश्यावृति र जातिप्रथाको विरुद्धमा संघर्ष गरे । उनीहरूले ईनारहरू बनाए र स्कूलहरूको स्थापना गरे । यर्थातमा ति सबै मिशनरी अभियानहरू आज हामी जसलाई सामुदायिक विकास भन्छौं ती कुराहरूमा सम्मिलित थिए । सुसमाचार संचारको एक भागको रुपमा उनीहरूले

उत्पीडित र उपेक्षितहरूको लागि शिक्षा, स्वास्थ्य, कृषि र सामाजिक सुधारको विषयमा वास्ता गरे ।[२०]

विलियम केरी नामक एक ब्रिटिस मिशनरी यो जान्दथे की परमेश्वरले ईङ्गल्याण्ड, जर्मनी, स्वीट्जरल्याण्ड र होल्याण्डलाई खीष्टीयन परिवर्तकहरूको प्रयासद्वारा रुपान्तर गर्नुभयो । केरीले तर्क गर्नुभयो की परमेश्वरले उहाँहरूको लागि जे गर्नुभयो त्यो उहाँले कहिँ पनि गर्नसक्नु हुन्छ । भारत केरीको नयाँ घर बन्यो, जहाँ उहाँले भारतको पुर्नस्थापनाको लागि अचम्मको विस्तृत कार्यनिति शुरु गर्नुभयो । उहाँ एउटा मिशनरी, वनस्पती विज्ञ, उधोगपति, अर्थशास्त्री, मानवतावादी, चिक्तिसक, समाचारपत्र प्रकाशनका थालनीर्क्ता, कृषिविद, चालिस भाषामा बाइबल अनुवाद एवं प्रकशान गर्ने व्यक्ति, एउटा असल शिक्षक, खगोलविद, एशियाम पहिलो पुस्तकालयको थालनीकर्ता, वनजंगल संरक्षक्कर्ता, महिला अधिकारको धर्मयोद्धा, सार्वजनिक सेवक, नैतिक सुधारक, र साँस्कृतिक रुपान्तरणकर्ता हुनुहुन्थ्यो । उहाँ एउटा सुसमाचार प्रचारक हुनुहुन्थ्यो जसले हरेक उपलब्ध माध्ययमहरूद्वारा भारतीय जीवनको प्रत्येक अध्याँरो अनुहारमा सत्यको ज्योतिले उज्यालो पार्ने काम गनुभयो । [२१]

२००० वर्षसम्म हिन्दु र बौद्धिष्ट नेतृत्वले भाग्यवादी जिवनको दृष्टीकोण मानिसहरूको मनमा भरिदियो । जिवन कष्टपूर्ण छ र पूर्नजन्मको पापको कारण आत्माहरू पृथ्वीमा पठाईन्छ । यद्यपी विलियम केरीले भारतलाई सिकाए कि सृष्टिकर्ताले हाम्रो जिवनको लागि असल अभिप्राय राख्नुहुन्छ । रुपान्तरण संम्भव र वान्छनीय दुबै छ । [२२]

उन्नाईसौं शताब्दीका अरु मिशनरीहरूले पनि आत्मिक परिवर्तन तर्फ केन्द्रित हुदै जहाँ जहाँ उनीहरूले सेवा गरे त्यहाँ भौतिक, सामाजिक र साँस्कृतिक समस्याहरूको लागि पनि वास्ता र चिन्ता प्रदर्शित गरे ।

बुद्धिमान परमेश्वर कति उपयूक्त हुनुहुन्छ, एक सृष्टिकर्ता जसले एक अनन्त कष्टको संसारको सृष्टि गर्नुभएन, तर उहाँको प्रेम र वास्ताको प्रदर्शन आफ्ना मानिसहरूले गरुन जसै तिनीहरूले सुसमाचार प्रचार गर्छन् ।

## सारंशमा

ईशाई धर्मको नाममा गरिएका सबै कुराहरूमा मण्डलीले गर्व गर्नसक्दैन जस्तै धर्माधिकरण तथा प्रोटेस्टेण्ट र क्याथोलिक बिचको युद्ध । "धर्मयुद्ध" मण्डलीले बारम्बार पछुताउनु पर्ने कारण भएको छ, तथापी उहाँको कथालाई निरन्तरता दिने मण्डलीको महत्वपूर्ण भुमिका रहेको छ ।

शायद यो अध्याय उन्नाईसौं शताब्दीको मध्यमा आएर किन रोकियो भनि तपाई आश्चर्य मान्नुहुन्छ होला । अथवा आजको साँस्कृतिक रुपान्तरणमा मण्डलीको भुमीकाको विषयमा तपाई कहिल्यै सुन्नुभएको छैन होला । केहि घटेको छ, जसै हामीले पछि देख्ने छौं । मण्डली विभाजन भयो । एकातर्फ मण्डलीको परम्परावादी हाँगाले समाजलाई रुपान्तरण गर्ने मण्डलीसंग सम्बन्धित ऐतिहाँसिक सम्बन्धलाई गुमाएको छ भने अर्कोतफ नव निर्मित उदारवादी हाँगाले केहि मात्रामा आत्मिक परिवर्तनको लागि चाहाना गुमाएको छ ।

परमेश्वरसंग एउटा विस्तुत कार्ययोजना छ र त्यसलाई जारीराख्न मण्डलीलाई अभिषेक गर्नुभएको छ । टुटेकाहरूलाई निको पार्न, ब्यक्तिहरू र समाजलाई रुपान्तरणगर्न, र त्यो परिवर्तनलाई परिणाम दिन जुन येशू येदि नगरप्रमूख भएको भए हुनेथियो । ईतिहासमा ख्रीष्टीयन मण्डलीले सम्पूर्ण समाजमा र त्यसको सँस्कृति रुपान्तरणमा महान भुमिका निभायो । आज संसारैभरि आत्मिक र साँस्कृतिक रुपान्तरणमा मण्डलीको भुमिका शुरुको बुझाई तर्फ फर्काउनको लागि बढ्दो अभियानको थालनी भएको छ । आउँदो अध्यायहरूमा, याहाँहरूले एककाईसौं शताब्दीका "समाजसुधारकहरू" बाट उहाँ (परमेश्वर) को कथाबारे पढ्नुहुनेछ ।

# परमेश्वरको बृहत कार्ययोजना ४

यदि येशू नगरप्रमूख हुनुभएको भए, मलाई विशवास छ, उहाँको एउटा बृहत एवं दीर्घकालीन योजना हुन्थ्यो । परमेश्वरको एउटा बृहत योजनाभित्र सबै पुस्ताका सबै ठाँउमा भएका उहाँका मण्डलीहरू पर्दछन् र यस योजनाबाट प्रभावित भएका हुन्छन् ।

परमेश्वरको यस संसारमा भएको कार्ययोजना के हो त ? उहाँको अभियान भनेको के हो ? यी प्रश्नहरूका उत्तरहरू कसलाई सोधिन्छ, त्यसमा भर पर्छ । यस अध्यायमा, हामी धर्मशास्त्रलाई अध्ययन गर्ने छौं र परमेश्वरको बृहत कार्ययोजनालाई हेर्नको लागि बाइबलीय आधारहरूको खोजि गर्नेछौं ।

ईतिहासमा भएका मण्डलीहरू परमेश्वरको यस संसारमा एउटा बृहत अभियान छ भनेर विश्वास गरेको देख्न पाईन्छ । आज हामी हेर्छौं भने थुप्रै मण्डलीहरू मानिसको आत्मिकी उद्धारको लागि संसारभरि सुसमाचार लगेर मण्डलीहरू खडा गर्नमा लागि परेको देख्न सकिन्छ । यसको साथसाथै जहाँ अरु मण्डलीहरू गरिबी, भोक, अनि अन्यायका विरुद्ध लड्नका लागि आफ्ना कम्मरहरू कसेका र आफ्ना स्रोत र साधनको प्रशस्त लगानी गरेको देखिन्छन् । आजका मण्डलीहरूलाई हेरेर हामीले सजिलै परमेश्वरको पूर्ण कार्ययोजनालाई देख्न भने सक्दैनौं । धर्मशास्त्र भन्दछ कि परमेश्वरको कार्ययाजना हामीले कल्पना गर्नसक्ने भन्दा ठूलो छ ।

## परमेश्वरको कार्ययोजना सृष्टिको बेलामा प्रकट

भजन लेखकले घोषणा गरे, "*आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ र तारा मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ*" (भजन संग्रह १९:१) । परमेश्वर मानिसहरूले वर्णन गर्नसक्ने भन्दा महान हुनुहुन्छ । उहाँ महिमाले पूर्ण हुनुहुन्छ ! उहाँ भलो हुनुहुन्छ ! उहाँ अचम्मको हुनुहुन्छ । उहाँका हरेक कामले उहाँको भलाईलाई देखाउँदछ । अनि उहाँले सिर्जना गर्नुभएका सारा थोकहरूले उहाँको भलाई र उहाँको महिमालाई दर्शाउन् भन्ने उहाँको इच्छा हो ।

जब सृष्टिले परमेश्वरको भलाईलाई झल्काउँदछ, तब यसबाट परमेश्वरलाई आदर मिल्दछ । जब सृष्टिले परमेश्वरको भलाईलाई प्रकट गर्दैन, तब यसबाट उहाँलाई अनादर हुन्छ र यसले उहाँ भलो हुनुहुन्न भन्ने झुठलाई बढावा दिन्छ । मानिसहरू त्यस परमेश्वरतर्फ आर्कषित हुन्छन् जसले उनीहरूलाई प्रेम गरेर बनाउनु भयो, तर उहाँका योजनाहरू राम्रा छैनन् भने उनीहरू झुठो कुराबाट परमेश्वरदेखि टाढिन्छन । यो चाहि नबुझि नहुने अर्न्तदृष्टि हो । यस कुराले परमेश्वरको भलाई उहाँको महिमा र उहाँको कार्ययोजनाको लागि परमेश्वरको अत्यधिक वास्तालाई देखाउँदछ ।

परमेश्वरले गर्नुभएको महानकार्यको अन्तिम तह भनेकै मानव थियो जो माथिल्लो बिन्दु र मुकुट मानिन्थ्यो । परमेश्वरले मानिसलाई बनाउनुमात्र भएन, तर "उहाँले त्यसलाई आफ्नै स्वरुपमा सृष्टि गनुभयो.....नर र नारी गरी उहाँले सृष्टि गर्नुभयो " (उत्पत्ती १:२७) । त्यसपछि उहाँले हामीलाई उहाँको प्रतिनिधिहरू हुनको लागि नियुक्त गर्नुभयो, अर्थात उहाँको तर्फबाट यस पृथ्वीमा बृद्धिहुदै, भरिदै, जित्दै र शासन गर्दै जान सकौं (उत्पत्ती १:२६-२८) ।

बाइबलले हामीलाई बताउँदछ कि, दुर्भाग्यवस्, हाम्रा पुर्खाहरूले परमेश्वरले चाहेजस्तै गरी शासन गर्न सकेनन् । बरु आदम आफ्ना इच्छाहरूको पछि लागे । आदमको अनाज्ञाकारीता जसलाई मानिसको पतन पनि भनिन्छ । त्यसपछि उसको परमेश्वरसंगको सम्बन्ध र भावी पुस्ताका परमेश्वरसंगको सम्बन्ध एउटै भयो । परमेश्वरले आफ्नो महिमा देखाउनको लागि वास्ता र प्रेमका साथ सृष्टि गर्नुभएको संसारमा त्यसपछि बिद्रोह तनाव, संघर्ष, विनाश, विछोड तथा मृत्युले प्रवेश गऱ्यो ।

अदनको बगैंचामा घटेको पापले आदम र हव्वालाई मात्र होइन्, तर सारा सृष्टिलाई नै प्रभावित तुल्यायो । धेरै मानिसहरू आज पनि परमेश्वरको उद्देश्यको विरुद्धमा बिद्रोह गर्दछन् । हाम्रा व्यक्तिगत जिवनहरू, परिवारहरू, समाजहरू, र वातावरण पनि परमेश्वर विरुद्धको विद्रोहको परिणाम स्वरुप पीडामा छन् । प्रेरित पावलले व्याख्या गर्छन कि "*सृष्टि ब्यर्थताको बस्मा पारियो*" (उत्पत्ती ६:६) । धर्मशास्त्रले हामीलाई बताउँदछ : "*पृथ्वीमा मानिसलाई बताउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो र उहाँ मनमा साह्रै दुःखित हुनुभयो*" (रोमी ८:२०) । यो अचम्म लाग्ने कुरा थिएन कि परमेश्वरको आदमको अनाज्ञाकारीता प्रतिको प्रतिकिया यति ठूलो थियो – उहाँले आफ्नो कार्ययोजनालाई आदमको स्वर्थपनको परिणाम देखि बचाएर राख्नुभयो ।

## परमेश्वरको कार्ययोजना एउटा करारमा प्रकटित

परमेश्वरले उहाँको कार्ययोजनालाई आदमको सन्तानको हातदेखि बचाईराख्नको लागि उहाँले जलप्रलय गराउनुभयो । जलप्रलयपछि परमेश्वरले एउटा अचम्मको करार बाँध्नुभयो । नोआसंग मात्रै बोले तापनि उहाँले आफ्नो करार नोआको सन्तानहरूसंग मात्रै नभई यस पृथ्वी र यसमा भएका *सारा* जिवित कुराहरूसंग बाँध्नुभयो । यस करारद्वारा उहाँले आफ्नो सृष्टि प्रतिको वास्तालाई देखाउनुभयो ।

## परमेश्वरको कार्ययोजना र राष्ट्रहरू (जातिहरू)

उहाँले अब्राहमसंग करार गर्दाखेरि पनि फेरि उहाँको कार्ययोजना झल्किएको थियो जसले उहाँको सारा राष्ट्रहरूप्रतिको वास्तालाई प्रकट गऱ्यो । परमेश्वरले अब्राहामलाई भन्नुभयो । *"तँद्वारानै पृथ्वीका सबै जातिहरूले आशिष पाउनेछन्"* (उत्पत्ती १२:३) । पछि गएर उहाँले आफूले गर्नुभएको करारलाई ठहराउनको लागि अब्राहामद्वारानै *"सबै जातिहरूले आशिष पाउनेछन् भनेर प्रतिज्ञा गर्नुभयो"* (उत्पत्ती १८:१८) । सारा राष्ट्रहरूका लागि परमेश्वरको कार्ययोजनामा नै बाइबलको मूख्य विषयवस्तु हो – उत्पती देखि प्रकाशसम्म । बाइबलको सबैभन्दा अन्तिम अध्यायमा स्वर्गदूतले प्रेरित यूहन्नालाई जिवनको रुखका पातहरू *"जाति जातिहरूलाई निको पार्नका लागि थिए"* भनेर भनेको पाईन्छ (प्रकाश २२:२) । "जाति" भन्ने शब्दा बाइबलमा २००० पटकसम्म उल्लेख गरिएको छ ।[1] परमेश्वरको जाति जातिहरूप्रतिको कार्ययोजना महशुस गर्न सकिने खालको छैन । जाति जातिहरूका समाजको अर्थब्यवस्था तथा सामाजिक सुधारको लागि परमेश्वरले आफ्नो वास्ताफिक्रिलाई धेरैपटक ब्यक्त गर्नुभएको छ ।

दोस्रो शामूएल अध्याय ६ र ७ मा हामीले राजा सोलोमन र परमेश्वरबिचको निकै चाख लाग्दो कुराकानी देख्न सक्छौं । जब मन्दिरलाई सार्वजनिकरुपमा समर्पण गर्ने बेला आयो, सोलोमनले प्रार्थना गरे कि यदि मानिसहरू आफ्ना अनज्ञाकारिताहरूबाट फर्कदछन भने परमेश्वरले ती मानिसहरू माथि दया गर्नुभएको होस् (२ ईतिहास ६:२२-३८) । परमेश्वरले सोलोमनलाई यदि मानिसहरूले पश्चाताप गरी आज्ञाकारितामा फर्कन्छन् भने उहाँले तिनीहरूको पापहरूलाई क्षमा गरिदिनुहुनेछ भनेर भन्नुभयो र यसप्रकार उहाँले सोलामनको प्रार्थना सुन्नुभएको छ भनेर सुनिश्चित गर्नुभयो । त्यस पछि परमेश्वरले पहिला नोआ र अब्राहामसंग ब्यक्त गरेको कुराझै आफ्नो कार्ययोजना अनुरुप काम गर्ने बताउनुभयो ।

*"यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिमीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूका पाप क्षमा गर्ने छु, र तिनीहरूको देशलाई म स्वास्थ्य पार्नेछु"* (२ ईतिहास ६:२२-३८)।

परमेश्वरले त्यस भूमी र त्यहाँ भएका मानिसहरू निको भएका *चाहनुहुन्थ्यो*। परमेश्वरले सबै मानिसहरू फल्दैफुल्दै गएको चाहनुहुन्थ्यो। उहाँले हामीलाई आफ्नै स्वरुपमा बनाउनुभयो। जब हामी फल्दैफुल्दै अगाडी बढछौं, हामी परमेश्वरलाई र उहाँको स्वरुपलाई झल्काउदछौं।

पापमय स्वभावको कारणले गर्दा हामी स्वभाविक रुपमा फल्दैफुल्दै जादैनौं। हामीले स्वेच्छाले सही प्रकारको जिवन जिउदैनौं।

हामी कसरी जिउने र परमेश्वर, एकार्का, र प्रकृतिसंग कसरी सम्बन्ध गाँस्ने भनेर परमेश्वरले हामीलाई देखाउनु पर्‍यो। परमेश्वरले इस्राएललाई उहाँले चाहनुभए अनुसारको जिवन जिउन र सारा राष्ट्रहरूको अगाडी उदाहरण बनेर चेलापन गर्नको लागि – नमूना राष्ट्रको रुपमा छान्नुभयो।[२] परमेश्वरले इस्राएलले सारा जातिहरूलाई यो कुरा देखाएको चाहानु भएको थियो कि जब जातिहरूले परमेश्वरका निर्देशनहरूलाई पालन गर्दछन् तब जिवन उच्च हुँदछ।

*"तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरु जातिहरूका अघि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै बिधिहरू सुनेर उनीहरूले भन्ने छन् "आवश्य महान् जातिका मानिसहरू खुबै बूद्धिमान र समझदार रहेछन्"* (व्यवस्था ४:६)।

ईस्रायलको परमेश्वर तर्फको आज्ञाकारिताको फलस्वरुप अरु जातिहरू पनि परमेश्वरको बैभव महिमातर्फ आकर्षित हुनेथिए। एक प्रकारले भन्दा, इस्रायलले त्यहाँको संस्कृतीलाई प्रभाव पारेको थियो। वा अझै ठीक प्रकारले भन्नु पर्दा, परमेश्वरले इस्रायलप्रति गर्नुभएको ब्यवहारको कारणले आजसम्म धेरै सँस्कृतिहरू प्रभावित रहेकाछन्। उदाहारणको लागि परमेश्वरले इस्रायललीहरूलाई दिनुभएको दश आज्ञाहरूले यहुदीहरूद्वारा धेरै जातिहरू आजसम्म आशिषित

भएका छन । ती आज्ञाहरू इस्रायलीहरूलाई दिइएको भए तापनि आजको युगमा ती आज्ञाहरू न्यायसंगत र नैतिक समाजहरूको निर्माणको लागि आधार बनेका छन् । [३]

नयाँ करारले पनि परमेश्वरको जाति जातिहरूप्रतिको वास्तालाई देखाउँदछ । यशूले आफ्ना चेलाहरूलाई दिनुभएको अन्तिम आज्ञा चाहिँ सुसमाचारलाई जाति जातिहरूका विचमा लैजानु थियो ताकी *"सबै जातिहरूलाई उहाँको नाँउमा पश्चाताप र पाप क्षमाको प्रचार हुनुपर्दछ"* (लुका २४:४७) । जिवनको लागि परमेश्वरको योजनालाई देख्न र बुझ्नको लागि सबै जातिहरूलाई चेला बनाइनु पर्दछ भनेर येशूले भन्नुभयो:

*"यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ , र पिता, पुत्र, र पवित्र आत्माको नाँउमा तिनीहरूलाई बप्तिस्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ"* (मत्ती २८:१९,२०) ।

सुसमाचार प्रचार गर्नु भनेको येशूलाई मुक्तिदाताको रुपमा मात्र नभई प्रभुको रुपमा पनि घोषणा गर्नु हो । जब खीष्टको प्रभुत्वलाई ग्रहण गरिईन्छ, तब हामीले येशूले गर्नु भएका ती *"सबै आज्ञाहरू पलनो"* गर्नको निम्ति आफैलाई समर्पण गर्छौं । खीष्टको प्रभुत्वविना हामी बाँच्न त सकौंला, तर हाम्रा चोटहरू भने निको हुने छैनन् । जिवनको हरेक क्षेत्रमा हामीले खीष्टको प्रभुत्वलाई अंगाल्न आत्यावश्यक हुन्छ । यस्को विना सुसमाचार अधुरो हुनुका साथै हाम्रा मण्डलीहरू अपरिपक्क पनि हुनेहुन्छ । एक अपरिपक्क मण्डली, जुन आफैमा चेलापन भएको छैन, त्यस मण्डलीले गएर सबै देशका जातिहरूलाई चेला बनाउने जुन आज्ञा छ, सो पूरा गर्नमा असमर्थ रहन्छ ।

अन्तमा, नयाँ र पूरानो करारमा परमेश्वरले सबै जातिहरूका निम्ति राख्नुभएको वास्ताको योजनालाई हेर्दै जान्छौं भने, पछि आएर खीष्टको दोस्रो आगमनको समयमा ती राष्ट्रहरूलाई प्रतिनीधित्व गरीएको देख्न सक्दछौं । यो साँच्चैनै अचम्म लाग्दो सत्य हो । भविष्यको त्यस राज्यमा ती राष्ट्रहरूले परमेश्वरको महिमालाई देख्नेछन् र त्यस महिमाको उपस्थितीमा उनीहरू रहनेछन् र त्यस महिमाका आशिषहरूको आनन्द उनीहरूले लिनेछन् । प्रेरित यूहन्नाले लेखेका छन् कि *"त्यसकै उज्यालोमा जति जातिहरू हिड्डुल गर्नेछन् । पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा ल्याउँनेछन"* (प्रकाश २१:२४) ।

परमेश्वरको कार्ययोजनामा विगत, बर्तमान र भविष्यमा मानिसहरू र राष्ट्रहरूलाई निको पार्ने कुरा समावेश छ ।

## परमेश्वरको कार्ययोजना र येशू

कलस्सी १:१५–२० सम्म हेरौं र गनौं कि कतिपटक सम्म "सबै" भन्ने शब्द प्रयोग गरिएको छ ।

> *"उहाँ अदृष्य परमेश्वरको प्रतिरुप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्ग र पृथ्वी माथि भएका दृष्य र अदृष्य थोकहरू चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबैथोक उहाँद्वारा नै उहाँकै निम्ति सृजिएका हुन । उहाँ नै सबैकुराहरू भन्दा अगाडी हुनुहुन्छ र उहाँमा नै सबैकुराहरू बाँधिएर रहेका छन् । उहाँ शरीर, अर्थात मण्डलीका शीर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरूबाट जिवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि*
>
> *उहाँ सर्वोच्च होऊन । किनकि उहाँको सारा पूर्णता ख्रीष्टमा बास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो र परमेश्वरले उहाँका क्रुसको रगतद्वारा शान्ति गराएर, पृथ्वीको होस वा स्वर्गको होस, उहाँद्वारा नै सबैथोकलाई आफूसंग मिलापमा ल्याउनुभयो"* (कलस्सी १:१५–२०) ।

यहाँ *"प्रत्येक"* भन्ने शब्द एक पटक मात्र प्रयोग भएको छ भने छ पटक सम्म *"सबै"* वा *"सारा"* भन्ने शब्द प्रयोग भएको छ ।

सात पटक सम्म, यस खण्डले हामीलाई याद दिलाउँदछ कि परमेश्वरको कार्ययोजना *"सबै सृष्टि"* जत्तिकै ठूलो छ । पावलले यहाँ अर्थपूर्ण कुरा गर्दैछन् । येशूको रगत *सबै कुराहरूलाई* पूर्नस्थापना गर्नको निम्ति बगेको थियो । किन ? किनकी *सबै कुराहरू* पतनको समयमा टुटेको र भत्केको थियो । परमेश्वरले आफ्नो सृष्टिलाई प्रेम गर्नुहुन्छ र *सबै कुराहरू* पहिलाको जस्तै उहाँमा मिलेको चाहनुहुन्छ ।

किनकी उहाँ परमेश्वरकै स्वरुप भएको कारण र परमेश्वरको पूर्णता उहाँमा वास गरेको कारण येशुको कार्ययोजना पनि उहाँको पिताको जस्तै छ । यसले मानवजातिको आत्मीक पुर्नजन्म र *सबैकुराको* मिलाप लाई समेटेको छ ।

जब मण्डलीहरूले परमेश्वरको बृहत कार्ययोजनामा आफ्ना प्रतिक्रिया जनाउँदछन्, तब उदेकका कुराहरू घट्दछन् । यद्यपि, थोरै मात्र मण्डलीहरूले *"सबै कुराका"* पूर्नस्थापनाको लागि आफ्ना सदस्यहरूलाई सुसज्जित पार्दछन् ।

यस कार्य अतिनै ठूलो लाग्न सक्छ तर परमेश्वरले हामीलाई हामीले प्रभाव पार्नसक्ने स्थानहरूमा राखिदिनु भएको छ – हाम्रा बैबाहिक सम्बन्धहरू, परिवारहरू, घरनाहरू, छिमेकीहरू, विद्यालयहरू, काम गर्ने ठाँउहरू, कार्यालयहरू, खेतीपातीहरू, बजारहरू, साथीसंगीहरू, सर्वसाधरण हितसमूहहरू, समाजहरू, सरकारहरू र वातावरणका क्षेत्रहरूमा राखिदिनु भएको छ । मण्डलीले यसका सदस्यहरूलाई सुसज्जित पार्नुका साथै उत्साह पनि दिनुपर्दछ ताकी उनीहरूले प्रभाव पार्नसक्ने क्षेत्रहरूमा प्रभाव पार्न सकेका हुन् र परमेश्वरको सबै कुराहरूलाई पूर्नस्थापना गर्ने ठूलो उद्देश्यमा सहकार्य गर्न सकेका होऊन । जब मण्डली *''सबैकुरा''* भन्ने बुझाईमा चेलापन गर्दछ, तब यसले आफ्ना सदस्यहरूलाई उनीहरूको प्रभावको क्षेत्रहरूलाई खीष्टको प्रभुत्वमुनि ल्याँउन उनीहरूलाई सुसज्जित पारेको हुन्छ । कल्पना गर्नुहोस्, के हुन्छ होला जब हजारौं मण्डलीहरू र करौडौं व्यक्तिगत खीष्टियनहरू सबै कुराहरूको पुर्नस्थापना गर्ने कार्यमा परमेश्वरसंगसंगै मिलेर काम गर्दछन् भने र उनीहरूले परमेश्वरको त्यस ठूलो कार्ययोजना पूरा गर्नमा जुट्दछन् भने ।

## के यहाँ यसको प्राथमीकता छ ?

खीष्टियन भएको नाताले मानवजातिको आत्मिकी मुक्तिको लागि काम गर्नु के हाम्रो प्राथमिकता बन्दछ ? यहाँ यस प्रश्नको कम्तीमा पनि तीनवटा उत्तरहरू हुन सक्छन् :

(१) अरु कुनै किसिमको पुर्नस्थापना भन्दा आत्मिकी मुक्ति अझै महत्वपूर्ण हुन्छ । संसारमा भएका अरु कुनै कुरासंग यसलाई दाँज्न सकिन्न । खीष्टद्वारा पाईने मुक्तिविना, हामी परमेश्वरबाट पूर्णरुपमा अलग हुने छौं ।

मानिसहरूले अनन्तता र अहिलेको वर्तमानमा बिताउने दुबै जिवनहरू ज्यादै जोखिममा छन् । खीष्टसंग रहेर *''परमेश्वरको सितैको बरदान खीष्ट येशू हाम्रो प्रभुमा अनन्त जिवन हो''* (रोमी ६:२३) । खीष्ट विना *''पापको ज्याला मृत्यु हो''* (रोमी ३:२३) । खीष्टद्वारा *''प्रशस्तताको जीवन आउँदछ''* (यूहन्ना १०:१०) । उहाँमा विश्वास गरेमा *''हामी नाश हुने छैनौं, तर अनन्त जिवन पाउने छौं''* (यूहन्ना ३:१६) । उहाँ विना *''हामी पहिले नै दोषी ठहरिएका छौं''* (यूहन्ना ३:१८) । फरकहरू चाहिँ जस्तो देखिन्छ, त्यस्तै शक्तिशाली छ ।

चाखलाग्दो गरी आत्मिकी मुक्ति भन्ने प्राथमिताले हामीलाई परमेश्वरको बृहत उद्देश्यहरूतर्फ डोऱ्याउदछ :

*"किनकी हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौ । हामी ती बमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले अधिबाटै ती तयार गर्नुभएको थियो"* (एफिसी २:८-१०) ।

(२) येशूले पिताको इच्छा प्रति सचेत भई, परिस्थिती अनुसारको सेवाकार्य गर्नुभयो । कहिलेकाही, येशूले आत्मिकी आवश्यकता प्रति पहिला सेवाकाई गर्नुभयो, जसरी उहाँले एक पक्षघातीलाई निको पार्नुभएको थियो (मत्ती ९:१-८) । उहाँले जहिले पनि मानिसहरूका आत्मिक खाँचोहरूप्रति वास्ता राख्नुहुन्थ्यो, यद्यपी उहाँले सधै पहिला यो सेवाकाई गर्नुभएन । कहिलेकाही उहाँले आत्मिक खाँचोलाई पूरा नगरी नै सेवाकाई गर्नुभयो । उदाहरणको लागि उहाँले दशजना कुष्ठरोगीहरूलाई निको पार्नुभयो । उहाँलाई धन्यवाद दिन नआउने नौ जनाहरूसंग आत्मिकी खाँचोहरूको बारेमा येशूले केही गरेको हामी पाउदैनौं, तर एकजनासंग मात्र गर्नुभयो जो फर्केर आई उँहाको पाउमा पऱ्यो ( लुका १७:११-१९) ।

(३) आत्मिक खाँचोहरूलाई सेवाकाई गर्नको लागि धेरैजसो सेवाकार्यनै सबैभन्दा प्रभावशाली हुँन्छ । मानिसहरू जो बोलिने शब्दहरूप्रति विरोधि हुन्छन्, धेरैजसो उनीहरू परमेश्वरको प्रेमको जिउँदो कामहरूप्रति खुल्ला हृदयका हुन्छन् । येशूले, निश्चय नै, यस सिद्धान्तलाई जान्नुहुन्थ्यो र उहाँले जुन कुराले मानिसको हृदय खोल्छ त्यही कुराहरूमा सेवाकाई गर्नुभयो, जुन उहाँको पितालाई थाहा थियो ।

के सेवाकाईको लागि प्राथमिकता छ ? अनन्तताको सन्दर्भमा भन्दा, हो आत्मिक सेवाकाईले प्राथमिकता लिन्छ । यद्यपि (यो "यद्यपि" एक संवेदनशील महत्वको विषय हो) हामीले कसरी सेवाकाई गर्छौं भन्ने कुरा परमेश्वरले हामीलाई कुन सन्दर्भमा पठाउनुहुन्छ र हाम्रो पवित्र आत्माप्रतिको चेतनशीलतामा भर पर्दछ ।

## परमेश्वरको सबै कुरालाई अंगाल्ने प्रेम

परमेश्वरको बृहत कार्ययोजनाको प्रकाशमा हामीले जानेका मुख्यखण्डहरू पढदा खेरी धर्मशास्त्र भरी हामी परमेश्वरको बृहत उद्देश्यहरूलाई देख्न सक्छौं । म एउटा उदाहरण दिन चाहन्छु । हामी ख्रीष्टियनहरूलाई सबैभन्दा धेरै मन पर्ने मध्येको पदबाट पनि नयाँ अन्तरदृष्टी पाउन सकिन्छ :

*"किनभने संसारलाई यस्तो प्रेम गर्नु भयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो , ताकि उहाँमाथि विश्वास गर्ने कोहि नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस"।*
(यूहन्ना ३:१६)

यस खण्डमा, "संसार" भन्ने शब्दको लागि ग्रीक शब्द *"कस्मस्"* प्रयोग भएको छ । धर्मशास्त्रमा कहिलेकाही यस *"कस्मस्"* भन्ने शब्दको अर्थ पृथ्वी वा सृष्टि गरिएको संसार हुन्छ ।[४] कहिलेकाही भने यसको अर्थ मानिस हुँदछ । हामीले युहन्ना ३:१६ लाई धेरै जसो यसरी

ब्याख्या गर्छौं "परमेश्वरले संसारका मानिसलाई यति धेरै प्रेम गर्नु हुन्छ । कि उहाँले येशूलाई पठाउनुभयो ता कि संसारका मानिसले उहाँमा विश्वास गर्न सकून र अनन्त जिवन पाउन सकून ।" स्पष्टगरी मानिसले मात्रै विश्वास गर्न पाउँदछन् र अनन्त जिवन पाउन सक्दछन् । यसरी परमेश्वरले *"कस्मस्"* लाई यस्तो प्रेम गर्नूहुन्छ र संसारका मानिसलाई कि उहाँले एक मुक्तिदाता जुटाई दिनुभयो र उहाँकहाँ आउने मानिसहरू परमेश्वरका सन्तान बन्दछन् ।

मलाई विश्वास लाग्दछ कि यस खण्डले यो पनि भनेको हुन सक्छ कि परमेश्वरले *"कस्मस्"* अर्थात सबै सृष्टिलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो पुत्र येशूलाई पठाउनुभयो ताकि उहाँको बलिदानद्वारा सबै कुराहरू मिलापमा आउन सकोस् (कलस्सी १:२०) ।

मानिसहरू उहाँको सृष्टिको एक महत्वपूर्ण भाग हुन । उहाँकै प्रेमको कारणले गर्दा, उहाँले *"कस्मस्"* (उहाँका प्यारा छोराछोरी) लाई, *"कस्मस्"* (उहाँको प्यारो सृष्टि) को

पूर्नस्थापनाको लागि जिम्मेवारी सुम्पिनु भएको छ । हामीहरू प्रेम र पूर्नस्थापना गरिएका हुनाले, हामीहरूको यस सृष्टिलाई यसको टुक्रिएको अवस्थाबाट स्वतन्त्र तुल्याउने भुमिका छ । प्रेरित पावल यस कुरामा सहमत थिए । उनले लेखेका छन् कि *"सबै सृष्टि बडो उत्कण्डताले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतिक्ष गरिरहेको छ"* (रोमी ८:१९) । ताकि हामीहरूले बढी भन्दा बढी मात्रामा उहाँको योजनाहरू अनुसार उहाँको सृष्टिलाई सम्हाल्न सक्छौं ।

हामीहरू कसरी जिउनु पर्दछ भनि परमेश्वरले जान्नुहुन्छ । उहाँले पृथ्वीमा हरेक तहहरूमा उहाँको योजनाहरू, उहाँको इच्छा र उहाँले दिनुभएका आज्ञाहरू जस्तो स्वर्गमा छ त्यस्तै अहिले भएको चाहनुहुन्छ । किन ? उहाँले हामीलाई र सारा सृष्टिलाई प्रेम गर्नुहुन्छ कि जति जति उहाँका योजनाहरू, उहाँको इच्छा र उहाँका उद्देश्यहरू पुरा हुँदैजान्छन् त्यति त्यति हामी र समस्त सृष्टि पनि प्रगति गर्दै जान्छौं । हामी उहाँका प्यारा जन, सारा सृष्टिका सह प्रतिशासकको रुपमा हामीलाई सुम्पिएका भूमीकाहरू निभाउन सक्छौं । हामीहरूले फेरी एकपटक यसलाई भण्डारे भएर काम गरेर परमेश्वरको भलाई र महिमालाई झल्काउन सक्छौं ।

येशूको दोस्रो आगमन नहुन्जेलसम्म परमेश्वरको कार्ययोजना पूर्णरुपमा पूरा हुने छैन । उहाँ *"सबै थोकको पूर्नस्थापना हुने समय नआउन्जेसम्म ख्रीष्ट स्वर्गमा आवश्य रहनुपर्छ"* (प्रेरित ३:२१) ।" त्यसबीचमा, मण्डलीले परमेश्वरको पुरा कार्ययोजनालाई नबुझि, नअंगालि, र प्रतिनिधित्व नगरी हुन्न ।

## सर्वाङ्गीण सेवाकाई

सबै कुराहरूलाई पूर्नस्थापना गर्ने परमेश्वरको कार्ययोजनालाई "सर्वाङ्गीण सेवाकाई" भनेर जानिन्छ । म यसलाई परिभाषीत र यसमाथि प्रकाश पार्न चाहन्छु ।

- सर्वाङ्गीण सेवाकाई हाम्रो पुरा जिवनको लागि पुरा सुसमाचारमा आधारित छ । यसले मानिसको सम्पूर्णतालाई र परमेश्वरको पुरा सृष्टिलाई सेवाकाई गर्दछ, जुन कुरा पूर्ण आज्ञा र परमेश्वरको पूर्ण कार्ययोजनामा आधारित हुन्छ । यसले परमेश्वरको पूर्णताको इच्छालाई प्रकट गर्दछ, जुनचाहि टुटेभत्केको विपरित अर्थ हो ।[५] यीनै कारणहरूले गर्दा नै म अंग्रजीमा यस शब्दलाई holistic भन्नु भन्दा wholistic भन्दछु ।

- सर्वाङ्गीण सेवाकाईले जीवनहरू, मण्डलीहरू, समुदायहरू, र राष्ट्रहरूलाई नै रुपान्तरण गर्न को लागि परमेश्वरमा र बाइबलका सत्यताहरूलाई ब्यवहारमा उतर्नमा ध्यान केन्द्रित गर्दछ ।

- सर्वाङ्गीण सेवाकाईले सर्वाङ्ग ब्यक्तिहरूको लागि परमेश्वरको वास्तालाई देखाउदछ, र मानिसहरूको आत्मिक, शारिरीक, सामाजिक एवं बौद्धिक आवश्यकताहरूलाई पूरागर्ने कोशिष गर्दछ ।
- सर्वाङ्गीण सेवाकाई प्रेम र आज्ञाकारिताको एक जीवनशैली हो जुन येशूले परमेश्वर र छिमेकीहरूलाई प्रेम गर्नु भनि दिनुभएको महान् आज्ञामा आधारित छ ।

- यो स्थानीय मण्डलीहरू र ब्यक्तिगत विश्वासीहरूको जिम्मेवारी हो ।

- यो बाहिरबाट आउने ठूलो आर्थिक सहयोगहरूमा आधारित हुदैन तर परमेश्वरमा ।

## तल प्रस्तुत टिप्पणी पेरु भन्ने देशबाट पठाईएको सर्वाङ्गीण सेवाकाईको एक कथा हो ।

परमेश्वरले फ्रान्सेस् भन्ने ब्यक्तिलाई सडक बालबालिकाहरूको बिचमा सेवाकाई गर्ने मन दिनुभएको थियो । त्यस्ता किसिमका बालबालिकाहरूलाई उनीहरूको भाषामा *"पिरान्हास्"* भन्ने गरिन्छ, जस्को अर्थ हुन्छ मान्छेहरूलाई नै खाने खतरानाक माछा । ती बालबालिकाहरू अरुहरूलाई ठगेर र लुटेर जिवन गुजारा गर्ने गर्छन । हिंसापात र लागुऔषध चाहिँ उनीहरूको दिनचर्या हुने गर्दछ । परमेश्वरबाट बोझ पाएकाले फ्रान्सेस्ले उनीहरूको माझमा कामगर्नको लागि एउटा केन्द्रको थालनी गरिन । उनले यो कुरा जान्दथिन कि उनीहरू जितिसुकै आशविहिन किन नदेखिऊन, उनीहरू परमेश्वरको स्वरुपमा सृष्टि गरिएका छन् र उनीहरूसंग परमेश्वरले दिएको क्षमताहरू छन् । ती बालबालिकाहरूलाई *"पिरान्हास्"* भन्नको सट्टा उनीहरूलाई त्यस केन्द्रले *"झुत्राहरूमा बेरिएको खजाना"* भनेर बोलाउँदछ । फ्रान्सेस्ले त्यस केन्द्रको शुरुवात

गर्नभन्दा अधि उनले आफूले पाएको दर्शनलाई आफ्नो पाष्टरसंग बाढेँकी थिइन । **त्यस पाष्टर साँघूरो विचारधारा भएको तर राम्रा विचारहरू भएको खीष्टयान थिए** । उनले तिनीलाई भने तपाई सामाजिक कुराहरूको लागि त्यस्तो वास्ता राख्नुहुन्छ । मण्डलीलाई गर्न भनिएको काम यो होइन । हराएकाहरूलाई सुसमाचार नसुनाएसम्म हामीले केही पनि गरेका हुदैनौं । निरासा हुदै उनी परमेश्वरले उनीलाई गर्न बोलाउनुभएको काम काम शुरु गर्नको लागि विश्वासका साथ मण्डली भवनबाट बाहिर निस्किन । (तबदेखि त्यस पाष्टरले क्षमा मागेका छन् र फ्रान्सेस्को प्रयास र दर्शनलाई समर्थन गर्दैछन ।) फ्रान्सेस्ले सन् १९९९ मा थोरै मात्र स्रोत साधनहरूको साथमा त्यस केन्द्र शुरु गरेकी थिईन । एक दिन उनी मण्डलीमा सर्वाङ्गीण सेवाकाईको दृष्टिकोणले सुसमाचार सुनाउने कुरामा वचन प्रचार गरिन् र कसैले उनीलाई उनको सेवाकाईमा टेवा पुऱ्याउनको लागि केही स्रोतसाधनहरू दिने प्रस्ताव राखे । उनी भन्छिन् त्यस साधन स्रोतहरूले परमेश्वरको योजनालाई पक्का गऱ्यो । हामीले जीवनको हरेक क्षेत्रहरूलाई प्रभाव पार्न आवश्यक छ । त्यस केन्द्रले त्यस्तै गर्दछ । त्यहाँ एउटा स्कूल चालाईएको छ जसले सडक बालबालिकाहरूका बीचमा काम गर्नको लागि ठूलाहरूलाई तालिम प्रदान गर्दछ । ती परिपक्क जवानहरूले निरन्तररुपमा ती बालबालिकाहरूलाई भेटघाट गर्दछन् र उनीहरूलाई सडके जीवन छाड्नको लागि आत्मिक परामर्शका साथै उत्साह प्रदान गर्दछन् । जब सम्भव हुन्छ ती बालबालिकाहरू आफ्ना परिवारहरूकहाँ फर्किन्छन् तर धेरैले चाँही यस्तो गर्न सक्दैनन् । यी केटाकेटीहरूका लागि अहिले एउटा भवन निर्माण हुदैछ र त्यस भवन निर्माणको लागि त्यस देशको सरकारले नै जग्गा उपलब्ध गराइदिएको थियो । यस्ले त्यस बालबालिकाहरूलाई एउटा घर प्रदान गर्नेछ र साथै उनीहरूलाई शिक्षादिक्षा, आत्मिक एवं मानशिक सरसल्लाह तथा बाइबलीय मूल्यमान्यताहरू प्रदान गर्दछ ।

त्यस केन्द्रले एउटा स्वास्थ्य केन्द्रको पनि स्थापना गरिसकेको छ, जसले त्यहाँका बालबालिकाहरू र सर्बसाधरणहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दछ । जुनचाहि सामूदायिक सेवा तथा आम्दानीको बाटो बनेको छ । ती बालबालिकाहरूले त्यस सेवाकाईको जग्गामा कुखुरापालन तथा पाउरोटी भण्डार चलाउनमा मद्दत गर्दछन् जसले कामका मूल्यमान्यताहरूको बारेमा सिकाउनुका साथै सेवाकाईको लागि कोष जुटाउने गर्दछ । परमेश्वरले यी *"झुत्राहरूमा बेरिएका खजाना"* हरूलाई गरिएको त्यस केन्द्रको सर्वाङ्गीण सेवाकाईलाई आशिष दिनुभएको छ ।[६]

## परमेश्वरको राज्य

परमेश्वरको कार्ययोजनालाई वर्णन गर्ने अर्को महत्वपूर्ण तरिका पनि यहाँ छ ।

परमेश्वरको प्राथमिक कार्ययोजना भनेकै परमेश्वरको राज्यलाई अगाडी बढाउनु हो । येशू आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउनु भयो, "तपाईको राज्य आओस । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्" (मत्ती ६:१०) । स्वर्गमा त्यहाँ हुनेहरूले परमेश्वरको इच्छा आज्ञाहरू र नियमहरूको पूर्णरुपमा पालन गर्दछन् । पृथ्वीमा परमेश्वरको इच्छा पूर्णरुपमा पालन भएको छैन् तर जसै उहाँको इच्छाहरू पूरा हुदै जान्छन, उहाँको राज्य अगाडी बढदै गएको हुन्छ । येशूले दिनुभएका शिक्षाहरूमा परमेश्वरको राज्य नै प्राथमिक विषय

हुनेगर्थ्यो । यो हाम्रो समभ्फशक्ति भन्दा निकै ठूलो छ, तर हामीले परमेश्वरको राज्यका बारेमा जानेका केही कुरा यहाँ तल दिइएका छन् ।

- यसले पृथ्वी र यसमा भएका यावत थोकहरूको लागि परमेश्वरको सबभन्दा शुरुको इच्छालाई झल्काउँदछ ।
- यो चाहि ईतिहासमा भएको परमेश्वरको उद्धारको कामको लागि प्राथमिक बाइबलीय उदाहरण एवं भनाई हो ।[७]
- पापले ती इच्छाहरूलाई पुरा हुनमा बाधा पुऱ्यायो तर परमेश्वरको योजना भने यसलाई पुर्णरुपमा फेरि खडा गर्ने हो ।
- यो बर्तमान समयको एक सत्यता हो । यसले बर्तमान समयमा प्रशस्त चङ्गाई तथा पुर्नस्थापनाको लागि आशा दिलाउदछ, यद्यपि पूर्णता भने आउन बाँकि नै छ ।
- परमेश्वरले आफ्ना जनहरूलाई भविष्यमा हुने खीष्टको राज्यको घोषणा गर्नको लागि बर्तमानमा चलाउन चाहनुहुन्छ । हामीहरू उहाँको परिवारका सदस्यभएका छौं र त्यसैकारणले स्वर्गको राज्यमा प्रवेश पाएका छौं ।
- जसै परमेश्वरको इच्छा पूरा गरिदै जान्छ, परमेश्वरको राज्यको पनि विस्तार हुदै जान्छ । जसरी ब्यक्ति ब्यक्तिहरू परमेश्वरको इच्छा अनुसार जिउँदछन् र जसरी हामीले अरुहरूका साथै राष्ट्रहरूलाई समेत चेला बनाएर त्यही कामको लागि तयार पार्दछौ, परमेश्वरको राज्यको विस्तार हुदै जान्छ ।
- यस पृथ्वीको लागि भएको कार्ययोजनाको लागि स्थानीय मण्डली नै त्यस्तो एउटा देख्न सकिने प्रतिनिधी बन्दछ ।
- जब राजाले हामी माथि शासन गर्नुहुन्छ, हामीहरू उहाँको चंङ्गाईलाई अरुहरूको माझमा पुऱ्याउनमा सौभाग्यशाली ठहरिन्छौं ।

# परमेश्वरको स्वरुप प्रकट
## *मण्डलीको सेवकरुपी स्वभाव*

# ५

**परमेश्वरको स्वरुप बिग्रियो...........उहाँको कार्ययोजना अदृश्य भयो ।**

छैठौं दिनमा परमेश्वरले मानिसलाई नर र नारी गरी आफ्नै स्वरुपमा सिर्जनु भयो भनेर बाइबलले भन्दछ (उत्पत्ती १:२७) । उहाँको स्वरुपमा, यसमा कुनै शंका छैन कि उहाँले हामीलाई मिलापमा ल्याउन चाहनुहुन्छ । मानिसअरु कुराहरू भन्दा बेग्लै थिए । परमेश्वर स्वयंनै मानिसको नमूना हुनुहुन्थ्यो । सृष्टि गरिएका अरु थोकहरूले उहाँको महिमालाई झल्काए तापनि, मानिस मात्रै त्यस्तो सृष्टि थियो, जसमा परमेश्वरको महिमा सबैभन्दा धेरै झल्किन्थ्यो ।

म धेरैजसो भन्ने गर्दछु कि परमेश्वरको स्वरुप बोकेकाहरूनै उहाँको सृष्टिका *"मुकुट"* थिए । *"मुकुट"* भनेको यस्तो कुराहो जुन कुनै पनि अग्लो वा ठूलो कुराको सबैभन्दा माथिल्लो तहमा रहँदछ । उत्पतीले देखाउँदछ कि मानवजातिनै परमेश्वरको सृष्टिको सबभन्दा माथिल्लो भाग थियो । *"मुकुट"* सर्बोच्चता वा अधिकारको पनि एक प्रतिक हो । यदि कुनै राष्ट्रले राजा वा रानीलाई मुकुट पहिराउँदछ भने, त्यस ब्यक्ति त्यस ठाँउको सर्बोच्च नेताको रुपमा छानिएको हुन्छ । साँच्चै भन्नु पर्दा परमेश्वरले मानिसलाई पृथ्वीलाई जित्दै जान, सारा जिवीत

प्राणीहरूमाथि राज्य गर्न, र सृष्टिको धेरै कुराहरूको भण्डारे हुनको लागि नेतृत्व दिनुभएको छ ( उत्पत्ती १:२८-३०) ।[१]

परमेश्वरको स्वरुपमै सृष्टिभएकाले, मानिसहरूलाई, अरु सृष्टिहरूको तुलनामा सबैभन्दा धेरै आफ्नो स्वरुप र गुणहरू राखिदिनुभएको थियो, जसमा यी निम्न कुराहरू पनि पर्दछन् :

- सिर्जनशीलता : कुनै नयाँ कुरा बनाउन सक्ने क्षमता ।[२]
- भाषा : बिचारहरू तथा भावनाहरूलाई शब्दहरूका माध्यमद्वारा संचार गर्ने क्षमता ।

- सम्बन्धहरू : आफूले चाहे र उद्देश्य राखे अनुसार मानिसहरूसंग, प्रकृतिसंग र कामसंग क्रियाकलाप गर्ने क्षमता ।
- नैतिक छनौट : बनाउने र भत्काउने, विकल्पहरूको भिन्नता पत्ता लगाउने क्षमता र सुन्दरतालाई छुट्टाउन सक्ने क्षमता ।
- सेवकपन : अरुहरूप्रति प्रेमपूर्ण, दयामाया, तथा निस्वार्थ भावले व्यवहार गर्ने क्षमता ।

मैले प्रेमलाई परमेश्वरको स्वरुपको छुट्टै गुणको रुपमा राख्दिन । बाइबलले भन्दछ कि *"परमेश्वर प्रेम हुनुहुन्छ"* (१ यूहन्ना ४:१६) । परमेश्वरको प्रेम यी सबै विशेषताहरूमा रहेको हुन्छ । वास्तवमा, परमेश्वरको बारेमा भएका *सबै कुराहरू* प्रेम नै हो । विशेषगरी प्रेमले यस्तो *प्रकारको* सेवालाई वर्णन गर्छ जसले परमेश्वरको स्वरुपलाई झल्काउँदछ । प्रेरित यूहन्नाले भने कि यदि कसैले म प्रेम गर्छु भन्दछ तर उसले खाँचोमा भएको आफ्नो दाई वा भाईको सेवा गर्दैन भने परमेश्वरको प्रेम उसमा कसरी बास गरेको हुनेछ होला (१ यूहन्ना ३:१७) ? दयापूर्ण तथा बलिदानपूर्णको सेवा नै परमेश्वरको मानिसमा भएको स्वरुपको सबै भन्दा महत्वपूर्ण छाप एवं चिन्ह हो ।

परमेश्वर हाम्रा दुःखमा साथ दिन इच्छा गर्नुहुन्छ र हाम्रा टुटेफुटेका कुराहरूलाई जोड्न चाहनुहुन्छ । परमेश्वरले आफैले मूल्य चुकाएर हाम्रा खाँचोहरूमा साथ दिनको लागि आफैलाई चिनाउन चाहने इच्छा र उहाँको त्यस निर्णय नै दयापूर्ण सेवाको परिभाषा हो । परमेश्वरको लागि त्यागपूर्ण सेवाकाई नै दयापूर्ण छनौट हो र उहाँले त्यस छुट्टाउन सकिने सेवाकाईको छाप हामीमा लगाई दिनुभएको छ ।

यस किसीमको सेवकपन विना अरु सबै गुणहरू भ्रष्ट तथा बिग्रदै जान्छ ।

- सिर्जनशीलताले विस्फोटक कुराहरूको आविस्कार गर्न सक्छ ।
- भाषाको क्षमता भएकोले अश्लिल साहित्यहरू लेख्न सक्छ ।
- सम्बन्धहरूले तानाशाहीतिर लैजान सक्छ ।
- नैतिक छनौटलाई जातिय वा धार्मिक हिंसा वा गर्भपतनको लागि बाहानको रुपमा प्रयोग गर्न सकिन्छ ।

परमेश्वरको मानिसमा भएको स्वरुप सृष्टिको करिब शूरुवातदेखि नै बिग्रिदै जान थाल्यो । स्पष्ट रुपमा, मानिसको परमेश्वरजस्तै हुने पापमयको प्रयासले गर्दानै परमेश्वरको मानिसमा भएको स्वरुप बिग्रीएर गयो । परमेश्वरले मानिसहरूले उहाँबाट पाएका स्वरुपका विशेषताहरूलाई

अरुहरूको तथा सृष्टिको सेवामा लगाउनको लागि इच्छा गनुभएको थियो । त्यसको सट्टामा मानिसले स्वार्थमय तरिकाले ब्यवहार गऱ्यो । मानिसले उसको सृष्टिकर्ताले राख्नुभएको उद्देश्यबाट तर्केर उसले जे चाह्यो त्यही गर्यो । उसले परमेश्वरको स्वरुपका विशेषताहरूलाई आफ्नै स्वार्थको लागि प्रयोग गऱ्यो । मानिसले परमेश्वरको स्वरुपलाई बिगार्यो र त्यो बिग्रिने क्रम ईतिहास भरीनै जारी हुदै आएको छ ।

## येशूको सेवाकपन परमेश्वरको स्वरुप प्रकट

येशू संसारमा आउनु भएपछि, मानिसहरूले कसैलाई हेरेर परमेश्वर कस्तो हुनुहुन्छ भनेर हेर्न सक्थे । येशू परमेश्वरको सिद्ध तथा पूर्ण प्रतिरुप हुनुहुन्थ्यो (हिब्रु १:१-३), तर मानवको रुपमा । उहाँ नै परमेश्वरको यथार्थ प्रतिनिधी हुनुहुन्थ्यो । हामीले येशूको ईश्वरत्व मात्रै नभई परमेश्वरले चाहे अनुसारको मानवतालाई पनि देख्न सक्छौं । येशूले मानिस परमेश्वरको स्वरुपमा बनिनु भनेको के हो भन्ने कुरालाई सिद्धरुपमा नमूना बनि दिनुभयो । जब हामी येशूलाई हेर्छौं, हामी परमेश्वरको स्वरुपलाई देख्दछौं, सृष्टिको मुकुट ।

जब हामी येशूलाई हेर्छौं, हामी परमेश्वरको स्वरुपको सबैभन्दा महत्वपूर्ण विशेषतालाई पनि देख्दछौं, जुनचाहि यस मुकुटको सबभन्दा चम्किलो पत्थर हो । हामीले येशूमा देख्ने चम्किलो विशेषता एक सिकर्मीको शारिरीक क्षमता तथा शक्ति होइन । त्यो विशेषता येशूसंग भएको ज्ञानबूद्धि पनि होइन, जुन बुद्धि फरिसीहरूको भन्दा पनि बढी थियो । न ता त्यो उहाँको सिद्ध आत्मिकत्व वा सम्बन्ध राख्ने क्षमता नै थियो, जसले उहाँलाई नम्रताको रुपमा चिनायो वा

घमण्डीहरूलाई नम्र तुल्यायो । यो विशेषता यी सबै कुराहरूको संयोग पनि होइन । त्यस मुकुटमा भएको त्यस चम्किलो पत्थर भनेकै येशूको सेवकपन हो ।

येशूले याकुब र यूहन्नाको आमालाई जवाफ दिंदा खेरि आफ्नो सेवकपनको बारेमा सबैले सुन्ने गरी भन्नुभयो । त्यस आमाले येशूलाई आफ्ना छोराहरू येशूको सिंहासनको छेउमा बस्न पाऊन भनेर बिन्ति गरेकी थिईन । येशूले उनलाई भन्नुभयो *"मानिसको पुत्र सेवा पाउन होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो प्राण दिन आयो"* (मत्ती २०:२८) । पावलले फिलीप्पीहरूलाई लेखेको पत्रमा खीष्टको सेवकपनको निर्क्योल एवं घोषणा गरेका छन् ।

> *"परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने बस्तुजस्तो ठान्नु भएन तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर तथा मनुष्य भएर जन्मिनुभयो । स्वरुपमा मानिसजस्तै भएर आफैलाई होच्याँउनुभयो, र मृत्युसम्मै अर्थात क्रुसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । त्यस खण्डलाई पढ्दै जाने हो भने हामीले येशूको सेवकपनलाई परमेश्वरले दिनुभएको प्रतिउत्तर देख्न सक्छौ"* ( फिलिप्पी २:६-८) ।

जसै बाइबलले बताउदै जान्छ, यहाँ हामी परमेश्वरको येशू प्रतिको प्रतिक्रिया देख्नसक्छौं।

> *"त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाँऊ प्रदान गर्नुभयो जो हरेक नाँऊ भन्दा उच्च छ ......हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशूखिष्टलाई प्रभु भनि स्वीकार्नु पर्छ"* (फिलिप्पी २:९-११) ।

येशूले आफ्नो स्वेच्छाले र त्यागपूर्ण रितीले सेवकको रुप धारण गर्नुभएको कारणले परमेश्वरले उहाँलाई उचाल्नुभयो । परमेश्वरले येशूलाई त्यो स्थान प्रदान गर्नुभयो जुन सबै भन्दा उच्च छ र त्यो नाउँ प्रदान गर्नुभयो जुन सबै भन्दा उच्च छ । सबै जनाले यस सेवकलाई प्रभु भनि पुकार्नेछन् । अरु सबै प्राणीहरूभन्दा उहाँलाई सबै भन्दा माथि उचालिएको छ । परमेश्वरले येशूलाई यसको लागि आदर दिनुभयो, किनभने येशूले परमेश्वरले मानिसलाई बनाए पछि जे इच्छा गर्नुभएको थियो ती सबै पूर्णरुपमा प्रकट गर्नुभयो । येशूले परमेश्वरको स्वरुपको सबैभन्दा उच्च उदाहरण पूर्णरुपमा प्रस्तुत गरिदिनुभयो जुनचाहि स्वेच्छाले, दयापूर्ण हृदयले र त्यागपूर्ण सेवकपनद्वारा भएको थियो । परमेश्वर सेवक हुनुहुन्छ र परमेश्वरले त्यस सेवकपनलाई उदाहारणद्वारा प्रस्तुत गर्नुभयो ।

पावलले आफ्ना पाठकहरूलाई येशूको सेवकपनको बारेमा यो भनेर ब्याख्या गरे *"तिमीहरूमा यस्तो मन होस जो येशू खीष्टमा थियो"* (फिलिप्पी २:५) । परमेश्वरको स्वरुपमा सृजित मानिस स्वेच्छाले, दयापूर्ण हृदयले, र त्यागपूर्ण रितीले सेवागर्नको लागि पनि बनाईएको हो । जब हामी येशूलेझै सेवा गर्छौ, त्यसबेला सबैभन्दा बढी परमेश्वरको स्वरुपलाई झल्काउदछौं ।

मानिसजाती सृष्टिको मुकुट हो भने सेवाकपन त्यस मुकुटमा भएको रत्न हो । जब येशूले सेवकको रुप धारण गरेकोमा सम्मानित हुनुभयो, त्यसबेला परमेश्वर महिमित हुनुभएको थियो । त्यस्तै प्रकारले जब उहाँका छोराछोरीहरूले सेवा गरेर उहाँको स्वरुपलाई प्रकट गर्दा खेरि परमेश्वर महिमित हुनुहुन्छ । येशूले अफ्ना चेलाहरूलाई भन्नुभयो : "तिमीहरूका ज्योती मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुर्कम देखून र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन" (मत्ती ५:१६) ।

## बाइबलले सेवाकपनको उच्च बोलावटलाई बताउँदछ ।

- परमेश्वरले भन्नुभयो कि उहाँ गरीबहरू र दबिएकाहरूप्रति गरिएको सेवालाई देखेर प्रसन्न हुनुहुन्छ (यसैया ५८:५-७) ।

- येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो  कि परमेश्वरको राज्यमा हुनेहरूका चिन्ह वा छाप सेवा हो, उनीहरूले भोकाहरूलाई खाना दिन्छन, नाङ्गाहरूलाई लुगा दिन्छन्, बिरामी र कैदमा भएकाहरूलाई भेट्न जान्छन्  (मत्ती २५:३५) ।

- शुद्ध र दोषरहित धर्मले विधुवाहरू र टुहुराहरूलाई स्थान दिंदछ, तिनीहरूलाई पनि जो सुरक्षाको खाँचोमा छन् (याकुब १:२७) ।

- येशूले हाम्रा छिमेकीहरूलाई प्रेम गर्नुपर्छ भन्ने कुरालाई नै ठूलो प्राथमिकता दिएर जोड दिनुभयो (मकुस १२:३१) ।

परमेश्वरले हामीहरू उहाँको पुत्रको स्वरुपमा रुपान्तरित भएको इच्छा गर्नुहुन्छ (रोमी ८:२९) । यो चाँही एक प्रक्रिया हो, "जसै हामी एउटा महिमादेखि अर्को महिमातिर उक्लदै उहाँको रुपमा बदलिदै जान्छौं" (२ कोरिन्थी ३:१८) । हामी खीष्टको स्वरुपमा रुपान्तरित हुदै जान्छौं जसै पबित्रआत्मा हामीमा वास गर्नुहुन्छ र हामीलाई रुपान्तरित गर्नुहुन्छ र जसै हामी खीष्टले राखिदिनुभएको सबैभन्दा उच्च उदाहारण अर्थात सेवकपनतिर लम्कदै जान्छौं ।

## मण्डलीको सेवकपनमा परमेश्वरको स्वरुप प्रकट

खीष्टद्वारा आफ्नो स्वरुप प्रकट गरिसकेपछि परमेश्वरले आफ्नो स्वरुप आफ्नो मण्डलीमा पनि प्रकट गर्नुभयो । मण्डलीको अरु कामहरू मध्ये एउटा काम हो परमेश्वरको स्वरुप धारण गर्न विशेषगरी उहाँको सेवकको स्वरुप अरुहरूलाई जन्माउनु तथा चेला बनाउनु । जसै हामी पछि देख्नेछौ, उहाँको कार्ययोजनालाई प्रस्तुतगर्नु तथा कार्यान्वयन गर्नको लागि परमेश्वरले हामी विश्वासीहरूको पूरा समूदायलाई चलाउने इच्छा राख्नुभएको छ । स्थानीय मण्डलीले नयाँ

जन्महरू दिएर, उनीहरूलाई सुसज्जित पारेर, र उनीहरूलाई सेवकका दूतहरूका रुपमा बाहिर पठाएर यस कार्यलाई अगाडी बढाउनमा मद्दत पुऱ्याउँदछ ।

परमेश्वरले हामीलाई त्यतिकै दयापूर्ण सेवाको आज्ञा दिनुभएको छैन । उहाँले यो आज्ञा दिनुभएको छ किनकि यसले नै परमेश्वरको सबैभन्दा महान विशेषता अर्थात प्रेमलाई अरुहरूको माझमा प्रस्तुत गर्दछ । येशूले हामीलाई परमेश्वरलाई प्रेम गर्न र छिमेकीहरूलाई आफैलाई जस्तै प्रेम गर्न भन्नुभयो । हामीले अरुबाट जस्तो प्रेमको आशा राख्छौं, त्यस्तै प्रेम हाम्रा छिमेकीहरूलाई गरेर हामीले हाम्रो परमेश्वरप्रतिको प्रेमलाई देखाउदछौं । त्यागपूर्ण सेवा एउटा यस्तो बाटो हो जसबाट परमेश्वरको चरित्र आज पनि यस संसारमा ब्यक्त हुँदछ । जब परमेश्रको प्रेम मानिसले गरेको प्रतिनिधित्वबाट ब्यक्त हुन्छ, यो आफै शब्दहरूमा मात्रै ब्यक्त नभई त्यागपूर्ण सेवामा ब्यक्त हुने हुन्छ ।

ईश्वरीय प्रेम दयाले भरिपूर्ण र त्यागपूर्ण सेवामा परिणत अथवा प्रकट हुन्छ । प्रेमपूर्ण सेवाले टुटेको हृदय जोड्दछ । यसले पूर्नस्थापना गर्दछ । यसले छुटकारा दिलाउँछ । यो नै परमेश्वरको कार्ययोजना हो । जब यो परिपूर्ण हुन्छ, तब परमेश्वर महिमीत हुनुहुन्छ ।

## सेवकपनको बाइबलीय दृष्टिकोण तर्फ बोलावट

धेरै खीष्टयानहरू बिशेषगरी तिनीहरू जसले आर्थिक तथा राजनैतिक दुरुपयोगहरूको लामो ईतिहासलाई देखेका छन्, उनीहरू प्रायः सेवकपनको यस धारणदेखि त्यति खुशी हुँदैनन् । उनीहरूको लागि, सेवकपन भनेको स्वेच्छाले नगरीने सेवा वा दासत्व हो । परिणमस्वरुप सेवकपन अप्रतिष्ठित मानिन्छ र मानिसहरू यसको चाह गर्दैनन् ।

स्वेच्छा विना गरेको सेवाहरूले धेरै रुपलिन सक्दछ । यो  एक दासत्व हुन सक्दछ । यो चाहि आर्थिक परिस्थीतीहरूले गर्दा हुने अप्रतिष्ठित सेवकको कार्य हुनसक्छ । यो ती मानिसहरूको इच्छा विरुद्ध मानसिक, सामाजिक वा राजनैतिक शक्ति भएकाहरूबाट गरिने जबरजस्तीको सेवामा खटाईने कार्य हुनसक्छ । बाइबलले बताउने सेवकपन यी माथि मध्येका कुनै पनि होइनन् । परमेश्वरको मण्डलीले यसका जनहरूलाई सेवकपनको बाइबलीय अर्थलाई फेरि दाबी गर्नको लागि मद्दत गर्नु आवश्यक छ ।

यदि हामीहरू बाइबलले बताए अनुसारका सेवकहरू भएका छैनौं भने, हामीलाई परिवर्तन हुनको लागि बोलावट छ । खीष्टयन जीवनलाई एउटा लामो यात्राको रुपमा चित्रण गर्नुहोस् । जब हामी पाप गर्छौं, हामी गलत दिशातर्फ लाग्दछौं । हामीले येशूले भनेको सुन्छौं,

“जाऊ र अब उसो पाप नगर ।” हामी फर्कन्छौ र अर्को दिशातर्फ हेर्दछौं । फर्किसकेपछि के हामी बाटोको त्यही ठाँउमै बसिराख्छौ कि ? होइन्, हामी नयाँ दिशातर्फ हिड्न थाल्दछौं, त्यस दिशातर्फ जुन परमेश्वरले इच्छा गर्नुभएको धार्मिकता हो ।

प्रेरित पावलले विश्वासीहरूलाई नयाँ रुप धारण गरेर परमेश्वरजस्तै हुनको लागि उत्साह दिए । झूठबोल्नेहरू सत्य बोल्नेहरू बन्दछन, चोरहरू दिने मान्छेहरू बन्दछन्, अहितकार बोल्नेहरू अरुका भलाईका लागि बोल्न थाल्दछन्, र तीतोपना भएकाहरू क्षमा दिनेहरू बन्दछन् (एफिसी ४:३०-३२) । जहाँ हामी आफ्ना स्वर्थका लागि सेवाहरू गरेका छौं, त्यहाँबाट फर्किन्छौं, र आर्कोबाटो लाग्छौं, अर्थात अरुहरूको भलाईका निम्ति सेवा गरेर परमेश्वरको कार्ययोजना तर्फ ।

विश्वासीहरूले ख्रीष्ट उनीहरूमा वास नगरिकन बाइबलीय सेवकपनलाई निभाउन असम्भव हुन्छ, तर परमेश्वरको आत्माको शक्तिद्वारा यो सम्भव छ । पावलले आफ्ना पाठकहरूलाई याद दिलाए कि परमेश्वरले राख्नुभएको उद्देश्य हासिल गर्नको लागि परमेश्वरले

मानिससंग सहकार्य गर्नुहुन्छ । *“तिमीहरूको आफ्नो मुक्तिको काम पूरागर्न परश्रम गर । किनकि तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुबै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ”* (फिलिप्पी २:१२-१३) ।

परमेश्वरले आफ्नो स्वरुपलाई आफ्नो छोराछोरीहरूद्वारा देखाउन चाहनुहुन्छ । जसै हामी उहाँको प्रेमलाई ब्यक्त गर्छौं, हामी नै प्राथमिक माध्यमहरू बन्दछौं, जसद्वारा परमेश्वरको जीवनलाई नै रुपान्तरण गर्ने शक्ति ब्यक्त अर्थात प्रकट हुन्छ । हामीले त्यस्ता जीवनहरूको महान आश्चर्यकर्महरूको बारेमा पूर्नविचार गर्नेछौं र एकअर्कालाई सुनाउनेछौं, जुन जीवनहरू पापले विगारेको थियो र अब परमेश्वरको स्वरुपमा पूर्नस्थापना भएको छ । कसले कल्पना गरेको थियो होला कि यस ब्रमाण्डकै प्रभु जो हाम्रो “नगरप्रमुख” हुनुहुन्छ, उहाँले आफूलाई आफ्नो प्रेम, आफ्नो सेवकपन, उहाँको स्वरुपलाई, उहाँको प्रजाहरूद्वारा प्रकट गर्न चाहनुहुन्छ भनेर ?

# मण्डलीको उद्देश्य

## रहस्यको प्रकट

६

एफिसीको मण्डलीलाई लेखेको आफ्नो पत्रमा, प्रेरित पावलले परमेश्वरको योजनाहरूको रहस्यको बारेमा परिचय दिएका छन् । पापले भत्कीएको संसारलाई फेरि बनाउने उहाँको योजना । परमेश्वरले यस रहस्यको प्रकाश पावललाई दिनुभयो । पावलले अरुहरूलाई पनि भन्नु थियो । अबदेखि उसो यो एक परमेश्वरलाई मात्रै थाहा भएको कुरा थिएन । पावलले लेखे *"सम्पर्ण बुद्धि र आन्तरिक समझमा खीष्टमा राख्नुभएको उद्देश्य अनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ"* (एफिसी १:९) ।

सारांशमा *"रहस्य"* भनेको यो हो ? आदमको बिद्रोहमा भत्किएका सबै कुरालाई एकता र शान्तिमा ल्याइने छ । सृष्टी भन्दा अघि नै परमेश्वरले येशू आउनुभएर सबै कुराहरूलाई आफूमा पूर्नस्थापित गर्ने योजना राख्नुभएको थियो । यो तब हुन्छ जब सारा सृष्टिले आफूलाई खीष्टद्वारा आफूलाई सृष्टि गर्नुहुनेको योजनाहरू, इच्छा र अधिनमा सुम्पन्छन् ।

तर यस कुरालाई पावलको आफ्नै शब्दमा सुनौं । रहस्यको उद्देश्य, पावलले भने, *"स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधिनमा आउन"* भन्ने हो (एफिसी १:१०) ।

सबै थोकहरू ख्रीष्टको अधिनमा ? पहिलो शताब्दीमा यसको प्रकाश के भयो होला ? कल्पना गर्नुहोस्, पावलले रहस्यको बारेमा बताउनु भन्दा अघि, पावलले स्पष्टसंग संकेत गरेर आफ्ना पाठकहरूलाई भन्दछन कि यस रहस्यमा उनीहरूका साथसाथै हामीहरू पनि समावेश हुनेछौं ।

> *"उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजना अनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभि प्रायअनुसार हामीलाई छान्नुभएको छ"* (एफिसी १:११) ।

यस रहस्यमा हाम्रो भाग छ । पावलले यस रहस्यलाई खोल्दै गर्दा, आफ्ना पाठकहरूका आँखाहरू खोलिएका होऊन् भनेर प्रार्थना गरेका छन्, ताकि उनीहरूले गहिरो रुपमा यो जान्न सकून कि परमेश्वरको त्यस ठूलो उद्देश्यलाई पूरा गर्नेहरूको लागि ठूलो सम्पती र पूनरुत्थानको शक्ति उपलब्ध हुन्छ (एफिसी १:१८-२०) ।

## रहस्यको खुलासा

रहस्य भनेको, पावलले लेखे, *"स्वर्ग र पृथ्वीमा भएका थोकहरूलाई ख्रीष्टको अधिनमा ल्याउनु हो"* (एफिसी १:१०) । त्यसपछि उनले एफिसीको मण्डलीलाई विस्तारमा रहस्यको खुलासा गर्न लागे । यस रहस्यको विभिन्न पक्षहरूलाई हेर्नको लागि, यस खण्डको वाक्यहरूलाई फेरि दोहऱ्याएर हेरौं, यी कुराहरू महत्वपूर्ण छन् । पावलको बेलामा जत्तिको सत्य यी कुराहरू थिए, आज पनि त्यतिकै सत्य छन् :

> *"परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाईदिनुभयो, जुन मण्डली उहाँको शरिर, उहाँको पूर्णता हो र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ''* (एफिसी १:२२-२३) ।

**१** अनि प*रमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो* । पावलले, परमेश्वरको सबै कुराहरूलाई ख्रीष्टद्वारा मिलापमा ल्याउने कार्ययोजनालाई पुष्टि गरे । *सबै कुराहरू* परमेश्वरद्वारा ख्रीष्टको पाउमुनि राखिन्छन् ।

२ परमेश्वरले *मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो*। खीष्ट नै सबै कुराको शिर हुनुहुन्छ, *"मण्डलीको निम्ति"* परमेश्वरले सबै कुराहरूलाई खीष्टको अधिनमा किन राखिदिनु भयो होला र खीष्टलाई नै सबै कुराहरूको शिरको रुपमा किन नियुक्त गर्नु भयो होला भन्ने कुरा हामी बुझ्न सक्दछौं, तर उहाँले यो किन मण्डलीको लागि गरिदिनुभयो होला ? उहाँले आफ्नो मण्डलीको लागि कस्तो उदेकको उद्देश्य राख्नुभएको छ होला त ? पावलले यस कुरालाई एफिसी ३ मा स्पष्ट पार्दछन् ।

३ पावलले त्यस *मण्डलीको* बारेमा लेखे *जुन उहाँको शरीर हो*। मण्डली खीष्टको शरीर हो । शरीरले शिरको इच्छाहरूलाई पुरा गर्दछ । स्पष्टगरी, खीष्ट (शिर) को कार्ययोजना उहाँको शरीर (मण्डली) को पनि कार्ययोजना हो । यो महत्वपूर्ण छ । मण्डलीको र खीष्टको कार्ययोजना एउटै छ र खीष्टको र पिताको कार्ययोजना पनि एउटै छ ।

४ पावलले त्यसपछि बताए कि मण्डली, खीष्टको शरीर, "*उहाँको पूर्णता हो जसले सबै थोक परिपूर्ण पार्नुहुन्छ ।"* बाइबलले भन्दछ कि मण्डली, खीष्टको पूर्णता हो । यद्यपि

आजका धेरै मण्डलीहरू एउटा भत्किएको संसारको उदाहारण भएका छन्, खीष्टको पूर्णता होइन् । मण्डली खीष्टको पूर्णता हो, तर यो अहिलेसम्म आफ्नो क्षमता अनुसारको लक्ष्य सम्म पुगेको छैन । खीष्टको पूर्णताको पहिचान दिएर बाँच्न सकेको छैन । जब यसले त्यसो गर्दछ, तब मण्डली (खीष्टले जस्तै) ले *"सबैथोक हरेक तवरले परिपूर्ण पार्ने छ ।"*

५ पावलले पछि गएर यस रहस्यको बारेमा बताउँदछन् : *"सुसमाचारद्वारा नै अन्यजातिहरू सह उत्तराधिकारीहरू हुन्, एउटै शरिरका अंगहरू र खीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्"* (एफिसी ३:६) खीष्टको शरिरमा, पावलले बताए, अन्यजातिहरू अब खीष्टको शरिरका अंगहरू भएका हुन् । पहिला एक अर्काप्रति दुश्मनीमा भएकाहरू एउटै परिवारमा एक भएका छन् । खीष्टले बिभाजन, लडाईमा भएका मानव जातिहरूकहाँ उहाँको आफ्नो शरिर, मण्डलीद्वारा शान्ति ल्याँउनुहुन्छ ।

६ त्यसपछि पावलले बताउँदछन् कि "*उनलाई गुप्त रहेका रहस्यको याजना के हो सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह दिइयो"* (एफिसी ३:९) । उनले यस गुप्त रहेको रहस्यको कस्तो प्रबन्ध हुनेछ भनेर खुलस्त गराए । प्रबन्ध भन्ने शब्द, ग्रीक भाषाको *कोइनोनिआ* भन्ने शब्दको उल्था हो जस्को अर्थ "सहभागीता" भन्ने हुन्छ । त्यो रहस्य

भनेकै खीष्ट हुनुहुन्छ जसको क्रुशमा बगेको रगतद्वारा यस भत्किएको संसार परमेश्वरसंग मिलापमा आउँदछ । यसप्रकार, *"सबै कुराहरूलाई"* परमेश्वरसंग मिलापमा ल्याउने काम, मण्डलीको सहभागीताद्वारा हुन्छ भनि प्रबन्ध गरिएको छ । पावलले मण्डलीलाई यस रहस्यलाई कार्यान्वयन गर्ने मण्डलीको ठूलो भूमिकाको बारे बताए ।

७ पावलले भन्दै गए: *"ताकि यसरी मण्डलीद्वारा परमेश्वरका बिभिन्न किसिमका ज्ञान प्रकट गरियोस्"* (एफिसी ३:१०) । परमेश्वरको योजना भनेकै सबै कुराहरूको पूर्नस्थापना गर्नु हो र उहाँको ज्ञान प्रकट गरिएको छ । यसलाई एउटा मात्रै दृष्टिकोणले नहेरि विभिन्न दृष्टिकोरणले हेर्न सकिन्छ । यो बृहत छ । उहाँको कार्ययोजना आत्मिक मात्र नभई मानिसको पतनको बेलामा भत्किएको सबै कुराहरूलाई पूर्नस्थापना गर्नु हो । जब मण्डलीले खीष्टको उद्देश्यलाई पालना गर्दछ, यसले त्यस रहस्यलाई कार्यन्वयनका साथै परमेश्वरको कार्ययोजनालाई अरुहरूको समक्ष प्रकट गर्दछ ।

८ त्यस खण्डले फेरि बताउँछ, *"ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस् । यो चाहिँ खीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्य अनुसार थियो"* (एफिसी ३:१०-११) । परमेश्वरको महान र धेरै विशेषताहरू बोकेका योजनाहरू जुन पावलले भन्छन्, विगतमा परमेश्वरमा लुकेर रहेको थियो, त्योचाहि अब प्रकट हुनेछ, जुन योजना मानिसहरूलाई मात्रै नभई आत्मिकी संसारका शासकहरू र अख्तियारवालाहरूलाई समेत थाहा हुनेछ । यी शक्तिहरू अन्धकारका शक्तिहरू हुन, शैतानिक आत्मिक शक्तिहरू । ती शक्तिहरू पवित्र स्वर्गदुतहरू वा परमेश्वरका राज्यका आत्मिक शक्तिहरू पनि हुन् सक्छन् । मण्डलीद्वारा, परमेश्वरले शैतान र त्यसका फौजहरू साथै स्वर्गियस्थानका सबैलाई यो देखाउनु हुनेछ कि उहाँ, परमेश्वरले सबै कुराहरूलाई खीष्टद्वारा पूर्नस्थापना गर्नुहुनेछ । स्वर्गीय स्थानका शासकहरू र अख्तियारवालाहरूले यस पृथ्वीको रङ्गशालालाई हेर्नेछन् । तिनीहरूले परमेश्वरको विभिन्न किसिमका ज्ञानलाई देख्नेछन्, उहाँको शान्ति ल्याउने, विभाजनहरूलाई तोडिदिने, टुटेफुटेकालाई जोडिदिने र सबै कुराहरूलाई पूर्नस्थापना गर्ने त्यस उदेकको योजना । यी सबै कुराहरू मण्डलीद्वारा कार्यान्वयन गरिन्छ ।

## त्यसकारण ......

परमेश्वरले उहाँको त्यस उद्धारको उद्देश्य, उहाँको ठूलो कार्ययोजनालाई,ब्यक्तिगत विश्वासीहरूमात्र नभई मण्डलीद्वारा, स्थानीय र विश्वब्यापी मण्डलीद्वारा पुरा गर्न चाहनुहुन्छ । जब मण्डलीले यस अभिप्रायलाई पुरा गर्दछ तब मात्र गएर उहाँको उद्देश्य ममूदायहरू तथा राष्ट्रहरूमा पुरा हुनेछ ।

त्यसकारण, सामाजिक रुपान्तरणको लागि त्यस देशको राष्ट्रपति, मन्त्रीमण्डल वा ब्यापारी, नेताहर भन्दा मण्डली कैयौ गुणा बढी महत्वपूर्ण हुन्छ । उहाँको महान् कार्ययोजनालाई पूरा गर्न नियूक्त गरिएको आधारभुत वा सबैभन्दा रणनैतिक संस्था भनेको राजनैतिक वा अर्थतन्त्रका क्षेत्रहरू होइनन् । यसको सट्टा यो त मण्डली हो । हामीले मण्डलीको शिरलाई सेवा गर्दछौं । हामी त्यस नगरप्रमुखको लागि काम गर्छौं र उहाँको कार्ययोजना, सबै कुराको पूर्ण पूर्नस्थापन हो ।

## रहस्यलाई स्थानीयरुपले ब्यक्त गर्दा

हरेक पुस्ताका हरेक स्थानीय मण्डलीलाई आफ्नो समुदायको लागि परमेश्वरको कार्ययोजनाको कार्यान्वयन हुने वा नहुने – छनौट छ । कुनै एउटा देशका मण्डलीहरूले संयुक्तरुपमा यस कुराको छनौट गर्नुपर्दछ । मोशाले मिश्रदेशबाट बाहिर ल्याएका पुस्ताहरूले पनि

यस्तै किसीमको छनौट गर्नु परेको थियो । परमेश्वरले उनीहरूलाई भन्नुभयो कि उहाँको तिनीहरूप्रतिको योजना भनेको उनीहरूलाई प्रतिज्ञाको देशमा लैजानु थियो । उनीहरू डराए र उनीहरू आफ्नो पालमै बसे । उनीहरूको अविश्वासको कारणले गर्दा, उनीहरूले परमेश्वरको विश्वासयोग्यता र उद्देश्यलाई देख्न पाएनन् । त्यस पुस्ता प्रतिज्ञाको देशमा पुगेनन् । परमेश्वरले एउटा पुस्ताको आशिषलाई खोसेर आर्को पुस्तालाई दिनुभयो ।

परमेश्वरले त्यस स्थानीय मण्डलीलाई आफ्नो महान् उद्देश्यको लागि छान्नु भयो र बेग्लै किसीमका शाक्तिहरूले सुसज्जित पार्नुभयो ।

- स्थानीय मण्डली, समुदायको एउटा सानो संसार हो । जब यसले आफुलाई परमेश्वरका योजनाहरू प्रति सुम्पिन्छ, यो आफ्नो समाजमा परमेश्वरको कार्ययोजनाको एउटा नमूना बन्दछ ।

- जसै यसले आफुलाई परमेश्वरको योजनाहरूप्रति सुम्पिन्छ, यसले उहाँको स्वरुप र विशेषतालाई प्रतिबिम्वित गर्दै जान थाल्दछ । यो त्यो एउटा स्थान हो जहाँ परमेश्वरको उप-प्रतिशासकको रुपमा सेवा गर्न परमेश्वरले यसलाई राखिदिनुभएको छ ।

- परमेश्वरले अगुवाहरूलाई तयार परेर मण्डलीलाई दिनुभएको छ । यी अगुवाहरूले त्यसपछि, मण्डलीका सदस्यहरूलाई परमेश्वरको त्यस महान उद्देश्यको लागि सुसज्जित पार्नु पर्दछ । यो परमेश्वरका जनहरूलाई उहाँको कार्य पुरागर्न र सेवाद्वारा उहाँको शासनलाई विस्तार

गर्नको लागि सुसज्जित पार्ने काम, अगुवाहरूको लागि एक ब्यापक कार्यविवरण हो (एफिसी ४:११-१२) ।

- स्थानीय मण्डली सामूहिक रुपमा मिलेर कार्य गर्दछ । यसले आफ्ना ब्यक्तिगत सदस्यहरूलाई उनीहरूको प्रभावको क्षेत्रहरूमा गई सेवा गर्नको लागि सुसज्जित पार्ने तथा पठाउने कार्य गर्दछ ।

- स्थानीय मण्डलीलाई परमेश्वरको सम्पूर्ण कार्ययोजनालाई प्रतिविधीत्व गर्ने आज्ञा तथा अधिकार छ । अरु ख्रीष्टयान संस्थाहरूसंग भने यस्तो आज्ञा तथा अधिकार सिमितमात्रामा छ ।

हार्भेष्टमा, हामीहरूसंग यस्ता थुप्रै कथाहरू छन् जसले परमेश्वरको कार्ययोजनालाई सेवा गरेर ब्यक्तिहरू, मण्डलीहरू समुदायहरू र राष्ट्रहरूमा समेत महत्वपूर्ण प्रभाव आउँदछ भन्ने कुरालाई पुष्टि गर्दछ । यी पान्नाहरूमा मैले केही यस्ता कथाहरूलाई समावेश गरेको छु । अझै कथाहरू पढनको लागि हाम्रो वेभसाईट् www.harvestfoundation.org मा जान सक्नुहुन्छ ।

# मण्डली र आजको संसार ७

## उत्क्रमणको उत्क्रमण

हामीले ईतिहास्का मण्डलीले महान् सामाजिक रुपान्तरणका कामहरूको शुरुवात गरेका देखेका छौं । यहाँ मैले मेरो एकजना मिशिनरी मित्रबाट सुनेको वर्तमान समयको एउटा उदाहारण प्रस्तुत गरिएको छ । यो कथा कोसोभो भन्ने देशबाट हो ।

कोसोभोको एउटा मुख्य शहरका महासचिवले हाम्रो टोली अगुवाहरूलाई उनीहरूले गरेका कामहरूको लागि  धन्यवाद दिन उनको अफिसमा बोलाएर भने :

*"म तपाईहरूलाई मेरो पुरा समर्थन दिन चाहन्छु । तपाईहरू जस्तै यहाँ कोहि पनि छैन । हाम्रा मुश्लिम दाजुभाईहरू पनि विदेशबाट यहाँ आई करोडौ रुपैयापैसा खर्च गर्दछन्*

*तर उनीहरूले मानिसहरूलाई साहायता गरेका छैनन् । यो देशको एउटा छेउदेखि आर्को छेउसम्म उनीहरूले मश्जिदहरू बनाएका छन् , तर उनीहरूले हामीहरूलाई केही खान दिएका छैनन् , लुगा दिएका छैनन् तपाईहरूले गरे जस्तैगरी, उनीहरूले घरहरू बनाइदिएका छैनन्, तपाईहरू मात्रै हुनुहुन्छ जस्ले हाम्रो वास्ता गर्नुहुन्छ ।''*

हाम्रो बैठक सिद्धिन भन्दा अघि त्यस महासचिव लगायत उनका धेरै अधिकारीहरूले हामीसंग बाइबल र अरु खीष्टयान सामाग्रीहरू मागे । महासचिवले हाम्रो टोलिलाई भन्नुभयो : ''तपाईहरू गएर मेरा जनताहरूलाई मद्दत गर्नुहोस् । तपाईहरूलाई जस्तो मन लाग्छ गर्नुहोस् । तपाईहरूसंग मेरो पुर्ण समर्थन छ । तपाईहरूले मसंग अग्रिम समर्थन मागि रहनु पनि पर्दैन, मेरो तपाईहरू मा त्यति आत्मविश्वास छ ।'' [१]

निश्चय नै यदि येशू मेयर हुनुभएको भए सबै समूदायहरू आज फरक हुनेथिए र त्यहाँ कोसोभोको जस्तै थुप्रै कथाहरू हुनेथिए । के मण्डलीले आज संसारभरी यस्तै खालको सकरात्मक रुपान्तरणका प्रभावहरू सिर्जना गरेको छ त ? गएको डेढ सय बर्षमा संसारभरी ठूलो मात्रामा

नयाँ मण्डली र नयाँ विश्वासीहरूको संख्या बृद्धि भएको छ । जब राष्ट्रमा खीष्टयानहरूको संख्या र प्रतिशतमा बृद्धि हुन्छ, तब हाम्रो समाजको रुपरेखामा येशू खीष्टको राज्य अचम्म रितीले झल्किनु पर्ने हो । अन्तत्वगत्व, जनसंख्याको जम्मा १०.५% ले रोमी साम्राज्यको जगनै हल्लिनेगरी प्रभाव पारेको थियो ।

दुर्भाग्यबस, आज हामी यसको विपरित कुराहरू सुन्नमा पाउछौं । कतिपय समाजहरूमा जहाँ मण्डली संख्यात्मक रुपले वृद्धि हुदैछ, त्यसै बेला त्यस समाज पनि पतन हुदै गएको छ । मण्डलीले यसको संस्कृतीमा कुनै पनि शक्तिशाली र देख्न सकिने खालको प्रभाव पारेको छैन ।

म हालसालै एकजना दाजुसंग अफ्रिकामा थिएँ, जसको मण्डली प्रतिको हृदय मेरो जस्तै छ । सन् १९९० मा उनले दक्षिण अफ्रिकाको एउटा देश, जहाँ एक करोड भन्दा बढी मानिसहरू बस्थे, त्यहाँ मण्डली स्थापना सेवाकाईहरूको एउटा संयुक्त अभियान शुरु गरे । त्यस संयुक्त अभियानले १९९० मा १०,००० नयाँ मण्डलीहरू स्थापना गरिएको टिप्पणी प्रस्तुत गऱ्यो । उनले विचार गरे कि यस संख्यात्मक रुपमा भएको मण्डलीहरूको बृद्धिले समाजमा देख्न सकिने रुपान्तरणहरू ल्याउने छ । त्यसको विपरित त्यस देशमा समाजको करिब हरेक तहहरू गम्भिरजनक रुपले बिग्रदै गयो । राजनैतिक रुपमा, त्यस देश प्रजातान्त्रिकबाट तानाशाहीमा फेरियो । भ्रष्टचार जताततै थियो । अर्थब्यवस्था, स्वास्थ्य, र शिक्षामा तीव्र रुपले दुर्गती छायो ।

यद्यपि त्यहाँ १०,००० नयाँ मण्डलीहरू थिए । सत्तरी प्रतिशत जनताले आफूलाई खीष्टयान भनि ठान्थे । तेत्तिस प्रतिशत इभान्जेलिकल, क्यारिस्मेटिक र पोन्टिकोस्टल विश्वासीहरू थिए र त्यसमध्ये जम्मा बीस प्रतिशत मात्रै सक्रियरुपमा मण्डली जाने गर्थे । त्यहाँ मण्डली बृद्धि र सामाजिक पतनको बीचमा यस्तो असम्बन्ध थियो कि मेरो साथीले आफ्नो पदमा इमान्दारीका साथ बस्न नसक्ने निधो गर्नु भयो ।

यस अफ्रिकी मुलुक मात्रै एउटा यस्तो मुलुक होइन । ग्वाटेमाला भन्ने देशको चालीस प्रतिशत जनताले आफूलाई इभान्जेलिकल विश्वासी हुँ भनि दाबी गर्दछन् । यद्यपि त्यस देश अझै भ्रष्टचार, गरिबी तथा जाति भेदभाव बाट गुज्रिरहेको छ । राष्ट्रसंघले २००४ सालमा निकालेको विज्ञप्तिले यो सारांस निकाल्यो कि त्यस देशमा भएको ३६ वर्ष को जनयुद्धमा जुन सन १९९६ मा अन्तभएको थियो, हराएका र मरेका २००,००० मानिसहरूको छानबिन गर्ने बारे सरकार चुक्यो र दाषी ब्यक्तिहरूलाई सजाय दिईएन ।[1]

रुवान्डामा असी प्रतिशत जनताले आफूलाई खीष्टयन मार्गमा परिर्वतन भएको दाबी गर्छन् । यद्यपि रुवान्डामा सन् १९९४ मा भयानक जातिसंहार भएको थियो । संयूक्त राज्य अमेरिकामा ८५ प्रतिशतले आफूलाई खीष्टयनको रुपमा चिनाउँदछन् र त्यसको एक तिहाईले आफूलाई "नयाँ गरि जन्मिएको"[3] भनी दाबी गर्छन् यद्यपि अमेरिका नैतिक रुपमा पतन भइरहेको छ ।

हामीले समाजमा ल्याउन सक्ने र पर्नेसक्ने रुपान्तरणीय प्रभावहरूलाई हामी मण्डलीलाई केले रोकेको हुन्छ त ? यहाँ केही कुराहरूलाई मैले प्रस्ताव गरेको छु :

❖ *मण्डलीका जनहरू धेरै जसो वचन सुन्ने मात्रै, तर वचन अनुसार काम नगर्नेहरू हुन्छन् ।* धार्मिक सुधार र जाग्रतीहरूको समयमा, अगुवाहरूले विश्वास र कामले कसरी सँगसगैं कार्य गर्छ भनेर प्रचार गरे । काम विनाको विश्वास वा विश्वास विनाका कामहरू भन्ने कुनै पनि कुरा थिएन । तर आजका धेरै मण्डलीहरूले मानिसहरूलाई सेवा गर्न सिकाउँदैनन् ।

❖ *येशूलाई प्रभुको रुपमा मानिलिन आज्ञाकारिता चाहिन्छ शब्दहरूले मात्रै पुग्दैं ।* विश्वास मात्रै एक्लै पर्याप्त हुदैन । भूतात्माहरूले समेत येशूलाई परमेश्वरको पुत्र र सारा विश्वका प्रभु हुनुहुन्छ भनि विश्वास गर्छन् तर उनीहरूले उहाँको आज्ञा मान्दैनन् । साँचो विश्वास

परमेश्वरको पवित्रआत्माको अलौकिक उपहार हो । बाइबलीय विश्वास प्रेमसंगत आज्ञाकारीतामा परिणत हुँदछ ।

❖ *महान आज्ञालाई साँघुरो रुपमा अर्थ लगाइने गरिन्छ ।* आजका धेरै मण्डलीहरूले आफ्ना सेवाकाईहरूलाई महान आज्ञामा आधारीत बनाए तापनि, उनीहरूले यसलाई साँघुरो रुपमा अर्थ लगाउने गर्छन् , सुसमाचार प्रचार र मण्डलीहरूको स्थापना गर्ने बोलावटको रुपमा । यदि हामी वचनमा हेर्छौं भने हामीले चलिनैरहने यस्तो रुपान्तरणको दर्शन देख्न सक्दछौ जुन चाहि एकदम फराकिलो र गहिरो छ । राष्ट्रहरूलाई बप्तिस्मा दिईनुपर्दछ र येशूले आज्ञा गर्नुभएका सबै कुराहरू पालन गर्न सिकाईनु पर्दछ :

> *"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्रआत्माको नाऊँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ मत्ती"* (२८:१९-२०) ।

## बिभाजित मन र बिभाजित मण्डली

आधुनिक मण्डलीको विभाजित मनले आत्मिक र सामाजिक सेवाकाईहरूका वीचमा अबाइबलीय विभाजन पैदा गऱ्यो । यसले उन्नाईसौं शताब्दीमा प्रोटेष्टन्ट मण्डलीलाई पनि दुई वटा शाखामा विभाजित गऱ्यो, जसमध्ये एक पक्षले सुसमाचार प्रचारमा बढी जोड दियो भने अर्कोले सामाजिक जिम्मेवारीहरूलाई ।

❖ परम्परावादी मण्डलीले सुसमाचार प्रचार र नयाँ मण्डली स्थापनामा आफ्नो ध्यान केन्द्रित गऱ्यो । यसले विश्वास गऱ्यो कि बाइबल भनेको परमेश्वरको वचन हो र यसले संसारलाई आत्मिक दृष्टिकोणले परिभाषित गऱ्यो । अन्तमा गएर धेरैजसो इभान्जेलिकल, पेन्टिकोष्टल, क्यारिस्माटिक, फन्डामेन्टलिष्ट र अरु धार्मिक रुपमा रहेका परम्परावादी मण्डली र मिशन संस्थाहरू पनि यस भित्र गाभिए ।

❖ उदारवादी शाखाले/पक्षले मण्डलीको जिम्मेवारीहरूलाई समाजभित्र केन्द्रित गऱ्यो । यसले संसारलाई धर्मशास्त्रको शाब्दिक रुपमा अर्थलगाउनुको सट्टा विज्ञान र भौतिक दृष्टिकोणले व्याख्या गऱ्यो । यसले सामाजिक न्यायका कुराहरूमा आफ्नो प्रभाव जमाउन खोज्यो, तर आत्मिक सुसमाचार प्रचारलाई त्यागिदियो । पछि गएर, धेरै मूख्य

सम्प्रदायहरूका साथै धार्मिक रुपमा रहेका उदारवादी मण्डली र संस्थाहरू यसमा गाभिन पुगे ।

मण्डली कसरी विभाजनको यस अवस्थामा आइपुग्यो त ? पश्चिमी संसार परिवर्तन भएको थियो ।[४] अमेरिकाले गृहयुद्ध झेलेको थियो, र संयूक्त राज्यका धेरै मण्डलीहरू दासत्व, लागू औषधिका साथै अन्तिम समयका विश्वासहरूका कुराहरूमा नराम्रो गरी विभाजित भएका थिए । युरोपमा प्राकृतिक विज्ञानले गतिलिएको र सम्मान पाएको थियो, र प्रकृतिवाद[५] भनेर चिनिने दर्शनशास्त्रको विकास भएको थियो । प्रकाश पाएको मानिसले, अब भौगोलिक विश्वले कस्तो रुपमा काम गर्छ भनिकन, विज्ञान र मानविय तर्कबाट बुझेका थिए । ब्रह्माण्डको उत्पतिबाहेक सबै कुराहरूको लागि बैज्ञानिक स्पष्टिकरण भएको जस्तो देखिन्थ्यो । चाडैनै एक जना चार्ल्स डार्विन नाँऊ गरेका बनस्पतिशास्त्रीले एउटा समाधान प्रस्तुत गरे । उनले प्रस्ताब गरे कि जीवन एउटा घटनाको कारणले शुरु भयो र विस्तारै विस्तारै हामीले आज देख्ने रुपमा विकास हुदैं आयो । यस क्रमविकाशको सिद्धान्त र प्रकृतिवादको अझै ठूलो दर्शनशास्त्र संसार भरी नै फैलियो । सत्यताको प्रकृतिवाद व्याख्यामा, मानिसहरूले भौगोलिक ब्रह्माण्डका सत्यताहरूलाई आफ्नो तर्क र विज्ञानले मात्रै पत्ता लगाउन सक्ने भए, तर आत्मिक संसार भने अस्वाभाविक र असान्दर्भिक थियो ।[६]

## सामाजिक सुसमाचार र उदारवादी मण्डली

जसै उन्नाईसौ शताब्दीका पश्चिमी मुलुकहरूमा, प्रकृतीवाद नै प्रचलित दर्शनशास्त्रको रुपमा विकास भयो, मण्डलीले आफैलाई एउटा नयाँ र अलमल्लको अवस्थामा पाऱ्यो । यसका दृष्टिकोणहरूलाई विज्ञान र तर्कहरूले चुनौती दिएको थियो । जर्मनीका दर्शनवादीहरूले प्रकृतीवादलाई आफ्ना धर्मशास्त्र ज्ञानहरूमा मिसाएर त्यसको प्रतिउत्तर दिए, अर्थात खीष्टीयन धर्मलाई प्रकृतीवाद समझले उल्था गरे । सन् १८५० मा आएर, यूरोपमा भएका सम्मेलनहरूबाट एउटा अझै उच्च आलोचना भन्ने ईश्वरशस्त्रीय शैद्धान्तिक लहर शुरुभयो । यो कुरालाई धेरैजसो मूख्य खीष्ट्रियन सम्प्रदायहरू र संयुक्त राज्यमा भएका सेमिनारीहरूले अंगाले र विस्तारै गएर संसारभरीका उदारवादी मण्डलीहरूको पुल्पिटसम्म पुग्यो । अझै उच्च आलोचना नामक नाराले अन्तमा गएर “सामाजिक सुसमाचार” जस्तो किसिमको कुरालाई जन्म दियो ।

मानिसहरूको ध्यान परमेश्वरको भविष्यको आत्मिक राज्यबाट बर्तमानको संसारीक भौतिक राज्यमा फेरिदै थियो अर्थात सामाजिक कार्य, दर्शन भएका सरकारका कार्यक्रमहरू, मानविय प्रयास, र भलाईका कामहरूको माध्यमद्वारा अहिल्यै र यहाँ एउटा सुधार भएको समाजको सिर्जना हुन सक्छ भनि ठाने । यसै विश्वासमा लागेर, मण्डलीको उदारवादी पक्षले ठूलो मात्रामा समाजिक कुराहरूमा आफ्ना ध्यान केन्द्रित गरे । छोटकरीमा भन्नुपर्दा, सामाजिक

सुसमाचारले, राम्रो कामहरूको परिणाम स्वरुप परमेश्वरको राज्य यस पृथ्वीमा आउनेछ भनेर भन्यो । मानिसहरू व्यक्तिगत रुपमा खीष्टमा जन्मनु पर्छ भन्ने कुरा अब देखि उसो आवश्यक नरहेको भनि ठानियो ।

## "महान् उत्क्रमण" र इभान्जेलिकल (सुसमाचारीय) मण्डली

मानिसहरू व्यक्तिगत रुपमा फेरि जन्म लिनुपर्छ भन्ने कुरालाई विश्वासगर्ने सुसमाचारीय मण्डलीको परम्परावादी हाँगा मण्डलीको लागि सामाजिक सुसमाचारको कुरा अपधर्म एवं धार्मिक विचलन (heresy) बन्यो । यसको कुराको प्रतिक्रिया दिन र सुसमाचारीय मण्डली आफैलाई रक्षा गर्न  सुसमाचार प्रचार गर्नमा नै चिन्तित र व्यस्त रह्यो । उनीहरूले परमेश्वरले वास्ता गर्ने आत्मिक पक्षहरूमा मात्र आफ्नो ध्यान लगाउन थाले । उनीहरूले सामाजिक सरोकारको लागि थोरै मात्र समय निकाले । खीष्टियन ईतिहास्को धेरै ठाँउमा सामाजिक रुपान्तरण ल्याउनका निम्ति ठूला ठूला लगानीहरू गरिएका थिए ।[७] यसरी समाजका सरोकारका विषयहरूलाई परम्परावादी मण्डलीद्वारा वेवास्ता गरिएकोले यसलाई "महान् उत्क्रमण"[८] भनेर चिनिन थालियो ।

त्यस महान उत्क्रमणको सबैभन्दा महत्वपूर्ण कारण सुसमाचारीय मण्डलीको पारम्परिक बाइबलीय सिद्धान्तहरू भए तापनि यसको पछाडी अरु कारणहरू पनि थिए । पहिलो विश्वयुद्ध पछि जतातत‍ै मानिसहरूमा छाएको निराशा । सबै तवरले मानिसको दुष्टताले जित्दै गएको अवस्था । सामाजिक कार्यक्रमहरू असफल भएका थिए । सुधारका लागि गरिने परिवर्तनका प्रयासहरू अनुपयोगी देखियो । मानिस र समाजलाई सुधार गर्न सकिएला जस्तो देखिएन ।

सुसमाचारीय मण्डलीको ध्यान पूर्णरुपमा छिट्टै नै सुसमाचार प्रचार र नयाँ मण्डली स्थापनामा केन्द्रित भयो जसलेगर्दा परमेश्वरले वास्ता गर्ने अरु क्षेत्रहरूलाई बेवास्ता गरियो । सुसमाचारीय मण्डलीले बाइबल कलेजहरू र तालिम केन्द्रहरूको स्थापना गऱ्यो जहाँ विद्यार्थीहरूलाई सुसमाचार र आत्मिक परिवर्तन गर्नको लागि तालिम दिईन्थ्यो । स्कूल र मण्डलीका धेरैजना *"डिस्पेन्सनलिजम्"* भन्ने मान्यताले प्रभावित भएका थिए जुन जोन नेल्सन डार्वि नामक व्यक्तिले विकास गरेको बाइबलको इतिहास्को एक उल्लेख थियो, जसलाई सि.आई.स्कोफिल्डको बाइबल संकरणले प्रचलित तुल्याएको थियो । यो पहिलो पटक सन् १९०९ मा प्रकाशित भएको थियो । बीसौं शताब्दीको मध्यसम्म सुसमाचारीय विद्यालयहरू र तालिमकेन्द्रहरूले *"स्कोफिल्ड बाइबल"* को प्रयोग गरे । यसका विस्तृत लेख तथा टिप्पणीलाई जोन डार्विद्वारा प्रभावित भएको थियो र यसलाई मान्यता प्राप्त रुपमा लिइयो । जसै *डिस्पेन्सनलिजम्* मा तालिम पाएका महिला र पुरुषहरूले आफ्नो अध्ययन पुरा गरे, उनीहरू

संसारभरी गएर मण्डली स्थापना गरे । उनीहरूले यस क्रममा दुईवटा *डिस्पेन्सनलिजमका* विश्वासहरूलाई पछाडी छोड्दै गए जसले अन्तमा गएर परम्परावादी मण्डलीको समाजमा पार्नुपर्ने प्रभावलाई हानी पुऱ्यायो :

- ❖ येशूको दोस्रो आगमन नहुन्जेलसम्म यस संसार विग्रदै जाने क्रम निश्चितरुपमा जारी रहन्छ ।

- ❖ परमेश्वरको राज्य भनेको भविष्यको लागि मात्रै हो, जुन येशू खीष्ट फर्कनु भई सकेपछि आउनेछ ।

## यस संसार विग्रदै जाने क्रम निश्चित रुपमा जारी रहनेछ

त्यसबेलाको सुसमाचारीय मण्डलीले भने कि समाजलाई निको पार्ने काममा मण्डली संलग्न रहने त्यति कारण देखिदैन । आखिरमा गएर समाज चाहिँ येशू नर्फकेसम्म पतन हुदै जाने नै छ । संसारको भविष्यको बारेमा सुसमाचाररीय मण्डलीहरू निराशावादी थिए तर उनीहरू

भविष्यमा हुने खीष्टको राज्यको प्रतिक्षामा थिए । यो संसार नर्कतिर धकेलिदै थियो र सबैभन्दा ठूलो आवश्यकता भनेकै स्वर्गको राज्यको लागि आत्मा बचाउनु थियो ।

सुसमाचारीय मण्डलीका *ड्वाईट् एल. मुडी*को शब्दमा ब्यक्त भए झै यस रोकेर रोक्नै नसकिने संसारको पतनले मानिसहरूमा *''एउटा जिवन बचाउने पानी डुंगाको मनशाय''* उत्पन्न गरायो । म उहाँको एउटा निकै प्रख्यात वाक्यलाई आफ्नै शब्दमा राख्न चाहान्छु बोल्छु, *"यो संसार भनेको एउट डुब्दै गरेको पानी जहाज हो । परमेश्वरले मलाई जिवन बचाउने जहाजमा राख्नुभएको छ र मलाई रक्षागर्ने कुरा पनि दिनुभएको छ र उहाँले भन्नुभयो ''मुडी जाउ र बचाउन सक्ने सबैलाई बचाउ । जहाजको निम्ति चिन्ता नगर्नु । आखिरमा यो जहाज डुब्दै छ ।" मुडी* आफै त्यसबेलाको सुसमाचारको समाजमा संलग्नताको बारेमा संलग्न रहेको भए तापनि यस संसारलाई एउटा डुब्दैगरेको जहाजको चित्रण चाहिँ उनले छोडेको एउटा सम्भिने कुरा हो । यस विश्वासलाई त्यस पुस्ताका मिशिनरीहरूले अंगालेका थिए जसले संसारभरी गएर यस विश्वासलाई फैलाइदिए ।

यस संसारमा दुष्टता छ भनेर मूडीले निश्चयनै ठीक भनेका थिए । हरेक पुस्ताका खीष्टयानहरूलाई यस संसारमा तर यस संसारको नबनेरै जिउनमा धेरै संघर्ष गर्नुपरेको छ । हरेक पुस्ताका खीष्टयानहरूले यस समाजमा हुने दुष्टताहरूबाट अलग रहनको लागि, प्रतिकार गर्ने, भाग्ने, टार्ने, आउन नदिने, आफ्लाई रक्षागर्ने धेरै युक्तिहरू निकालेका छन् । यद्यपि

विश्वासीहरू यि कुराहरूबाट आफैलाई बिमुख गर्छन् र यस संसारमा दृष्टताहरूमा रहेका मानिसहरू जसलाई उनीहरूले प्रेम गर्छन् उनीहरूले यस कुरालाई ख्याल गर्दैनन् कि परमेश्वरको आशापूर्ण रुपान्तरणीय कथा उनीहरूको जिवनहरू र समाजहरूमा ल्याउन आफ्ना जनहरूलाई यस अन्धकारमय संसारमा ज्योति बनाएर चलाउन चाहनु हुन्छ । येशू देखिको हरेक पुस्तामा, खीष्टयानहरूले येशूको दास्रो आगमन उनीहरूकै पुस्तामा हुन्छ भनेर विश्वास गर्दै आएका छन् । हो, हामीहरू भोलीनै वा आर्को हप्ता कि अर्को वर्षनै खीष्ट आउनुहुन्छ भन्ने सोंचेर जिउनु पर्छ । पितालाई बाहेक कुनै पनि मानिसलाई त्यस घडी वा दिन थाहा छैन । येशू आफै आउने दश, एक सय, वा एक हजार वर्षसम्म नआउन सक्नुहुन्छ । जब उहाँ आउनुहुन्छ, उहाँ नफर्कुन्जेल उहाँको मण्डलीले उहाँको काम अर्थात व्यवसाय गरेको चाहानुहुन्छ (लुका १९:१३) ।

## परमेश्वरको राज्य भनेको भविष्यको लागि मात्रै हो

त्यस बेला सुसमाचारीय मण्डलीले *डिस्पेन्सनलिजम्*द्वारा प्रभावित भएर परमेश्वरको राज्य भविष्यको वास्तविकता अर्थात खीष्टको दास्रो आगमन पछिको राज्य हो भन्ने कुरालाई सिकायो ।

येशूले भन्नुभयो *"मेरो राज्य यस संसारको होइन"* (युहन्ना १८:३६), तर उहाँले यो पनि भन्नुभयो *"परमेश्वरको राज्य तिमीहरूकै बिचमा छ"* (लुका १७:२१) । परमेश्वरको राज्य दुबै हो, बर्तमान र भविष्य । येशूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउनु भयो *"तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पुरा होस्"* (मत्ती ६:९-११) । त्यो प्रार्थना येशू फर्किसकेपछि यस पृथ्वीमा आउने परमेश्वरको राज्यको बारेमा थिएन तर यो त यहाँ र अहिल्यै नै उहाँको इच्छा स्वर्गमा जस्तो हुन्छ, त्यस्तै गरी आउने बारेमा थियो । *जति जति परमेश्वरको इच्छा यस पृथ्वीमा अहिले पुरा हुन्छ त्यति नै उहाँको राज्य यस पृथ्वीमा अहिले आउँछ ।*

भविष्यमा मात्रै आउने परमेश्वरको राज्यको विश्वासले मण्डलीहरूलाई वर्तमान समयमा *सबै कुराहरूको* पुर्नस्थापनाको लागि वास्ता जनाउनबाट रोक्यो । परमेश्वरको राज्य भविष्यको लागि मात्रै हो भन्ने विश्वासका खीष्टयानहरूले निश्चय नै यो कुरा वर्तमानमा ब्यक्त भएको देख्नको लागि काम गर्ने वाला थिएनन् ।

सारांशमा, बीसौ सताब्दीको पहिलो भागमा, भर्खरै तालिम पाएका हजारौं सुसमाचारीय पाष्टरहरू र मिनिनरीहरू संसार भरीका नयाँ नयाँ ठाँउहरूमा सुसमाचार सुनाउने अभियान बोकेर हिंडे । जसै उनीहरूले पशिचमी राष्ट्रहरू भन्दा बाहिरका देशहरूमा सेवाकाई गरे,

उनीहरूले सुसमाचार प्रचार गरे, नयाँ मण्डलीहरू स्थापना गरे, त्यही ठाँउका पाष्टरहरूलाई तालिम दिए, अरुहरूलाई पनि त्यस्तै गर्नको लागि चेलापन गरे र अज्ञानतामा सुसमाचार प्रचार र मण्डलीस्थापनामा कार्यलाई दक्षिण अमेरिका, अफ्रिका तथा एशिया सम्म पुऱ्याउनलाई मद्दत गरे । आज पनि संसारभरी उन्नाईसौं शताब्दीमा भएको मण्डली विभाजनको बारेमा कहिल्यै नसुनेका मण्डली जाने मानिसहरूको विश्वास र उनीहरूको सेवाकाई त्यही विभाजन तथा दर्शनशास्त्रहरूका सेरोफेरोका कुराहरूले प्रभावित भएको छ ।

## पेन्टिकोस्टल तथा क्यारिस्मेटिक आभियानहरूद्वारा आत्मिक जागृती

मण्डलीको परमपरावादी शाखाचाहि विश्वासको एउटा नयाँ नाराका साथ अगाडी बढ्यो र बढदै गयो जुन शाखाचाहि आत्मिक सेवाकाईमा पनि ठूलो रुपमा समर्पित थियो । त्यो ***पेन्टिकोस्टल*** अभियान थियो । केही दशक पश्चात ***क्यारिस्मेटिक*** आन्दोलनले परम्परावादीहरूका बिचमा अझै शक्तिशाली रुपमा बृद्धि ल्यायो ।

अमेरिकामा सन् १९०१ र १९०६ मा आएको जागृतीद्वारा ***पेन्टिकोस्टल*** अभियान बीसौ शताब्दीमा खुल्ला उर्जाको रुपमा प्रवेश गऱ्यो । सुसमाचारीय मण्डली झै पेन्टिकोस्टलहरूको पनि आत्मिकी सेवाकाईमा बढि जोड थियो । पेन्टिकोस्टल् मतको व्यक्तिगत मुक्ति, पवित्रआत्माको बप्तिस्मा, र आत्मिक बरदानहरूमा ध्यान केन्द्रित रहयो ।[९] सुसमाचारीय मण्डली र ***पेन्टिकोस्टल*** बिच आत्मिक बरदानहरूको विषयमा भिन्दा भिन्दै विश्वास रहेको भए तापनि उनीहरू दुबैले उन्नाइसौं शताब्दीका उदारवादी मण्डलीका विश्वासहरूको विरुद्धमा आवाज उठाए । जहाँ सुसमाचारीय मण्डलीले उदारवादी मण्डलीलाई सही विश्वासका कुराहरू र बाइबलीय गल्ती स्वीकार्ने कुराहरूको साथमा प्रतिक्रिया जनाए भने उता पेन्टिकोष्टलहरूले परमेश्वरको शक्तिको व्यक्तिगत अनुभव हुनुपर्छ भन्ने कुराको प्रतिक्रिया गरे ।[१०] एकजनाले अवलोकन गरे की किन आत्मा बचाउने र बिरामीहरूको लागि प्रार्थना नगर्ने ? भनि आत्मिक उत्तरहरूको साथमा ***पेन्टिकोस्टल*** हरूले शारिरीक समस्याहरू सम्बोधन गरे । यी कामहरूलाई येशूको सेवाकाईबाट अलग गर्न सकिदैन किनकी उहाँ प्रचार गर्दै, निको पार्दै, र भूतआत्माहरूलाई निकाल्दै जानुभयो । कसले हामीलाई त्यो भन्दा कम कार्य गर्नको लागि अनुमती दियो ?[११]

***पेन्टिकोस्टल*** सम्प्रदायले जानिबुझी सुसमाचारको सामाजिक संलग्नताकामा ध्यान लगाएको थिएन । यद्यपि शुरुको पेन्टिकोष्टल सम्प्रदायले भने समाजलाई सम्बोन्धन गरेको थियो।

***पेन्टिकोस्टल*** सम्प्रदाय राजनीतिमा प्रत्यक्षरुपमा संलग्न नरहेको भए तापनि उनीहरूले गरेको कार्यले भने यो देखाउँदछ कि उनीहरू राजनितीक तथा समाजिक विरोधहरूमा संलग्न थिए । शुरुका पेन्टिकोष्टलहरूले अहिंसा तथा निषेधवादका कुराहरूमा विश्वास राख्थे । त्यसैबेला उनीहरू आफ्नो विश्वासको अभ्यास गरेर जातिय विभेद तथा महिलाहरूको अनुचित आलोचनाको विरुद्धमा खडा भए । [१२]

त्यो आन्दोलन एउटा बहु जातिय, बहु प्रजातिय आन्दोलनको रुपमा शूरु भयो । यसलाई शुरुमा समर्थन गर्नेहरू आर्थिक रुपमा तल्लो र मध्यम वर्गका मानिसहरू थिए जसले येशूको छिटै हुने आगमनले समाजको सबै विकृतिहरूको समाधान हुन्छ भनेर विश्वास गर्थे । त्यसै अवधि विच, उनीहरूले आर्थिक समस्याहरू, सामाजिक बहिष्कार, एवं जातिय विभेद आदि सहनु पऱ्यो र उनीहरूले विश्वासद्वारा अलौकिक सहायता तथा एक अर्काको संघर्षमा साथ दिएर यसको सामना गरे । व्यक्तिगत पवित्रता लाई प्रोत्साहन दिएर र संसारिक क्रियाकलापहरूबाट अलग रहेर

उनीहरूले पहिलो शताब्दीका केही मूल्यमान्यताहरूलाई पुर्नस्थापना गर्ने काममा जुटे ।[१३] बीसौं शताब्दीको शुरुवाततिर, पेन्टिकोष्टल मतमा विश्वास गर्नेहरू थोरै मात्र थिए तर आन्दोलनको अन्तका दिनहरूको विश्वासको चिन्ताले उनीहरू संसारभरी ठूलो मात्रामा मिशिनरीहरू पठाउने काममा ब्यस्त रहे । ख्रीष्ट छिटै आउनुहुन्छ भन्ने चिन्ताको आकस्मिकताले उत्साह पाएर पेन्टिकोष्टल मिशिनरीहरूले सुसमाचार प्रचार र मण्डली स्थापनालाई नै प्राथमिक लक्ष्यको रुपमा लिए र उनीहरू फलदायी पनि भए । बीसौं शताब्दीको मध्यतिर, पेन्टिकोष्टल मत संसारभरी नै संख्यात्मक रुपमा विस्फोट हुने अवस्थामा थियो र आत्मिक सेवाकाईको प्राथमिक महत्व आउँदो केही दशकहरू सम्म पनि निरन्तर रहिरयो ।

क्यारिस्मेटिक आन्दोलन सन् १९६० को दशकमा मात्रै संयुक्त राज्य अमेरीकामा देखा पऱ्यो । क्यारिस्मेटिक बरदानहरू अबदेखि उसो, पेन्टिकोष्टल मण्डलीहरूमा मात्रै हुने अभ्यास वा विश्वासको सिद्धान्त थिएन । सन् १९७० र १९८० को दशकमा मूख्य मूख्य सम्प्रदायहरू, आत्मनिर्भर मण्डलीहरू, र रोमन क्याथोलिकहरूका माझमा इच्छा जागरण भयो । आश्चर्यकर्महरू, चिन्हहरू, तथा उदेकका कुराहरू र आत्मिक शक्तिका कुराहरूमा जोड दिइकन, क्यारिस्मेटिकहरूले संसारका राष्ट्रहरूलाई नै यो जोशले पूर्ण आत्मिक खवर दिन चाहन्थ्यो । बीसौं शताब्दीको बाँकि सबै वर्षहरूमा पेन्टिकोष्टल अभियानको प्राथमिक केन्द्रविन्दु भनेकै आत्मिकी नवीकरण थियो जुन व्यक्तिगत तथा मण्डली स्तरमा आत्मिकी नवीकरण गर्नु थियो ।

नयाँ स्थानीय मण्डलीहरू र नयाँ प्याराचर्च अर्थात मिशन संस्थाहरूको स्थापना भयो र नयाँ प्रयासहरूको थालनी भयो । तालिम प्राप्त कार्यकर्ताहरूले संसारभरी नै सुसमाचारको खबर पुऱ्याए । तिनीहरूले प्रथमिक रुपमा सुसमाचार प्रचार, आराधना, जागृती, चंगाई तथा आश्चर्यकर्म सेवाहरू, शिक्षा, साहित्य, संगती, तथा सुचना बाहक माध्यमहरूद्वारा काम गरे ।

पेन्टिकोष्टल तथा कारिस्मेटिक अभियानहरूले आत्मिकी रुपमा भोको समाजमा आत्मिकी नवीकरण ल्यायो । तर संसारमा पनि महान शारिरीक र सामाजिक भोकहरू थिए । परम्परावादी मण्डलीका धेरैजनाले शरिरीक, समाजिक आवश्यकताहरूमा सेवाकाई गरे तर प्रायः दोस्रो प्राथमिकताको हिसाबले । "महान उत्क्रमण" को बाबजुत पनि सबैले शारिरीक र सामाजिक सेवाकाई गर्न भने छोडेका थिएनन् । आफ्नो देशमा होस् या अरु देशमा उनीहरूले हस्पिटल, क्लीनिकहरू, स्कूलहरू, अनाथआश्रमरु, तथा उद्धारका कामहरूको स्थापना तथा सञ्चालन गरे । उनीहरूको काम दयामय थियो । यद्यपि भन्ने गरिन्छ र यस सेवाकाईमा रहेकाहरूबाट पनि सुन्ने गरिन्छ कि उनीहरूले गरेको शारिरीक आवश्यकता तर्फको सेवाकाईहरू शारिरीक वा सामाजिक रुपमा अस्तव्यस्त भएकाहरूलाई जोड्ने, परमेश्वरको वास्ता देखाउने माध्यम हुनको सट्टामा सुसमाचारको माध्यम थियो अर्थात अझै प्रभावकारी रुपमा सुसमाचार सुनाउने माध्यम ।

## भोतिक/शारिरीक तथा सामाजिक सेवाकाई किन ? कसरी ?

यस विषयमा अझै विचार गरिरहनु भएका ख्रीष्टियनहरूलाई ठूलो सावधानीको लागि दुईवटा कारणहरू म सल्लाह स्वरुप दिन चाहान्छु :

❖ पहिलो, दयाका कार्यहरू सहि हो भनि सावित गर्नु आवश्यक छैन । वास्तवमा हामीले हाम्रा छिमेकीहरूलाई प्रेम गर्नुपर्छ भनि हामीलाई बाइबलमा स्पष्ट आज्ञा दिइएको छ ।

❖ दोस्रो, दयाका कार्यहरूको सकारात्मक आत्मिकी प्रतिउत्तर खोज्न आवश्यक छैन । येशूले दशजना कुष्ठरोगीहरूलाई निको पार्नु भयो तर एकजनाले मात्र त्यसको प्रतिउत्तर जनायो ।

हामीले निरन्तर रुपमा आफैलाई यी निम्न प्रश्नहरू सोधेर हाम्रा सेवाका कार्यहरूलाई जाँच गर्न जरुरी छ :

➢ हामीले मद्दत दिन र सम्भवत सुसमाचार सुनाउन चाहेका व्यक्तिहरूले हामीले तिनीहरूलाई फकाउन चाहेको जस्तो नलाग्ने गरी कसरी काम गर्न सक्दछौ ?

➢ मानिसहरूलाई हामीले कसरी देखाउन सक्दछौं कि हामीले उनीहरूलाई ‘‘आत्माहरू’’को रुपमा मात्र नभई ‘‘ब्यक्तिहरू’’को रुपमा प्रेम गर्छौं ?

➢ एउटा ख्रीष्टियनको रुपमा हामीलाई कस्तो लाग्थ्यो होला यदि हामी एउटा मुश्लिम वा हिन्दुले चलाएको अस्पतालबाट औषधी उपचार पाएको भए र यदि हामीलाई लागेको भए कि उनीहरू हाम्रो औषधी उपचारमा भन्दा हाम्रो धर्म परिर्वतनमा बढि वास्ता राख्दछन् ।

## संसारका विकासउन्मुख मुलूकहरूमा मण्डलीको सेवाकाई

पश्चिमी राष्ट्रहरूका दुईवटा छुटाछुटै नमूनाहरू सामाजिक सुसमाचार र सुसमाचारीय आत्मा बचाऊँ अभियान उन्नाईसौं तथा बीसौं शताब्दीको शुरुतिर अविकसित मुलूकहरूमा यसको नकल भएको थियो जसै उद्वारवादी तथा सुसमाचारवादी मिशिनरीहरूले उनीहरूले सेवा गर्ने देशहरूमा उनीहरूको आफ्ना आफ्नै सिद्धान्त तथा अभ्यासहरू बोकेर लगेका थिए । सुसमाचारवादी मिशनरीहरूको अन्तिम उद्देश्य भनेकै सधै आत्मिकी परिवर्तन थियो, यद्यपि कहिलेकाही उनीहरूको सेवाकाई भित्र औषधी उपचार, शिक्षा, वा अनाथ आश्रमहरू जस्ता कुराहरू पनि थिए । राष्ट्रिय मण्डलीका अगुवाहरूले पनि सुसमाचारलाई सामाजिक कार्यहरूसंग मिलाए । उदाहारणको लागि जापानमा आदरणीय टोयोहिको कागावा र एकजना नाम चलेका सुसमाचार प्रचारक एउटा प्रचारकका साथै समाज सुधारक पनि थिए र सन् १९३० मा जापानमा उनी ख्रीष्टयन सामाजिक कार्यहरूको तर्फबाट प्रवक्ता पनि बनेका थिए ।[१४]

जसै मण्डली पश्चिमी मुलुकहरूबाट बाहिर फैलिदै गयो, यसले धेरजसो राष्ट्रियता र स्वतन्त्रताका दृढ भावनाहरूलाई झल्कायो यद्यपि यो पैत्रिकतावाद र अधिनताका कुराहरूले नकरात्मक रुपले प्रभावित पनि भयो । हामीले पच्चीस वर्षसम्म अविकसित मुलुकहरूमा स्थानीय मण्डलीका अगुवाहरूसंग मात्र नभई मिशनरहरू र विकास एजेन्सीहरूसंग काम गरेको नाताले हामीले पैत्रिमतावाद र अधीनताका विषयमा के पत्ता लगाएका छौ त्यो कुरा बाड्न चाहन्छौं ।

मिशिनरीहरू र सहयोग निकायहरूले भित्राएको अनैच्छिक पैत्रिकतावादले बारम्बार यी अविकसित मुलुकहरूमा मण्डलीद्वारा हुने सर्बाङ्गिण सेवाकाईलाई निरुत्साहित तुल्याएको छ । यो कुरा कडा सुनिन्छ होला तर यो चाहिँ मैले अवगत गरेको कुरा हो । धेरैजसो मिशिनरीहरू विकास निकायहरू झै, भौतिक रुपमा सम्पन्न भएका देशहरूबाट आउने गर्छन । ऐतिहासिक रुपले उनीहरूको प्रयासले यो ठान्दथियो कि स्थानीय बासीहरूले बाहिरबाट आउने पैसा, सामानहरू वा तकनिकीहरूका साहायता बिना आफ्नो जीवन यापन गर्न असमक्ष छन् । बाहिरका स्रोतसाधनहरूलाई परियोजनाहरूको विकास र मर्मतसंहारमा प्रयोग गरियो । स्थानीय बासीहरूलाई प्रायः जसो परमेश्वरले उनीहरूलाई दिनुभएको प्रयासहरूले अधीनताको सृजना गर्‍यो र गरिबीको मनोवृतीलाई बढावा दियो ।

तर सबै राष्ट्रहरूका मानिसहरूले यो कुरा बुझ्न आवश्यक छ कि परमेश्वरले उनीहरूमा त्यही नै समझशक्ति, क्षमताहरू, सिर्जनशीलता, र उहाँको स्वरुपको प्रतिरुपता राखिदिनुभएको छ जुनचाँही उहाँले भौतिकरुपमा विकासित देशका मानिसहरूमा राखिदिनुभएको छ । उनीहरूले परमेश्वरले उनीहरूको लागि राखिदिनुभएको दर्शनलाई देख्न पर्छ र परमेश्वरले उनीहरूलाई दिनुभएको स्रोतसाधनहरूको पहिचान गरेर उत्साहीत हुन आवश्यक छ । रुवान्डा र कोसोभोका मानिसहरूमा त्यस्तै क्षमताहरू छन् जुन शान्ति र सम्पन्नतामा रहेका देशहरूका मानिसहरूमा छन् । उनीहरू परमेश्वरको स्वरुपमा बनाइएका छन् । उनीहरूसंग उहाँको क्षमताहरू छन् । परमेश्वर उनीहरू सबैको राष्ट्रहरूलाई बनाउनका लागि सबै मानिसहरू र उनीहरूसंग भएको सबै स्रोतसाधनहरूद्वारा काम गर्नुहुन्छ ।[१५]

मानिसहरूलाई स्थानीय स्रोतसाधनहरूको खोजि गर्न हौसला दिने क्रममा हामीहरूलाई धर्मशास्त्रले भन्ने केही कुराहरूको याद दिलाईन्छ जसले भन्दछ कि भौतिक स्रोतसाधन भएकाहरूले कम भएकाहरूलाई सहायता गर्नुपर्छ (२ को ८:१४) । यो कुरा साँचो हो । तर स्थानीय मण्डलीका

मानिसहरूले परमेश्वरतिर हेर्नु र परमेश्वरले उनीहरूलाई अघिबाटै दिनुभएका स्रोतसाधनहरूको परिचालन गर्नु भन्दा अगाडीनै बाह्य भौतिक सामाग्रीहरू वा स्रोतसाधनहरू दिलाईन्छ भने यसले परमेश्वरको उनीहरूको देशलाई निको पार्ने उहाँको इच्छालाई रोक्न वा ढिलो बनाउन सक्छ । यद्यपि यो सहकारी प्रयास हो । दक्षिण अमेरिकाका पाष्टरहरूका प्रशिक्षकको यस टिप्पणीलाई हेर्नुहोस् :

> *प्रायःजसो विकासशील मुलुकहरूमा पश्चिमी राष्ट्रहरूद्वारा गरिने समाधान र तीव्र समाधानका प्रयासहरूले बढवा पाएको छ । यो हुँदछ किनकी राष्ट्रहरूले उनीहरूको स्थानीय क्षमताहरूलाई देख्दैनन् । विकासको लागि प्रयोग भएका उनीहरूका स्रोतसाधनहरूको सम्बन्धमा उनीहरूले झुठलाई सही हो भनि पक्रिराख्छन । मनका दरिद्र, धन (परिस्थितीहरू) को दरिद्रता भन्दा नराम्रो हुन सक्छ ।* [१६]

सैद्धान्तिक भिन्नता, राष्ट्रियता, र पैत्रिकतावादका विषयहरूका बावजुत पनि सुसमाचारिय र क्यारिस्मेटिक/पेन्टिकोष्टल मण्डली बीसौं शताब्दीको अन्ततिरसम्म पश्चिमी राष्ट्रहरू भन्दा बाहिरका देशहरूमा बढ्दै र फल्दैफूल्दै गएको थियो । जबकि पश्चिमी मुलुकहरूमा दिनहुँ ७,६०० विश्वासीहरू हराउदै गएका थिए भने उप-साहारा अफ्रिकी मण्डलीहरूमा दिनहुँ १६,४०० विश्वासीहरू थपिदै थिए । दक्षिण कोरियामा प्रति दिन ६ वटा नयाँ मण्डलीहरू स्थापना

हुँदै थिए । [१७] हो पूर्वेली देशहरूमा मण्डलीहरू शक्तिशालीरुपमा विस्तार हुदैथियो । कस्तो किसिमको मण्डली यो हुनेवाला थियो? यसको वरिपरिको संसारमा कस्तो किसिमको प्रभाव पुऱ्याउनेवाला थियो होला ?

## मण्डलीलाई भएको ठूलो क्षति

उन्नाईसौं र बीसौं शताब्दीहरूको मण्डलीले अति दुःखदायी क्षति बेहोर्नु पऱ्यो । संसारमा संख्यामा बढदै गरेका मण्डलीहरू र आफूलाई ख्रीष्टयन ठान्ने मानिसहरूका बाबजुत मण्डलीले यसको संस्कृतीलाई प्रभाव पार्ने त्यो क्षमता भने गुमाएको थियो ।

यसले शारिरीक र आत्मिक विषयहरूको विचमा एउटा अबाइबलीय भिन्नता खडा गऱ्यो आर्थत वचन र काम को विचमा अबाइबलीय दुरी । उद्धारवादी मण्डलीले यसको अलौकिक धर्मशास्त्रात्मक अधिकार र ब्यक्तिगत उद्धारको चेतनालाई गुमाएको थियो । परम्परागत मण्डलीले परमेश्वरको सारा वास्ताको विषयहरूमाथि सेवाकाईगर्ने यसको शक्ति गुमाएको थियो ।

मण्डली लुटिएको छ । मण्डली यो विभाजनको कारण होइन । प्रकृतीवाद यसको कारण होइन । इतिहासमा घटेका घटनाहरूले यो गरेको होइन । धेरै कुराहरूले यसमा योगदान पुऱ्याएका थिए तर शैतानले विभाजन ल्यायो । शैतानले मण्डलीलाई घृणा गर्छ । उसले यसलाई भत्काउन चाहन्छ । शैतानले मण्डलीको दुबै भागहरूलाई छक्कायो शैतानले खोसेको त्यस इलाकालाई मण्डलीले फिर्ता लिन आवश्यक छ । हामी हाम्रो विश्वासहरूमा दृढ रहनुपर्दछ । तर हामीले गरेका निर्णयहरूका लागि पश्चताप गर्नुपर्छ  र सगंसंगै सेवामा लाग्नको लागि उपायहरू खोज्नुपर्दछ । आत्मिकी रुपमा हराईरहेकाहरू र आत्मिक, भौतिक, र सामाजिक रुपमा भत्किएका समाजहरूको अगाडी सान्दर्भिक हुनकोलागि उपायहरूको खाजी गर्न आवश्यक छ । एकजना साथीले मलाई मण्डलीको हरेक भागले केही योगदान दिन सक्छ भनि यसरी याद दिलाउनु भयो : *"उदारवादी मण्डलीले हामीलाई आवश्यकता देखाउँदछ : सुसमाचारिय मण्डलीले हामीलाई योजना देखाउँदछ : र क्यारिस्मेटिक/पेन्टिकोष्टल मण्डलीले हामीलाई परमेश्वर यसमा सक्रिय हुनुहुन्छ भनि याद दिलाउँदछ ।"* [१८]

## "उत्क्रमणको उत्क्रमण" – सामाजिक वास्तातर्फ मण्डलीको फिर्ती

कुनै एक समय सामाजिक वास्ताका विषयहरूलाई इन्कार गर्ने सुसमाचारीय मण्डलीको प्रवृतीलाई महान्‌उत्क्रमण भनि नाम दिइएको थियो जुन चाहिँ मण्डलीले इतिहास् भरीनै दिर्दै आएको सामाजिक साक्षीको उत्क्रमण थियो । अन्तमा गएर परम्परागत मण्डलीहरू फेरी सामाजिक वास्ताहरूमा आउन थाले र सुसमाचार माथिको जोडलाई पनि कायमै राखे । आश्चर्य नलाग्ने रुपले यसलाई "उत्क्रमणको उत्क्रमण" भनि नामाकरण गरिएको छ ।[१९]

सन् १९६० को दशकमा संसारको धेरै जसो ठाउँहरूमा भएको विरोधहरूले परम्परागत मण्डलीलाई यसले इन्कार गरेको सामाजिक सत्यताहरूप्रति सचेत तुल्यायो । परिवर्तनको सबैभन्दा पहिलो पाईला भनेको विश्वव्यापी सुसमाचारीकरणको लागि भएको अन्तर्राष्ट्रिय सम्मेलन थियो जुन सन् १९७४ मा स्वीजरल्याण्डको लुजान भन्ने ठाँउमा भएको थियो । एक सय पचासभन्दा बढी देशहरूका सहभागीहरूले भेट गरे र लुजान करारमा आफ्नो सहमती जनाए, जुन करारले सुसमाचारीय र खीष्टीय सामाजिक जिम्मेवारीहरूलाई नै केन्द्रिय विश्वासको उपायको रुपमा लिदैछ ।[२०] सन् १९८२ मा भएको अर्को भेलामा अझै धेरै कार्यहरू सम्पन्नभए, जसले *सुसमाचारीय र सामाजिक जिम्मेवारी : एउटा सुसमाचारीय बचनवद्धता* उत्पन्न गऱ्यो । यसले सामाजिक क्रियाकलापलाई सुसमाचारको परिणामका साथै यससम्म पुऱ्याउने पुल दुबै को रुपमा परिभाषित गऱ्यो । उनीहरू भनेको साझेदारहरू हुन् जुन सुसमाचारद्वारा एकतामा आएको छ, ''किनकि सुसमाचार जरा हो, जसको फलहरू चाँहि सुसमाचार र सामाजिक जिम्मेवारी हो ।''[२१]

त्यसलगत्तै अर्को वर्ष ह्वेटन–८३ नामक एक परामर्श सम्मेलनको आयोजना भएको थियो । संसारभरीका दाज्यूभाई दिदीबहिनीहरू, सुसमाचारीय मण्डलीकाहरू, बाइबलीय सिद्धान्तहरूको खोज तथा मानव आवश्यकताहरूको प्रतिउत्तर दिने नयाँ मण्डली स्थापनालाई कसरी मिलाएर अगाडी बढाउन सकिन्छ भन्ने कुराजान्न चाहयो । म त्यस सम्मेलनमा भाग लिन पाएकोमा र परामर्शको किताबमा, *मानव आवश्यकताप्रति मण्डलीको प्रतिउत्तर नामक,*[२२] एक अध्याय लेख्ने सौभाग्यता पाएको थिएँ ।

त्यो कथा सन् १९८३ मा अन्त भएन ! सिङ्गो मण्डलीलाई सिङ्गैं सुसमाचारतर्फ फर्किनको लागि धेरै आवाजहरू उठने क्रम जारी रहयो । दशकौं पछि पनि अझै कति धेरै गरिन बाँकिनै छ । तर धेरैले दर्शन पाउदै छन् र बोल्दै छन् । धेरैले उत्क्रमणलाई उत्क्रमण गर्ने कार्य शूरु गरेका छन् । म पूर्वी अफ्रिकाका पेन्टिकोष्टल मण्डलीहरूमा ……एशियाका घरेलु मण्डलीहरूमा…..उत्तरी अफ्रिकामा भएका सुसमाचारीय मण्डलीहरूका संगठनमा……संयूक्त राज्य अमेरिकामा भएका विविध व्यक्तिगत मण्डलीहरूमा …..अनेकौ ठूला दक्षिण अमेरिकी सम्प्रदायहरूमा ……पूर्वी युरोपेली घरेलु मण्डलीहरूमा…..प्रशान्तमा भएका कारिस्मेटिक सेवाकाईहरूमा….आत्मिक र सामाजिक सामूदायिक संलग्नतालाई मिश्रण गर्ने मूख्य

मण्डलीहरूमा.......संसार भरीका येशूका चेलाहरूको जीवनशैलीमा बढ्दो रुपमा यस दर्शनलाई अंगालिएको र पालना गरिएको देख्दछु ।

हामीले अर्को एउटा महत्वपूर्ण सत्यतालाई पहिचान गर्न आवश्यक छ । प्रभुले प्रायःजसो स्थानीय मण्डलीका अगुवाहरूलाई धर्मशास्त्र र प्रार्थनाद्वारा सर्बाङ्गिण सेवाकाईका सिद्धान्तहरू पत्ता लगाउनमा अगुवाई गर्नुहुन्छ । हार्भेष्टले सन् १९८० ताका काम गरेको एउटा गाँउमा मण्डलीको जन्म बारे यहाँ एउटा अचम्म लाग्दो कथा यस्तो छ :

एक जना यूरोपेली मिशनरी मेक्सिको देशको पहाडी इलाकाहरू हुदै एउटा यस्तो क्षेत्र भित्र प्रवेश गरे जुन गाँजा खेती गर्ने, कानून नभएको, र ज्यानै जाने लडाई झगडाहरूको नाँउले परिचित थियो । उनले मानिसहरूसंग येशूको बारेमा कुरा गरे र एकजना मानिस प्रभुमा आयो । त्यस मानिससलाई बाप्तिसमा दिने योजना लिएर त्यस मिशनरी आर्को हप्ता त्यही फर्कियो । भर्खरै परिवर्तन भएको त्यस मान्छेको हत्या गरिएको थियो । उस्ले बन्दुक बोक्न छाडिदिएको थियो र त्यो गाँउका परिवारहरूका विचमा बदलाको लडाइहरूमा संलग्न रहने ब्यक्ति उ नै थियो उसलाई बप्तिसमा दिनको सट्टामा त्यस मिशनरीले उसको आन्तिमसंस्कार गर्न पर्‍यो । उ मारिन भन्दा अगाडी भने उसले अर्को एक जनालई प्रभुमा ल्याएको थियो । त्यस मानिस अन्तमा गएर त्यस गाँउको पाष्टर बन्न पुगे । त्यस मिशनरी, त्यस मानिस र चाडै नै अरु मानिसहरूलाई चेलपान गर्नको लागि निरन्तररुपमा फर्केर जान्थे । ती मानिसहरूले मिशनरीलाई मण्डली कसरी शूरु गर्ने भनेर सोधे । उनले तिनीहरूलाई पहाडहरू तिर गएर धेरै दिनसम्म उपबास र प्रार्थना गर्न र नयाँ करारलाई खोजी गर्ने सल्लाह दिए । उनीहरूले समूदायमा आफ्नो विश्वासको के अर्थ छ जान्न चाहन्थे । त्यस मिशनरीले उनीहरूलाई विश्वास दिलाए कि परमेश्वरलेनै यसको जवाफ दिनुहुनेछ । परमेश्वर बोल्नुभयो । उनीहरूले विद्यवाहरूको वास्ता गर्न महत्वपूर्ण छ भनि याकुबले लेखेको पुस्तक पढे । परमेश्वरले उनीहरलाई याद दिलाई दिनुभयो कि तिमीहरूको गाँउमा सातजना विधवाहरू छन् । तिमीहरूले गर्ने सबभन्दा पहिलो काम, म चाहन्छु कि तिमीहरूले तिनीहरू हरेकको लागि एकएकवटा घरहरू बनाइदेओ । त्यहाँ भएका कहिल्यै अन्त नहुने लडाई झगडाहरूकै कारणले गर्दा उनीहरू विधवा भएका थिए । विधवाहरूकोलागि घर बनाइदिनु भनेको उनीहरूको संस्कृतीको विरुद्ध थियो । उनीहरूको “माको” संस्कृतीमा[२३] उनीहरू आफ्नो घरहरूमात्र बनाउन सक्थे, उनीहरू अगुवाहरू भएको नाताले झनै स्त्रीहरूको लागि घरहरू बनाइदिनु कदापी हुदैनथ्यो ।त्यस समुदायमा धेरै कुराहरूको आवश्यकता थियो ।

त्यस ठाँउमा राम्रो खानेपानीको ब्यवस्था थिएन, क्लिनिक, मण्डली भवन, सामूदायिक शौचालय, राम्रा बाटाहरू, धाराहरू, न विद्युत नै थियो । तर परमेश्वरले उनीहरूलाई आफ्नो राज्यलाई ब्यक्त गर्नकोलागि सबैभन्दा पहले घरहरू बनाउन लगाउनु भयो र उनीहरूले त्यसै गरे । समुदायको लागि यो छक्क लाग्दो कुरा थियो । वास्तवमा एक परिवार बाहेक गाँउका सबै परिवारहरूले आफ्नो विश्वास येशूमा राखे । परमेश्वरले वरिपरीका जिल्लाहरूमा नै जागृती ल्याउनकोलागि उनीहरूका क्रियाकलापहरूलाई चलाउनु भयो । मण्डली बढ्दैगयो, मान्छेहरू बारम्बार पहाडहरूमा उपबास र प्रार्थनाको लागि जादै गरे र त्यस गाँउ र वरिपरिका क्षेत्रहरूमा धेरै रुपान्तरण समेत आयो ।[२४]

आजका मण्डलीहरूले परमेश्वरको सम्पूर्ण योजनाहरूको दुतावास हुने कुरालाई सिक्दै गर्दा यी मण्डलीहरूमा नयाँ हावा चलिरहेको छ । यस हावामा पवित्रआत्माको छाप छ । भत्किएको संसारमा परमेश्वरको कार्ययोजनालाई देखाउने इच्छालाई यस हावाले जगाउँदछ । केही ब्यक्तिहरू र मण्डलीहरूको पवनडुंगाले त्यस हावालाई समातेको छ । यही नै मेरो प्रार्थना छ कि परमेश्वरले यो हावालाई शक्तिशाली बतासमा परिणत गर्नको लागि उनीहरूलाई चलाउनु भएकोहोस् ।

## अपूर्ण उपासनाबाट फर्कनको लागि एक आव्हान

पुरानो करारको समयमा समेत सेवाकाईमा हुने बाइबलीय असन्तुलन देख्न सकिन्छ । यशैया ५८ को शूरुको पदमा परमेश्वरले यशैयालाई भन्नुभयो "चर्को गरी करा ।" परमेश्वरले उहाँको बृहत कार्ययोजनाबारे भएको मानिसहरूको गलत बुझाईलाई जोडका साथ सच्चाउन चाहनुभयो । उहाँले यशैयालाई उनले मानिसहरूलाई भनेको चाहनु भएन, तर चर्को आवाजमा कराएको चाहनुभयो । परमेश्वरले यशैयाद्वारा मानिसहरूलाई दिन चाहानु भएको संदेश कुनै साधारण सन्देश थिएन । जोडसंग नचिच्याईकन उनीहरू यसलाई सुन्नेवाला थिएनन् । नरोक ! परमेश्वरले यशैयालाई यसरी आज्ञा दिएको म कल्पना गर्न सक्छु, *''तेरो स्वर तुरहिहरूको आवाज जस्तै गरी करा । मेरा जनहरूले तैले बडो चर्को स्वरमा नकराउदा सम्म सुन्ने छैनन ।''*

उनीहरूले दिन प्रतिदिन मेरो वचनमा हेरिरहेका छन्, परमेश्वरले भन्दै जानुभयो ''उनीहरूले सही कामहरू गरिरहेको तर केही थोरै कुराहरूमात्रै सुधार्नु परेझै गरी मैले उनीहरूलाई के गरेको चाहन्छु भनि जान्न चाहे जस्तो देखिन्छन् । होइन, तिनीहरू मेरा आज्ञाहरू

प्रति ढाड फर्काएका छन् । यशैयाले अझै सुन्न बाँकि नै थियो : उनीहरूले मसित न्याय, सही निर्णयहरू माग्दछन् । उनीहरूले भन्छन कि म उनीहरू कहाँ आएको उनीहरू चाहन्छन् । उनीहरूले उपवास बस्छन र त्यसपछि गुनासो गर्छन, हामीहरू उपवास बसिरहेका छौं, आफैलाई नम्र तुल्याइरहेका छौ र तपाईले ध्यान दिए जस्तो देखिदैन !"

परमेश्वरले भन्दै जानुभयो, मैले ध्यान नदिनुको कारण हो, तिमीहरूको नम्रता वा तिमीहरूले नम्रता र मेरो वचनप्रति खुला ठान्ने तिमीहरूको विचार पाप हो । यो विद्रोह हो । यो विद्रोह हो किनभने तिमीहरू यस्तो धर्मिक क्रियाकलापहरूद्वारा भएर जादैछौं जुन बाहिरी रुपमा नम्र देखिन्छौ.......जुन प्रार्थनापूर्ण जस्तै देखिन्छ ...........जुन मेरा इच्छाहरू तथा नियम पत्ता लगाउन गरिएको प्रयास जस्तै देखिन्छ । बाहिरबाट हेर्दा यो असाध्यै राम्रो देखिन्छ, तर यो विद्रोह र पाप हो । किन ? यो विद्रोह र पाप हो किनकि तिमीहरू सुन्नेवाला मात्रै हौ । तिमीहरू मेरा वचन पालन गर्ने वालाहरू होइनौं ।

ईस्रायलीहरूले विचार गरेका थिए कि उनीहरूले परमेश्वरले चाहनुभए जस्तै गरी आराधना गरिरहेका थिए । उनीहरूले विचार गरेका थिए कि उपवास जस्ता धार्मिक क्रियाकलापहरूद्वारा परमेश्वरको आशिषहरू पाउनेछन् । परमेश्वरको ध्यान बटुल्नमा उनीहरू सफल भए पनि उहाँको सहमति भने पाउन सकेनन् । उनीहरूले सोधेको प्रश्नले उनीहरूको मनाशय उजागर गऱ्यो । परमेश्वरबाट कुनै पनि आशिषको चिन्ह नखेख्दा उनीहरूले गुनासो गरे । परमेश्वरले जवाफ दिनुभयो, *"तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको स्वर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ"* (यसैया ५८:४) । परमेश्वर मानिसहरूको अगाडी उनीहरूले गरेको

नम्रताको धार्मिक कार्यहरू प्रति खुशी हुनुहुन्नथ्यो जसले अरुहरूलाई दया र न्यायले ब्यबहार गरेनन् । उपवास बस्ने विधि पूरा गरिएको थियो तर निस्वार्थपना र प्रेमसंगत सेवाको अभिब्यक्तिको भने अनुपस्थिति थियो ।

धेरै पूस्ताहरू पछि परमेश्वरले उहाँको "दुःख भोग्ने सेवक" लाई ईस्राएलीहरूको विचमा पठाउने वाला हुनुहुन्थ्यो । उहाँलाई प्रभु भन्ने सबैजना, येशूले भन्नुहुने थियो, परमेश्वरको राज्यमा प्रेवेश गर्ने छैनन् । बरु उनीहरूले उहाँले यसो भनेको सुन्नेछन् । "*मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन । ए अधर्म काम गर्नेहरू हो, म बाट दुर होओ" (*मत्ती ७:२३) । उहाँले उनीहरूलई किन अधर्म काम गर्नेहरू हो भनेर भन्नुभयो ? उनीहरूले उहाँले दिएका निर्देशनहरू सुनेका थिए तर तिनको पालना गरेनन् ।

यशैया ५८ मा परमेश्वरमा अस्वीकार्य आराधनाको स्पष्ट परिचय पछि परमेश्वरले चाहने आराधनाको विषयमा उहाँले भन्दैजानुहुन्छ । यी कुराहरू तीनजोडा पदहरू वा दुईटा भागमा बाड्न सकिन्छ । हरेक भागमा, परमेश्वरले उहाँलाई स्वीकार्य हुने आराधनाका क्रियाकलापहरू र त्यसपछि आउने सुहाँउदो आराधनाका आशिषहरूको बारेमा बताउनुहुन्छ ।

- पहिलो भागमा, परमेश्वरले भन्नुभयो कि अशक्तहरूका शाारिरीक र सामाजिक पिडा र चोटहरूमा पट्टी बाँधिदिएर गरिने सेवाकाई साँचो आराधना भित्र पर्छ । त्यसपछि, उहाँ मानिसहरू उहाँकहाँ फर्केको खण्डमा ईस्राएलको आफ्नो अस्तव्यस्ततालाई निको पारिदिने प्रतिज्ञा गर्नुभयो ।

- दोस्रो भागमा, परमेश्वरले भन्नुभयो कि मानिसको विचमा मेलमिलाप साँचो आराधना भित्र पर्दछ, र उहाँले अशक्तहरूलाई वास्ता गरिनुपर्ने कुरालाई फेरि जोड दिनुभयो । त्यसपछि, धर्मशास्त्रकै सबैभन्दा राम्रा शब्दचित्रहरू मध्येकै एकमा, उहाँले निकोपार्ने प्रतिज्ञा गर्नुहुन्छ ।

- तेस्रो भागमा, परमेश्वरले आत्मिक बिश्राम दिनका क्रियाकलापहरूका अभ्यासका विषयमा बोल्नुभयो । आत्मिक क्रियाकलाप, यद्यपि, प्रेमको अनुपस्थितिमा भने स्वीकार्य हुदैन । विशेषगरी बिश्राम दिनको आदर गर्नेहरूले आफ्नो मनपरी गर्ने र अरुहरूको विरुद्धमा नचाहिदा शब्दहरू बोल्न पाउदैनथे । त्यसपछि परमेश्वरले फेरि उनीहरूले उहाँको वचन सुनेको र आज्ञापालन गरेको खण्डमा उनीहरूलाई आनन्द, पूर्नस्थापना, र सम्पती दिने प्रतिज्ञा गर्नुभयो ।

यशैया ५८ ले हामीलाई साँचो आत्मिक आराधनको सन्तुलित दृश्य दिंदछ । यो र्कतब्य र नियमहरूको बाहिरबाट देखिने अभिब्यक्ति होइन तर हृदयको भित्रि आचरण हो जुन परमेश्वर र अरुहरूलाई गरिने सेवामा परिणत हुन्छ । यशैया ५८ ले हामीहरूलाई चर्को गरी भन्दछ कि

परमेश्वरकाय आज्ञापालना नगरी देखाइने धार्मीक स्वरुप एक विद्रोह हो । प्रेरित पावलले तिमोथीलाई, ति जो "*भक्तिको भेष लिने, र सिक्न त सधैं सिक्ने तर सत्यको ज्ञानमा कहिल्यै आउन नसक्नेहरू*" (२ तिमोथी ३:५-७) देखि सतर्क रहनको लागि सावधानी दिंदछन् । शैतानले हामीहरू हाम्रो धर्ममानै मन लागाईरहेको असाध्यै मन पराउँछ । यदि उसले यसो गर्न सक्यो भने उसले परमेश्वरको योजनाहरूलाई अगाडी बढ्न देखि रोक्ने छ । मानिसहरूले परमेश्वरलाई आराधना गर्दैछु भनि विचार गर्छन् तर सेवाविनाको धार्मिक क्रियाकलापहरू अस्वीकार्य हुन्छ । यो पाप हो । यदि मानिसहरूले परमेश्वरले माग गर्ने सेवाको बारेमा थाहा नपाएर परमेश्वरलाई धार्मिक क्रियाकलापहरूद्वारा मात्रै आराधनागर्ने प्रयास गर्छन भने उनीहरूले अज्ञानतामा पाप गरेका हुन्छन ।

मलाई विश्वास छ आजको मण्डलीमा पनि यस किसिमको अज्ञानताको पाप छ । अज्ञानतामा गरिएको पापको लागि पश्चताप र परिवर्तनको आवश्यकता पर्छ । म यस किसीमको प्रतिक्रियाको सुभाव दिन्छु ।

- पहिलो, जसै पवित्र आत्माले मण्डलीका अगुवाहरू र सदस्यहरूलार्य पश्चतापमा डोऱ्याउनुहुन्छ उनीहरूले परमेश्वरलाई सुहाँउदो आराधना दिनमा विश्वासयोग्य भएका छैनौ भनि आत्मस्वीकार गर्छन् । चाहे त्यो अज्ञानता, शीथिलता, वा अनाज्ञााकारिताबाटै किन नहोस् ।

- दोस्रो, उनीहरले नयाँ इलाकाहरूमा परमेश्वरको राजदुतावासको रुपमा मण्डलीले खेल्न सक्ने भूमीकाहरूको बारेमा परमेश्वरको इच्छा के छ भनि जान्नको लागि पवित्र आत्मासंग ताजा दर्शन माग्छन् ।

- तेस्रो, उनीहरूले परमेश्वरको कार्ययोजनालाई आफूले जस्तो बुझ्छन् त्यस्तै पालन गर्छन् । व्यक्तिगत र सामूहिक रुपमा, उनीहरू विश्वासयोग्य भएर, उनीहरूको समूदायमा भएका शारिरीक, सामाजिक र नैतिक अस्तव्यस्तता प्रति आफ्नो प्रतिक्रिया जनाउँछन् ।

## सारांशमा

येशूले उहाँ नफर्कुन्जेलसम्म उहाँको मण्डलीले कब्जा गर्दै गएको आशा राख्नुहुन्छ । कब्जा गर्नु भनेको उहाँको व्यवसाय गर्नुहो । यो भनको यदि येशू मेयर हुनुभएको भए उहाँले गर्नुहुने कुराहरूको प्रतिनिधित्व गर्नु हो :

- मण्डलीले, *व्यक्ति* विशेषहरूलाई समाजभित्र सक्रिय रहन उनीहरूको जीवनशैली र बोलिचालीबाट परमेश्वरको बाटो समाजको भलाईको लागि हो भन्ने कुरा विश्वास दिलाउनको लागि सुसज्जित पारेर कब्जा गर्छ ।

- मण्डली, समाजमा अस्तव्यस्त भएकाहरूलाई निको पार्नको लागि आफैलाई एउटा *सामूहिक* स्वरुपमा व्यवस्थित गर्छ ।

हरेक स्थानीय मण्डली, हरेक पाष्टर, र हरेक सदस्यले, यदि येशू मेयर हुनुभएको भए गर्नुहुने किसीमका कामहरू गर्दै अगाडी बढ्दै परमेश्वरको अझै ठूलो कार्ययोजना मा सेवा पुऱ्याउन आवश्यक छ । हरेक संस्कृतीमा भएका मण्डलीले यो विचार गर्न आवश्यक छ कि यसको सान्दर्भले सामाजिक र शारिरीक/भौतिक सेवाकाईमा कस्तो असर पुऱ्याउँदछ । दक्षिण अमेरिकामा रोमन क्याथोलिक जराहरू र उद्धारवादी बिचारधाराहरू बलियो छ जसले त्यहाँको सुसमाचारकार्य र सामाजिक सवकाईहरूलाई आफ्नै एउटा आकार दिन्छ । अफ्रिकी खीष्टयनहरूले सबै कुराहरूमा आत्मा हुन्छ भन्ने मूलजड विश्वासलाई विचार गर्न आवश्यक छ, जसै उनीहरूले मानिसलाई सर्बक्षेत्रमा सेवाकाई गर्छन् । एशियाले ब्यापक भूकमरी, सुसमाचार नसुनाइएका मानिसहरू, र सरकारका विरोधहरूसंग व्यवहार मिलाउनु पर्छ ।[२५] अमेरीकीहरूले व्यक्तिवादलाई यति स्थान दिन्छन् कि उनीहरूले सबैको भलाईको लागि मण्डलीले निरन्तर रुपमा झक्झकाई रहनु पर्छ ।

तर खीष्ट नै सबैजनाको प्रभु हुनुहुन्छ । मण्डलीले व्यक्तिगत र सामूदायिक जीवनका क्षेत्रहरूमा खीष्टको प्रभुत्वलाई घोषणा र प्रदर्शन दुबै नगरे सम्म बाइबलले बताउने जस्तो रुपान्तरण आउन सक्दैन, पूरा हुनेछैन । संसारले परमेश्वरको प्रेमको बारेमा नसुने र अनुभव नगरेसम्म यसले परमेश्वरको दया करुणालाई बुझ्नमा कठिनाई हुनेछ । मण्डलीका मानिस उनीहरूको समाजमा रहेका आत्मिक, सामाजिक र भौतिक रुपमा खँचोमा परेकाहरको लागि खीष्टको प्रेमको यस्तो बलियो साक्षी हुनु पर्छ कि उनीहरूलाई देख्ने सबैले भनून् *“यी मानिससंग कस्तो प्रेमीलो र महान् परमेश्वर हुनुहुन्छ ।”*

# ८ परमेश्वरको उद्देश्यलाई पूरा गर्ने मण्डलीका विशेषताहरू

मण्डलीको एउटा ठूलो उद्देश्य भनेको सबै कुराहरूको पूर्नस्थापनाका लागि परमेश्वरको योजनाहरूको लागि पैरवी र परिश्रम गर्दै अगाडी बढ्नु हो । यो कुनै सानो काम होइन ! परमेश्वरको उद्देश्यलाई पूरा गर्ने मण्डलीहरूलाई परमेश्वरको शक्ति र चरित्रको खाँचो पर्दछ । उनीहरू उपयोगी हुन आवश्वयक पर्दछ । येशू नगरप्रमुख हुनुभएको भए उहाँको हृदयमा र

कार्ययोजनामा के कस्ता कुराहरू हुन्थे, ती कुराहरूको मण्डलीले वास्ता गर्नुपर्छ । यो भन्दा अगाडी पावलले कसरी एफिसीको मण्डलीलाई उनीहरूको मूख्य भुमिकाहरूको बारेमा निर्देशन दिएका थिए भनेर हेरेका थियौं । यहाँ यदि हामी एफिसीहरूलाई लेखिएको पत्रलाई फेरी हेर्छौं भने हामीहरू हाम्रो नगरप्रमुखको सेवामा प्रभावशाली भईरहेर उहाँद्वारा चलाईनका लागि चार आवश्यक विशेषताहरूको बारेमा थाहा गर्न सक्छौं । ती निम्न प्रकार छन् ।

१ नम्रता
२ प्रेम
३ सेवाका कामहरू
४ एकता

यसलाई "उपयोगी विशेषताहरू" भनिन्छ । यी भएमा, मण्डलीहरू परमेश्वरको कार्ययोजनामा उपयोगी तथा प्रभावशाली हुन सक्दछन् । यी नभएको खण्डमा, विश्वब्यापी एवं स्थानीय मण्डलीहरू परमेश्वरले राख्नुभएको कार्ययोजनामा असफल हुनेछन् ।

## नम्रताका विशेषताहरू (एफिसी २:१-९)

पावलले एफिसीको दोस्रो अध्यायमा हाम्रो उत्पत्तिको बारेमा याद दिलाउँदछन् । हामी साथसाथै यस संसारमा भएका सबैजना अनाज्ञाकारी भएकाले परमेश्वरको क्रोधका भागी थियौ । परमेश्वरको महान दयाको कारणले हामीहरूले त्यसबाट छुटकारा पाएका छौं । हामीहरूले असल काम गरेकाले वा योग्य भएकाले हामीले छुटकारा पाएका होइनौं । परमेश्वरले हामीलाई दिनुभएको जे जे भूमिकाहरू छन् तिनीहरूलाई ठूलो नम्रताका साथ शिरोपण गरिकन अगाडि बढ्नु पर्दछ । हामीले विगत, वर्तमान र भविष्यमा गर्ने तथा गरेका कामहरूको परिणाम स्वरुप, परमेश्वरले हामीलाई यी भूमिकाहरू दिनुभएको होइन किनकी यस योग्यका हामी छैनौं । हामी अझै विश्वासको जिवनमा ठेस लागेर लोट्न सक्छौं, अरुप्रति स्वर्थी हुनसक्छौं, र एक कमजोर साक्षी हुनसक्छौं । हामीहरू काम गर्दै जाँदा हर परिस्थितीमा, नम्रताको खाष्टो ओड्नुपर्छ । हामीहरूले काम गरेर कमाएको भूमिका यो हैन यो त परमेश्वरबाट पाएको उपहार हो । यसमा हामी धाक लगाउने योग्यका छैनौं, पावलले लेखेका छन् ।

> *किनकी अनुग्रहबाट विश्वासद्वारा हामीले उद्धार पाएका छौं, र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको बरदान हो , कर्महरूद्वारा* होइन *नत्रता मानिसले घमण्ड गर्ने छ ।*
> (एफिसी २:८-९)

नम्रताले हामीहरूलाई मण्डलीमा भएका अगुवाहरूको उच्च पदहरूलाई मात्रै आफ्नो बोलावटको रुपमा प्राथमिकता दिनबाट रोक्दछ । दक्षिण अमेरिकामा बस्ने एकजना शिक्षक साथीले भन्नुहुन्छ ।

> सेमिनारीमा म मेरो विद्यार्थीहरूलाई उनीहरूले पाएको बोलावट के हो भनेर सोध्दा खेरि, कसैले अगुवाका पदहरूलाई हेर्छन । अनि फेरि उनीहरूको मनको इच्छा के छ भनेर

जान्नका लागि फरक तरिकाले प्रश्न सोध्दा, उनीहरूले भन्ने गर्छन् कि अँ ! मलाई टुटेका परिवारहरूप्रति वास्ता लाग्छ । मलाई केटाकेटीहरूसँग काम गर्न मनपर्छ  र कसैले भन्छन, मलाई कुलतमा परेकाहरूको बिचमा काम गर्ने इच्छा छ ।[1]

यस्ता इच्छाहरू परमेश्वरबाट पाईने एउटा बरदान हो । बोलावट पाएकाहरूले घमण्ड गर्ने कुनै कारण हुदैन तर परमेश्वरले उनीहरूलाई दिनुभएको हृदयले सेवामा लाग्नु पर्छ । नम्रताले मण्डलीका विश्वासीहरूलाई पनि शर्तरहित प्रेमले सेवामा लाग्न मद्दत पुऱ्याउदछ ।

## प्रेमका विशेषताहरू (एफिसी ३:१७-१९)

पावलले एफिसी १ अध्यायमा लेखेभैं, *"मण्डली भनेको, उहाँको शरिर, उहाँको पूर्णता हो"* (एफिसी १:२३) ।  र उहाँले नै सबैथोक परिपूर्ण गर्नुहुन्छ । तपाईहरूको मनमा लाग्न सक्छ मैले जानेको मण्डली त यो होइन–उनीहरूको बीचमा असहमतीहरू हुन्छन् । यो कुरा कसरी साँचो हुन सक्छ ? एफिसीको तीनमा पावलले परमेश्वरको परिपूर्णताको बारेमा लेख्दा यसको बारेमा खुलाएर लेखेका छन् ।

> *र विश्वासद्वारा खीष्ट तिमीहरूका हृदयमा वास गरुन, र प्रेममा जडा गाडिएका र दह्निला भएर, सबै सन्तहरूसंग चौडाई, लमाई, उचाई र गहिराई के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक र ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा पाउन सक ताकी परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होऔं ।* (एफिसी ३: १७-१९)

पावललाई थाहा थियो कि प्रेम भनेको नै परमेश्वरको भरिपूर्णता हो । यस्तो किसिमको प्रेम बडो अग्लो, गहिरो, फराकिलो, र लामो हुँन्छ । हाम्रो बुझ्न सक्ने क्षमता भन्दा टाढाको हुन्छ यो । यो चाहिँ परमेश्वरको प्रेम भएको कारणले एकदम ठूलो छ । प्रेम भनेको नै यो भत्किएको संसारलाई फेरि बनाउने जुन कार्ययोजना छ, त्यसको जग हो । वास्तवमा भन्ने हो भने *"परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो कि उहाँले आफ्नो एकमात्र पूत्र दिनुभयो"* (यूहन्ना ३:१६) । यो प्रेम सबैलाई अंगाल्ने प्रेम हो । येशू खीष्टको भरिपूर्णता अर्थात उहाँको प्रेम अरुहरूको माझ प्रकट गर्न परमेश्वरको त्यो महान प्रेममा जडा गाडिएका र दह्निला भएका हौं भनिकन पावलले प्रार्थना गरेका थिए ।

मण्डलीले यस महान प्रेमलाई सधैं देखाइरहन नसके तापनि उहाँ प्रति भएको आज्ञाकारितद्वारा यो काम गर्ने क्षमता भने राख्दछ । मण्डली विश्वासद्वारा बचाइने भए तापनि आज्ञाकारितद्वारा शुद्ध पारिन्छ । येशूले भन्नुभयो, *"यदि तिमीहरू मेरो आज्ञा पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहने छौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु"* (यूहन्ना १५:१०) । येशूले आफ्नो पिताका आज्ञाहरू पालन गरे जस्तै हामीले पनि त्यस्तै गर्नु पर्दछ । जसै हामी त्यसो गर्न थाल्दछौ, परमेश्वरको प्रेम र उहाँको भरिपूर्णता अरु मानिसहरूको माझमा देखाउदछौं । यो त्यही नै प्रेम हो जुनचाहिँ सृष्टिको समयमा प्रकट गरिएको थियो । जब हामी मण्डलीले यो प्रेमलाई प्रकट गर्छौं, तब परमेश्वरको शक्ति, मण्डलीको

अभियान हाँसिल गर्नको लागि हामीलाई दिईन्छ। जब मण्डलीका सदस्यहरूले यस प्रेमलाई बुझेर प्रकट गर्न थाल्दछन्, तब मण्डलीले परमेश्वरको भरिपूर्णता र प्रेमको प्रतिनिधित्व गर्दछ।

## असल कामका विशेषताहरू (एफिसी २:१०, ४:११-१२)

सुसमाचारलाई यसको पूर्णतामा मानिसहरूकहाँ पुऱ्याउनको निम्ति *"घोषणा"* र "प्रदर्शन" दुबैको आवश्यकता पर्दछ। *"घोषणा"* अर्थात प्रचार गर्नु या सिकाउनु, यो आवश्यक छ। परमेश्वरको प्रेमको *"प्रर्दशन"* नभएसम्म सुसमाचार सुनाउनमा बाधा आउँछ। *"प्रर्दशन"* भनेको नै परमेश्वरको प्रेमलाई व्यवहारमा देखाउनु हो। यसले परमेश्वरको वास्तविकतालाई "प्रर्दशन" गर्नुका साथै सुसमाचारलाई मान्यता प्रदान गर्दछ। सृष्टिको शुरुवात देखि नै परमेश्वरले हाम्रो निम्ति तयार गर्नुभएको ती विशेष एवं असल कार्यहरू गर्नका लागि नै हामी मण्डलीहरूलाई ख्रीष्टमा जिवित पारिएको हो। वास्तवमा भन्दाखेरि मण्डलीले आफूले गर्न चाहेका असल कामहरूको सूची बनाई परमेश्वरसंग प्रार्थना गरिकन आशिष माग्नको सटोमा परमेश्वरले राखिदिनु भएको ती असल कामहरू गर्नुपर्दछ। प्रेरित पावलले लेखेका छन्।

> *"किनकी हामीहरू असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका शीप हौं। हामी ती बमोजिम् हिडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटनै ती तयार गर्नुभएको थियो।"* (एफिसी २:१०)

असल कार्यहरू भनेको सुसमाचार प्रचारको लागि नभई नहुने एउटा अंश हो। यो एउटा यस्तो व्यवहारिक उपाय हो जसद्वारा परमेश्वरले मण्डलीलाई आफूले राख्नुभएको कार्ययोजना पूरागर्न र सबै कुराहरूको मिलापको लागि चलाउनुहुन्छ।

- मण्डली आफ्नो शिर, ख्रीष्टसँग संचारमा रहेको खण्डमा ती कार्यहरूको सिर्जना हुन्छ।
- मण्डलीले परमेश्वरको कार्ययोजनालाई खोजेर काम गरेको अवस्थामा ती कामहरूको पहिचान हुँदछ।
- मण्डलीले आफ्नो भित्र तथा बाहिरका कुराहरूलाई केलाएर हेर्दा आभाष गरेको आवश्यकताहरूबाट असल कामको शूरुवात हुने होइन। ख्रीष्ट जसले आभाष गरिएका आवश्यकताहरू र वास्तविक आवश्यकताहरूको अन्तर के छ भनेर जान्नु हुँदछ, उहाँले नै प्रकाश दिएर यी असल कामहरूको पहिचान हुँदछ।[२]
- मण्डलीले कुन कुन असल कामहरू गर्ने भनि निर्णय गरे पश्चात परमेश्वरसँग यसको लागि आशिष माग्ने किसिमको कामहरू भने यस्तो काम होइन।
- परमेश्वर स्वयंले नै मण्डलीलाई देखाई दिनुभएको, अगुवाई गरिदिनुभएको र ती कामहरू गर्न शक्ति दिनुभएका कार्यहरूलाई नै उहाँले आशिष दिनुहुन्छ र आफ्नो कार्ययोजना पुरा गर्नको लागि प्रयोगमा ल्याउनुहुन्छ।

पावलले अगुवाहरू अर्थात प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, पाष्टरहरू, तथा शिक्षकहरूका लागी सेवाकाईलाई पाँच भागमा विभाजित गरेका छन् । तापनि उनले उनीहरू सबैजनाको लागि हुनेगरि एउटा मात्र यस्तो कामको बारेमा लेखेका छन् जुन चाहि हो खीष्टको शरिर निर्माण होस् र *"सेवाको काम गर्न सन्तहरू सुसज्जित होउन्"* (एफिसी ४: १२) । एक मण्डलीको अगुवाको सेवाकाईको निम्ति जे बरदान वा बोलावट भए तापनि यसबाट परमेश्वरको जनहरू असल कामका लागि निर्माण भईकन सुसज्जित भएको हुनुपर्छ । यस खण्डले भन्न खोजेका कुराहरू ज्यादै स्पष्ट तथा चुनौतिपूर्ण छ : *"यदि मण्डलीका अगुवाले गरेका कामहरूबाट यसका सदस्यहरू सेवाको निम्ति सुसज्जित हुन सक्दैनन् भने अगुवाहरूले उनीहरूलाई परमेश्वरबाट खटाईएको काम पुरा गरेको मान्न सकिदैन"*।

हामीले खीष्टको सेवा गर्ने भावनालाई नदर्शाएसम्म सुसमाचार अधुरो नै रहन्छ । *"हामी आफ्नै प्रचार गर्दैनौं तर येशूको खातिर हामी तिमीहरूका दास भएर येशू खीष्टनै प्रभु हुनुहुन्छ भनि प्रचार गर्छौं"* (२ कोरिन्थी ४:५) । कामहरूलाई समावेश नगरेको सुसमाचार एक पूर्ण सुसमाचार हुदैन । यस्तो सुसमाचराको, ब्यक्तिहरूलाई परिवर्तन गर्ने शक्ति हुन सके तापनि, पुरै समाजलाई भने परिवर्तन गर्नसक्दैन । एक पूर्ण सुसमाचारले मात्रै यी दुवै कामहरू गर्नसक्दछ । म तपाईलाई निम्न प्रश्नहरू आफैलाई सोध्नको लागि प्रोत्साहन दिन चाहन्छु ।

- के हाम्रो मण्डलीले असल कामहरूका लागि अफ्ना सदस्यहरूलाई तैयार पार्दछ त ?
- के हाम्रो मण्डली असल कामहरूको लागि चिनिन्छ ?
- के हामी परमेश्वरलाई असल कामहरूको लागि हामीलाई अगुवाई गर्न दिन्छौं ?

## एकताको विशेषता (एफिसी ४:१-६,१२)

परमेश्वरले मण्डली भित्र निर्माण गर्नुभएको चंगाईको संभावनाको अविश्वस्नीय शक्ति हुँदछ । यस निकोपार्ने शक्तिले विभिन्न जातजाति, सांस्कृतिक, अर्थतन्त्र तथा राजनैतिक भिन्नताहरूबाट आएका मानिसहरूलाई संगसंगै ल्याउँदछ । मण्डलीका यी सारा भिन्नताहरूलाई निको पार्ने वा मेट्ने क्षमता परमेश्वरको कार्ययोजना र उहाँले मण्डलीहरूप्रति राख्नु भएको उद्देश्यको एउटा भाग हुन आउँदछ । त्यो उद्देश्य तब मात्र प्राप्त गर्न सकिन्छ जब मण्डली एकतामा रहन्छ । पावलले एफिसीको मण्डलीलाई एकतामा रहन भनि आग्रह गरेका थिए ।

> *"यसकारण म एक परमप्रभुको निम्ति कैदी तिमीहरूलाई आग्रहपूर्वक विन्ती गर्छु, कि जुन बोलाबाटमा तिमीहरू बोलाईएका छौ त्यही योग्यको जीवन यापन गर । सारा दीनता, नम्रतमा र धैर्यसंग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर । शरिर एउटै छ र पवित्र आत्मा तिमीहरूको*

*बोलावटसँग गाभिएको छ, एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा हामी सबैका एउटै परमेश्वर र पिता, जो सवैमाथि, सबैका मध्ये र सबैमा हुनुहुन्छ ।"* (एफिसी ४:१Đ२)

तत्पश्चात पवालले एकता र सेवाको कामहरूको सम्बन्ध के छ भनि बताए । पवालले यसो भनि लेखे कि *"मण्डलीका अगुवाजनहरूले विश्वासमा सबैजना एक नभएसम्म खीष्टको शरीर निर्माण गरि सेवाको कामहरू गर्न सदस्यहरूलाई सुसज्जित पार्न पर्छ"* (एफिसी ४:१२Đ१३) ।

खीष्टयनहरूको एकतालाई एउटा बरदान तथा कामको रुपमा व्याख्या गरिएको छ ।[३] साँच्चिनै मैले खीष्टको शरिरमा एकता देख्ने इच्छा राखेको छु । बषौंसम्म मण्डलीहरूले सिद्धान्तका कुराहरूको बारेमा सहमतीमा पुग्नको लागि सभाहरू राखेर एकता कार्य गर्ने कोशिष गरेको मैले देखेको छु । कहिलेकाही यसले अझै ठूलो भिन्नतालाई निम्तायो । हामीले राख्ने तालिम सम्बन्धि सभा सम्मेलनहरूमा भने परमेश्वरले हामीलाई एकता प्राप्त गर्ने एउटा निश्चित उपाय भनेकै उहाँका जनहरूले सेवाका कामहरू संगसंगै मिलेर गर्नु हो भनि देखाउनुभएको छ ।

हाम्रो तालिम सम्मेलनहरू परमेश्वरको प्रेम आफ्नो समुदायमा कसरी प्रस्तुत गर्ने भन्ने उद्देश्यले तैयार गरिएका हुन्छन् । विभिन्न सम्प्रदायबाट आएका स्थानिय अगुवाहरू यस सम्मेलनमा भाग लिन्छन् । उनीहरू एक अर्काको अगाडी पर्दा खेरि म यस्तो सुन्ने गर्छु, "हामी एक अर्कालाई हाम्रो आफ्नो ख्यातीको कारणले चिने पनि कहिल्यै भेटने मौका भने भएको थिएन । हामीहरू रुढिवादी प्लाईमाउथ ब्रेदर्न (PLYMOUTH BRETHERN) हौं । तपाईहरू उदारवादी

ब्याप्टीष्ट भएको हुनाले हामीहरू दुबैले एउटै शहरमा लामो समयदेखि सेवाकाई गर्दै आएको भए तापनि एक अर्कासंग मिलेर काम गर्नुपर्ने कुनै कारण देख्दिन । यस्तो भए तापनि उनीहरूले परमेश्वरको प्रेमलाई यस टुटेको संसारमा कसरी देखाउने भन्ने कुरा सिकेपछि मात्रै सहमतिमा आएका थिए ।

उपयोगी हुनको निम्ति मण्डलीसंग एकताको विशेषता हुन आवश्यक पर्छ । आखिरमा भन्ने हो भने मण्डली चाहिँ पहिला एक आपसबाट अलग भएका मान्छेहरूबाट मिलेर बनेको हुन्छ जस्तै यहुदिबाट अन्यजातिहरू, स्वदेशीबाट परदेशी, ग्रहण गरिएकाहरूबाट नगरिएकाहरू अलग थियौं । येशू खीष्टमा भने हामीहरू सबै एउटा नयाँ समुदायको रुपमा सिर्जना गरिएका छौ, परमेश्वरको घरानाका सदस्यहरू भएका छौं, पवित्र मन्दिरको रुपमा हामीहरू संगसंगै बाधिएका छौं । यहाँ परमेश्वर स्वयंम वास गर्नुहुन्छ । पावलले एकता कस्तो हुन्छ भनेर एउटा

शब्दचित्र दिएका छन् : *"दुइमा एक", "एक नयाँ मानिस"* , *"एउटै नागरिक", "सगै बनिएका"* (एफिसी ४:११Ð१२) । उनले मण्डलीलाई एकतामा रहन अनुरोध गरे । पिता, पुत्र, र पवित्र आत्माको त्रिएकत्व हाम्रो लागि एउटा एकताको उदारण हो जुन सबै भन्दा शुरुमा थियो ।

संसारमा भएका मानिसहरूले हामी खीष्टयानहरू विचको एकताको कमीलाई देखेर हामीलाई पाखण्डी भनेर ठीकै भन्दछन् । मण्डली बाहिरका मानिसहरूले एकताको कमी देखेर प्रभुलाई, मण्डलीलाई र मण्डलीले गरेका असल कामहरूलाई विश्वास नगर्ने एउटा बाहाना बनाउँदछन् । मण्डली भन्दा *बाहिर* त्यो परिर्वतन गर्न सक्ने शक्तिलाई खोज्न भन्दा पनि पहिला मण्डली *भित्रनै* त्यसको उत्तर खोज्नुपर्दछ । मण्डली *भित्रको* एकताले स्थानीय मण्डलीहरू बीच एकता ल्याउँदछ ।

एकता भनेको हामी उपयोगी हुनको लागि नभई नहुने आवश्यक विशेषता हो । जब मण्डलीले खीष्टको सेवाको बोलावटलाई सुन्छ र पालन गर्छ तबमात्र एकता शक्तिशालीरुपमा देखिदछ । मण्डलीबीच भएको एकताको शक्ति संसारमा भएका कुनैपनि शक्तिहरूभन्दा बलियो हुन सक्दछ ।

## परिपक्कतातिर लम्कनु

एफिसीको पत्रले हामीलाई भन्दछ कि परिपक्कता भनेको नम्रता, प्रेम र सेवाबाट उत्पन्न हुने एक फल हो । यस किसिमको परिपक्कता हामीले कमाएको ज्ञान वा हामीसंग भएको समझशक्ति वा बुझाईहरू भन्दा पनि बढी हुन्छ । मण्डलीका परिपक्क मानिसहरूलाई परमेश्वरको सत्यताको बारे मात्र ज्ञान नभई त्यो भन्दा बढी थाहा हुनपर्छ । उनीहरू खीष्टमा गहिरो गरी जडा गाडिएका हुन्छन् र परमेश्वरको राज्यको सुसमाचार र त्यसको सान्दभिकतालाई प्रस्तुत गर्दछन् ।

चेलापन कार्यक्रमहरूबाट खीष्टयन परिपक्कताको विकासगर्ने लक्ष्य राखिएको भए तापनि यस्ता धेरै कार्यक्रमहरू बाइबल अध्ययन, प्रार्थना, खीष्टीयन चरित्रहरू र पवित्र जीवन बारेमा मात्रै केन्द्रित रहेका हुन्छन् । उनीहरूले असल कामहरूको बारेमा बिर्सदछन् जसलाई पावलले परिपक्कतामा दुनियाका लागि आवश्यक ठानेका थिए । चेलापनका सामाग्रीहरूले परिपक्कताको विकासको लागि असल कामहरूमा उत्तिकै जोड नदिईकन आत्मीकी कुराहरूमा मात्र जोड दिएको बुझिन्छ । निश्चय पनि यी चेलापनको सामाग्रीहरू बनाउने मान्छेहरूलाई असल कामको महत्वबारे थाहा हुँन्छ । उनीहरू जान्दछन कि आफ्नो परमेश्वरलाई र छिमेकीलाई प्रेम गर्नु नै सारा *व्यवस्था र अगमबक्ताको पुस्तकहरूको* सार हो (मत्ती २२:४०) । तर पनि उनीहरूले तैयार गरेका पुस्तकहरू पढ्दाखेरी उनीहरूले परमेश्वरको प्रेमलाई कसरी व्यवहारिक रुपमा अरुहरूको माझमा प्रकट गर्न सकिन्छ भन्ने कुरामा त्यति जोड दिएको देखिदैन जुनचाहि दुभाग्यपूर्ण वेवास्ता हो ।[४] ताथापि अघि हामीले बाइबलमा हेरे जस्तै बाइबलले मण्डलीका अगुवाहरूलाई उनीहरूले *परमेश्वरका जनलाई सेवाको कार्यको निम्ति तैयार गर्नु* पर्दछ भनेर

बताउँदछ । यसप्रकार तैयार भईकन परमेश्वरका जनहरू *"ख्रीष्टमा सम्पूर्ण रितीले परिपूर्ण भएर परिपक्क बन्दछन्"* (एफिसी ४:१२Ð१३) ।

ग्रीक भाषामा परिपक्क शब्दको सम्बन्ध मानिसको शारिरीक विकासको क्रममा उत्पन्न हुने बल शक्तिसंग जोडिएको छ । पवित्र आत्माले पावलद्वारा मण्डलीलाई यस्तो किसिमको परिपक्कता र शक्ति कसरी प्राप्त गर्ने भनेर बताउनुभयो । यो चाहि परमेश्वरले हाम्रो अघि राखिदिनुभएको काम गर्दा उत्पन्न हुन्छ, जुन कुरा हामीसंग भएको नम्रता र प्रेमको कारणले गर्दा सम्भव भएको छ । यसको अन्तिम परिणाम भनेको एकता, परिपक्कता र ख्रीष्टमा परिपूर्णता हुन्छ ।

यस कुरालाई सांराशमा एउटा गणितीय सुत्रमा देखाउन चाहन्छु ।

नम्रता<br>
+ प्रेम<br>
+ सेवाका कामहरू

---

= एकता<br>
+ परिपक्कता<br>
+ ख्रीष्टको परिपूर्ण

## आन्तरिकरुपमा सुहाँउदो जीवनशैली–नम्रता, प्रेम र सेवा

पावलले एफिसीका विश्वासीहरूलाई आफ्नो पत्रमा प्रेमलाई कसरी व्यवहारिक्तामा उतार्न सकिन्छ भनेर बताएको कुरालाई हेर्दै हामी अगाडी बढ्नेछौं ।

पावलले आफूले लेखेको पत्रलाई पढनेहरूले आन्तरिकरुपमा एक सुहाउँदो जीवन जिएको चाहन्छन । प्रेम र सेवाका सिद्धान्तहरू ख्रीष्टको शरिरमा मात्रै नभई मण्डलीको चारघेरा भन्दा बाहिर पनि लागू हुन जरुरी छ । यदि मण्डलीको आन्तरिक जीवनमा कुनै पनि प्रेम छैन भने बाहिरका कुराहरूलाई परिवर्तन गर्न सक्ने क्षमता थोरै मात्र हुँन्छ । जीवनशैलीका सिद्धानतहरूबारे लेखे पश्चात पावले उनका पाठकहरू नम्रता, प्रेम र सेवामा लागेर उनीहरू एकता, परिपक्कता, र ख्रीष्टको परिपूर्णतामा बढुन भन्ने उद्धेश्य लिएर यस सिद्धान्तलाई

व्यवहारमा कसरी उतारिन्छ भनेर लेखेका थिए । पावलले उनीहरूलाई र हामीलाई दिएका निर्देशनहरू यस प्रकार छन् ।

- परमेश्वरको धार्मिकता र पवित्रतालाई दर्शाउनु/शरीरको अभिलाषाहरूलाई पुरा गर्न नखोज्नु ।
- सत्य बोल्नु र एक अर्कालाई नढाँटुन ।
- हरेक दिन एक अर्कालाई क्षमादिनु ।
- मिहेनतसाथ काम गर्नु र खाँचोमा परेकाहरूलाई दिनु । जुन कुरा आफ्नो होइन, त्यो नलिनु ।
- अरुलाई उत्साह मिल्ने कुरामात्र बोल्नु । अरुलाई निरुत्साहित पार्नेकुरा नबोल्नु ।
- पवित्र आत्माले भनेका कुराहरू सुन्नु र गर्नु । पवित्र आत्मालाई चोटपुग्ने काम नगर्नु ।
- दया र करुणाले भरिएर अरुलाई क्षमा दिनु । उनीहरूको बिरुद्धमा भएको घृणालाई नहुर्काउनु र कुभलो नचिताउनु ।
- परमेश्वर जो प्रेम हुनुहुन्छ, उहाँको नकल गर्नु र खीष्टले कुसमा देखाएको प्रेमलाई झल्काउनु ।
- कुनै पनि किसिमको व्यभिचार र लोभका सौँचहरूलाई मनमा आउनै नदिनु ।
- तपाईहरूले गर्ने कुराकानी धन्यबाद दिने कुराले भरिएको होस् ।
- अश्लिल, अशिष्ट तथा अरुलाई तलपार्ने किसिमको कुरा वा व्यंग नगर्नु ।
- अशुद्धता र लोभलाई मूर्तिपूजको नाम दिईएको छ र त्यसलाई रोज्नेहरूको लागि परमेश्वरको परिवारमा कुनै हक हुदैंन भन्ने कुरा याद राख्नुस् ।
- अनाज्ञाकारीताको कामहरू नगर्नुस् । बरु आफू अनाज्ञाकारी भएको कुराहरूलाई देखाउनुहोस् ।

- हरेक परिस्थितीमा परमेश्वरले उहाँको इच्छा पूरा गर्न खोज्ने मौका दिनुहुदाँ त्यस मौकालाई नगुमाउनुस् ।
- मदिरापान नर्गनुहोस् बरु त्यसको साटो परमेश्वरको आत्माले भरिपूर्ण हुनुहोस् ।
- एक अर्कासंग वचनबाट केही बाढनोस् । सगसंगै र आफ्नो हृद्यमा आत्मिकी गीतहरू गाउनोस् ।
- तपाईको जीवनको प्रत्येक क्षेत्रमा परमेश्वरले दिनुभएको आशिषहरू प्रति धन्यवादी हृद्य भएर यसो गर्नुहोस् ।
- आफ्नै योजनामा धेरै जोड नदिनुहोस् । खीष्टप्रतिको आदरमा बसेर एक अर्काको अधिनमा रहनुहोस् । परिवार भएकाहरू हो, यसलाई अरुको अघि नमूनाको रुपमा देखाउनुहोस् ।

पत्नीहरू हो, आफ्नो श्रीमानको अधिनमा रहनुहोस् । पतीहरू हो, खीष्टले आफ्नो दुलही अर्थात मण्डलीप्रति गरेको बलिदानको नकल गर्नुहोस् । छोराछोरीहरू हो, आमाबाबुले भनेको मान । बुबाहरू हो, आफ्नो छोराछोरीबाट सुहाँउदो अपेक्षा राख्नुहोस् र आफ्नो छोराछोरीलाई खीष्टको राज्यको छोराछोरी जस्तै भएर जिउनको निम्ति तालिम दिनुहोस् ।

- कामदार हो, खीष्टको निम्ति काम गरे जस्तै सम्झिेर अरुको सेवा गर् । तिमीहरूको अन्तिम इनाम खीष्टबाट मात्र आउँदछ । सुपरिवेक्षकहरू हो परमेश्वर जस्तै होऔं । पक्षपात विना व्यबहार गर । तिमीहरूलाई र तिमीहरूले सुपरिवेक्षण गर्ने कामदारलाई एकै नापले नै खीष्टले न्याय गर्नु हुनेछ । (एफिसी ४:१७Ð६M९)

पावलले आफ्नो पत्रलाई टृङ्गयाउन भन्दा अघि उनका पाठकहरूलार्य याद दिलाउदछन् कि परमेश्वरले चाहेको जस्तो मण्डली हुने सुअवसर भने कम चुनौतीपूर्ण छ भन्न मिल्दैन । दुश्मनले राम्ररी जान्दछ कि मण्डली भनेको परमेश्वरले राख्नुभएको त्यो बृहत योजनालाई पूरा गर्ने र त्यसलाई कार्यान्वयन गर्ने परमेश्वरले छान्नुभएको एक साधन हो । लडाई चाहिँ ज्योति र अन्धकारको शक्तिहरूको बीचमा हुदँछ । यसको परिणाम भने हरेक पुस्तामा, ठूलो मात्रामा, मण्डली, खीष्ट र उहाँको इच्छाहरू प्रति मण्डली कतिको समर्प्रित छ, त्यसमा भर पर्दछ । दुश्मनले हरेक किसिमका शक्तिहरू र धुर्तताहरूको सहायताले मण्डलीलाई आक्रमण गर्न सक्छ । शैतानलाई थाहा छ कि यदि त्यसले मण्डलीमा विभाजन ल्याएमा मार्गदिशालाई बदलिदिएमा वा मण्डलीलाई भ्रष्ट तुल्याएमा परमेश्वरको कार्ययोजनामा एकछिनको लागि भए पनि रोक लगाउन सक्छ ।

मण्डलीलाई आइलाग्ने यस युद्धको सामना गर्नमा मद्दत दिन पावलले यहाँ सुरक्षात्मक तथा आक्रमक युद्धको तयारी गरेका छन् । उनले आफ्ना पाठकहरूलाई परमेश्वरको सारा हातहतियार धारण गर्न निर्देशन गरेका छन् ।

- रक्षात्मक हतियार –सत्यता, धार्मिकता, विश्वास, हामीले पाएको मुक्तिमा आत्मविश्वास
- आक्रमक हतियार– परमेश्वरको बचन, पवित्र आत्मा, अनि प्रार्थना

## आशाको लागि कारण

हाम्रो पुस्ताको मण्डलीले एफिसीहरूलाई लेखेको अन्तिम सन्देशप्रति ध्यान दिनु पर्दछ । यो सन्देश पावलबाट नआई सिधा खीष्टबाट आउँछ । बाइबलको अन्तिम पुस्तक प्रकाशमा यस कुरालाई उल्लेख गरिएको छ ।

प्रभुले एफिसीको मण्डलीले गरेका कामहरू उनीहरूको मिहिनेत, दृढ्ता, अईश्वरीय व्यवहारप्रतिको असहिष्णुता, सत्य र झुठको फरक छुटयाउन सक्ने क्षमता र कठिन परिस्थितिमा सहनशिल हुने तत्परताको बिषयमा लिएर प्रशंसा गर्नु भएको थियो । खीष्टले एफिसीहरूलाई उनीहरूले खीष्टप्रतिको त्यो पहिलो प्रेम गुमाएकोमा चेतावनी दिनुभएको छ । हुन सक्छ यस मण्डलीले खीष्टप्रतिको त्यो बलियो प्रेमलाई गुमाएको थियो जुन प्रेमले उनीहरूलाई प्रभुको *सबै*

*कुराहरूको* पुर्नस्थापना गर्ने याजनालाई पुरा गर्नको लागि नथाकिकन लागिरहन शक्ति दिन सक्थयो, जसले परमेश्वरलाई खुशी तुल्याउने थियो । ख्रीष्टले एफिसीको मण्डलीलाई यदि उनीहरू त्यो पहिलो प्रेममा नफर्केमा ख्रीष्टले उनीहरूको सामदान अर्थात यसको उपयोगीतालाई हटाइदिने चेताउनी दिनुभयो (प्रकाश २:१Ð७) ।

आजको मण्डली आफ्नो त्यो पहिलो प्रेमबाट फर्कदाखेरी परमेश्वरले हामीलाई मद्दत गर्नुभएको होस् । उहाँले हाम्रो परमेश्वरको आज्ञा पालन गर्ने र उहाँलाई प्रेम गर्ने त्यो गहिरो इच्छालाई पूर्नताजा पारिदिनु भएको होस् । धर्मशास्त्र स्पष्ट छ । मण्डलीलाई चट्टानमाथि स्थापित *गरिनेछ* र नरकका ढोकाहरू त्यसमाथि विजयी *हुने छैनन्*  (मत्ती १६:१८) ।

यद्यपि परमेश्वरका जनका पुस्ताहरूले, जसले परमेश्वरले दिनुभएका ती आज्ञाहरूप्रति प्रतिक्रिया देखाउदैनन्, उनीहरूले परमेश्वरले दिन चाहनुभएका आशिषहरूलाई गुमाउने छन् । मिश्रीहरूको दासत्वबाट छुटकारा पाएका पुस्ताले परमेश्वरले प्रतिज्ञा गर्नुभएको पैत्रृक अधिकार पाउन सकेनन् । उनीहरू आफ्नो दुश्मनमाथि हातहाल्न देखि डराए र परमेश्वरले त्यो ठाँउ कब्जा गर्न दिनुभएको आज्ञालाई उनीहरूले सुनेनन् (व्यवस्था १:२१Ð३४) । हेरक पुस्ताका मण्डलीको र हरेक स्थानीय मण्डलीको प्रभुको आगमन नभएसम्म कब्जा गरिरहने जिम्मेवारी छ (लुका १९: १३)  यो चाहि इच्छाको कुरा हो । हामी जहाँ छौं त्यही नै बसिरहन सक्छौं वा परमेश्वरले हाम्रो लागि राखिदिनुभएको उद्देश्यको आज्ञापालनमा अलि अगाडी बढ्न सक्छौं ।

> *यो कार्य असम्भवजस्तै देखिए तापनि उहाँको शक्तिले हामीभित्र काम गरेकोले यो असम्भव छैन । उहाँलाई जसले हामीभित्र काम गर्ने शक्तिको अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रमा गर्न सक्नुहुन्छ, उहाँलाई नै पुस्ता–पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस ! आमेन ।* (एफिसी ३:२०Ð२१)

यो परमप्रभुलाई मिठो शब्दहरूमा चढाईएको प्रशंसा हो । यसले हामीलाई परमेश्वरको मण्डलीद्वारा, हामीद्वारा गरिने कामको अविश्वसनीय शक्तिको याद दिलाउँदछ । याद गर्नुहोस् की मण्डलीमा महिमा र ईश्वरको पुत्रमा भएको महिमा एउटै हो ।

परमेश्वरको महिमाको सम्बन्ध उहाँको शक्तिसंग पनि छ । परमेश्वरको शक्ति, उहाँको स्वरुप झल्किएमा  आउँदछ  अर्थात उहाँको  आज्ञा मानेमा । येशू ख्रीष्टलाई मृत्युबाट जिवीत पारेको त्यही नै शक्ति आज हामी मण्डलीको लागि उपलब्ध छ तर त्यस शक्तिको तबमात्र लाभ उठाउन सक्छौं जब हामी परमेश्वरको इच्छालाई पुरा गर्छौं । उहाँको उद्देश्यहरू प्राप्त गर्नका

निम्ति उहाँको शक्तिले हामीभित्र काम गर्दछ र यसका परिणामहरू अनन्तको लागि हुन्छन् । उनीहरू सधैंका लागि हुन्छन् । कस्तो महिमामय आशा ! यहि नै आशाको कारण हो ।

प्रायजसो हाम्रो आशाका कारणहरू गलत कुराहरू अर्थात देख्न सकिने फलहरूमाथि हुन्छन् । परमेश्वरको राज्यमा फल भनेको मानिसले आफ्नो प्रयासले हाँसिल गर्न सक्ने स्वभाविक परिणामहरू नभई परमेश्वरको अनुग्रहको फल हो । हाम्रो आशा यस आत्मविश्वासमा आधारित हुन पदर्छ की हामी उहाँले गर्नुभएको प्रतिज्ञाहरू पुरा भएको देख्नको लागि बाँचे वा मरे तापनि उहाँले पुरा गर्नुहुनेछ । हिब्रू ११ ले हामीलाई याद दिलाउँदछ कि हाम्रा विश्वासका कतिपय नायकहरू उनीहरूलाई गरिएको प्रतिज्ञाहरू पुरा गर्नुहुन्छ भनि ती पुरा भएको नदेखिकननै भरोसामा आफ्नो सम्पूर्ण जिवन बिताए । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले गर्नुभएको प्रतिज्ञा पुरा गर्नुहुन्छ भनि हामीले विश्वास गर्नुपर्छ । परमेश्वरको राज्यमा यस्तै किसीमको विश्वासलाई नै परमेश्वरले धार्मिकताको रुपमा कदर गर्नुहुन्छ र अन्तत्वगत्व पुरस्कृत पनि गर्नुहुन्छ ।

यदि हामी आँखाले देख्न सकिने फलहरूमाथि आफ्नो आशा राख्छौं भने फलहरू नदेख्दा हरेस खान सक्छौं । यदि हामी हाम्रो आशा परमेश्वरको प्रतिज्ञाहरू पुरा गर्ने विश्वासयोग्यतामा राख्छौं भने दुश्मनले हाम्रो चारैतिर आधिबेहरी ल्याएपनि ख्रीष्टको प्रभुत्वलाई घाषेणा गर्दै जिउनेछौं । यस्तो किसिमको आशाले अरुले मृत्यु देख्दा खेरि हामीलाई जिवन देख्न आँखा खोल्दछ । यो यस्तो अलौकिक क्षमता हो जसले आशाविहीन अवस्थाहरूमा पनि हामीलाई साहस र आशा दिंदछ, जुन कुरालाई अरुले देख्न सक्दैनन् । यो यस्तो क्षमता हो जसले “बाटोमा चर्केको ठाँउबाट फुल उम्रिएर फकिएको देख्न सक्दछ, घृणा र शत्रुताले दविएर रहेको आवस्थामा क्षमाका शब्दहरूलाई सुन्न सक्दछ, मृत्यु र विनासले ढाकिएको आवस्थामा पनि एउटा नयाँ जीवनको महशुस गर्न सक्दछ ।”

जसै हामी परमेश्वरको कार्ययोजनामा सहकार्य गर्दछौं, हामीले कल्पना गर्न सक्ने वा माग्ने भन्दा असाध्यै बढी गरेर उहाँले दिनुहुन्छ । उहाँको कार्ययोजना ठूलो छ तर उहाँ अझै ठूलो हुनुहुन्छ । उहाँको आफ्नो कार्ययोजना पुरा गर्ने शक्ति हाम्रो सपनाभन्दा धेरै टाढा छ । परमेश्वरले आफ्नो शरीरलाई एकतामा ल्याएर, उहाँको पूर्णतामा ल्याएर, हाम्रो भाँचिएको मनलाई जोडेर, हाम्रो भाँचिएको देशलाई पनि जाडेर आफ्नो त्यो वृहत कार्य योजनालाई पुरा गर्ने इच्छा गर्नुहुन्छ । ख्रीष्टले हामीसबैलाई उहाँको बुद्धि, प्रेम, र शक्तिले भर्नुभएको होस् ताकि उहाँको आगमन फेरि नहुन्जेल हामी उहाँको उद्देश्य प्रति सेवारत रहेका होऔं । हामी मण्डलीले उहाँको त्यो बृहत

कार्ययोजनामा खेल्न सक्ने भूमिका देखेका होऔं । हामी आफैलाई नम्र तुल्याएका होऔं, पश्चताप गरेका र सेवा गरेका होऔं । परमेश्वरले हाम्रो भूमीलाई निको पारी पूर्नस्थापना गर्नुभएको होस् । परमेश्वरले सबै कुराहरूलाई मेलमिलापमा ल्याउने आफ्नो त्यो योजना तथा प्रतिज्ञाको विश्वासयोग्यका साथ कदर गर्नुहुन्छ भन्ने बढ्दो विश्वास हामीलाई दिई रहनुभएको होस् । हामीले हाम्रो वरिपरि भएकाहरूलाई नम्रता, प्रेम, भलाईका कामहरू तथा सेवाका साथ व्यवहार गरेका होऔं । यी उपयोगीताका विशेषताहरूले येशू खीष्टको मण्डलीलाई एकता, परिपक्कता र खीष्टको पूर्णता देखाउने क्षमतामा ल्याएको होस् । उहाँको राज्य जस्तो स्वर्गमा छ त्यस्तै यस पृथ्वीमा आएको होस् । [५]

## भलाईका कामहरुकोलागि बोलावट–"मलाई तिमीले गरेका कामहरु थाहा छ।"

"म **तिम्रा कामहरु**, मेहनत र तिम्रो दृढतालाई जान्दछु। ..........म **तिम्रा कामहरु** तिम्रो प्रेम अनि विश्वास, तिम्रो सेवा र दृढतालाई जान्दछु, र अहिले तिमीले पहिले गरेका भन्दा अझ धेरै गरेका छौ ...........म तिमीलाई **तिमीले गरेको काम** अनुसार ईनाम दिनेछु..........
मलाई **तिम्रा कामहरु थाहा छ** ......मैले मेरो परमेश्वरको सामू तिम्रा कामहरुलाई पूर्ण पाएको छैन .......म **तिम्रा कामहरु जान्दछु**। हेर, मैले तिम्रो आँखा अगाडी कसैले बन्द गर्न नसक्ने खुल्ला ढोका राखिदिएको छु.........म **तिम्रो कामहरु जान्दछु** की तिमीहरु नता तातो त चिसो नै छौ।"

– येशू खीष्ट यूहन्नालाई मण्डलीहरुका लागि (प्रकाश, अध्याय २ र ३ बाट छानिएको)

"पश्चाताप गरेर परमेश्वरतिर फर्क र **आफ्ना पश्चाताप योग्यका कामहरु गर** भनि मैले प्रचार गरें।" – पावल, राजा अग्रिपासंग बोलेका (प्रेरित २६:२०)

"उहाँको नाँउका खातिर **विश्वासद्वारा आउने आज्ञापालन** सबै जातिहरुका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितका काम पाएका छौं।"

– पावलको रोमीहरुलाई अभिवादन (रोमी १:५)

"किनकी उहाँले हरेक मानिसलाई **उसको काम अनुसार ईनाम** दिनुहुनेछ। **धैर्यसंग असल काम गरेर** महिमा, ईज्जत र अमरत्व खोज्नेहरुलाई चाँहि उहाँले अनन्त जीवन दिनुहुनेछ।"

– पावल, रोमीहरुलाई लेखेका (रोमी २:६,७)

"किनभने वचन र कामले अन्यजातिहरुलाई आज्ञाकारी बनाउनलाई खीष्टले म द्वारा जे गर्नुभएको छ ती बाहेक कुनै बिषयमा बोल्ने आँट म गर्दिन। यो काम चिन्हहरु र आश्चर्यकर्महरुको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु।"

– पावल, रोमीहरुलाई (रोमी १५:१८,१९)

"**परमेश्वरको आज्ञापालन** मूख्य कुरा हो।"

– पावल, कोरिन्थीहरुलाई (१कोरिन्थी ७:१९)

"एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो, **प्रेमद्वारा काम गर्ने विश्वास**।"

– पावल, गलातीहरुलाई (गलाती ५:६)

“हाम्रो परमेश्वर पिताको सामून्ने हाम्रा प्रभु येशू खीष्टमा **तिमीहरुका विश्वासको काम**, **प्रेमको परिश्रम** र आशाको धैर्य निरन्तर सम्झन्छौं ।
– पावल, थेसलोनिकीहरुलाई अभिवादन गर्दै (१ थेसोलोनिकी १:३)

“तर **बचन पालन गर्ने होओ**, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेऔं ।”
– याकूब, संसारभरि छरिएर रहेका यहुदी, यहुदी खीष्टयानहरुलाई लेखेका (याकूब १:२२)

“परमेश्वर र पिताको अगाडी शुद्ध र पवित्र धर्म यही हो । **अनाथ र विधवाहरुलाई** तिनीहरुको कष्टमा हेरचाहा गर्नु....।” – (याकूब १:२७)

“हामी एउटाले अर्कालाई **प्रेम र असल कामको निम्ति** कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं ।” – हिब्रुका लेखक (हिब्रु १०:२४)

“**भलाई गर्ने काममा** हामी नथाकौं किनभने हामी हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं । यसकारण मौका पाएअनुसार हामी सबै मानिसको **भलाई काम गर्दै** जाऔं विशेषगरी तिनीहरुको जो हाम्रो विश्वासका परिवारका हुन ।”
– पावल, गलातीहरुलाई लेख्दै (गलाती ६:९,१०)

“यसरी नै तिमीहरुका ज्योति मानिसहरुका सामन्ने चम्कोस्, र तिनीहरुले **तिमीहरुका सुकर्म** देखून र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन् ।”
– येशू, डाँडाको उपदेशमा (मत्ती ५:१६)

“तब राजाले तिनीहरुलाई जवाफ दिएर भन्नेछन्, साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाईहरुमध्ये सबैभन्दा साना एक जनालाई **जे जति गऱ्यौ**, त्यो तिमीहरुले **मलाई नै गऱ्यौ** ।”
– येशू, चेलाहरुलाई सिकाउदै (मत्ती २५:४०)

“हाम्रा मानिसहरु **असल काममा कायम रहन सिकून**, ताकी जरुरी खाँचो परिआएको खण्डमा तिनीहरुले मद्दत दिन सकून्, र तिनीहरु निष्फल नहोऊन् ।”
– पावलले, तीतसलाई (तितस ३:१४)

“किनकी हामी **असल कामहरुका निम्ति खीष्ट येशूमा सृजना गरिएका** उहाँका हातका सीप हौं । हामी ती बमोजीम हिडौं भन्ने हेतुले परमेश्वरले पहिले बाटै ती तयार गर्नु भएको थियो ।”
– पावलले, एफिसीहरुलाई (एफिसी २:१०)

# भाग तीन

## संस्कृतीहरूलाई परिवर्तन गर्ने स्थानीय मण्डलीहरू

“स्वर्गको राज्य खमीरजस्तो हो, तो एउटी स्त्रीले पचास किलोग्राम पीठोमा मिसाई, र त्यो जम्मै खमीरले फुलिएर ठीक नभएसम्म एक ठाँउमा राखि ।”

-मत्ती १३ : ३३

“तिमीहरू संसारका ज्योति हौ । ..................तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूले गरेको सुकर्म देखून् ।”

-मत्ती ५ :१४,१६

## तेस्रो भागको आरम्भ

# संस्कृतीहरूलाई परिवर्तन गर्ने स्थानीय मण्डलीहरू

पूरानो करारमा, इजकिएललाई उनले इस्राएलीहरूलाई *"हामी कसरी बाँच्ने त?"* भनेर सोध्न लगाईएको छ (इजकिएल ३३:१०) । सन् १९७६ मा, डा. फ्रान्सीस् स्केफर भन्ने ब्यक्तिले यही नै कुरालाई शीर्षक बनाएर एक पुस्तक लेखेका थिए र त्यसपछि लगतै सन २००१ सालमा अर्को एकजना चक कोल्सन् भन्ने ब्यक्तिले *"अब हामी कसरी जिउने छौ त?"* भन्ने शिर्षकको पुस्तक लेखे । दुबै पुस्तकले ब्यक्तिगत खीष्टयानहरूले संस्कृतिभित्र रहेर खेल्न सक्ने भुमिकाको विषयमा बताउँदछन् । स्थानीय मण्डलीहरूलाई समाजमा भएका यसका भूमिकाहरूलाई ग्रहण गर्नको लागि चुनौती दिएर तयार पार्नु पनि त्यतिकै जरुरी र महत्वपूर्ण हुन आउँदछ । कसरी तयार पार्ने त ? त्यो हो सामूहिक सेवाकाईद्वारा र अर्को हो मण्डलीको हरेक सदस्यहरूलाई उनीहरू बस्ने र उनीहरूले काम गर्ने र उनीहरूको प्रभाव भएको समाजको क्षेत्रहरूलाई प्रभाव पार्नको निम्ति उनीहरूलाई सुसज्जित पारेर । हामीले यस कामको आरम्भ परमेश्वरले आफ्नो प्रतिनिधित्व गर्नको लागि छान्नुभएको मण्डलीद्वारा गर्नुपर्दछ ।

भाग दुईमा परमेश्वरले मण्डलीहरूका निम्ति राखिदिनुभएको त्यस बृहत उद्देश्यलाई हेरेका थियौं जसलाई धर्मशास्त्रमा बयान गरिएको छ र ईतिहासलाई फर्केर हेर्दा पनि देख्न सकिन्छ । हामीले मण्डलीको स्वरुप, ईतिहास र यसका भूमिकाहरूका बारेमा छलफल गरेका थियौं । अब भने भाग तीन, स्थानीय मण्डलीहरू र उनीहरू आफ्ना समुदाय र देशमा नै कसरी परिवर्तनका स्रोतहरू बन्न सक्दछन् भन्ने विषयमा केन्द्रित रहेको छ ।

खमीर एउटा परिवर्तनको स्रोत हो । येशूले बताउनु भयो *"स्वर्गको राज्य खमीरजस्तो हो , एउटी स्त्रीले पचास किलोग्राम पीठोमा मिसाई, र त्यो जम्मै खमीरले फुलिएर ठीक नभएसम्म एक ठाउँमा राखि"* (मत्ती १३:३३) ।

येशू सानै हुँदाखेरि, आफ्नो आमाले काम गदै गर्दा, येशूले रमाईलो मान्दै उहाँको आमासंग कुरा गर्दै गरेको म कल्पना गर्छु । उहाँले आफ्नो आमाले आतुरीका साथ पीठोमा खमीर मिलाएको हेर्नुभयो । खमीर पीठोभरी नलागेसम्म, आमाले पीठोलाई माडिनै रहनुभयो । येशूले, पहिला पनि धेरै पटक देखे जस्तै, फेरि हेर्नुभयो । यहाँले यस प्रकियालाई राम्ररी जान्नुहुन्थ्यो । त्यसपछि आमाले त्यस खमीर मिसाएको पीठोलाई एकछिनको लागि एकातिर राखेर पर्खनुहुन्थ्यो । साना केटाहरूलाई मन थाम्नै गार्ह्रो हुन्थ्यो, विशेषगरी भर्खरै पाकेको रोटीको स्वाद अति नै

मीठो हुन्थ्यो । तर उहाँको आमाले उहाँलाई बताउनु भयो की खमीरलाई यसको काम गर्न दिनुपर्छ ।

खमीरले यसको काम गर्दैगर्दा, पकाउन हालेको पीठोको रुप नयाँ हुदै र फेरिदै जान्थ्यो, अनि छिट्टै नै अति स्वादिष्ट रोटी तयार हुन्थ्यो ।

धेरै वर्षपछि, येशू एउटा भीडसंग कुरा गर्दैहुनुहुन्थ्यो, दृष्टान्तहरूमा उनीहरूलाई राज्यको बारेमा सिकाउदै हुनुहुन्थ्यो । उहाँले उनीहरूलाई भन्नुभयो कि यो एउटा रायोको दाना जस्तै छ, सानो भन्दा सानो रायोको बीऊलाई रोप्दा खेरि, बगैंचामा सबैभन्दा ठूलो बनस्पती हुन आउँदछ् । त्यसपछि शायद, उहाँलाई सानो हुँदा खेरिको सम्झना आयो होला, जसै उहाँले स्वर्गको राज्य खमीर जस्तो हो, जो एउटी स्त्रीले पचास किलोग्राम पीठोमा मिसाई र त्यो जम्मै खमीरले ठीक नभएसम्म एक ठाँउमा राखि, भनेर बताउनु भयो । खमीर चाहिँ बिस्तारै पीठोको भित्र छिर्दछ । सबै रोटीहरू बदलिन्छ् । खमीर भनेको परिवर्तनको एक साधन हो । त्यस्तैगरी, परमेश्वरको राज्य पनि जब सुसमाचारको शक्ति मानिसहरूको जीवनमा छिर्दछ, तब बढ्दछ । खीष्टको स्वरुपमा ढालिदै गएकाहरूले आफू वरिपरिको संसारमा घुलिएर असर पार्न थाल्दछन् । डेभिड बुर्नेट भन्ने ब्यक्तिले यसरी व्याख्या गरेका छन् :

> *संसारमा परमेश्वरको राज्यको स्वरुपको सम्बन्धमा येशूले तीनवटा दृष्टान्तहरूको प्रयोग गर्नुभयो, त्यो हो : नून, ज्योति अनि खमीर ..........यी हरेक तत्वहरू पूरानो जुन क्रम छ त्यसमा छिर्दछ । नूनचाहि खानामा सोसिन्छ, ज्योती अध्यारोमा चम्कन्छ, खमीरचाहि पिठोमा मिसिएर नयाँ बन्दछ । त्यस्तैगरी, परमेश्वरको राज्यको समूदाय पनि पूरानो समूदायमा पसेर सांस्कृतिक परिवर्तनहरू ल्याउँदछन जसले मानिसहरूकहाँ सर्बाङ्गीणता ल्याउँदछ ।*
>
> \- डेभिड बुर्नेट, "*द हिलिङ्ग अफ द नेशन*"

स्थानीय मण्डली र यसका सदस्यहरू परिवर्तन हुन्छन् । त्यसपछि उनीहरू अरुहरूको लागि परिवर्तनको स्रोतहरू बन्छन् । एकतामा बाँधिएर सेवा गर्दै, मण्डलीका जनहरू परिवर्तनका स्रोत बन्दछन्, अनि उनीहरू संस्कृतिमा घुलमिलिएर संस्कृतीलाईनै परिवर्तन गरिदिन्छन् । यही नै हो परमेश्वरको राज्यको छिर्दै र बढदै गरेको खमीर !

समाजलाईनै प्रभाव पार्ने यो कस्तो असामान्य मौका, होइन त ? खमीर पिठोमा घुसेर पूरै रोटीहरूलाई नै परिवर्तन गरे जस्तै, हाम्रो लागि संस्कृतीमा घुस्ने वा छिर्ने यो कस्तो मौका, होइन त ? हाम्रो मेयरको प्रतिनिधीत्व गर्दै कामगर्न पाउनु कति राम्रो अवसर, हैन त ? स्थानीय मण्डलीहरूले संस्कृतीमा रुपान्तरण ल्याउन सक्दछन् । खीष्टका अनुयायीहरूले सारा राष्ट्रलाई चेला बनाउन सक्दछन् ।

## भाग तीनको आधारभूत मूलतत्व

मलाई ईश्वरशास्त्र र ईतिहास पढन रमाईलो लागे तापनि शूरुमा मेरो दृष्टिकोण भने धर्मशास्त्र पढदा, मण्डलीभित्र काम गर्दा र अरुले काम गरेको देख्दा खेरि सिर्जना हुन्छ । अवलोकन तथा अध्ययन दुबै स्रोतबाट मैले मण्डलीको विषयमा आधारभूत मूलतत्व तयार गरेको छु । हामीले ती मध्ये केहीलाई पहिले नै दोहोऱ्याईसकेका छौं, तर तिनीहरूलाई म फेरी तपाईहरूको अगाडी भाग ३ को लागि प्रस्तुत गर्न चाहान्छु ।

***मूलतत्व १ :*** *सारा जातीहरूलाई चेला बनाउन र येशूले दिनुभएको आज्ञाहरू पालना गर्न सिकाउनको निम्ति नै येशूले आफ्नो मण्डली खडा गर्नुभयो । मण्डलीले येशूले दिनुभएका सबै आज्ञाहरूलाई पालना गर्न सिकाएर परमेश्वरको राज्यलाई बृद्धि गर्दै लैजान्छ ।*

***मूलतत्व २:*** *स्थानीय मण्डली भनेकै परमेश्वरले आफ्नो उद्देश्य पुरा गर्नको लागि छान्नुभएको मूख्य साधन हो । जब स्थानीय मण्डलीले परमेश्वरद्वारा सुम्पिएको भूमीकालाई निभाउँदछ, तब परमेश्वर निकोपार्ने र पूर्नस्थापनागर्ने काममा लाग्नुहुन्छ ।*

***मूलतत्व ३:*** *सरसाधनको कमी भयो भन्दैमा परमेश्वरका जनहरू परमेश्वरले उनीहरूलाई संसारमा राखिदिनुभएको सेवाको कामहरूबाट उम्कन पाउदैनन् ।*

***मूलतत्व ४:*** *यस पृथ्वीमा भएको मण्डली दृष्य र अदृष्य दुबै हुन्छ । यसका कम्तीमा पनि तीनवटा समकालिन अभिब्यक्तिहरू छन् । विश्वव्यापी मण्डली, स्थानीय मण्डली, र प्यारा चर्चहरू* सेवाकाई *।*

***मूलतत्व ५:*** *मण्डली भनेको परमेश्वरले आफ्नो उद्देश्य पूरा गर्नको लागि चलाउने एक साधन वा प्रतिनिधी भन्दा पनि बृहत छ । मण्डली भनेको त उहाँको दुलहि हो र उहाँको इच्छा पूरा गर्नको लागि मण्डली अभिप्रेरित हुनुपर्दछ ।*

यी माथिका विचारहरूले तपाईहरूलाई उत्साह अनि प्रेरणा दिएको होस् र तपाईको मण्डलीले त्यो दर्शन पाउन सकोस् र परमेश्वरले राख्नुभएको त्यस बृहत कार्ययोजनालाई कार्यान्वयन गर्न सकोस् जस्तै येशु यदि मेयर हुनुभएको भए गर्नुहुने थियो ।

स्थानीय मण्डलीद्वारा

# रुपान्तरण १

## बाइबलीय रुपान्तरणको दिशातर्फ लम्कनु

कुनै ठूलो सभामा जब हजारौं मानिसहरूले आफ्नो हात उठाएर म ख्रीष्टको पछि लाग्न चाहन्छु भनेर भन्दछन् त्यसलाई रुपान्तरण भन्न सकिदैन । कुनै पनि राष्ट्रको पचास प्रतिशत नागरीकहरूलाई *"नयाँ गरेर जन्मेकाहरू"* भनि सूचिकृत गरिदैमा त्यो सामाजिक वा सांस्कृतिक रुपान्तरण हुदैन । जब यूगाण्डा भन्ने देशको असी प्रतिसत जति मासिनहरूले आफूलाई विश्वासी हुँ भनेर भन्दछन तर संयुक्त राष्ट्रसंघले युगण्डा देश अफ्रिका महादेशमै सबैभन्दा धेरै भ्रष्टचार भएको देशमा दोस्रो स्थानमा सूचिकृत गर्दा, त्यहाँ रुपान्तरण आएको छैन भनि बुझ्न सक्छौं ।[1] कुनै एक राष्ट्रको एक समूदायमा पाईलैपिच्छे मण्डलीहरू छन् भने त्यहाँ बाइबलले बताएको चङ्गाई र पुनर्स्थापनाका कार्यहरू भएको हुदैन, यो राम्रो हुनसक्छ तर यसलाई बाइबलीय रुपान्तरण भन्न सकिदैन । यो बाइबलको अनुसार आउने *"शालोम"* होइन् ।

## बाइबलीय रुपान्तरण

शाब्दिक रुपमा भन्नुपर्दा, "रुपान्तरणको" अर्थ कुनै पनि बस्तुको गुण विशेषतामा पूर्ण रुपमा आउने एक परिवर्तन हो । "बाइबलीय रुपान्तरण" भनेको मानिसले परमेश्वरको आज्ञाउलङ्घन गरेर भित्राएको विनाशलाई पूर्नस्थापना गर्ने कामसंग सम्बन्धित हुदँछ । बाइबलीय रुपान्तरण, परमेश्वरको राज्यको क्रियाकलाप तबमात्र सम्भव छ, जब ब्यक्ति ब्यक्तिहरूले, परिवारहरूले, समूदायहरूले, संस्कृतीहरूले र राष्ट्रहरूले नै परमेश्वरको इच्छालाई पुरा गर्दछन् ।

यही नै यस्तो किसीमको रुपान्तरण हो जसको बारेमा हामी छलफल गर्नेछौं । यो परमेश्वरको कार्य हो, हाम्रो होइन । यद्यपि, परमेश्वरले आफ्नो चङ्गाई र पुर्नस्थापनाको कामको लागि एउटा शर्त राख्नुभएको छ । यो शर्त मुक्तिदाताको रुपमा येशूको आगमन भन्दा पनि बृहत छ । यो शर्त भनेको परमेश्वरको इच्छा पालन गर्नु हो । आत्मिकी बदलावले ढोका खोल्दछ तर

रुपान्तरण भनेको जीवनभरी चल्ने प्रक्रिया हो । प्रेरित पावलले समेत, आफ्नो जीवनकालको अन्तसम्म, आफूले एक पूर्ण व्यक्तिगत रुपान्तरण हासिल नगरेको विचार गरेका थिए । उनलाई

उनी एक यात्रामा छन् र उनी येशूको स्वरुपमा रुपान्तरण हुदैछन् भन्ने कुराको ज्ञान थियो । येशूको उपस्थितीमा उनी नरहदा सम्म उनको यात्रा पुरा हुने छैनन् । उनी ख्रीष्टको दोस्रो आगमन नभएसम्म पूर्णरुपमा रुपान्तरण हुने छैनन् । तर पवालले आफूले पाएको मूक्तिलाई जोगाईराख्न अर्ती एवं चेताउनी दिएजस्तै, हामी ख्रीष्टको दोस्रो आगमन नहुन्जेलसम्म परमेश्वरको इच्छालाई पूरा गर्ने काममा लागि रहनुपर्दछ ।

## रुपान्तरणको प्रक्रिया

धर्मशास्त्रले एउटा चेलाको *मनमा* उसको *चरित्रमा र बौरीउठेको शरिरमा* के हुन्छ भनेर बताउनको लागि रुपान्तरण शब्दको प्रयोग गरेको पाईन्छ (फिलिप्पी ३:१२-१३,२१; रामी १२:२; २ कोरिन्थी ३:१८) । जब हामी एउटा समाज, संस्कृती वा राष्ट्रको रुपान्तरणको बारेमा बोल्दछौं, तब बोल्दै जाँदा, यदि परिवारहरूमा, समुदायहरूमा, र समाजहरूमा असंख्य रुपमा व्यक्तिगत रुपान्तरण आएमा के हुन्थ्यो होला । व्यक्तिगतरुपमा 'मुक्ति' वा 'नयाँजन्म' को अनुभव गरे जस्तै संस्कृती र सामाजिक प्रणालीहरूले आत्मिकी छुटकारा एवं मुत्तिको महशुस गर्दैनन् । तर उद्धार पाइसकेकाहरूले आफ्नो बद्लिदो जीवनद्वारा आफ्नो वरपरको संसारलाई प्रभावपार्नु पर्दछ । उनीहरूले सत्यको लागि बोल्दछन् । उनीहरूले सुधार प्रणालीको पक्षमा आवाज उठाउँदछन् । उनीहरूले न्याय र दयाको प्रतिनिधित्व गर्छन । उनीहरूले मानिसमा परमेश्वरको स्वरुपलाई देख्दछन् । उनीहरूले त्यस्ता किसिमका दयाका कामहरू गर्छन जुन काम यदि येशू मेयर भएमा गर्नुहुन्थ्यो ।

यो धारणालाई पुष्टि गर्नका निमित्त यहाँ ठोस् बाइबलीय प्रमाण छ । पुरानो करार व्यक्ति, परिवार, समुदाय, शहर, सामाजिक तथा राष्ट्रको जीवनका हरेक क्षेत्रमा आउने रुपान्तरणको उदारणहरूले भरिएको छ (व्यवस्था ४:५Ð८, ११:१३Ð१५; २ ईतिहास ७:१४; भ स २:८ ; यसैया ५५:३Ð५) । नयाँ करारमा आएर एफिसी ४:१७ र ५:२० ले नयाँ सृष्टि, व्यक्तिगत विश्वासीहरूले गर्ने काम र उनीहरूको स्वभावको विषयमा बताउँदछ । त्यसपछिको अर्को खण्ड, एफिसी ५:२१ र ६:५ ले परिवारिक जीवनमा हुने रुपान्तरणको बारेमा बताउँदछ ।

मानिसहरूको जीवनको हरेक क्षेत्रमा जसै खीष्टले अगुवाई एवं शासन गर्नुहुन्छ उनीहरूको रुपान्तरण भईरहेको हुन्छ । पावलले लेखेका छन् : *"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्णरुपले परिवर्तित हाओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक"* (रोमी १२:२) । ब्यक्तिगत रुपमा हामी परमेश्वरको इच्छा जान्न सक्छौं । तर हाम्रो चालचलन परमेश्वरको इच्छा अनुरुपको नभएसम्म न हाम्रो मन, न त हाम्रो जीवननै रुपान्तरण हुनसक्छ ।

रुपान्तरण एउटा चलिरहने प्रकिया हो, जसद्वारा हामीले ब्यक्तिगत रुपमा परमेश्वरको आज्ञाहरूलाई बुझ्दछौं र पालना पनि गर्दछौं । हामीहरू परमेश्वरको स्वरुपमा ढालिदै लगिएका छौं । यस रुपान्तरण प्रकिया अच्चानक एकै पटक हुदैंन । बच्चाहरू एक्कासी जवान नभएझैं हामी पनि पहिलो पाईला चाल्ने वित्तिकै एक्कासी एक परिपक्क खीष्टयान बन्न सक्दैनौं । जसै हामी उहाँसंग हिड्न शुरु गर्छौ, त्यतिबेला हामी उहाँमा परिपक्क हुदैनौं र आज्ञाकारीको अभ्यास गर्दैनौं । जसै हामी आज्ञाकारी बन्न थाल्दछौं, तब खीष्टजस्तै बन्नु भनेको के हो भनि बुझ्न थाल्दछौं । हामी यतिसम्म रुपान्तरण हुन्छौं कि हाम्रो जीवनका हरेक क्षेत्र उहाँको प्रभुत्व मनि ल्याईन्छ । ब्यक्तिगत रुपान्तरण पवित्र आत्माको कार्य हो तर यसको लागि ब्यबहारिक रुपमा आज्ञापालन गर्न आवश्यक पर्दछ । प्रेरित पावलले कलस्सीका विश्वासीहरू ज्ञानले भरिउन भनि परमेश्वरसंग यसरी प्रार्थना गरे ताकी *"उनीहरू उहाँलाई पूर्ण रुपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताँउदै र प्रत्येक असल काममा फलवन्त हुदै परमेश्वरको ज्ञानमा बढ्दै जान सकुन । उहाँको महिमित शक्ति अनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यताको लागि तिमीहरू सारा शक्तिसाथ बलिया हाओ । ज्योतीमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढाओ "* (कलस्सी १:९Ð१२) ।

रुपान्तरण ब्यक्ति ब्यक्तिबाट शुरु भएर परिवारहरू, समुदायहरू र राष्ट्रहरू सम्मै पुग्दछ । यो पनि एउटा प्रकिया हो । जब ब्यक्ति ब्यक्तिले र परिवारहरूले अझै बढी गहिराईमा र धेरै मात्रामा परमेश्वरको इच्छालाई बुझि पालना गर्दछन, उनीहरूले समुदायमै प्रभावपार्न थाल्दछन । जति जति रुपान्तरण भएको समुदायले संस्कृतिहरूलाई प्रभाव पार्दछ, त्यति त्यति नै राष्ट्रहरू पनि रुपान्तरित हुँदै जान्छ ।

## *ब्यक्ति*

बाइबलले हामी खीष्टमा एउटा नयाँ सृष्टि बनेका छौं भनि भन्दछ (२ कोरिन्थी ५:१७) । हामी फेरि नयाँ गरि जन्मिएका हौं (यूहन्ना ३:३) । परमेश्वरले मनहरू, चरित्रहरू र ब्यबहारहरूलाई रुपान्तरण गरिदिनुहुन्छ । परमेश्वरले मानिसहरूलाई

परिवर्तन गर्नुहुन्छ । रुपान्तरण एउटा प्रक्रिया हो र हरेक ब्यक्तिको रुपान्तरणका आआफ्नै कथाहरू हुन्छन् ।

मानिसको जीवनलाई परिवर्तन गर्न सक्ने परमेश्वरको शक्तिको एउटा अचम्मको कथा भनेर म तपाईलाई एउटा उदाहरण दिन चाहन्छु । यस कथामा त्यस मानिसको परिवर्तित अवस्थाले कसरी हजारौं मान्छेहरूको जीवनलाई छोयो भन्ने कुरा याद गर्नुहोला ।

एकजना पाष्टरले धर्मप्रचार निषेध गरिएको एउटा ईस्लाम देशको मस्जिदहरू नजिकका स्थानहरू हुंदो गएर केही पुस्तिकाहरू बाँढिरहनुभएको थियो । यस कार्यलाई रोक्नको निम्ति त्यस देशको सरकारले एक अधिकारीक घोषणापत्र जारी गऱ्यो । उहाँको सुसमाचार सुनाउने तरीकालाई मानिसहरूले रुचाएनन् । जब एक दिन उहाँ हामीले सञ्चालन गरेको एउटा तालिम सम्मेलनमा आउनुभयो र परमेश्वरको प्रेमलाई कसरी सक्रियरुपमा देखाउन सकिन्छ भन्ने कुरा सिक्नुभयो । तब उहाँको मनमा एउटा नयाँ विचार आयो । उहाँले तुरुन्तै चारजना स्वयसेवकहरूलाई छानेर लैजानु भयो, केही रोटिहरू किन्नुभयो र त्यस ठाँउमा भएको एउटा मानसिक रोगीहरूको अस्पतालमा विरामीहरूलाई भेट्न, खाना दिन र उनीहरूको लागि प्रार्थना गर्नको लागि त्यहाँको अस्पताल प्रमुखसंग अनुमति माग्नुभयो । त्यस टोलिले अनुमति पायो तर उनीहरूलाई एउटा ज्यादै गार्ह्रो कक्षमा पठाईयो जुन चाहि कहिले पनि निको हुन नसक्ने *सिजोफ्रेनिक* भन्ने मानसिक रोगीहरूको निषेधित कक्ष थियो । त्यहाँ एकजाना मानिस थियो जो धेरै वर्षसम्म बोलेको थिएन । हिड्नको सट्टा ऊ लत्रन्थ्यो । उसको अनुहार सुनिएको र रुपनै बदलिएको थियो । उसको एउटा कान अर्को कानभन्दा ज्यादै ठूलो थियो । ऊ ज्यादै गनाउँदथ्यो र ऊ फोहरी थियो । भेट्न आएकाहरूले उसमाथि हात राखेर प्रार्थना गरे र गरिसकेपछि हात नधोरुन्जेल केही कुरामाथि हात लगाउन चाहेनन् । आर्को हप्ता पनि त्यस पाष्टर र अरु स्वयमसेवकहरू आए । त्यहाँ मानसिक (Psychiatric) कक्षमा एउटा अग्लो, दुब्लो मान्छेसंग उनीहरूको भेट भयो । उनीहरूले त्यस मानिसलाई उनीहरूलाई विरामीहरू भएको ठाँउमा लिएर जान भने । त्यस मानिसले ऊनीहरूलाई भन्यो कि ऊ त्यही नै मानिस थियो जसको लागि उनीहरूले गएको हप्ता प्रार्थना गरेका थिए अनि प्रार्थनाले त्यस मानिसलाई यति परिवर्तन गरिदियो कि उसले उनीहरूलाई आफ्नो लागि फेरी प्रार्थना गरिदिन भन्यो । उनीहरूले त्यस मानिसलाई चिन्न सकेनन् र हामीसंग धेरै समय छैन भनेर त्यस मानिसलाई भने र फेरि उनीहरूलाई विरामीहरूलाई भेट्न लैजान भने । उसले उनीहरूलाई लग्यो र त्यस कक्षमा भएका कर्मचारीहरूले यो निश्चित गरिदिए कि ऊ त्यही नै मानिस हो जसको लागि गतहप्ता उनीहरूले प्रार्थना गरेका थिए । त्यस सेवाकाई टोलिलाई ज्यादै अचम्म लाग्यो । त्यो मानिस निको भएको थियो । ऊ अब हिड्थ्यो र कुरा पनि गर्थ्यो । उसले लेख्न पनि सक्थ्यो । उसको रोगको पहिचान (diagnosis) लाई अब निको हुन नसक्ने रोगबाट निको हुन सक्ने रोगमा परिवर्तन गर्नुपऱ्यो । समय बित्दै गयो, त्यस सेवाकाई टोली हरेक हप्ता रोटी र लुगाहरू लिएर आउथे र

विरामीहरूको लागि प्रार्थना गर्थे । अरु विरामीहरूले पनि त्यस्तै प्रतिक्रिया देखाए । एक दिन त्यस टोलिलाई ८०० विरामीहरू र त्यहाँका कार्मचारीहरूको विचमा सेवाकाई गर्नको लागि आमन्त्रण गरियो । परमेश्वरले उनीहरूको स्रोतसाधनहरूलाई एक्दमै बढाईदिनु भयो, जसै अरुहरूले पनि यस कामको बारेमा सुने । त्यहाँका स्थानीय अधिकारीहरूको आशिषले गर्दा तीन वर्षभित्र मै त्यस टोलीलाई

बढाएर थप टोली बनाईयो र उनीहरूले हरेक हप्ता पाँचवटा अस्पतालमा, पाँचवटा अनाथआश्रममा, दुईवटा झ्यालखानमा, र एउटा लागुऔषधी पुर्नस्थापना केन्द्रमा गरी जम्मा २,६०० मानिसहरूको माझ सेवाकाई गर्दथे । उनीहरूले घर नभएका र सडकमा बस्ने केटाकेटीहरूको विचमा पनि सेवाकाई गर्नथाले । (बब् मोफिट हार्वेस्ट फाउन्डेशन)

## *परिवार*

ब्यक्तिहरूले परिवारहरूमा प्रभाव पार्दछन् । धर्मशास्त्रले यसलाई पुष्टि गर्दछ । आमाबाबुहरूले आफ्नो छोराछोरीहरूलाई परमेश्वरलाई प्रेमगर्ने जीवनशैली सिकाउनु पर्छ ( व्यवस्था ६:४Ð७) । बृद्ध स्त्रीहरूले जवान स्त्रीहरूलाई आफ्नो परिवारहरूलाई कसरी प्रेम गर्ने सिकाउनु पर्छ र डिकन र एल्डरहरूले आफ्नो परिवारहरूलाई राम्ररी समाल्नु पर्दछ (१ तिमोथी ३: १२, तीतस् २:३Ð४, १:६) । बाइबललीय रुपान्तरण तब आउछ जब ब्यक्ति ब्यक्तिले र परिवारहरूले परमेश्वरलाई मनपर्ने तरिकाले जिउँदछन् र अरुहरूको बिचमा संगसंगै सेवाकाई गर्दछन् ।

## *समुदाय*

रुपान्तरण भएको ब्यक्तिहरूले र परिवारहरूले परमेश्वरले उनीहरूलाई कुनै खास उद्देश्यको लागि उनीहरूको समुदायमा राख्नुभएको छ भनि बुझ्दछन् । उनीहरूसंग आफ्नो समुदायको लागि दुरदृष्टि हुन्छ । हितोपदेश ३१ मा त्यस स्त्रीले घरभित्र र बाहिर गरेको सेवाको लागि आदर पाएकी छिन् । तिनका पति शहरको मुल ढोकामा सम्मानित हुन्छन जहाँ उनी मुलुकका पाकाहरूसंग बसेका हुन्छन् (हितोपदेश ३१:१३) । समुदायमा आँखाले देखिने अगुवाहरूले गर्दामात्र प्रभाव पर्दैन तर पर्दा पछाडी काम गर्नेहरूको संजालले गर्दा यस्तो हुने गर्दछ । पावलले तिमोथीलाई तालिम दिएका थिए, अनि तिमोथीलाई अरु मानिसलाई तालिम दिने काम सुम्पिएको थियो ताकी तिनीहरूले पनि अझै अरुहरूलाई तालिम दिन सक्नेहरूलाई तालिम दिन सकुन् (२ तिमोथी २:२) ।

## *राष्ट्र*

व्यक्तिहरूले र समुदायहरूले बास्तवमा राष्ट्रलाई नै प्रभाव पार्न सक्छन भन्ने कुराको कल्पना गर्न गाऱ्हो हुन्छ । तर धर्मशास्त्रले बारम्बार याद दिलाउँछ कि यो एउटा प्रक्रिया हो । यो भौगोलिक रुपमा मात्र बढ्दै जाने नभई विस्तारै एकनासले सांस्कृतिक र विश्वास प्रणालीबाट भएर अगाडी बढ्छ । जस्तै मुछेको पीठोमा खमीर घुस्दछ ।

तपाईले जानेको एउटा खण्डको कुरालाई यस दृष्टिकोणले सुन्नुहोस् । येशूले आफ्ना चेलाहरूलाई *पवित्रआत्मा उनीहरूमा आएपछि उनीहरूले शक्ति पाउनेछन् र उनीहरू येरुशलेममा, सारा यहुदियामा, सामरियामा, र पृथ्वीको अन्तिम छेउसम्म येशूको साक्षी हुनेछन्* भनि

भन्नुभएको थियो (प्ररित १:८) । येरुशलेम शहर चेलाहरू बस्ने ठाँउ थियो । यरुशलेम त्यस बेलाको परम्परागत विश्वास र संस्कृतिको मूख्य केन्द्र थियो र येशूका चेलाहरू त्यसबेला अल्पसंख्यक थिए । यहुदिया यहुदिहरूको प्रान्त थियो जसमा येरुशलेम पर्दथ्यो । सामरिया यहुदियाको उत्तरतिर पर्ने एक भाग थियो । धर्मशास्त्रले हामीलाई भन्दछ कि यहुदिहरूको मनमा सामरीहरू प्रति घृणा थियो, जुन मानिसहरू परमेश्वरको अगाडी शुद्ध थिएनन् । येशूले भन्नुभयो कि उहाँको रुपान्तरण गर्ने शक्तिले शत्रुहरूको मनमा र देशमा काम गर्न सक्दछ । यो चाहिँ मौलिक परिवर्तन थियो । पृथ्वीको अन्तिम छेउसम्म भनेको ठाँउहरूमात्र नभएर मानिसहरू, राष्ट्रहरू र संस्कृतीहरू पनि थियो जुन कुरा ती थोरैमात्र चेलाहरू जसले येशूले भनेको सुन्दैथिए, उनीहरूको लागि सोँच्नै पुरा गर्न नसकिने कुरा थियो । परमेश्वरको आत्माले भरिएर उनीहरूले त्यस प्रक्रियालाई शुरु गर्न आवश्यक थियो जुन प्रक्रिया एक दिन राष्ट्रहरूमा प्रवेश गरेर आशिष दिएर रुपान्तरण ल्याउनेवाला थियो ।


बाइबलले हामीलाई उहाँको राष्ट्रहरू र पृथ्वीका मानिसहरूप्रतिको योजनाको एक झलक मात्र दिंदछ । भजनसंग्रहका लेखकको माध्यमद्वारा परमेश्वरले यसो भनि प्रतिज्ञा गर्नुभएको छ । *सबै जातिहरूले उनी (ख्रीष्ट) द्वारा आशिष पाउने छन् र तिनीहरूले उनलाई धन्यका भन्ने छन्* (भजनसंग्रह ७२:१७) । र अझै अर्को भजनमा हामी देख्न सक्छौं, *मसंग माग र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिने छु र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ती तुल्याइदिनेछु* ( भजनसंग्रह २:८) । परमेश्वरले फेरि पनि जातिहरू आफ्नो प्रभुत्वमा आउन भनि इच्छा प्रकट गर्नुभएको छ : *शान्त हाओ, र म परमेश्वर हुँ भनि जान । जातिजातिहरूमा म उचालिने छु, पृथ्वीमा म उचालिने छु* (भजनसंग्रह ४६:१०) ।

## रुपान्तरणको केन्द्रमा मण्डली

हामीले रुपान्तरणलाई एउटा प्रक्रियाको रुपमा हेरेका छौं । व्यक्ति, परिवार, समुदाय अनि राष्ट्र । अर्को मुख्य अंग भनेको मण्डली हो जुनचाहिँ यी सबै कुराहरूको केन्द्रमा पर्दछ ।

उहाँको त्यस बृहत कार्ययोजनाहरूलाई पूरागर्न परमेश्वरले यो योजना गर्नुभयो कि मण्डलीले राष्ट्रहरूलाई चेला बनाउने छन् । येशूले आफ्ना चेलाहरूलाई सारा राष्ट्रहरूमा गएर चेला बनाओ, बप्तिस्मा देओ र परमेश्वरको आज्ञाहरू पालना गर्न सिकाओ भनि भन्नुभयो । राष्ट्रहरू पहिलो पाईलाहरू चाल्नासाथ रुपान्तरित हुदैनन् – गएर, बप्तिस्मा दिएर र सिकाएर । रुपान्तरण तब मात्र आउँछ जब मानिसहरूले आफ्नो जीवनको र समाजको प्रत्येक क्षेत्रमा

परमेश्वरको इच्छाहरूको पालना गर्दछन् । सुसमाचार प्रचारप्रसार र बप्तिस्माले बाटो खोल्दछ तर चेलापन अर्थात आज्ञाकारी हुन सिकाउने कुरा भने मण्डलीले सधैंभरी नै गरिरहनुपर्ने कार्य हो ।




परमेश्वरको योजनामा सबै रुपान्तरणको केन्द्रबिन्दुमा मण्डली हुन्छ । यसले त्यस प्रक्रियालाई जारी राख्दछ (एफिसी ३:९,१०) । समाजको हरेक तहमा अर्थात व्यक्ति, परिवार, समुदाय, र राष्ट्रमा, परमेश्वरको कार्ययोजनाहरू के छन् भनि मण्डलीले सिकाउँदछ र सहायता पनि दिंदछ, यस्को यो अर्थ होइन कि मण्डलीले राष्ट्रलाई शासन गर्छ । मण्डलीले आफ्ना सदस्यहरूलाई समाजको हरेक कुनामा गई, जीवनको हरेक क्षेत्रमा परमेश्वरको इच्छा अनि योजनाहरूको प्रतिनिधित्व गर्न सुसज्जित पार्दछ ।

एकजनाले सोध्नुभयो, *"यदि भोलि गएर तपाईको मण्डली बन्द भएमा, तपाईको शहरको मानिसहरूले थाहा पाउलान् त ?"* [२] यदि मण्डली विश्वासयोग्य भएर आफ्नो समुदायमा सेवा पुऱ्याउँदछ भने, त्यस प्रश्नको उत्तर हुन्छ *"हो ।"* हामीले देखेका पनि छौं । जब स्थानीय

मण्डलीहरूले दृढताकासाथ, रचनात्मक ढंगले र बलिदान पूर्णरुपमा आफ्नो छिमेकीहरूलाई सेवा पुऱ्याउँदछन्, तब बाइबलीय रुपान्तरणले समुदायमा जरा हाल्दछ ।

*केन्या* भन्ने देशमा एउटा सुकुमवासी ठाँउमा बढदै गरेको रुपान्तरणलाई हेरौ ।

*कागिशु* भन्ने एउटा टिनैटिन र काठहरूले बनेको झुपडपट्टीमा पन्ध्रजना सदस्य भएको एउटा मण्डली थियो । त्यस मण्डलीले हाम्रो सर्वाङ्गीण सेवाकाई तालिममा आउने एउटा निमन्त्रणा पायो र एकजना २१ वार्षे *मेशाक* भन्ने ब्यक्तिलाई उनीहरूले पठाए । *मेशाक* एउटा नयाँ दर्शन लिएर फर्किए *"मैले सिके कि येशूप्रति आज्ञाकारी हुनु भनेको ऐच्छिक कुरा होइन ।"* त्यसैले, *मेशाक, डिस्मस* (एकजना एल्डर), पाष्टर र उहाँको श्रीमती सबै मिलेर यसो भनि प्रार्थना गरे कि परमेश्वरले उनीहरूलाई एउटा प्रोजेक्ट देखाईदिनु भएको होस् जसद्वारा परमेश्वरको प्रेम आफ्नो समुदायमा देखाउन सकियोस् । अनि यस्तो भन्ने जवाफ आयो *" मण्डलीमा केटाकेटीहरूको लागि एउटा प्राथमिक स्कूल खोल्नु पर्छ ।"*

तुरुन्तै, उनीहरूले छोराछोरी भएका मण्डलीका सदस्यहरूसंग कुरा उठाए तर उनीहरूको त सरकारी विद्यालयको लागि पैसा तिर्ने समेत क्षमता थिएन । धेरैजनाले आफ्ना छोराछोरीलाई यस नयाँ विद्यालय मा पठाउने सहमति जनाए । कुनै पनि किसीमको तालिम विना नै, *मेशाक* जो पाष्टर हुनुहुन्थ्यो, उहाँले र उहाँको श्रीमतीले ६ देखि १२ बर्ष उमेर सम्मका केटाकेटीहरूलाई किताब, बेन्च र अरु केही पनि उपकरण नभएको मण्डलीको एउटा कोठामा पढाउन थाल्नुभयो । त्यस गाँउका मान्छेहरूले यस विद्यालयसंग कुनै सम्बन्ध राख्न चाहेनन् तर रातीमा त्यस भवनका सामाग्रीहरू चोर्न आउथे । पढाउन शुरु गरेको नौं महिना पछि, मेशााकले पहिलो तलबको रुपमा रु ७० पाए जुनचाहि केटाकेटीहरूको आमाबाबुले भेटी र शुल्क वापत दिएका थिए । मेशाक र डिस्मसले छिमेकका केटाकेटीहरूलाई पनि बोलाए र त्यो विद्यालय बढ्दै गयो । चाँडै नै त्यस एउटा कोठामा विभिन्न उमेरका पैतालिसजना विद्यार्थीहरू थिए । एकजना दोस्रो शिक्षकले छैठौ महिना देखि र तेस्रोले आठौ महिना देखि स्वयंसेवकको रुपमा पढाउनु थाल्नुभयो । कक्षामा १०० जना विद्यार्थीहरू पुगेकाले पढाउदा एकजना शिक्षकले एकातिर फर्केर एउटा समूहलाई पढाउनुहुन्थ्यो भने अर्कोले अर्कातिर । त्यस बढ्दै गरेको विद्यालय छिटै गएर वरपर बस्नेहरूका लागि असुविधाको कारण बनेकोले त्यकाँका मानिसहरू अन्त सरे जसले गर्दा विद्यालयको लागि अझै धेरै ठाँउ बन्यो । विद्यालय स्थापनाको दूई वर्षको अन्तरालमा यस्का दुईवटा भवनहरू थिए जसमा दशवटा कोठाहरू थिए र त्यसलाई बाल संगतीको लागि पनि प्रयोगमा ल्याउन सकियो ।

अर्को बर्ष कावाङ्गगारे भन्ने नजिकैको ठाँउमा एउटा भवन किनेर त्यस विद्यालय त्यहाँ सऱ्यो । छैठौं वर्षसम्ममा त्यस विद्यालयमा तलब लिने १७ जना शिक्षक शिक्षिकाहरू, ५ जना अरु कर्मचारीहरू, र ४४५ जना विद्यार्थीहरू थिए । जब त्यस देशमा एउटा नयाँ सरकार आयो तब सबै सरकारी प्राथमिक विद्यालयहरूमा निःशूल्क शिक्षा लागू भयो । त्यसकारण विद्यार्थीको संख्या ६०० बाट ४४५ मा झरेको थियो । त्यहाँका लगभग निजी विद्यलयहरू बन्द भए तापनि त्यो विद्यालय भने चलिरह्यो ।

त्यो त समुदाय, विद्यालय, र मण्डलीको लागि कथाको एउटा शुरुवात मात्रै थियो । यसै प्रयासको कारणले गर्दा त्यहाँ नजिकको एउटा गाँउमा दशजना कर्मचारीहरू र साठी विद्याथीहरू सहितको एउटा माध्यमीक विधालयको थालनी भएको छ । त्यही कागिसु भन्ने गाँउमा भएको अर्को मण्डलीले मेशाकले छोडेर गएको ठाँउमा एउटा नयाँ विद्यालय शुरु गर्‍यो । अर्को मण्डलीले व्यस्त आमाहरूको लागि एउटा शिशु रेखदेख गर्ने केन्द्रको शुरुवात गर्‍यो । त्यो अझै पहिलाको मण्डली पछि गएर ६० जना सदस्यहरू छन् । यी दुबै मण्डलीहरूले भिन्नभिन्नै ठाँउहरूमा दुई दुई मण्डलीहरूको स्थापना गरे । सबभन्दा शुरुको मण्डलीको पाष्टर युगाण्डा भन्ने देशमा सर्नुभयो र त्यहाँ एउटा माध्यमिक स्तरको विद्यालय शुरु गर्नुभयो । कागिसु भन्ने गाँउमा विद्यार्थीहरू, गुरुहरू, र आमाबुबाहरूलाई सेवा दिनको लागि एउटा नयाँ पसल त्यहाँ सर्‍यो । केहि नयाँ व्यवशासयहरूको पनि त्यस विद्यालय नजिकैको क्षेत्रहरूमा स्थापना भयो । ठेकेदारहरूले स्थायी भवनहरू बनाउन थाले ।

त्यस सानो भन्दा सानो मण्डलीले छ वर्ष अघि आज्ञाकारी भएर गरेको बलिदानको फलस्वरुप कागिसु र कावाङ्गवारे भन्ने गाँउहरूमा भएका मण्डलीहरू र समुदायहरूमै प्रत्यक्ष र ठूलो प्रभाव परेको देख्न सकिन्छ । जब त्यो समुदायको मान्छेहरूले त्यसगाँउको नाम *कागिसु* (जस्को अर्थ हुन्छ छुरी वा छुरी हान्नु) बाट *रुईता* (जस्को अर्थ कुनै खतरानाक कुरालाई हटाउनु हुन्छ) भन्ने नाउँमा फेरियो तब गएर त्यस समुदायमा साँच्चिनै रुपान्तरण आएको छ भनेर त्यस समुदायले थाहा पाएको कुरा बुझिन्थ्यो । (टोम पोल्सिन, हार्वेष्ट को रिपोर्टमा आधारित)

परमेश्वरलाई मात्रै त्यस समुदायमा कतिको रुपान्तरण आएको छ भन्ने कुराको ज्ञान भए तापनि हामीहरूले त्यस समुदायमा परेको प्रभावको प्रमाणहरूलाई प्रस्तुत गर्न सक्छौ ।

- बत्तिस जनाले प्रत्यक्ष एवं पूर्ण रोजगार पाए
- पाँचवटा विद्यालयहरू स्थापना भए
- विद्यालयमा १००० जनाभन्दा बढी विद्यार्थीहरूले पढ्ने मौका पाए ।
- छ वटा नयाँ मण्डलीहरू स्थापना भए
- अनगिन्ति नयाँ विश्वासीहरू थपिए
- कागिसु र कावाङ्गवारे भन्ने गाँउहरूमा नयाँ उद्योगहरू आए
- कावाङ्गवारेमा एउटा नयाँ आर्थिक विकासको शुरुवात भयो

## सामाजिक रुपान्तरण

नागरिक विषयबस्तुमा समावेश हुने मण्डलीको पहिलो प्राथमिकता नभए तापनि यो चाहि प्राथमिकताहरूमध्ये एक हो यदि मण्हलीले आफ्नो समाजमा परमेश्वरको कार्ययोजनाहरूलाई प्रतिनिधित्व गर्नुहो भने । पुरानो करारमा हामी परमेश्वरको सरकार प्रतिको वास्तालाई देख्छौ जहाँ ब्यवस्थाको अधिकांश भागले नागरिक विषयबस्तुमा बनिएका कानून र जीवनको बारेमा बताउँछ । परमेश्वरलाई आफ्नो आर्दश राष्ट्र इस्राएलको लागि एउटा धार्मिक नेतृत्वको बारेमा वास्ता लागेको थियो । परमेश्वरले उहाँका प्रतिनिधिहरू युसूफ, दानियल र नहेम्याहलाई नागरिक हितको लागि अन्यजातिका राष्ट्रहरूमा अदभुत रितीले उठाउनुभयो । हामीलाई युसूफ मिश्रदेशमा हुँदाखेरिको र दानियल अनि नहेम्याह बेबिलोनमा हुँदाखेरिको कथाको बारेमा विस्तृत जानकारी दिईएको छ । हामीले देख्न सक्छौ कि इस्राएलीहरूलाई उनीहरू बसेको अन्यजातिको राष्ट्रको शान्तिको लागि प्रार्थनाको लागि प्रोत्साहान गरिएको थियो, *"मैले तिमीहरूलाई निर्वासित गरेको*

*शहरको भलो चिताओ, र त्यसको लागि परमप्रभुसँग प्रार्थना गर । किनभने त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नती हुनेछ"* (यर्मिया २९:७) । यसप्रकार येशू पनि एक नागरिकको परमेश्वरप्रतिको र आफू बस्ने जनसमाज प्रतिको जिम्मेवारीको विषयमा स्पष्ट हुनुहुन्थ्यो (मत्ती २२:२१) । अन्तमा, पावलले आफूले रोमीहरूलाई लेखेको पत्रमा हामीलाई याद दिलाउदछन् कि परमेश्वरले जनसरकार प्रति वास्ता राख्नुहुन्छ । परमेश्वरले नै सरकारको निर्माण गर्नुहुन्छ र उहाँकै अधिनमा सारा कुराहरू हुन्छन् जुन कुराहरू समाजको भलाईको लागि हुन्छन् (रोमी १३:१) ।

राष्ट्रहरूलाई रुपान्तरण गर्ने जस्तो ठूलो कुराको कल्पना गर्न गाऱ्हो लाग्नसक्छ । जब परमेश्वरका जनहरू अर्थात उहाँमा बोलाईएकाहरू परमेश्वरको अधिनमा आउँछन् र राष्ट्रहरूलाई चेला बनाईन्छ, तब समाजहरू र संस्कृतीहरूमा रुपान्तरण आउँछ भन्ने कुराको महशूस गर्दा यसको कल्पना गर्न त्यति गाऱ्हो पर्दैन । जसरी हामीले देख्यौ कि परमेश्वरले इस्राएलीहरूलाई यदि उनीहरूले आफैलाई नम्र पारी प्रार्थना गर्छन, परमेश्वरलाई खोज्दछन र आफ्नो दुष्कर्महरूदेखि फर्कन्छन् भने परमेश्वरले उनीहरूको देशलाई निको पारिदिनुहुनेछ र उनीहरूको पापहरूलाई क्षमा गरिदिनुहुनेछ भनेर भन्नुभयो ( २ ईतिहास ७:१४) ।

## *समाजमा न्याय र रुपान्तरण*

समाजमा राम्रा घरहरूको बन्दोवस्त गरेर, साक्षरता कार्यक्रमहरू चलाएर, स्वास्थ्य केन्द्रहरू स्थापना गरेर वा झ्यालखानमा सेवाकाई गरेर समाजमा रुपान्तरण आउने होइन । यी कुराहरू सकरात्मक भए तापनि यसले समाजमा रहेका विकृतिका लक्षणहरूलाई मात्र सम्बोघन गर्दछ । जबसम्म समाजमा भएको विकृतिहरूलाई मूलजरा देखिनै उखेलिदैन तबसम्म समाजमा अन्याय, आनैतिकता र परिवारहरू टुक्रिने कुराहर निरन्तर रहिरहनेछ ।

यशैया ५८ ले हामीलाई भन्दछ, कि जसै हामी समस्याको मूल कारण र त्यसका लक्षणहरूलाई हटाउने प्रयत्न गर्छौं, हामीले परमेश्‍वरलाई आराधना गरेका हुन्छौं  यशैया ५८ को पद ७ मा परमेश्‍वरले उहाँलाई आराधना गर्नेहरू सबैलाई आफ्ना भोजन भोकासित बाँडचुड गर्नु, घर नभएका गरिबहरूलाई शरण दिनु, नाङ्गाहरूलाई लुगा लगाइदिनु, र आफ्ना जातभाईहरूबाट नलुक्नु भन्ने निर्देशन दिनुहुन्छ ।

तर केही मान्छेहरू यस सामाजिक अन्यायका मूल कारणहरूलाई नै उखेल्नको लागि ज्यादै प्रयत्नशील रहेका हुन्छन् । पद ६ ले आराधनाको विषयमा यसरी भन्दछ : *"अन्यायको बन्धन फुकाल, जुवाको डोरी फुकाल, अत्याचारमा परेकाहरूलाई मुक्त गराऊ , हरेक जुवा भाँचिदेउ ।"* यी फुकाल्न, मुक्त गराउनु र भाँचिदिनु भन्ने शब्दहरू अधिकारका शब्दहरू हुन । खीष्टलाई

पछ्याउनेहरू जसको सरकारमा, राजनितीमा अधिकार र प्रभाव हुन्छन्, उनीहरू नै अन्यायका मूल कारणहरूलाई हटाउनको लागि रणनैतिक स्थानहरूमा वा व्यवसायमा हुन्छन् । अध्याय ५९ मा पनि परमेश्‍वरले ती अधिकारमा भएकाहरूलाई ईश्‍वरीय आचरणको अभ्यास गर्न भन्नुभएको छ । परमेश्‍वरका योजनाहरूलाई आउने पुस्तामा समेत प्रतिनिधित्व गर्नका निम्ति, मण्डलीले नेतृत्वमा रहेकाहरूलाई परिवर्तन मूलक कार्यहरू गर्न उत्साहन दिन आवश्यक हुन्छ जसले गर्दा परमेश्‍वरको कार्ययोजनाहरू झल्किदछन्  र जवान मान्छेहरूलाई प्रभावशाली व्यक्तित्वहरूको रुपमा विकास गर्न मद्दत पुग्दछ ।

साधारणतया जब ईश्‍वरीय आचरण भएकाहरू शक्ति र अधिकारका स्थानहरूमा हुन्छन्, तब मण्डलीहरूले ती अन्यायका मूलजराहरूलाई उखेल्न सक्दछन् । स्थानीय सरकारी स्तरमा नगरपालिकाका सदस्यहरू र मेयरहरू (नगर प्रमुख) संग समाजमा गहिरोगरी जरा गाडेका ती अन्यायहरूलाई उखेल्ने किसीमको अधिकारहरू हुन्छन् । मण्डलीले समुदायमा काम गर्ने बोलावट पाएकाहरूलाई राजनैतिक उत्तरदायीत्वहरू बहन गर्नको लागि उत्साह गर्नुपर्दछ । त्यस पश्‍चात ती सदस्यहरूलाई त्यतिकै छोडिदिनु हुन्न । उनीहरूलाई हेर्नुपर्छ, प्रार्थना गरिदिनुपर्छ, उनीहरूलाई उत्साह दिनुपर्छ, र उनीहरूलाई जिम्मेवारी बहन गर्न लगाउनुपर्छ ।

जसै हामी सक्रिय रुपमा यी मूख्य कारणहरूलाई र मानिसको दुःखहरूलाई सम्बोधन गर्छौं, तब हामीले परमेश्‍वरले यशैया ५८ मा गर्नुभएको निको पार्ने प्रतिज्ञा पुरा भएको देख्नेछौं :

> *"तब तिमीहरूको ज्योति बिहान झैं फुटेर निस्कनेछ, र तिमीहरू चाडै निको हुनेछौ । तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ र परमप्रभुको महिमाचाहि पछिल्तिरको रक्षक हुनेछ । तब तिमीहरूले पुकार गर्ने छौ र परमप्रभुले जवाफ दिनुहुनेछ*

*। तिमीहरूले सहायताको निम्ति बिन्ति गर्नेछौ र उहाँले भन्नुहुनेछ म यही छुँ ।''* (यसैया ५८:८,९)

मलाई यहाँ अर्को विचार पनि थप्न मन लाग्छ । मण्डलीहरू भौतिक रुपमा गरिब भए तापनि आफ्नो समुदायहरूमा सेवा गर्नकालागि त्यति साह्रै गरिब हुदैनन् । त्यसरी नै स्थानीय मण्डलीहरू र व्यक्तिहरूले समाजमा न्याय स्थापित गर्न त्यति साह्रै असक्त हुदैनन्, चाहे उनीहरू बर्तमान समयमा, अधिकार वा शक्तिका स्थानहरूमा होऊन या नहोऊन । मण्डलीहरू परमेश्वरको दुतावास भएको नाताले परमेश्वरले अह्राउनु भएका कामहरू गर्नको लागि उहाँले मण्डलीहरूलाई उहाँको शक्ति र अधिकार प्रदान गर्नुहुन्छ । उहाँका दुतहरूको रुपमा हामीले उहाँको प्रतिनिधित्व गरी उहाँको नाँऊमा काम गर्दछौं ।

## *नैतिकता, विश्वदृष्टिकोण र विश्वासमा सांस्कृतिक रुपान्तरणहरू*

हामीले राजनैतिक प्रक्रियाको विषयमा हेरिरहेका छौं तर यसलाई नै सांस्कृतिक रुपान्तरणका लागि एकमात्र वा उत्तम उपाएको रुपमा हेर्न भने हुदैन । हाम्रो समुदायहरू र राष्ट्रहरू तब सम्म रुपान्तर हुदैनन्, जबसम्म परमेश्वरका जनहरूले ईमान्दारीताकासाथ आफूलाई यो प्रश्न सोधि विचार गर्दैनन्: *''यदि येशू मेयर हुनुभएको भए के गर्नुहुन्थ्यो ?''* उहाँद्वारा शसक्त पारिएका र उहाँलाई प्रतिनिधित्व गर्ने परमेश्वरका जनहरू उनीहरू जहाँ छन्, त्यहीँ परमेश्वरले इच्छा गर्नुभएको रुपान्तरणको शुरुवात गर्न सक्दछन् ।

यो कुरा स्पष्टै छ कि हाम्रा समाजहरू तथा संस्कृतिहरूमा रुपान्तरण आउन जरुरी छ । पावलले भन्नुभएको छ कि सबै कुराहरू येशूखीष्ट द्वारा येशूखीष्टमै मिलापमा आउँनेछन् र हामी उहाँका प्रतिनिधिहरू हौं । हाम्रो समाजका मानिसहलाई नयाँ आत्मिकी जन्मको खाँचो छ । परमेश्वरका इच्छाहरू तथा बाइबलीय सिद्धान्तहरूलाई दर्शाउने किसीमको मूल्यमान्यता, नैतिकता र विश्वास अनुसार चल्नको निम्ति हाम्रो समाजमा बाइबलीय रुपान्तरण आउन जरुरी हुन्छ । जसै परमेश्वरको राज्य हाम्रो जीवन र हाम्रो मण्डलीमा आउँदछ र हामी उहाँ प्रति आज्ञाकारी बन्दछौं, हाम्रा राष्ट्रहरू र संस्कृतिहरूलाई न्याय, नैतिकता, नीतिहरू, विश्वदृष्टिकोण र विश्वासमा चेलापन गरिनेछ ।

कुनै पनि समाजमा भएका समाजका रोगहरू पत्ता लगाउन केही गाह्रो हुदैन । मैले मेरो संस्कृतिमा भएका यस्ता धेरै कुराहरूको बारेमा विचार गर्नसक्छु । परम्परागत पारिपाटिका मूल्यमान्यता घट्दो छ । सरकारको लागि थोरै मात्र आदर छ । जतातततै मानिसहरू धेरै भन्दा धेरै कुराहरूको उपभोग गर्न चाहन्छन् । पत्रकारिता गर्नेहरूले खीष्टयानहरूलाई होच्याएर लेख्ने

गर्छन । सामान्य जनमानसहरूले आफूलाई आत्मिकी ठान्दछन् तर अहिलेको परिस्थितीमा भने सामान्य दृष्टिकोण अईश्वरीय छ । अनैतिक शारिरीक सम्बन्ध राख्नु सामान्य बनिसकेको छ । ब्यवसायहरू र सरकारले बाइबललाई आधार मानेर निर्णयहरू लिदैनन् । लगभग सबै समुदायहरूमा अपराध, हिंसा, लागुऔषध दुर्व्यसनी र नीतिगत दुश्मनीहरूका कुराहरू हुने गर्छन । नजन्मेकाहरू, विरामीहरू, र बुढाबुढीहरूका जीवनको लागि आदर घट्दो क्रममा छ । मनोरञ्जनको क्षेत्रमा ब्यभिचारलाई बढावा दिइन्छ । कामप्रतिको आचरण दयनीय अवस्थामा छ । मानिसहरूले परमेश्वरको वा अरुको इच्छाहरूलाई पन्छयाएर आफ्ना इच्छाहरूलाई अगाडी सार्छन् ।

यो कुरा सुन्दा अचम्म नलाग्ला कि एउटा अध्ययन अनुसार अमेरिकामा नयाँजन्म पाएकाहरू मध्ये जम्मा *नौ प्रतिशतले* मात्रै संसारलाई *बाइबलीय दृष्टिकोणले* हेर्छन् र जुन चाँहि कुल जनसंख्याको *चार प्रतिशत* मात्र हुन्छ । यो अध्ययनले यो पनि देखायो कि बाइबलीय विश्वदृष्टिकोण भएका मानिसहरूले ब्यभिचार, निन्दनीयकार्यहरू, गर्भपतन, जुवातास्, अश्लिलताहरू, तथा अवैवाहिक शारिरिक सम्बन्धहरूजस्ता कुराहरूलाई समर्थन या स्वीकार या उत्साह पनि गर्दैनन । यी अनुसन्धानकर्ताहरूले यसो भनेर भने:

> यदि येशू ख्रीष्ट यस संसारमा कसरी जिउने भनेर उदाहरण दिनको लागि फेरि आउनुभयो भने, हाम्रो लक्ष्य भनेको उहाँजस्तै जिउने हुन्छ । दुःख लाग्दो कुरा यो होकी थोरैमात्र मानिसहरूले येशूको प्रेम, आज्ञाकारिता र प्राथमिकताहरूलाई प्रदर्शन गर्ने गर्दछन् । मानिसहरूले येशूको जस्तै जीवन नजिउनुको मुख्य कारण भनकै उनीहरूले येशूलेझैं नसोँच्नाले हो । धेरैजसो मानिसहरूलाई जिवनका चुनौतीहरू र मौकाहरूसंग जुध्न कसरी बाइबलीय सिद्धान्तहरूको प्रयोग गरिन्छ भन्ने कुरा थाहै छैन ।[३]

आजको अवस्थामा हामी मण्डली यस संसारको निम्ति ज्योति अनि नून हुन अति जरुरी छ (मत्ती ५:१३-१६) । हामीलाई हाम्रो समाजहरूमा र संस्कृतिहरूमा येशूको स्वाद र चमक ल्याउने जिम्मेवारी तथा मौका छ । अब हामी कसरी जिउने त ?

## *सामाजिक रुपान्तरण Ð के यो चलिनैरहने छ त ?*

किन होला विगतमा सामाजिक रुपान्तरण आएका समाजहरूले आजको दिनहरूमा त्यसको फलको स्वाद उठाउन सकेका छैनन् ? *दानियल लापिन* नामक एक ब्यक्तिले *"समान भुकम्पको असमान परिणाम"* भन्ने शिर्षकको एक लेख लेखेका छन् जसले उपरोक्त प्रश्नको जवाफ दिन्छन् ।[४] *दानियल लापिन* ले यस कुरा प्रष्ट गरे कि जब संस्कृतीहरू बाइबलीय विचारधाराबाट टाढिन्छ, तब यसको ठूलो जोखिम पनि उनीहरूले उठाउनु पर्छ । जस्तै सोलोमनको पालामा जसरी इस्रायल परमेश्वरको निर्देशनहरू नमानी हिड्यो, तब पहिलाको त्यस सम्पन्नशाली राष्ट्र एक दासत्वमा परेको देश बन्न पुग्यो । जसै प्रगतिशील यूरोपेली राष्ट्रहरू र

उत्तरी अमेरिका बाइबलीय विचारधाराबाट टाढा हुदै गए तब उनीहरूको पतन पनि शुरु भयो । राष्ट्रको हरेक पुस्ताले सृष्टिकर्त्तालाई चिन्ने, प्रेम गर्ने र उहाँका आज्ञाहरूको पालन गर्ने सर्मपणतालाई या त बढाउँछन् या त घटाउँछन् । हरेक पुस्ताको परमेश्वरका दिर्नेशनहरूलाई मान्ने निर्णयहरूले र कार्यहरूले त्यसपछि आउने पुस्तालाई प्रभाव पार्दछ । परमेश्वरतिर फर्केर उहाँको ढाँचा अनुसार चलेमा मात्र त्यस पुस्ता र उनीहरूको पुस्ता समेत प्रगतितिर लाग्न सक्दछन् । उहाँको योजनाबाट तर्केर हिड्यो भने पतनको शुररुवात हुन्छ ।

हजुर, सामाजिक रुपान्तरण निरन्तर जारिरहन सक्दछ तर हरेक पुस्ताले जीवन या मृत्युसम्म पुऱ्याउने कार्यहरूको जिम्मेवारी लिनुपर्दछ । मण्डली हरेक पुस्तामा भईरहने हुनाले, अबाइबलीय सिद्धान्तहरूलाई एकपुस्ताबाट आर्को पुस्तामा पुग्नबाट रोक्नको लागि मण्डली संस्कृतिहरूलाई हस्तक्षेप गर्ने एउटा सिद्ध साधन हो, जसले समुदाय र राष्ट्रलाई नै जीवनको मार्गमा डोऱ्याउँदछ ।

## स्थानीय मण्डलीले समाजमा सिर्जना गर्ने प्रभावहरूका ६ वटा कारणहरू

खीष्टयनहरूसंग परमेश्वरको विचारहरूलाई सोँच्नसक्ने र उहाँको ढाँचाअनुसार जिउन सक्ने क्षमता हुन्छ । यसले मण्डलीहरूलाई समाजमा गएर प्रभावशाली कार्यहरू गर्नको लागि बिषेश तथा रणनीतिक स्थान प्रदान गर्दछ ? हाम्रो सबैभन्दा ठूलो शक्ति भनेकै खीष्ट हुनुहुन्छ जो मण्डलीको शीर हुनुहुन्छ । तर त्यसको अतिरिक्त, स्थानीय मण्डलीले पनि आफूले सेवाकाई गर्ने समाजमा प्रभाव सिर्जना गर्नको पछाडी छ वटा तर्कपूर्ण कारणहरू छन जो निम्न प्रकारका छन् :

१ ***स्थानीय मण्डलीलाई सर्वाङ्गीण आज्ञा छ ।*** यदि स्थानीय मण्डली सँच्चैनै परमेश्वरको विस्तृत कार्ययोजना अनुरुप चल्दछ भने, त्यस मण्डली ब्यक्तिगत तथा समुदायकै जीवनको हरेक क्षेत्रमा सामेल भएको हुन्छ । यसले समुदाय र त्यहाँको बासिन्दाहरूको शारिरीक, आत्मिक, सामाजीक तथा बौद्धिक आवश्यकताहरूको लागि एउटा दर्शन बोकेको हुन्छ । यसले आफूलाई आफ्नो मण्डलीका सदस्यहरू वा समुदायको वास्ता गर्नुमै सिमित राख्दैन । यसले आफूलाई परमेश्वरको एक दुईवटा वास्ताका विषयहरूलाई पुरा गर्नमा मात्र सिमीत राख्दैन । यदि मण्डली परमेश्वरको कार्ययोजनाले प्रभावित भएको छ भने यसले जानेरै जीवनको हरेक क्षेत्रहरूमा सेवाकाई प्रदान गर्दछ ।

२ ***स्थानीय मण्डलीले निरन्तर रुपमा सदस्यहरूलाई सुसज्जित पार्दछ ।*** मण्डलीका जनहरू निरन्तररुपमा र स्वतन्त्र इच्छाले बचन, बाइबल अध्ययन, बाल संगती, घरेलु संगती र अरु कुराहरूबाट केहि कुरा सिक्न, उत्साह पाउन र प्रभुमा सुसज्जित हुन भनि एक ठाँउमा भेला हुन्छन् । यी निरन्तररुपमा भईरहने भेलाहरूले यसका सदस्यहरूलाई

उनीहरू जहाँ छन त्यही अर्थात आफ्नो घरहरूमा, समुदायहरूमा, काम गर्ने ठाँउहरूमा तथा विद्यालयहरूमा परमेश्वरले चाहे जस्तै जीवन जिउन सिकाउँदछन् । सन्त पावलले भन्छन् कि मण्डलीका अगुवाहरूले यसका सदस्यहरूलाई **सेवाका कामहरू गर्नको लागि सुसज्जित र तयार पार्दछन** । "सुसज्जित पार्नु" चाहिँ ज्ञानभन्दा ठूलो हुन्छ । यसले तयारीका साथै अनुभव पनि दिलाउँछ । यसले मानिसहरूको कलाहरू, आचरणहरू, बुझाई, क्षमताहरू, आत्मिकी बरदानहरू, विश्वास र विश्वासयोग्यताको विकास गर्दछ ।

३ ***स्थानीय मण्डलीले समाजको सम्पूर्ण अंगहरूको प्रतिनिधित्व गर्दछ ।*** एउटा समुदायमा भएको स्थानीय मण्डलीले सबै आर्थिक तथा सामाजिक वर्गहरू, जात जातिहरू, शैक्षिक स्तरहरू तथा विभिन्न कामगर्नेहरूको प्रतिनिधित्व गर्दछ । मण्डलीका सदस्यहरू झुपडीहरूमा या ठूला घरहरूमा पनि बस्न सक्छन् । उनीहरूचाहि शैक्षिक संस्थाहरू, ब्यावसायिक समुदायहरू, सेवामूलक उद्योगहरू, पत्रकारिता तथा कलाकारिताहरू, संसारभरि खेलिने खेलहरू, चिकित्सकहरूको क्षेत्र, सामाजिक सेवाको क्षेत्र, कृषि, बिक्रि,

उत्पाद, कलकारखानाहरू, कानूनहरू, श्रमिकहरू, र सरकारबाट आएका हुन्छन् । चर्च बाहेक अरु कुनै ठाउँमा यस्तो विविध प्रकारका मानिसहरू पाउन सक्छौ ?

यि सम्पूर्ण किसीमका मानिसहरू एउटा स्थानीय मण्डलीमा मात्रै नहुन सक्छन् । यदि समाजको हरेक क्षेत्रमा स्थानीय मण्डलीहरू हुन्छन् भने येशूखीष्टको मण्डलीको पूरा समाजमानै प्रतिनिधिहरू हुनेछन् । स्थानीय मण्डलीहरू संगसंगै मिलेर, परमेश्वरको इच्छाहरूलाई समाजको हरेक क्षेत्रमा प्रतिनीधित्व गर्ने यो मौका छ, जहाँ मण्डलीका सदस्यहरू बसोवास गर्छन, काम गर्छन, जम्मा हुन्छन, किनमेल गर्छन, अध्ययन गर्छन र रमाइलो गर्छन । मण्डलीले संस्कृतीमा पार्ने प्रभाव तबमात्र देखिन्छ, जब समाजभरी नै मण्डलीहरू हुन्छन् । जहाँ थोरै मण्डलीहरू हुन्छन् यस्तो प्रभाव पनि थोरै मात्र देखिन्छ । थोरै मण्डलीहरू भए तापनि उज्यालाले अध्यारोमा प्रवेश गरेझै गरी मण्डलीले यसको संस्कृतिमा प्रवेश गर्नसक्छ ।

४ ***स्थानीय मण्डली मौलिक प्रकृतिको हुन्छ ।*** स्थानीय मण्डली प्राःय जसो बाहिरका समुदायका मानिसहरूले स्थापना गरेका हुन्छन् । शुरुको अभियान पूरा भईसकेपछि स्थानीय मण्डली मौलिक बन्दछ, यसका सदस्यहरू तथा अगुवाहरू स्थानीय समुदायबाट नै आएका हुन्छन् । यी यस्ता किसीमका मण्डलीहरू हुन्छन् जुन बाहिरका सम्प्रदायहरू वा रुढीवादी सस्थाहरूद्वारा सञ्चालित र नियन्त्रित हुदैनन् ।

५ ***स्थानीय मण्डलीको सेवाकाई आत्मनिर्भर हुन्छ ।*** स्थानीय मण्डली मौलिक हुने हुनाले गर्दा यसले स्थानीय स्रोतहरूको परिचालनद्वारा आफैलाई र अरुलाई पनि हेर्नसक्छ ।

समुदायीक रुपान्तरणको उद्देश्य राखेका यस्ता धेरै संस्थाहरू र आयोजनाहरू विशेषगरी गरिब समुदायहरू माझ काम गर्नका लागि बाहिरबाट आएका हुन्छन् । उदाहारणका निम्ति अनाथ आश्रम, विद्यालयहरू, अस्पतालहरू, र कृषिमूलक आयोजनाहरू । यस्ता धेरै कार्यक्रमहरू गर्नको लागि बाहिरको साहायता विना चल्न नसके तापनि स्थानीय मण्डलीको सेवाकाई भने बाहिरको कर्मचारीहरू र स्रोतसाधनहरू विना पनि आफैमा आत्मनिर्भर भई चल्न सक्दछन् ।

६ ***मण्डली यसका सदस्यहरूसंग जीवनभरीको सम्बन्ध राख्नको लीग बनिएको हुन्छ ।***
मण्डली बाहेक पनि अरु केही संस्थाहरू हुन्छन जहाँ मानिसहरू कसरी जिउने भन्ने निर्देशनहरू पाउनको लाीग स्वतन्त्र इच्छाले, नियमित रुपमा र जीवनभरी नै जाने गर्दछन् । स्थानीय मण्डलीलाई जवान जवानीहरू, परिपक्कहरू, र बुढापाकाहरू सबैलाई प्रभुमा सुसज्जित पार्नुपर्ने आज्ञा छ । समाजमा थोरै मात्र केही यस्ता संस्सथाहरूलाई यस्तो सौभाग्यता हुन्छ । शैक्षिक संस्थानहरूले त्यसका विद्यार्थीहरूको जीवनमा उनीहरू विद्यार्थी हुन्जेलसम्म मात्र प्रभाव पार्न सक्छन । व्यवसायहरूले उसका कामदारहरूको जीवनमा उनीहरूको लागि काम गरुन्जेल मात्रै प्रभाव पार्दछ । राजनितिज्ञहरू उनीहरू पदमा होउन्जेल मात्र जनताहरूसंग बोल्दछन ।

स्थानीय मण्डली एउटा यस्तो ठाँउ हो जहाँ सदस्यहरूले आजीवन सम्बन्ध राख्न सक्दछन् जहाँ एक अर्कालाई सहायता दिईन्छ र जहाँ सदस्यहरूलाई उनीहरूले मण्डलीको पर्खालहरू भन्दा बाहिर सेवाकाई गर्नको लागि सुसज्जित तथा परिपक्क पारिन्छ । मण्डली एउटा आफ्नै अस्तित्व तथा विशेषताहरू बोकेको अचम्मको संस्था हो ! परमेश्वरले हामीहरूलाई आफ्नो भरिपूर्णताले भर्नु हुन्छ, उहाँको शक्तिले हामीभित्र काम गर्दछ र उहाँको महिमा मण्डलीमा हुँदछ । अनि यो पुस्तौ पुस्तासम्म जारी रहिरहन्छ (एफिसी ३:१९-२१) !

## मण्डली बृद्धिबारे एक टिपोट

आजका धेरै मण्डलीहरूमा एउटा झुठो भ्रम तथा धारणा भएको पाईन्छ । मानिसहरू सोँच्छन् कि जसै धेरै भन्दा धेरै मानिसहरूलाई सुसमाचार प्रचार गरिन्छ र मण्डलीहरूको संख्यामा बृद्धि हुदै जान्छ, त्यसले समाजमा पनि आफै परिवर्तन ल्याउँछ । तर मण्डलीको प्राथमिक उद्देश्य भनेको संख्यात्मक बृद्धि हुनुहुदैन । कहिलेकाही समाजमा मानिसहरूलाई चोट र बाधा नपुऱ्याउने, समाजमा भएका अईश्वरीय कुराहरूको बारेमा चुनौति नदिने नरम बचन दिएर वा बोलरे पनि मण्डलीहरूमा संख्यात्मक बृद्धि ल्याउन सकिन्छ । सन्त पावलले भनेका छन कि हामीहरू एउटा द्वन्दमा छौं (एफिसी ६:१२) । यो एउटा ठूलो युद्ध हो, सानोतिनो युद्ध होइन । हामी पछाडी हट्नु हुदैन तर बिद्रोहीहरूलाई चुनौती दिनुपर्दछ । चेलापनका आवश्यकताहरूलाई हल्का रुपमा लिएर अरु मानिसहरूलाई हाम्रो पक्षमा आउन अर्कर्षित गर्नु पर्दैन ।

एकजना मेरो साथीले मलाई दुई किसीमका मण्डलीहरूको बारेमा एउटा सुहाँउदो तुलनात्मक उदाहारण दिनुभयो । ताल र नदी मण्डलीहरू, यी चाँहि वास्तविक मण्डलीहरू होइनन् तर सेवाकाईको अवधारणाहरू हुन् । ताल ठूलो भए तापनि यसका सिमाहरू हुन्छन् यो कि त बढ्न सक्छ कि त घट्छ । पानी एकै ठाउँमा रहिरहेको कारणले यो चाहिँ गन्हाउने हुन पनि सक्छ । तर नदीहरू भने केही गहिरो हुन्छन् । नदीहरूको गती हुन्छ , नदीहरूको प्रभाव फेरिन सक्दछ, नदीहरू जहाँ जान्छन त्यही नै मान्छेहरूलाई बगाउन सक्छन् । एउटा ताल मण्डली भनेको धेरै भन्दा धेरै मानिसहरूलाई जम्मा गर्ने एक ठाँउ हो र ताल मण्डलीको सफलतालाई यसको आकारले देखाउदछ, चाहे यसका सदस्यहरू चरित्रमा र सेवामा बढुन या नबढुन । नदी मण्डलीहरू प्रभावमा हुँदा खेरि सदस्यहरूलाई पनि प्रभाव पार्दछन् र यी मण्डलीहरूले यसका तीरहरूमा छाल फाल्दछन् । "कतिजना मान्छेहरू थिए ?" भन्ने तालमण्डलीको प्रश्न हुन्छ भने "आएकाहरूलाई के भयो ?" भन्ने नदि मण्डलीहरूको प्रश्न हुनेछ । "कार्यक्रममा कति सहभागि थिए ?" भन्ने ताल मण्डलीको सोँचाई रहन्छ भने "कार्यक्रमले सहभागीहरूलाई कस्तो प्रभाव पाऱ्यो ?" भन्ने नदी मण्डलीको प्रश्न हुन्छ ।[५]

जब मण्डलीहरू राज्यका सिद्धान्तहरू अनुसार बृद्धि हुन्छन्, उनीहरूका सदस्यहरूले मुक्तिदाताले राज गर्नुहुने जीवन जिउने र उहाँको राज्यलाई उनीहरूको ब्यक्तिगत, परिवारिक र समुदायिक जीवनहरूमा लिएर जाने संकल्प गर्दछन् । जब मण्डलीहरू यसरी बृद्धि हुन थाल्दछन, तब समाजमा रुपान्तरण आउँदछ । परमेश्वरको राज्य तब देख्न सकिन्छ, जब उहाँको इच्छा स्वर्गमा जस्तै यस पृथ्वीमा पूरा हुन्छ । योचाहि संख्याको विषय होइन, तर आज्ञाकारिताको हो । जब उहाँको इच्छा पुरा हुन्छ, परमेश्वरले मण्डलीहरूलाई संस्कृतिहरूमा परिवर्तन ल्याउन प्रयोग गर्नुहुन्छ ।

## स्थानीय मण्डलीहरूको शक्ति र क्षमता

संसारमा कही पनि भएका कुनै पनि संस्थाहरू भन्दा संस्कृतिलाई स्वरुप दिने सबैभन्दा ठूलो क्षमता स्थानीय मण्डलीमा निहित हुँदछ । एकपटक क्षमताहरूको झल्को मात्र पायौं भने, ख्रीष्टले मण्डलीलाई विशेषगरी स्थानीय मण्डलीलाई उहाँको आफ्नो कार्ययोजनाहरूलाई सुचारु रुपले अघि बढाउनको लागि किन खडा गर्नुभयो भनेर बुझ्न साहायता मिल्दछ । मण्डलीले नै परमेश्वरको राज्यको सुचना र घोषणा पृथ्वीमा ल्याउन मद्दत गर्दछ । धेरैजसो स्थानीय मण्डलीहरूले भने अहिले सम्म यस्तो प्रभाव सिर्जना गर्न सकेका छैनन् । तर त्यस्को पहिलो कारण यो हो कि उनीहरूले यस कामलाई नै बुझेका छैनन् र उनीहरूलाई परमेश्वरबाट पाइएका क्षमताहरूको बारेमा ज्ञान छैन । परमेश्वरले दिनुभएको आज्ञाले र शक्तिले उनीहरूलाई ठूलो क्षमता दिदँछ ।

परमेश्वरले मण्डलीहरू र व्यक्तिहरूलाई आ–आफ्ना समाजहरूमा उहाँको प्रतिनिधित्व गर्न, दुःखमा परेकाहरूलाई सेवाकाई गर्न र सामाजिक, नैतिक तथा सैद्धान्तिक विषयमा ज्योति बन्न बोलाउदै हुनुहुन्छ । मण्डलीहरूले कदम चाल्नै पर्छ तर परमेश्वरको शक्तिले, आफ्नै शक्तिले होइन । परमेश्वर शक्तिशाली हुनुहुन्छ । उहाँले हामी बिना रुपान्तरण ल्याउँन सक्नुहुन्छ तर उहाँले हामीहरूलाई चलाउने इच्छा गर्नुभएको छ । उहाँले हामीहरूलाई असम्भव कामहरू अह्राएर त्यसै छोडिदिनु भएको छैन । उहाँले हामीलाई सुसज्जित पार्नुहुन्छ, शक्ति दिनुहुन्छ, हामीलाई चाहिने बरदान तथा मानिसहरू पनि दिनुहुन्छ र हामीलाई उहाँको काममा डोऱ्याउनुहुन्छ । मण्डली उहाँको साधन हो, उहाँको मेलमिलापको प्रतिनिधि हो । हामीले बुझ्नै नसकिदो ठूलो कारणको खातिर उहाँले आफ्ना जनहरूलाई यो क्षतविक्षत संसारमा उहाँको कार्ययोजना पुरा गर्न उहाँका हात, खुट्टा, पाखुरा र मुखहरू बन्नको लागि छान्नुभएको छ ।

# स्थानीय मण्डलीलाई सर्वाङ्गिण गवाहीको निम्ति सुसज्जित पार्नु

# १०

बीस वर्षभन्दा बढी समयदेखि मैले परमेश्वरले विश्वका तेस्रो मुलुकहरूमा मण्डलीहरूलाई आत्मिकी सेवाकाईको साँघुरो विचारधाराबाट धर्मशास्त्रको परमेश्वरको बृहत कार्ययोजना तर्फ लैजानको निम्ति उनीहरूलाई स्वतन्त्र गरेको हेर्दै आएको छ । एउटा संकुचित विचारधाराले परमेश्वरको यस टुटेको संसारप्रतिको वास्तालाई देख्न देखि बाधा उत्पन्न गर्दछ । यसले परमेश्वरको एउटा राजदुतको रुपमा उहाँको सम्पूर्ण इच्छाहरूको प्रतिनिधित्व गर्नमा अवरोध सिर्जना गर्दछ । तर जब मण्डलीले यसका सदस्यहरूलाई येशू मेयर हुनुभएको भए गर्नु हुने जस्ता रुपान्तरणका कार्यहरू गर्नको लागि परिचालन गर्दछ, तब यसको परिणाम उत्साहजनक र शक्तिशाली हुँदछ ।

म एउटा कुरालाई जोड दिएर भन्न चाहन्छु कि सर्वाङ्गीण सेवाकाईले कुनै पनि रीतिले सुसमाचार प्रचार अर्थात परमेश्वरको प्रेम र उद्धारलाई मौखिक या लिखित रुपले बताउनु पर्ने

आवश्यकताको स्थान लिदैन । सुसमाचार प्रचारले परमेश्वरको मण्डली प्रतिको अभिप्राय एवं योजनाहरूलाई पुरा गर्नमा उत्तिकै भूमिका खेल्दछ तर अहिले हामी त्यतिकै महत्वपूर्ण पक्ष अर्थात परमेश्वरको प्रेमको प्रदर्शनको बारेमा केन्द्रित छौं । स्थानीय मण्डलीहरू र यसका सदस्यहरूको जीवनशैलीमा सर्वाङ्गण सेवाकाईले कसरी जरा गाड्दछ र एउटा विशेषता बन्दछ भनेर हामी जाच्दैंछौ ।

अफ्रिकाको एउटा चर्च सम्प्रदायमा हरेक स्थानीय मण्डलीहरूले एक सालको लागि "एक अर्कालाई प्रेम गर" भन्ने मूल नारा बनाएका थिए । यो राम्रो कुरा हो ! यद्यपी हामीले कहिले पनि भन्नुहुदैन कि "यो त गएको वर्षका नारा पो थियो त" ! जब सर्वाङ्गीण सेवाकाई हाम्रा मण्डलीहरूको **DNA** अर्थात जिवनशैली बन्दछ तब हाम्रा छिमेकीहरूलाई प्रेम गर्ने कुरा सबै वर्षहरू अर्थात सधैको लागि हुनेछ ।

## DNA रोपण

एकपटक म घरेलु मण्डली सम्मेलनमा बोल्दै गर्दा मलाई एउटा प्रश्न सोधियो । विश्वव्यापी घरेलु मण्डली अभियानका एक जवान अगुवाले यो प्रश्न मलाई सोधि नै रहे, "बब्, यदि तपाईले संसार भरीमा धेरैजसो स्थानीय मण्डलीहरूलाई हेर्नुहुन्छ भने तिनीहरूमा र जसले सर्वाङ्गीण सेवाकाईलाई आफ्नै अस्थित्वको एक भागको रुपमा अपनाएका छन, उनीहरू बिच के भिन्नता पाउनु हुन्छ ? कुन कुन तत्वहरूको कारणले गर्दा उनीहरूले यस सिक्षालाई बुझेका छन् र यस अनुसारको जीवन पनि जिएका छन् ? हामीले हाम्रो मण्डलीमा सम्मेलनहरू पनि राख्यौ । हाम्रो घरेलु मण्डलीले केही यस्ता बिऊ रोप्ने योजनाहरू पनि चलाएका छन् । तर हाम्रा मण्डलीहरूको लागि यो कुरा अझै बढी गरेर भईदिएको म चाहन्छु । म यो कुरा हाम्रै एउटा अंगको रुपमा रहोस् भन्ने चाहाँन्छु । *सर्वाङ्गीण सेवाकाईलाई स्थानीय मण्डलीहरूको DNA को अभिन्न अंग बनाउनको निम्ति कुन कुन तत्वहरूले भूमिका प्रमुख खेल्दछ त ?*

कस्तो चुनौतीपूर्ण प्रश्न ? विज्ञानले मलाई बताउँदछ कि DNA ले मेरो अद्धितिय पहिचानलाई बोकेको हुन्छ । DNA ले मलाई मेरो रुपरङ्ग, मेरा क्षमताहरू र मेरा विशेषताहरूको बर्णन गर्दछ जुन कुराहरू मेरो छोराछोरीहरू र नाति नातिनीहरूसम्म समेत सर्दै जानेछ । स्थानीय मण्डलीको DNA भन्नाले यसको पहिचान, गुण, विशेषताहरू र मूल्यमान्यताहरूलाई जनाउँदछ । ती बेग्लै र उल्लेखनिय विशेषताहरू हुन, जुन मण्डलीका सदस्यहरूमा समेत सर्दछ ।

मेरो साथीले यो जान्न चाहिरहेका थिए कि एउटा स्थानीय मण्डली कसरी सर्वाङ्गीण सेवाकाईमा यस्तो प्रकारले घुलमिल हुन सक्दछ कि यस्को पहिचान भनेकै जगको एक भाग होस् । म रातभरी यसको सही उत्तरको खाजिमा जागा बसे । विहान सम्ममा मैले पाँचवटा विशेषताहरूको बारेमा विचार गरेको थिए । ती कुराहरूको बारेमा मैले युगाण्डा देशको एउटा ठूलो मण्डलीका पाष्टरसंग छलफल गरे । उहाँको मण्डलीमा सर्वाङ्गिण DNA छ र मैले उहाँको राय बुझ्न खोजे । यदि मानिसहरू उहाँको मण्डलीमा आउन चाहान्छन भने उहाँले तिनीहरूलाई यस्तो भन्ने गर्नुहुन्छ, *"हामी सर्वाङ्गीण हौं । यो नै हाम्रो पहिचान हो । यदि तपाई हामीसंग गाँसिन चाहनुहुन्छ भने यस्को लागि तपाई तैयार हुनुपर्दछ । यदि तपाई हाम्रो अंगको रुपमा रहनुहुन्छ भने तपाईले सर्वाङ्गीण सेवाहरू गर्नुहुनेछ ।"* मानिसहरू मण्डली जान थाल्नु अघिनै जान्दछन कि यो DNA मण्डली हो । उनीहरू एउटा सानो झुण्डमा हुने छन्, समुदायमा सेवा पुऱ्याउनेछन्, र यस्को लागि उत्तरदायीत्व पनि बोक्नेछन भन्ने विषयमा पहिले नै उनीहरूलाई थाहाँ हुदँछ । उनीहरूले मण्डलीको सांगठिक ब्यक्तित्वको बारेमा बुझ्दछन् । युगाण्डाको पाष्टरले ती पाँचवटा बिशेषताहरूमा सहमती जनाउनुभयो । त्यसबेलादेखि अरु सहकर्मीहरूले थप दुईवटा विशेषताहरू पत्ता लगाए र यसरी जम्मा सातवटा विशेषताहरू बन्न पुग्यो । [१]

## स्थानीय मण्डलीको DNA का तत्वहरू

**DNA का तत्वहरु**

**१ दोष मानिलिनु**
**२ पश्चताप**
**३ प्रतिबद्धता**
**४ आज्ञा पालन**
**५ नियमित शिक्षा**
**६ जिम्मेवारी**
**७ मानिलिने कुरा**

१ ***दोष मानिलिनु:*** *मण्डलीको मूख्यअगुवाहरू यसकुरामा विश्वस्त हुन्छन् कि ख्रीष्टको प्रेम प्रदर्शन गर्नेकाममा कुनै पनि सम्झौता गर्न सकिदैन ।* यदि अगुवाहरूनै यस कुरामा विश्वस्त हुदैनन् भने मण्डलीले बेलबेलामा सर्वाङ्गीण योजनाहरू बनाए तापनि सर्वाङ्गीण सेवाकाई भने मण्डलीको DNA को भाग बन्न सक्दैन । मण्डलीका अगुवाहरू यस कुरामा पनि विश्वस्त हुनुपर्दछ कि जसै उनीहरूले आफ्ना छिमेकीहरूलाई प्रेम गर्दछन् तर त्यसको फल फलाउने केवल परमेश्वर नै हुनुहुन्छ । उनीहरूले त्यस फललाई देख्न आवश्यक हुदैन, त्यो चाहिँ अर्को पुस्तामा पनि आउन सक्दछ ।

२ ***पश्चाताप :*** *एक सर्वाङ्गीण मण्डलीले आफूले विगतमा गरेका अनाज्ञाकारिताहरूको पश्चताप गर्दछ । आफूले हिडेको कुमार्ग देखि फर्कन्छ र नयाँ मार्गमा परमेश्वरसंग पूरा हृदयले हिड्दछ ।* हामीले सिकाउने धेरै जसो ठाँउहरूमा पवित्र आत्माले परमेश्वरको बृहत कार्ययोजनालाई देख्न पहिलै बाटनै मण्डलीका आँखाहरू खोलिदिन थाल्नुहुन्छ । परमेश्वरले पहिले देखि नै पाष्टर र अगुवाहरूको हृदयमा उनीहरूको टुटे भत्केको समाजहरूमा परमेश्वरको राज्य आएको देख्न चाहने भोक र तृष्णालाई राखिदिनुभएको

छ । परमेश्वरको इच्छाहरू पालन गर्न देखि चुक्नु भनेको पाप हो चाहे त्यो जानेर वा नजानेर किन नहोस् । ‘‘पश्चताप’’ नै त्यस्को सहि उत्तर हो, तर म तपाईलाई केही कुरा बताउँछु । ‘‘पश्चताप’’ गनु भनेको ‘‘फर्कनु’’ वा ‘‘दिशा परिवर्तन गर्नु’’ हो । यो भनेको परमेश्वरतिर फर्किनु र पवित्र आत्माले जस्तो अगुवाई गर्नुहुन्छ त्यस्तै गरी परमेश्वरलाई उहाँले हामीलाई परिवर्तन गर्न दिनु हो । बाइबलले हामीलाई केही यस्ता उत्सवहरूको बारेमा बताउँदछ जसले विगतका महत्वपूर्ण घटनाहरूको सम्झना दिलाउँदथ्यो र त्यस घटनाहरूलाई जोड दिन्थ्यो । मण्डलीले पनि यस्तै गरेर आफू विगतमा अन्घो भएको कुराको पश्चताप र आफूले परिवर्तन र प्रगतिको लागि गरेको दृढताको सम्झना गर्नको लागि एउटा विशेष सेवा राख्न सक्दछ वा आर्को प्रकारले पनि गर्न सक्दछ ।

३ ***प्रतिबद्धता :*** *पाष्टर र अगुवाहरू मण्डलीलाई सर्वाङ्गिण सेवाकाईमा डोऱ्याउनका लागि जे गर्न पनि तयार हुने किसिमको प्रतिबद्धता हुनुपर्दछ ।* उनीहरूले *मण्डलीको* दर्शन बोकेर काम गर्दछन्, उनीहरू *व्यक्तिगत* रुपमा प्रेमको जीवन यापन गरी सेवाकाईमा लाग्न समर्पित हुँन्छन । उनीहरूको समर्पणताको लागि बलिदान, जोखिम, समय, र प्रयासको आवश्यकता पर्दछ । उनीहरूले यी कुराहरूलाई बुझ्न पनि आवश्यक पर्नसक्छ । उनीहरूले यी कुराहरूलाई पाउनका् निम्ति मण्डलीमा गरिने केही कियाकलापहरूलाई घटाउनु समेत पर्न सक्दछ । यसको कारणले उनीहरूले मण्डलीका केही सदस्यहरूलाई गुमाउन पनि

सक्छन् । उनीहरूले केही कोषहरूलाई गुमाउन सक्छन् वा नयाँ कार्यक्रमहरूका लागि अझै थप कोषको आवश्यकता पनि पर्न सक्दछ । उनीहरूको सम्प्रदाय, वा सहकर्मीहरूले उनीहरूमाथि शंका गर्न सक्दछन । तर मण्डलीका अगुवाहरू सवाङ्गिण सेवाकाईलाई सामान्य बनाउन या मण्डलीको जीवनशैलीमा ढाल्नको लागि पूर्ण रुपमा समर्पित हुँदछन।

४ ***ब्यवहारिकता :*** *स्थानीय मण्डलीका अगुवाहरले सर्वाङ्गिण सेवाकाईलाई आफ्नो शिक्षा तथा ब्यक्तिगत जीवनमा लागू गर्नको लागि जोड दिन्छन् ।* सर्वाङ्गिण सेवाकाईहरूलाई मण्डलीले गर्ने कियाकलापहरूमा पनि देख्न सकिन्छ । मण्डलीका अगुवाहरू सर्वाङ्गिण सेवाकाईको बारेमा विचार गर्ने वा बोल्ने मात्र नभएर कामगर्ने समेत हुन्छन् । उनीहरूले यस्ता तरिकाहरूलाई अपनाउँदछन् र प्रयोग गर्दछन् जसको बारेमा हामीले पछिल्लो अध्यायहरूमा हेर्नेछौं जस्तै ‘‘प्रेमको अनुशासन’’ र ‘‘बिउ छर्ने योजनाहरू’’ । मण्डलीमा दिइने करिब हरेक वचन र बाइबल अध्ययनमा सर्वाङ्गिय सेवाकाईका कुराहरूलाई समेटिन्छ, ब्यावहारमा उतारिन्छ, र लागू गरिन्छ ।

५ ***निरन्तर शिक्षा :*** मण्डलीका सदस्यहरूलाई असल कामहरू गर्नको लागि दिइएको आज्ञाको निरन्तर रुपमा स्मरण दिलाईरहनु पर्दछ । सर्वाङ्गिण सेवाकाईको बारेमा सभा सम्मेलनहरूमा सिकाउन सकिन्छ तर सिकिसकेपछि त्यसलाई त्याग्नु भने हुदैन । यो चाहिँ कुनै ब्यक्तिलाई सु-समाचारको आधारभूत कुराहरू मात्र सिकाएर ख्रीष्टमा ल्याउनु

उनीहरूलाई यसको बारेमा फेरि कहिल्यै याद नदिलाउनु र कहिल्यै उनीहरूले यस कुरालाई जानेको बुझेको र जिएको कुराको आशा नगर्नु जस्तै हुनजान्छ । सर्वाङ्गिण सेवाकाई मण्डलीको शिक्षाको धागोहरूले बुनिएको हुन्छ, अर्थात मण्डलीमा बोलिने वचनहरू, बाइबल अध्ययनहरू, आराधनाहरू, साना झुण्डहरूमा र तालिमहरूमा बुनिएको हुन्छ । सर्वाङ्गिण सेवाकाई मण्डलीमा बारम्बार बोलिने विषयहरू मध्ये पहिलो प्राथमिकता आउँदछ । वास्तवमा भन्ने हो भने बाइबलका सबै विषयहरूको सर्वाङ्गिण सेवाकाईसंग सम्बन्ध हुन्छ । मण्डलीका जनहरूले निरन्तर रुपमा सर्वाङ्गिण सेवाकाईको विषयमा शिक्षा, तलिम तथा निर्देशन पाईरहेका हुन्छन् ।

६ ***उत्तरदायित्व :*** *जब स्थानीय मण्डलीसंग सर्वाङ्गिण DNA हुन्छ, तब विश्वासयोग्य र प्रेमपूर्ण सेवाहरूको लागि ब्यक्तिगत तथा सामुहिक रुपमा एउटा साँचो उत्तरदायित्व त्यहाँ हुन्छ ।* सेवाका कार्यहरूको लागि मण्डलीका अगुवाहरू र सदस्यहरू पनि जिम्मेवार हुन्छन् । मानिसहरूले आफूलाई प्रश्नहरू गरिन्छ कि भनि अपेक्षा राख्दछन् । साना झुण्डका अगुवाहरूले आफ्नो झुण्डले गर्ने सेवाकाईका कामहरूको टिप्पणी दिंदछन् । हरेक ब्यक्तिहरू मण्डली प्रति उत्तरदायी हुन्छन् र मण्डली आफै सदस्यहरूप्रति उत्तरदायी हुन्छ । जसरी मण्डलीमा दशांश, भेटीहरू, साप्ताहिक उपस्थिति, सदस्यता, बप्तिसमा, वा खीष्टप्रतिको समर्पणता आदीको बारेमा टिप्पणी दिईन्छ, त्यसगरी नै सर्वाङ्गिण सेवाकार्यको बारेमा पनि टिप्पणी दिईन्छ ।

७ ***मान्यता :*** *जब सर्वाङ्गिण सेवाकाई स्थानीय मण्डलीको DNA को एउटा भाग बन्दछ, तब मण्डली आफूले वा सदस्यहरूले गर्ने सेवाका कार्यहरू मा रमाउँदछन् ।* यो चाहिँ मानिसहरूले गरेको असल कार्यहरूमा रमाउनु होइन, तर परमेश्वरले मानिसहरूलाई आफूले चाहेको जस्तो राजदुतहरू बनाउनका पवित्रआत्मामा सशक्तिकरण गर्नुभएकोमा रमाउनु हो । विभिन्न तरिकाहरूद्वारा यस्तो आनन्द र रमाहट मनाउन सकिन्छ ।

- ***आराधना सेवामा :*** मण्डलीले साप्ताहिक आराधना सेवाहरूमा विश्वसीहरूलाई आफ्नो गवाही बाढ्ने मौंका दिंन्छन् । यस कुरामा ध्यान दिइन्छ कि यसबाट मानिसहरूलाई उचालिने होइन, तर परमेश्वरलाई महिमा पुगेको होस् । मत्ती ५:१६ ले भन्दछ *"यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस र तिनीहरूले तिमीहरूका सूकर्म देखुन र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन् ।"*

- ***साना झुण्डहरूमा :*** बाल संगती, बाइबल अध्ययन वा घरेलु संगतीमा हरेकजना गएको हप्ताभरीमा परमेश्वरले उनीहरूको सेवाप्रतिको आज्ञाकारितालाई कसरी प्रयोग गर्नु भएको थियो भन्ने कुरा बाढ्ने तयारीका साथमा आउनु पर्दछ ।

- ***सूचना प्रसारणको माध्यमद्वारा :*** मण्डलीले आफूले प्रकाशित गर्ने समाचार पत्रिकाहरूमा वा सूचनाहरूमा ती गवाहीका कथाहरूलाई वा तस्वीरहरूलाई समावेश गरेर ।

जब हामी नयाँ गरी जन्मिएका हुन्छौं, तब हामी ख्रीष्टको DNA प्राप्त गर्छौं, जुन चाहिँ उहाँको स्वरुपमा ढालिने एउटा क्षमता हो । हामी पहिले नै उहाँको स्वरुपमा बनिएका छौं तर त्यस अनुरुप चल्नु मात्र आवश्यक छ । त्यस्तै गरी सर्वाङ्गिण सेवाकाईको विषयमा धर्मशास्त्रमा पहिले नै उल्लेख भएको छ । जसै स्थानीय मण्डलीका अगुवाहरूले यस कुरालाई प्रयोगमा ल्याउँदछन्, त्यसपछि यस कुरा मण्डलीको DNA को एक भाग बन्दछ ।

## स्थानीय मण्डलीको लागि परमेश्वरको दर्शनलाई पहिचान गर्नु

जब स्थानीय मण्डलीहरूले सर्वाङ्गिण दर्शनलाई अंगाल्दछन र साथै आफ्ना सदस्यहरूलाई सर्वाङ्गिण सेवाकाईको लागि सुसज्जित पार्दछन, तब उनीहरूले यस सर्वाङ्गिण दर्शनलाई पहिचान गर्नको निम्ति, आफ्नो जनहरूलाई यसको बारेमा बुझाउनको निम्ति, र आफ्ना समुदायहरूमा यसलाई कार्यान्वयन गर्नको लागि कदमहरू बढाउनु पर्दछ ।

सुसज्जित पर्नु शिक्षा दिनु भन्दा फरक कार्य हो । यो भनेको नमुना देखाउनु, तालिम दिनु, स्रोत साधनहरू जुटाइदिनु, चरित्र र स्वभावले भर्नु, दर्शनलाई अझै राम्रो बनाउनु, आवश्यक ज्ञान तथा अनुभव प्रदान गर्नु, परिपक्क पार्नु, तथा चेला बनाउनु हो । यो एउटा बृहत प्रकारको तयारी हो ।

मण्डलीका अगुवाहरलाई सर्वाङ्गिण दर्शन दिलाउनको निम्ति हामी उनीहरूलाई यो प्रश्न गर्न रुचाउदछौ, *"यदि येशू मेयर हुनुभएको भए तपाईहरूको समूदायहरू कसरी परिवर्तन हुन्थ्यो होला ?"* दर्शननै एउटा मुख्य साँचो हो । बाइबलले बताउँदछ, *"जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू भाँडिन्छन्"* (हितोपदेश २९:१८) । एउटा दर्शन नभएको मण्डलीले आफ्नो अस्थित्वलाई बचाईराख्ने काम भन्दा बढी केहि गर्न सक्दैन । यस्तो मण्डलीको आफ्नो समुदायमा परमेश्वरको राज्यको प्रभाव पार्ने सम्भावना थोरै मात्र हुन्छ । तर एउटा दर्शन भएको मण्डलीमको भन अस्थायी तथा स्थायी महत्वपूर्ण कामहरूद्वारा प्रभावपार्ने धेरै सम्भावना हुन्छ ।

एउटा मण्डलीको लागि परमेश्वरको दर्शन धेरैजसो गोठालोबाट भेडाहरूसम्म पुग्दछ । त्यसपछि, त्यस दर्शनलाई बढावा दिदै मण्डलीको दैनिक जीवनमा प्रचार प्रसार गरिनु पर्दछ अर्थात मण्डलीको अभियान पत्रमा, पुल्पिट, बचन अध्ययनहरू, बाल संगतीहरू, साना झुण्डहरू र सेवा आयोजनाहरूसम्म पुऱ्याइनु पर्दछ । पाएको यस दर्शनलाई प्रचारप्रसार गर्नु, कार्यान्यवन गर्नु, र मण्डलीको जीवनशैलीको रुपमा बढावा दिनु अति आवश्यक हुन्छ ।

दर्शनलाई मण्डलीका अगुवाहरू अर्थात पाष्टरहरू, एल्डरहरू, शिक्षक-शिक्षिकाहरू, साथै कार्मचारीहरूको माझमा बाढिसकेपछि यस दर्शनलाई मण्डली भरी प्रचार प्रसार गर्न का लागि पाष्टरहरू नै सबैभन्दा प्रभावशाली ब्यक्तिहरू हुन्छन् । पाष्टरहरू र अगुवाहरूले एउटै दर्शन

बोकेको र कार्यान्यवन गरेको हुनुपर्दछ र संगसंगै मिलेर मण्डलीका जनहरूलाई परमेश्वरको योजनाहरूतर्फ डोऱ्याउनुपर्दछ ।

अझै भन्नुपर्दा, मण्डलीमा वचनहरू अति प्रभावशाली हुन्छन्, जब एउटै सन्देशलाई मिसाएर मण्डलीमा बचनहरू दिइन्छन् । मण्डलीका मानिसहरूले बचन सुन्दाखेरि परमेश्वरको दर्शनको बारेमा सुन्दछन् र त्यही महत्वलाई बाल संगतीहरूमा, बाइबल अध्ययनहरूमा , घरेलु संगतीहरूमा, चेलापन झुण्डहरूमा, आराधनामा, जवान संगतीहरूमा, परामर्श सेवाकाईहरूमा, सुसमाचार प्रचारक समूहहरूको बिचमा पुऱ्याईन्छ ।[२]

मण्डलीको अभियान (मिशन) र दर्शनको एउटा भागको रुपमा सर्वाङ्गिण सेवाकाईलाई समावेश गर्नु ज्यादै महत्वपूर्ण हुन्छ, र यस कुरालाई विकास गर्नु पनि त्यतिकै फलदायी हुन्छ । एकजना प्रसिद्ध अगुवाले आफ्नो मण्डलीले गर्ने सेवाकाईको सारांशलाई आफ्नो अभियान (मिशन) को रुपमा ब्याख्या गरेका थिए अर्थात मण्डलीको अस्थित्वको कारण के हो त भनि बिस्तृत रुपमा ब्याख्या गरेका थिए –जस्तै *महान कार्य* र *महान आज्ञाको* संमिश्रण (मत्ती २८:१९-२०, २२:३७-३९) । त्यसपछि दर्शनले चाहिँ मण्डलीको आफ्नो एउटा मौलिक बोलावटको बारेमा उल्लेख

गर्दछ, अर्थात यसको भौगोलिक क्षेत्र, सेवा पुऱ्याइने मानिसहरू, अपनाईने विधिहरू वा अन्तिम लक्ष्यहरूलाई वर्णन गर्दछ ।[३] व्यक्तिगत रुपमा, म “दर्शन” चाहिँ ***बृहत एवं विस्तृत*** र “अभियान (मिशन)” चाहिँ ***अदभुत*** हुँन्छ भनि धेरजसो विचार गर्दछु । जे भए तापनि यो भनेको मण्डलीले पाउने साधारण र विशिष्ट बोलावटहरू दुवैमा सर्वाङ्गिणता हुनु हो । यो अति महत्वपूर्ण हुन्छ कि मण्डलीको “अभियान” (मिशन) तथा “दर्शन” लेखपत्रहरू परमेश्वरको पूर्ण योजना अर्थात आत्मिक, शारिरीक, तथा सामाजिक योजनाहरूसंग सम्बन्धित हुनुपर्दछ । उनीहरूले यसमा यस्ता विशेषताहरूलाई समावेश गर्न सक्दछन जसलाई मैले उद्देश्यपूर्ण रुपमा मिसाएको छु ।

- खीष्टलाई प्रभुको रुपमा प्रचारगर्नु र अरुहरूलाई उहाँको निम्ति सेवागर्नु (२ कोरिन्थि ४:५)
- संसारमा जानु, चेला बनाउनु, परमेश्वरको मार्ग देखाउनु (मत्ती ८:१९)
- परमेश्वरको इच्छाहरू पालना गर्नु र परमेश्वरको राज्य विस्तार गर्नु (मत्ति ६:९-१०)
- सबै कुराहरूको पूर्नस्थापना गर्नु (कलस्सी १:२०)
- शिक्षा दिनु, संगती गर्नु, प्रभु भोज गर्नु, प्रार्थना गर्नु (प्रेरित २:४२)

- ❖ नून, ज्योति, र खमीर बन्नु (मत्ति ५:१३-१६; १३:३३)
- ❖ न्याय गर्नु, दयालाई प्रेम गर्नु, र परमेश्वरसंग नम्र भएर हिडनु (मीका २:८)
- ❖ आराधना गर्नु, विशेषगरी गीत संगीत तथा प्रशंसाहरूको माध्यमद्वारा (कलस्सी ३:१६)
- ❖ सन्तहरूलाई सेवाकाईका कार्यहरूको लागि सुसज्जित पार्नु (एफिसी४:११-१२)
- ❖ सानाहरूलाई येशूलाई जस्तै गरी ब्यवहार गर्नु (मत्ति २५:४०)
- ❖ एक अर्कालाई प्रेम र भलाईका कामहरू गर्नमा उत्साह दिन, भेला हुनु (हिब्रु १०:२४-२५)
- ❖ एक अर्काको वास्ता गर्नु (रोमी १२:१३)
- ❖ परमेश्वरलाई सारा कुराहरू भन्दा धेरै प्रेमगर्नु र आफ्ना छिमेकीहरूलाई प्रेमगर्नु (मत्ति २२:३७-३९)

यदि मिशन (अभियान) र दर्शन लेखपत्र छैन भने पाष्टर तथा समर्पित अगुवाको टोलीले यसलाई निर्माण गर्नुपर्दछ। कुनै समप्रदाय अन्तर्गत पर्ने मण्डलीहरूले भने आफ्नै सम्प्रदायकै

अभियानलाई आफ्नो अभियान बनाउनु पर्दछ र दर्शन लेखपत्रमा आफ्नो मण्डलीको सर्वाङ्गिण बोलावटलाई दर्शाउनु पर्दछ।

## *दर्शनको बारेमा अरुलाई सिकाउनु र त्यसको कार्यान्वियन गर्नु*

जसै मण्डलीका पाष्टरहरू र अगुवाहरूले परमेश्वरले दिनुहुने सर्वाङ्गिण दर्शनलाई पाँउदछन्, तब उनीहरूले यस दर्शनलाई ब्यक्ति, परिवारहरू, र मण्डलीका साना झुण्डहरूको विचमा बाँड्नु पर्दछ र यिनीहरूले यस कुरालाई कार्यान्वयन गर्नुपर्दछ। जब पाष्टरहरू यो अवस्थामा आई पुग्दछन, तब यसरी विचार गर्न थाल्दछन् एकछिन पर्खनोस्! हाम्रो मण्डली सानो छ। हामीसंग पैसाको नाममा कत्तिपनि छैन! मान्छेहरूले यो काम गर्दैनन् होला! मेरो प्रस्तावको तात्पर्य ठूलो स्तरको काम अथार्त आयोजना होइन् जसको लागि धेरै पैसा तथा समय लगानीको आवश्यकता पर्दछ। तर मैले भन्न खोजेको कुरा ठूलो स्तरको दर्शनको बारेमा हो जसलाई चाहिँ साना योजनाहरू, समय, प्रतिभा, र अन्यस्रोतहरूको लगानीको आवश्यकता पर्दछ। परमेश्वरको राज्यलाई अगाडी बढाउने त्यस बृहत योजनको अगाडी सानो स्तरको लगानीहरू थोरै महत्वको देखिन सक्दछ तर टाढा टाढाका गन्तव्यहरूसम्म पुग्ने क्रममा एकपटकमा एक पाईला मात्र चाल्न सकिन्छ। मलाई यो सोध्न मन लाग्यो कि हात्तीलाई खाने सबैभन्दा उत्तम उपाय भनेको के होला ? त्यस्को उत्तर हो एकपटकमा एक गाँस। अब बुझ्ने कोशिस गर्नुहोला कि म साँच्चिनै हात्ती खाने मान्छे होइन्। तर जब म कुनै पनि ठूलो कामलाई हेर्दछु, यस्ले मलाई

सम्झन मद्दत गर्दछ कि साना-साना स्तरका कामहरूले,  एकपटकमा एकचोटी मात्रै गरिने कामहरूले ठूला-ठूला दर्शनहरू पुरा हुन्छन् ।

हामीले एकपटक म्यानमार अर्थात बर्मा भन्ने देशमा एउटा सम्मेलन गरेका थियौं र त्यहाँ हामीले सयौं पाष्टरहरू र अगुवाहरलाई स-साना झुण्डहरूमा विभाजित गयौं । हामीले उनीहरूलाई उनीहरूको आफ्नो समुदायको लागि स-साना योजनाहरू बनाउन लगायौं र भन्यौ कि योजना बनाएपछि सबै सम्मेलनको अगाडी त्यसलाई प्रस्तुत गर्नुपर्नेछ । त्यहाँ उपस्थित एकजना डाक्टर आफ्नो देशको ठूलो समस्याको बारेमा चिन्तित थिईन र उनले विचार गरिन कि उनीहरूले बनाउने स-साना योजनाहरूले केही हुनेवाला छैन । त्यसपछि ३० वटा साना-साना झुण्डहरूले आफूले बनाएको योजनाहरूलाई सबैको अगाडी प्रस्तुत गरे । जब त्यस डाक्टरले उनीहरूले भनेको कुराहरूलाई सुनिन्, उनलाई यस कुरामा साह्रै अचम्म लाग्यो कि कसरी यी साना-साना झुण्डहरूको योजनाहरू मिलेर ठूलो परिवर्तन आउन सक्दछ ।

मण्डलीलाई परिचालन गर्न तथा दर्शनलाई कार्यान्वयन गर्न मण्डलीका परम्परागत र अपरम्परागत दुबै शिक्षाहरूको अर्थात एक पटकमा एक गाँस मात्रै भन्ने कुराको प्रयोग गर्न सकिन्छ जुन निम्न छन् ।

## *उनीहरू जहाँ छन् त्यही !*

मानिसहरूले परमेश्वरको कार्ययोजनाहरूको प्रतिनीधित्व गर्नको लागि बोलावट भएको सबभन्दा पहिलो स्थान, उनीहरू जहाँ छन त्यही नै हो ! प्राय स्थानीय मण्डलीहरूले आफ्ना सदस्यहरूलाई उपलब्ध ठूला-ठूला रुपान्तरणका कामहरू गर्नको लागि सु-सज्जित पारेको पाइदैन- जुन चाहिँ हरेकको आ-आफ्ना गवाहीहरू हुन् । "*सन्तहरूलाई सेवाका कार्यहरू गर्नको लागि सुसज्जित पार्नु तथा परिचालन गर्नु*" नै हरेक अगुवाको कार्य विवरणको सूचीमा पर्न जान्छ-जुन चाहिँ परमेश्वरका जनहरूलाई सेवाकाईको लागि सुसज्जित पार्नु हो (एफिसी ४:१२) । हामीहरू खीष्टका चेलाहरू भएको नाताले हामीहरूले खीष्टको आज्ञाहरूलाई आफूले सेवा गर्ने ठाउँहरूमा, जहाँ हामी धेरैजसो समय बिताउछौ, त्यहाँ पालना गर्नुपर्दछ - अर्थात हामीले दिने वा गर्ने अतिरक्ति समयमा होइन । यो जहाँ पनि हुन सक्छ जस्तै : घरमा, कारखानामा, कार्यालयमा, पसलमा, अस्पतालमा वा सरकारमा । सबै खीष्टयानहरू परमेश्वरको राज्यको दूतहरू हुन् जसले आफूले सबैभन्दा ठूलो प्रभाव पार्न सक्ने क्षेत्रहरूमा परमेश्वरको उद्देश्यहरूको प्रतिनीधित्व गर्दछन्।

हिब्रु १० ले पनि यही कुरालाई पुष्टि गर्दछ *"हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं । हामीचाहिँ एकसाथ भेला हुन नछाँडौं"* (हिब्रु १०:२४-२५) यी पदहरू एक आपसमा सम्बन्धित छन् । आफ्नो हृदयदेखि

गरिने सेवाकाईको लागि एक अर्कालाई साहस् तथा निर्देशन दिनको लागि परमेश्वरका जनहरू भेला हुन छाड्नुहुदैन र उनीहरूले सिकेका कुराहरू गर्नका लागि विभिन्न ठाँउहरूमा जानु पर्दछ । म विश्वास गर्छु कि परमेश्वरलाई पहिले नै थाहा थियो होला कि उहाँलाई अझै राम्ररी सेवागर्नको लागि मानिसहरूलाई उत्साह निर्देशन र उत्तरदायित्वको आवश्यकता पर्दछ ।

## *बचन तथा शिक्षाहरूलाई ब्यवहारमा उतार्नु*

सम्पूर्ण स्थानीय मण्डलीलाई सर्वाङ्गिण सेवाकाई को लागि परिचालन गर्न चाहिँ उनीहरूलाई उनीहरूले सिकेका र सुनेका बचनका कुराहरूलाई उनीहरू जहाँ छन् त्यहाँ ब्यवहारमा उर्तानको लागि बाटो खोलिनदिनु जतिकै आधारभुत कुरा हो । हरेक *बचन, बाइवल अध्ययन,* वा *शिक्षा*को अन्ततिर अगुवाले यी निम्न कुराहरू गर्न सक्छन् ।

- यस्ता कुराहरूलाई ब्यबहारमा लागुगर्न उत्साह दिनु जुन कुराहरू वास्तविक, विशिष्ट, र तुरुन्तै गरिनुपर्ने हुन्छ ।
- सुन्नेहरूलाई विचार गर्नको लागि चुनौती दिनु ।
- एक अर्काको ब्यवहारमा उतार्न चाहेका कुराहरूको लागि प्रार्थनागर्न उत्साह दिनु ।
- आउने बैठक वा सेवामा आफूले गरेको कुराहरूको विवरण वा साक्षी दिन लगाउनु ।

१) *यस्ता कुराहरूलाई ब्यवहारमा लागूगर्न उत्साह दिनु जुन कुराहरू वास्तविक, विशिष्ट, र तुरुन्तै गरिनुपर्ने हुन्छ ।* धेरै जसो वक्ताहरूले यस्तो बृहत कुराहरूलाई ब्यबहारमा लागूगर्न भन्दछन् जुन कुराहरूलाई मानिसहरूले छिट्टै विर्सिहाल्छन वा त्यसलाई प्रयोगमा ल्याउन चाहदैनन् । यी वक्ताहरूले बरु यस्ता कुराहरूलाई ब्यबहारमा लागू गर्नको लागि हौसला दिनु पर्दछ जुन कुराहरू वास्तविक, विशिष्ट, र अहिले नै गरिनुपर्ने हुन्छ । जब पाष्टरहरले यी कुरहरूलाई आफ्नो जीवनमा हालसालै कसरी ब्यबहारमा उतारेका छन् भनि बताउँछन् भने यो बुझ्न सजिलो पर्छ ।

- अरु कर्तब्यहरूको अगाडी त्यो ब्यवहारमा लागूगर्ने कुरा बास्तविक हुनुपर्दछ ।
- योचाहिं *विशिष्ट* हुनुपर्दछ । मैले कुन कुरा, कहिले, कहाँ र कसको लागि, कोसंग मिलेर गर्न सक्छु ?
- यदि यो कुरा *तुरुन्तै* लागूगर्न मिल्छ भने असाध्य राम्रो हुन्छ, जुन कुरालाई आउने हम्ताको बैठक वा सेवाभन्दा अगाडी नै लागूगर्न मिलोस् ।
- यि ब्यबहारमा लागू गर्नुपर्ने कुराको कारणले गर्दा भोजन, फुर्सद, वा निन्द्रा समेत त्याग्न पर्नसक्ने हुन्छ । यी कुराहरूलाई अरु प्रार्थमिक्ताहरू भन्दा अगाडी राखिनु भने हुदैन । (परिवार, काम, वा मण्डली)

२) *सुन्ने मानिसहरूलाई कुन कुरा ब्यबहारमा उतार्न मनपर्छ सो छान्ने मौका दिएर चुनौती दिनु ।* पाष्टरहरू र झुण्डका अगुवाहरूले सुन्ने मानिसहरूलाई हरेक वचन वा शिक्षाको अन्तमा कुन कुरालाई ब्यवहारमा उतार्न मनपर्छ सो कुरालाई छान्ने मौका दिएर चुनौती दिनुपर्दछ । उनीहरूलाई यस कुराको बारेमा पनि याद दिलाउनु पर्ने हुन्छ कि कति जनाको बुझेर पनि बुझपचाउने बानी हुन्छ । उनीहरूलाई परमेश्वरको मार्ग निर्देशन खोज्न पनि उत्साह दिनपर्छ । यसले मानिसहरूलाई बिभिन्न ब्यवहारमा उतार्नुपर्ने कुराहरूको बारेमा प्रार्थनासाथ विचार गर्न सहयोग गर्दछ र त्यसपछि उनीहरूले परमेश्वरसंग प्रार्थना गरी कुन कुरालाई ब्यवहारमा उतार्न मन पर्छ सो छान्न अगुवाई मिल्दछ ।

३) *सहभागी सबैलाई एक अर्काको ब्यबहारमा उतार्ने कुराको लागि प्रार्थना गर्न उत्साह दिनु ।* सबै बैठकहरूको अन्ततिर पाष्टर र झुण्डका अगुवाहरूले सहभागीहरूलाई उनीहरूले आ-आफूले ब्यवहारमा उतार्न भनि छानेको एक अर्काको कुराहरूको लागि वास्ता देखाउदै प्रार्थना गर्नको लागि अर्ती दिनु पर्दछ । सानो झुण्डमा हुँदाखेरि यो गर्न सजिलो हुन्छ, तर सेवाको बेलामा अगाडी बोलाएर वा सेवा सिद्धिसकेपछि पनि गर्न मिल्छ । जब एकले आर्कालाई म कसरी यस शिक्षालाई ब्यवहारमा उतार्ने छु भनि बताउँछन, तब उनीहरूले गरेको निर्णय स्पष्ट हुन्छ र यसले आफ्नो निर्णयमा अडिरहन बल प्रदान गर्दछ । जब एकले अर्काको लागू गरिने कुराको बारेमा थाहा पाउँछन् र प्रार्थना गरिदिन्छन्, तब यसले एकर्कामा उत्प्रेणा प्रदान गर्दछ ।

४) *मानिसहरूलाई अर्को बैठक वा मण्डली सेवामा प्रतिवेदन दिन वा साक्षी दिन लगाउनु ।* पाष्टरहरू तथा अगुवाहरूले सदस्यहरूलाई *प्रतिवेदन* वा *गवाही* दिन लगाएर उनीहरूलाई उत्तरदायित्व बनाईराख्न सक्छन् । सानो झुण्ड हो भने सबैले बैठक शुरु हुनासाथ छोटो छोटो प्रतिवेदन दिन सक्छन् । मण्डलीको सेवामा एकजना सदस्यले मात्र गवाही दिन सक्छ वा सदस्यहरूलाई दुईतीन जनाको सानो-सानो झुण्डमा विभाजित गरि छोटो-छोटो गवाहीहरू बाड्न लगाउन सकिन्छ । शिक्षा अनुसारको काम गर्न कति महत्वपूर्ण हुन्छ भन्ने कुरालाई बुझ्न यसले जोड दिन्छ, र एकले अर्काको निर्णयको लागि प्रार्थना गर्न हौसला दिन्छ ।

कुनै पनि घरको जग बलियो नभएसम्म त्यस घरलाई सुरक्षितसाथ बढाउन वा विस्तार गर्न सकिदैन । त्यस्तैगरी यदि खीष्टको राज्यलाई समाजहरूमा विस्तार गर्नु छ भने खीष्टका अनुयायीहरूले बलियो जग बनाउनु आवश्यक पर्दछ । यो जगको लागि सही किसीमको बाइबलीय ज्ञान मात्रै भएर पुग्दैन, यो त्यो भन्दा पनि बृहत हुन्छ - जुन परमेश्वरको स्वभावलाई आफ्नो दैनिक जीवनमा देखाउनु हो । जब मानिसहरूले अगुवाहरू वा पाष्टरहरूद्वारा समुदायहरूमा कसरी प्रभाव पार्ने भनि तालिम पाउँछन् त्यसपछि उनीहरूको जीवनले खीष्टको चरित्रलाई झल्काउनु पर्दछ । पावलले हामीहरूलाई हामीहरूले पवित्र, शुद्ध, शान्ति र फलदायक जीवन जिउनु पर्दछ र हामी गम्भीर, पवित्र आत्माले भरिएको, आत्मिकी गीत गाउने, र धन्यवादी

हुनु पर्दछ भनि भन्दछन्  (१ थिस्सलोनिकी ४:३-१२, एफिसी ५:१७-२०) । हामी हाम्रो ब्यत्तिगत जीवनमा खीष्टको चरित्रले भरिदै अगाडी नबढे सम्म हामीले परमेश्वरको त्यस बृहत कार्ययोजनाको बारेमा थोरैलाई मात्र सुनाउन सक्छौं । यदि हामी ब्यक्तिगत रुपमा परमेश्वरको प्रेमलाई शान्त, बलिदानपूर्ण, पवित्र जीवनद्वारा प्रदर्शन गर्छौं भने त्यो मण्डलीले समूहमा मिलेर गर्ने कामहरूभन्दा बढि प्रभावशाली र शक्तिशाली हुनेछ भनि म विश्वास गर्दछु ।

परिवारहरू संगसगैं मिलेर उनीहरूले गर्ने सेवाकाईलाई ब्यवहारमा उतार्नको लागि उत्साह दिन पनि सकिन्छ । उनीहरूको पहिल्यै नै समाजमा धेरै संघ संस्थाहरूसंग सम्बन्ध रहेको हुन सक्छ - जस्तै विद्यालयहरू, काम गर्ने मानिसहरू, खेतीपाती गर्नेहरू, छिमेकीहरू, र समाजिक संस्थाहरू । परमेश्वरले आफ्नो इच्छा ती हरेक ठाँउहरूमा आएको चाहानुहुन्छ । परिवारहरूलाई तालिम दिन सकिन्छ ताकि उनीहरूले ती ठाँउहरूमा गएर मान्छेहरूको आँखा खोलिदिन सकुन र उनीहरूको आवश्यकताहरूलाई पुरा गर्न सकुन । अझै भन्नुपर्दा स्थानीय मण्डलीहरूले धेरै यस्ता परिवारहरूलाई उनीहरू संगसंगै मिलेर परमेश्वरको सेवा गर्नको लागि परिचालन गर्न सक्दछन । जब स्थानीय मण्डलीहरूले परिवारहरूलाई परिचालन गर्दछन, तब यसले बर्तमान आवश्यकताहरूलाई मात्रै पुरा नगरी भविष्यका पुस्ताहरूलाई समेत यसको लागि तयार पार्दछ । अरुहरूलाई सेवागर्नको लागि भनि हुर्किएका केटाकेटीहरू भोलि गएर एउटा ठुलो दर्शन, उद्देश्य र हृदय भएका परिपक्क मानिसहरू बन्नेछन् ।

## *उपदेश*

यदि पाष्टरहरू परमेश्वरको त्यस महान दर्शनको जोश र बोझले भरिन्छन भने उनीहरूले मण्डलीमा सिकाउने कुराहरूमा यो कुरा झल्कन्छ र यसले मण्डलीमा सबैका हृद्‌यलाई छुन्छ । परमेश्वरको पुर्ण योजनालाई सिकाउनको लागि मण्डलीनै महत्वपूर्ण स्थान बन्दछ । जब जब पाष्टरहरूले धर्मशास्त्रबाट केही कुरा बाड्‌दछन् उनीहरूले आफैलाई यो प्रश्न गर्नु पर्दछ कि *''मैले कसरी यो खण्डलाई सर्वाङ्गिण सेवाकाईको लागि प्रयोगगर्न उत्साह दिनसक्छु ।''* यदि जब तपाईले कुनै जानेको खण्डलाई अध्ययन गरी वचन दिने तयारी गर्नुहुन्छ, म तपाईलाई यो भनेर उत्साहदिन्छु कि तपाई आफैलाई नम्र तुल्याएर मण्डलीको लागि परमेश्वरको पूर्ण इच्छा के छ भनि जान्ने कोशिस गर्नुस् । त्यस दर्शन चाहिँ धर्मशास्त्रमा आधारित हुनुपर्दछ ताकी मण्डलीका सदस्यहरूले यो बुझ्न सकून कि यो चाहि एउटा नयाँ राम्रो विचारभन्दा पनि बढी गरेर छ । उनीहरूले परमेश्वरको वचनबाट यो सुन्न आवश्यक छ कि यो नै परमेश्वरको आफ्नो मण्डलीको लागि योजना हो । मण्डलीमा बोलिने वचनहरूले सदस्यहरूलाई यो बुझ्न मद्दत गर्दछ कि परमेश्वरले समाजहरूमा रुपान्तरण ल्याउनको लागि कसरी आफनो मण्डलीहरूलाई संसारभरी, इतिहासभरी, र यो पुस्तामा पनि चलाउनुभएको छ ।

वचन बोल्नेहरूले र वचन अनुसारको जीवन जिउनेहरूले आ-आफ्नो जीवनद्वारा वचनलाई प्रकट गर्नुपर्दछ । के पाष्टरहरू छिमेकमा, समुदायमा, शहरमा, वा राष्ट्रमा भएको वृहत चिन्ताका विषयहरूमा संलग्न छन् ? के मण्डलीका मानिसहरूलाई यसको बारेमा थाहा छ ? जब येशूले आफ्ना चेलाहरूका खुट्टा धुनुभयो, उहाँले उदाहरण देखाएर अगुवाई गर्नुभयो । म सिकाउदा खेरि विगतका घटनाहरू र संसारमा घटेका अरु घटनाहरूको प्रयोग गर्दछु , तर मानिसहरूले सबैभन्दा राम्रो प्रतिक्रिया तब देखाउदछन, जब म उनीहरूलाई परमेश्वरले म भित्र र मद्वारा गएको हप्तामा वा हिजो कसरी काम गर्नुभयो भन्ने कुरा बताउँदछु ।

म प्रायः पाष्टरहरूलाई यो भनेर चुनौती दिने गर्छु कि तपाईहरूले मण्डलीका मानिसहरूलाई गएको हप्ताको वचनको विषय के थियो भनेर प्रश्न गर्नुहोस् । त्यसपछि दुई हप्ता अघिको र अन्तमा तेस्रो र चौथो हप्ता अघिको वचनको विषय सोध्नुहोस् । म उनीहरूलाई यस निराशाको सामना गर्नको लागि सल्लाह दिन्छु कि मानिसहरूको सम्झने शक्ति समय संगसंगै कति छिट्टै हराउदै जान्छ । तर वचनहरूलाई सम्झन सकिन्छ र मानिसहरूले सम्झने पनि छन् यदि ती वचनहरूलाई जानेरै व्यवहारमा उतारिन्छ भने । यसको निम्ति सहयोगी केहि सल्लाहरू निम्न प्रकार छन् ।

- वचनहरू यस्तो हुनुपर्दछ जसलाई व्यवहारमा लागूगर्न सकियोस् - सुन्नको लागि मात्रै त्यो हुनुहुदैन ।

- वचनको अन्तमा, वचन सुन्ने हरेकजनलाई कुनै एउटा कुरा जुन विशिष्ट, वास्तविक, तथा तुरुन्तै गरिनुपर्ने हुन्छ, त्यस कुरालाई व्यवहारमा उतार्न, सर्मपणता दिलाउनको लागि चुनौती दिनुपर्दछ । यदि वचन बोलिदा खेरि व्यवहारमा उतार्न भनि भनिएको कुरा विशिष्ट हुदैन भने मानिसहरू यसै कुरामा सन्तुष्ट हुन्छन् र साधारणतया उनीहरूले, हो, राम्रो कुरा, भविष्यमा अझै राम्रो जिवन जिउने कोशिष गरौंला भनि बिचार गर्नेछन । यदि यस्तो भयो भने सेवा सिद्धिए पछि वा अर्को हप्तामा ती कुराहरू वाँफ झै हराएर जान्छ र मण्डलीका सदस्यहरू एकअर्कासंग कुराकानी गर्नमै रमाउने छन् ।

- पवित्र आत्माले वचनद्वारा नबोले सम्म अनन्त महत्वका कुराहरू प्रकट हुदैनन् । हामीले वचन तयार गर्दै गर्दा र बोल्दा पवित्र आत्माको अगुवाई प्रति सचेत रहनुपर्दछ ।

## सानो झुण्ड

सिकेका कुराहरूको व्यवहारिक प्रयोगको लागि शायद सानो झुण्ड नै सबभन्दा राम्रो ठाँउ हो जहाँ तीकुराहरू विशिष्ट, वास्तविक, र तुरुन्तै लागूगर्न उत्साह दिन सकिन्छ । साना

झुण्डहरूलाई सर्वाङ्गिण दर्शनले कसरी सुसज्जित तथा परिचालन गर्न सकिन्छ भन्ने केही सिद्धान्तहरूलाई तल निम्न रुपमा प्रस्तुत गरिएको छ ।

- मण्डलीहरूले सदस्यहरूलाई सर्वाङ्गिण सेवाको लागि सुसज्जित पार्नकोलागि वर्तमानमा चलिरहेका साना झुण्डहरूलाई प्रयोगमा ल्याउन सक्छन् । यसै उद्देश्यलाई बाल संगतीहरूमा बाइबल, अध्ययनहरूमा, प्रार्थना बैठकहरूमा, घरेलु संगतीहरूमा एवं झुण्डहरूमा सम्मिलित गर्न सकिन्छ ।

- साना झुण्डका अगुवाहरूले आफूले सिकाउने हरेक कुरामा सर्वाङ्गिण उद्देश्यलाई देख्नको लागि आफै सुसज्जित हुनु आवश्यक पर्छ । उनीहरूलाई तालिम दिनुपर्छ ताकी उनीहरूले सेवा संगती यस्तो प्रकारले चलाउन सकुन कि जसद्वारा झुण्डका सदस्यहरूले सिकेका पाठहरूलाई आ-आफ्ना जीवनहरूमा लागूगर्ने कुराहरूलाई देख्न सकुन र तुरुन्तै ब्यवहारमा उतारुन ।

- साना झुण्डहरूले ब्यक्तिगतरुपमा लागू गरिने कुराहरूलाई जोड दिन्छन् । सेवा संगतीको अन्तमा, सदस्यहरूले एक अर्कालाई आ-आफूले सिकेको ती पाठहरूलाई ब्यक्तिगत रुपमा कसरी लागूगर्न जादैछन भन्ने कुरा बाँड्दछन् र एक अर्काको लागि प्रार्थना पनि गर्दछन् । आर्को सेवा संगतीकाको शुरुमा गएको पटक लागू गरिने भन्ने कुराहरूलाई पुनरावलोकनको लागि केही समय लिईन्छ ।

- जब साना झुण्डहरूले आफ्नो समुदायमा र संस्कृतिमा प्रभाव सिर्जना गर्न सक्ने क्षमता र जिम्मेवारीलाई बुझ्दछन् उनीहरूलाई उनीहरू गएर आफ्नो संसारमा परमेश्वरको प्रेमलाई प्रदर्शन गर्ने तरीकाहरूको बारेमा खोजि गर्न र योजना बनाउनको लागि परिचालन गर्न सकिन्छ । तब साना झुण्डहरू साथमा मिलेर परमेश्वरको प्रेम प्रकट गर्ने सानै स्तरको सर्वाङ्गिण सेवकाई अथार्त बिउ छर्ने योजना थाल्न सकिन्छ । एउटा ठूलो स्थापित र परम्परागत मण्डलीलाई समुदायीक सेवाको लागि परिचालन गर्नुभन्दा साना झुण्डहरू वा घरेलु संगतीहरूलाई नै सुसज्जित पारी परिचालन गर्नु सजिलो हुन्छ । साना झुण्डहरू सामूहिक सेवाकाईको लागि एउटा राम्रो सन्दर्भ हो

- कुनै पनि किसीमको सानो झुण्डले सर्वाङ्गिण सेवाकाईलाई प्रोत्साहन दिन सक्छन् । दुई यस्ता उदाहारणीय झुण्डहरू हुन "परिवारिक झुण्डहरू" र "सम्बन्ध झुण्डहरू" । परिवारिक झुण्डहरू नियमीत रुपमा भेटघाँट गर्दछन् र एक अर्काको लागूगर्नु पर्ने कुराहरूलाई उत्साह दिन्छन परमेश्वरसंग प्रार्थना गर्छन् र प्रशंसा चढाउदछन् र एक अर्कासंग मिलेर परमेश्वरको सेवा गर्ने योजना बनाउँदछन् । सम्बन्ध झुण्डहरू उस्तै जीवन बिताउनेहरूबाट बनेको हुन्छ जस्तै मेडिकल कार्यकर्ताहरू, ब्यापारीहरू, शिक्षक–शिक्षिकाहरू, साना बालबच्चा, आमाहरू, वा फोटोग्राफी कामगर्न मन पराउनेहरू आदी

। उनीहरूले आफूले प्रभाव पार्न सक्ने क्षेत्रहरूमा परमेश्वरको योजनालाई गवाही दिन्छन् । एउटा व्यापारी सम्बन्ध झुण्डले उदाहरणको लागि काम वा करारको लागि गरिने भ्रष्टचारको लागि समाधाम खोज्ने वा कम ज्यालादारीका परिवारहरूलाई सहायता गर्नको लागि उपाय खोज्ने कार्य गर्न सक्छन् ।

- एउटा मण्डली वा सानो झुण्डले आफ्नो छिमेकमा भएका बूढाबूढीहरूलाई हेर्नसक्दछ जस्तै आफैले आफ्नो घर सफा राख्न लुगा धुन वगैंचामा काम गर्न वा रोग लागेर निको हुन सक्दैनन् । वा हुनसक्छ एकलो जीवन नै उनीहरूको लागि सबभनदा ठूलो भारी हो । बुढाबुढी मान्छेहरूको आफूलाई मद्दत गर्ने साथी भाई वा परिवारहरू नहुन सक्दछ तर एउटा मण्डली परिवार यो सानो झुण्ड परिवारले ती बुढाबुढीहरूलाई राख्न सक्दछन् र उनीहरूको वास्ता गर्न सक्दछन् ।

## *मण्डली झुण्ड*

समुदायमा भएका आवश्यकताहरूको परिपूर्तिको लागि स्थानीय मण्डलीहरूलाई धेरै प्रकारले परिचालन गर्न सकिन्छ । **हार्वेष्ट**ले बिकास गरेको सामग्रीहरू, जसलाई अध्ययन १२ मा उल्लेख गरिएको छ, को सहायताले मण्डलीहरूले परमेश्वरको अभिप्रायहरू पत्ता लगाउन सक्छन् र आफ्नो छिमेकमा परमेश्वरको प्रेमलाई प्रकट गर्न सक्छन् । मण्डली समुदायीक सेवाहरूमा मात्र भाग नलिई, नागरिक कियाकलापहरू जस्तै न्याय, धार्मीकता र परमेश्वरका अभिप्रायहरूको पनि प्रतिनीधित्व गर्नुपर्दछ जुनकुरा धर्मशास्त्रबाट सिक्न सकिन्छ । मण्डली स्वयले परमेश्वरलाई आदर पुग्ने गरी यो कुराहरूको समाधान खोज्नुपर्दछ । अगमवक्ता मीकाले हामीहरूलाई एउटा राम्रो मापदण्ड दिएका छन् , *"परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, ठीकसित काम गर्नु, र कृपालाई प्रेम गर्नु, र तेरा परमेश्वरसित बिनम्र भएर हिँडनु"* (मीका ६:८) । मण्डलीको लागि नागरिक विषयबस्तुमा भाग लिनको लागि यहाँ यस्ता धेरै सल्लाहरू दिईएका छन् ।

- जब मण्डलीले समाधान खेज्नु पर्ने नागरिक वा राजनितीक विषयबस्तुहरू हुन्छन्, तब मण्डलीका अगुवाहरूले ती कुराहरूको बारेमा पुल्टिमा खडा भएर बोल्न सक्छन् । त्यस विषयको लागि विशेष झुण्डहरूको सिर्जना गर्न, उत्साह दिन सक्दछन् र कुनै विषयबस्तुको बारेमा आफ्नो आवज उठाउनको लागि बैठकहरूमा भाग लिन सक्दछन् ।

- सवेदनशील नागरिक विषयबस्तुहरूको समाधान खोज्नको लागि मण्डलीहरू अरु मण्डलीहरूसंग वा समाजमा विद्यमान सगठनहरूसंग मिल्न सक्छन् । सम्भव भएसम्म पहिला कुनै संगठीत संरचना छ भने त्यसको प्रयोग गर्नुपर्दछ ।

- स्थानीय मण्डलीहरूले नागरिक विषयबस्तुहरूलाई आफ्नो प्रार्थनाको जीवनको, प्रार्थना बुलेटिनहरूको, र साना झुण्डहरूको एक हिस्सा बनाउन सक्दछन् ।

- मण्डलीका सदस्यहरूलाई नागरिक विषयवस्तुको बारेमा जानकारी हुनका लागि उत्साह दिन सकिन्छ अर्थात तथ्यहरूको संकलन गरी धर्मशास्त्रहरूमा यस्को बारेमा हेर्नु । उनीहरूलाई यो भनेर उत्साह दिन सकिन्छ कि एउटा विषयवस्तुलाई धेरै असल दृष्टिकोणहरू बाट हेर्न सकिन्छ । उनीहरूलाई अरुहरूको कुरा सुन्नको लागि र नागरिक सम्बन्धमा परमेश्वरको राज्यका सिद्धान्तहरूको प्रतिनीधित्व गर्नको लागि मद्दत दिन सकिन्छ ।

- नागरिक अगुवाईमा सहभागी सदस्यहरूको लागि एउटा उत्तरदायीत्व झुण्ड बनाउन सकिन्छ, उनीहरूको लागि प्रार्थना गर्न सकिन्छ, र उनीहरूले गर्ने निर्णयहरू र क्रियाकलापहरूको लागि जिम्मेवार ठहराउन सकिन्छ ।

- मण्डलीहरूले सरकारी कुरामा इच्छा राख्ने जवानहरूलाई कामको लागि तयार हुनको लागि उत्साह दिन सक्छन् जसबाट उनीहरू नागरिक, सरकारी क्षेत्रहरूमा परमेश्वरको राज्यको प्रतिनीधित्व गर्न सक्नेछन् ।

## *"स्थानीय स्तरको" प्रयत्नहरू र नागरिक सहभागीता*

कहिलेकाही मण्डलीको कुनै एकजना सदस्यले सर्वाङ्गिण सेवाकाई वा नागरिक सहभागीताको लागि एउटा विशेष दर्शन पाउँछ र त्यसपछि त्यस दर्शनलाई पछ्याउँछ - शायद होला पहिला आफूले सुरु गरेर पछि मण्डलीका अरु मानिसहरूको माझमा यसलाई बढवा दिन्छ । अझै धेरै मानिसहरू सहभागी हुन थाल्दछन । पछि गएर मण्डलीको लागि यो एउटा सेवाकाईको क्षेत्र बन्दछ र त्यसको नेतृत्व समेत मण्डलीले लिंदछ ।

मण्डलीहरूले आफ्ना सदस्यहरूलाई नागरिक क्रियाकलापहरूमा ब्यक्तिगत रुपमा सहभागी हुनको लागि पनि उत्साह दिनुपर्दछ । ब्यक्तिगत रुपमा नागरिक सहभागीताको लागि तल निम्न सल्लाहहरू दिईएका छन् ।

- हरेक व्यक्तिलाई छिमेकमा, समुदायमा, नगरपालिकामा, वा स्थानीय विद्यालयमा हुने बैठकहरूमा सहभागीता जनाउनको लागि उत्साह दिन सकिन्छ ।

- उनीहरूलाई महत्वपूर्ण कुराहरूको विषयमा हुने खुल्ला बहसहरूमा सहभागी हुन सम्पादकहरू र निर्वाचित भएका प्रतिनीधीहरूलाई चिट्ठीहरू लेख्नको लागि जहाँ जहाँ सम्भव हुन्छ त्यहाँ सहभागी हुनको लागि उत्साह दिन सकिन्छ ।

- विश्वासीहरूले ब्यक्तिगत रुपमा नागरिक नेताहरूलाई भेटेर उनीहरूले दिदैं आएको सेवाको लागि धन्वाद दिन सक्छन, मण्डलीले कसरी मद्दत दिन सक्छ भनि सोध्न सक्छन, नागरिक नेताहरूलाई उनीहरूले सामना गर्नु परेका समस्याहरूको बारेमा भन्न लगाउन

सक्छन् र यसको लागि कसरी प्रार्थना गर्न सकिन्छ भनेर सोध्न सक्छन् । यदि नेताहरूलाई खुसी लाग्छ भने विश्वासीरुले उनीहरूलाई भेट्दा खेरि प्रार्थना गर्न सक्छन् । अन्तमा, उनीहरूले नेताहरूसंग भएको समस्याको विषयहरूलाई आफ्नो मण्डलीमा सुनाउन सक्दछन् र त्यसको लागि प्रार्थना तथा मद्दत गर्न सक्छन् ।

- हरेक व्यक्तिहरूले स्थानीय तथा राष्ट्रिय चुनावहरूमा मत दिन सक्छन् ।

- उनीहरू राजनितीक सत्ताको लागि वा कुनै शहरमा स्वयंसेवकको रुपमा काम गर्नको लागि वा समुदायमा कुनै स्थान पाउनको लागि पनि कोशिस गर्न सक्छन् ।

- अन्तमा, उनीहरूले यस्ता केही विशेष विषयवस्तुको बारेमा बोल्न सक्छन् जस्ले उनीहरूको जीवनमा बेग्लै रुपले प्रभाव पारेको छ ।

## चेलापन तालिम

खीष्टका अनुयायीहरू स्वःतस्फुर्त यस संसारमा परमेश्वरको कार्ययोजनालाई प्रतिनिधित्व गर्नेहरू बन्नको लागि तयार हुन सक्दैनन् । उद्देश्यसाथ परमेश्वरको प्रतिनिधित्व गर्ने खीष्टयनहरूलाई पावलले राजदुतहरू भनेर भनेका छन् (२ कोरिन्थी ५:२०) । मण्डलीका जनहरूलाई परमेश्वरको अभिप्रायहरूको प्रभावकारी राजदुतहरू बन्नको लागि सुसज्जित हुन अनिवार्य हुन्छ । उनीहरूले लिने चेलापन तालिमहरूबाट उनीहरूले उनीहरूको आस्थाको आधारभुत विश्वासहरूको बारेमा सिक्नु पर्दछ । तालिमबाट उनीहरूलाई उनीहरूले सिकेका कुराहरूलाई जानेर व्यवहारमा उतार्न, खीष्टका आज्ञाहरूलाई पालना गर्न, र उनीहरूको प्रभावको क्षेत्रहरूमा परमेश्वरका उद्देश्यहरूलाई अगाडी बढाउनका निम्ति उत्साह मिल्नुपर्दछ ।

यस्ता चेलापन तालिमहरू व्यक्तिगत रुपमा वा सानो झुण्डहरूमा गर्दा सबैभन्दा राम्ररी बुझिन्छ । चेलापन तालिम चाहिँ मण्डलीले बुझेर गरेको एउटा उद्देश्यपूर्ण कार्यक्रम हुनु पर्दछ । चेलाहरूले अरुहरूलाई चेला बनाउन भन्दा अघि उनीहरूसंग परमेश्वरको त्यस बृहत कार्ययोजनाको अनुभव हुनुपर्दछ । चेलाहरूले त्यसपछि अझै धेरै परिपक्कता भएका, अनुभव र ज्ञान भएकाहरूबाट सिक्न सक्दछन । परमेश्वरको राज्यका दुतहरू बन्नको लागि तयार पार्ने चेलापन तालिमहरूले यी तीन विशेषताहरूलाई समेट्नु पर्दछ ।

- ♦ भावनात्मक दर्शन (Passationate Vision)
- ♦ रणनैतिक उद्देश्य (Strategic Intention)
- ♦ प्रशंगीकरण (Contextualization)

१ ***पहिलो कार्य,*** *कुनै एक चेलालाई–राजदूत बनाउने प्रकियाको सबभन्दा पहिलो काम भनेकै त्यस चेलालाई परमेश्वरको यस संसारलाई फेरि मिलापमा ल्याउने जुन योजनाहरू छन् ती*

*योजनाहरूको बारेमा एउटा भावनात्मक दर्शन देखाइदिनु हो"* (कलस्सी १:२०) । यस कममा यी कुराहरू पर्दछन् ।

- परमेश्वरको उद्देश्यको बृहतता, विशेषगरी राष्ट्रहरूलाई नै चेलापन बनाउने कार्य ।
- एउटा ब्यक्तिगत विश्वासीको आज्ञाकारिताका कामहरू र त्यो चेलाको राष्ट्रलाई चेलापन गर्ने कुराहरू विचको सम्बन्ध ।
- सबैकुराहरूभन्दा परमेश्वरको त्यस उच्च उद्देश्यको लागि आफ्नो जीवन अर्पण गर्ने सूवर्ण अवसर ।
- यस दर्शनलाई पछ्याउने प्रतिबद्धता ।

२ ***दोस्रो कार्य,–****चेलाहरूलाई उनीहरूले परमेश्वरको योजनाहरूको लागि राजदुतको रुपमा गर्ने कार्यहरूका लागि बुझेर योजनाबद्ध हुनको लागि तलिम दिनु ।* चेलाहरूलाई उनीहरू उद्देश्यपूर्ण तथा योजनाबद्ध दुबै हुनको लागि सुसज्जित पारिनु पर्दछ ।

- राजदुतहरू सर्वसाधारण नागरिकहरूभन्दा माथि हुन्छन् । उनीहरूले प्रतिनिधित्व गर्ने सरकारको कार्ययोजनालाई अगाडी बढाउनका निम्ति उनीहरू उद्देश्यपूर्वक कामहरू गर्दछन् । त्यस्तैगरी, खीष्टयनहरू आफूले गर्ने कार्यहरूप्रति उद्दश्यपूर्ण हुनु पर्दछ । अर्थात उनीहरू गएर सुसमाचार प्रचार र चेला बनाउने काम गर्नु पर्दछ र उनीहरूलाई आज्ञाकारिता हुनको लागि सिकाउनु पर्दछ (मत्ती २८:१९,२०) ।

- हामी उद्देश्यपूर्ण हुने मात्र होइन तर हामी योजनाबद्ध पनि हुनु पर्दछ । दिनदिनैको जीवनमा परमेश्वरको इच्छालाई अगाडी बढाउने त्यस्ता धेरै मौकाहरू हुन्छन् जुनचाहिँ हाम्रो क्षमताले भ्याउनेभन्दा बढी हुन्छ । हामीले छनौट गर्ने मौका सबैभन्दा धेरै हुनु पर्दछ । अरु मौकाहरूबाट केही फलहरू फल्न सके तापनि ती मौकाहरूबाट मात्रै सबभन्दा धेरै फलहरू फल्दछन्, जुन चाहिँ योजनाबद्ध हुन्छ । हामीहरूले त्यस्ता मौकाहरूलाइ छान्नु पर्दछ जसले परमेश्वरको कार्ययोजनाहरूलाई अगाडी बढाउने सबैभन्दा ठूलो सम्भावना हुन्छ ।

३ **तेस्रो कार्य–**चेलाहरूलाई सान्दर्भिक हुनको लागि तालिम दिनु । परमेश्वरको कार्ययोजनालाई मानिसहरूको सामु कसरी प्रस्तुत गर्दा मानिसहरूले सबैभन्दा राम्ररी बुझ्न सक्ने सम्भावना हुन्छ र मानिसहरूले सुसमाचारलाई सुसमाचारको रुपमा ग्रहण गर्न सक्छन् त्यस्को बारेमा चेलाहरूलाई ज्ञान हुनु आवशयक पर्छ । सार्न्दभीकरण भनेको कुनै पनि कुरालाई यस्को अवस्थामा ढाल्ने, अश्कुल पार्ने र मिलाउने एक प्रक्रिया हो । उदाहणको लागि परमेश्वरको जो आत्मा हुनुहुन्छ, उहाँले आफ्नो पुत्रलाई मानिसको रुपमा यस संसारमा पठाएर आफ्नो प्रेमको सन्देशलाई सार्न्दभीकरण गर्नुभयो । एक प्रकारले भन्ने हो भने येशूले त्यस बेलाको कृषिप्रधान समाजलाई कृषि सम्बन्धि नै द्रृष्टान्तहरू सुनाएर आफ्नो सन्देशहरुलाई सार्न्दभीक बनाउनु भयो ।

## *पिडीत मण्डलीहरूलाई प्रोत्साहन र एक टिप्पणी*

**हार्वेष्टले** सेवाकाई गर्ने धेरैजसो मण्डलीहरू गैर खीष्टयन स्थान र परिस्थितिमा अवस्थित छन् जहाँ गैर खीष्टयन सरकार वा धर्म विरोधी समाजहरू भएकोले खीष्टयनहरूको नागरिक विषयबस्तुमा खेल्ने भूमीकामा न्युन छन् । यसको बाबजुत पनि यी समाजहरूमा मण्डलीहरूले

परमेश्वरको कार्ययोजनाको प्रतिनिधित्व गर्नु जरुरी छ । यसको एउटा तरीका ब्यक्तिगत सेवाकाईद्वारा गर्नु हो भने अर्को प्रोत्साहनद्वारा गर्नु हो ।

प्रोत्साहन भनेको परमेश्वरले हामीसंग सम्बन्ध राख्ने एक तरिका हो । उहाँले हामीलाई सही कामहरू गर्नको लागि कर लगाउनुहुन्न । उहाँले हामीलाई छनौटहरू र त्यसका परिणामहरू देखाई दिनुहुन्छ र हामीलाई निर्णय गर्न दिनुहुन्छ । प्रोत्साहनका धेरै सिद्धानतहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

- विश्वासीहरूले आवाज उठाउनै पर्छ र चूप लागेर बस्नु हुदैन ।
- विश्वासीहरूले आफ्नो कुराहरू ब्यक्त गर्नको लागि बाइबलका कुराहरूको मात्र साहारा लिनुहुन्न ।
- कनै पनि विषयबस्तुलाई बाइबलीय आधारसंग जोड्नको लागि उनीहरूले त्यस्को बारेमा अध्ययन गर्नु पर्दछ ।
- अविश्वासीहरूलाई प्रभुको मार्ग नै उत्तम हो भनेर देखाउनको लाीग विश्वासीहरूले काम गर्नैपर्छ ।
- अन्तमा, विश्वासीहरूले सुनिश्चित गर्नुपर्दछ कि उनीहरूको जीवनशैली बाइबलीय आधारसंग मिल्दो छ कि छैन ।[४]

मण्डलीले जनसमाजलाई देखाउनै पर्दछ कि अरु विकल्पहरू भन्दा परमेश्वरकै कार्ययोजना फाईदाजनक हुन्छ । मण्डलीले तबसम्म आफ्नो राष्ट्र र समुदायलाई चेलापनगर्न सक्दैन जबसम्म मण्डलीले जीवनको सबै क्षेत्रहरूमा र नागरिक जीवनमा समेत परमेश्वरका अभिप्रायहरूका बारेमा शिक्षा दिदैन र बढावा दिंदैन । कुनै कुनै सरकारहरूले मण्डलीहरूलाई समाजमा गएर सुसमाचार सुनाउनमा रोक लगाएका हुन्छन् । धर्म परिवर्तनलाई रोक्नको लागि ती सरकारहरूले मण्डलीहरूले यसका गतिविधीहरूलाई आत्मिकी घेरा भित्र मात्र सिमीत राखेको चाहान्छन् । यसको मूख्य कारण यो पनि हुन सक्छ, कि यदि मण्डलीहरूका विश्वसीहरूले मानिसहरूका भौतिक तथा सामाजिक आवश्यकताहरूलाई पूरा गरे भने मण्डलीहरूको यस्ता सेवाहरूबाट बढ्दै जाने शक्ति देखेर उनिहरु डराउँदछन् ।

यी सबै कुराका बाबजुतमा पनि नागरिक सरकारकारहरूले विश्वासीहरूलाई ब्यक्तिगत रुपमा अरुहरूको साामु परमेश्वरको प्रेमलाई बाढ्न देखि रोक्न सक्दैनन् । बाइबलले यसलाई सबैभन्दा राम्ररी बताउँदछ, *"तर पवित्र आत्माको फलचाहि प्रेम, आनन्द, शान्ति, धैर्य, दया,*

*भलाई, विश्वास्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन्''*(गलाती ५:२२,२३) ।

मैले देखेको छु कि व्यक्तिगत तवरले देखाइएको परमेश्वरको प्रेम, सामूहिक रुपमा गरिने कियाकलापहरू भन्दा परमेश्वरको राज्यको लागि ज्यादा प्रभावशाली हुन्छ । सरकारहरूले सामूहिक कियाकलापहरूमा लगाएको रोकले वास्तवमा यस्तो स्रोत र साधनहरूको प्रयोग हुन सक्दछ जुनचाहिँ अन्यथा सामूहिक कियाकलाप अन्तर्गत हुनेथियो । परमेश्वरको प्रेमलाई, विशेषगरी ती मान्छेहरूको बीचमा प्रस्तुत गर्न सजिलो हुन्छ जस्को पहिले देखिनै मण्डलीका सदस्यहरूसंग कुनै न कुनै सम्बन्ध हुन्छ र यस प्रेमलाई शान्तमय, बलिदानमय र व्यक्तिगत रीतिले प्रकट गर्न सकिन्छ । यो अति शक्तिशाली हुन्छ !

## मण्डलीलाई पठाउने र आज्ञा दिने

विश्वासीहरूले हराएकाहरूलाई मण्डलीमा ल्याउनु पर्दछ भनेर कुरा गर्दछन् अर्थात "मण्डलीमा नआएकाहरूलाई मण्डलीमा ल्याउने" । यद्यपी हराएकाहरूसम्म पुग्ने सबैभन्दा प्रभावकारी उपाय भनेको मण्डलीका सदस्यहरूलाई मण्डलीबाट संसारमा पठाउनु हो । हामीहरूले "मण्डलीमा नआएकाहरूलाई मण्डलीमा ल्याउनु" जरुरी छ । हामीहरूले मण्डलीमा भएकाहरूलाई बाहिर पठाउनु आवश्यक छ । हामीहरूले त्यो पुल पार गर्न आवश्यक पर्दछ जसले मण्डलीलाई र समुदायलाई छुट्टाएको छ । परमेश्वरको प्रेमलाई थाहा पाउनको लागि मानिसहरू मण्डलीमै जानु पर्दछ भन्ने हुदैन ।

निम्न लिखित पदलाई वर्षौंदेखि विभिन्न संस्कृतीहरूमा सुसमाचार लैजानको निम्ति प्रयोग गरिदै आएको छ । तलको पदलाई मण्डलीको एक जिम्मेवारीको रुपमा पनि बुझिनु पर्दछ कि मण्डलीले यसको सदस्यहरूलाई संसारमा पठाउनुपर्दछ र उनीहरूले उनीहरूको शब्दहरूद्वारा र जीवनहरूद्वारा सुसमाचार प्रचार गर्नु पर्दछ ।

> *तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर"* (रोमी १०:१४,१५) ।

धेरैजसो पाष्टरहरूले आफ्ना सदस्यहरू "पठाइएका" चाहान्छन् । मलाई यहाँ एउटा सल्लाह दिन मन लाग्छ अनि त्यो हो, मण्डलीले प्रचार गर्ने, दर्शन देखाउने, तालिम दिने, र

ब्यावहारिक हुन उत्साह दिने मात्रै होइन, तर यसले आफ्ना सुसज्जित पारिएका सदस्यहरूलाई उनीहरूको संसारमा पठाउनु पनि पर्दछ र आज्ञा गर्नु पर्दछ । हामीले मण्डलीका अरु विश्वासका यात्राहरूको सम्भना गर्दछौं । नयाँ विश्वासीहरूले आफ्नो गवाही दिन्छन् र बप्तिस्मा लिन्छन् । नयाँ विश्वासीहरूलाई राम्ररी स्वागत गरिन्छ । नयाँ जोडीहरूलाई विवाहको सम्बन्धमा जोडिन्छ ।

नयाँ बच्चाहरूलाई बालअर्पण गरिन्छ । पाष्टरहरूलाई अभिषेक गरिन्छ । यस संसारदेखिको यात्रालाई एउटा स्मृति सेवाको वस्त्र लगाईन्छ । एउटा घटनालाई भने धेरैजसोले बेवास्ता गरेको पाईन्छ अनि त्यस घटना चेलाहरूको विश्वासको यात्रामा सबैभन्दा महत्वपूर्ण हुनसक्छ । जब उनीहरूले र उनीहरूका मण्डलीहरूले यो स्वीकार गर्दछन कि खीष्ट र उहाँको मण्डलीले उनीहरूलाई आफ्नो राजदुत र गवाहीको रुपमा उनीहरूको आफ्नो संसारमा पठाउनु भएको छ । यो मानवजातिले पाउन सक्ने सबैभन्दा महान आज्ञा हो । हामीले यस घटनालाई एउटा औपचारिक आज्ञा र उद्देश्यपूर्ण रुपमा किन नअपनाउने त ? जसरी मण्डलीको सदस्य भएकोमा एउटा पत्र पाईन्छ र विवहामा एक अर्कालाई औंठी लगाईन्छ , त्यसैगरी शायद हामीले यस "पठाइने" कुरालाई पनि एक रुपमा चिनाउन सक्दछौं जुनचाहिँ सेवकपनको एउटा चिन्ह हो । वा शायद एक अर्काको खुट्टा धोएर पनि यस कुरालाई एउटा विशेष दिनको रुपमा लिन सकिन्छ । यी कुराहरू गरे वा नगरे पनि म मण्डलीका पाष्टरहरू र अगुवाहरूले आफ्ना सदस्यहरूलाई खीष्टको राज्यको राजदुतहरूको रुपमा पठाउने कार्यलाई एउटा औपचारिकरुपमा लिनको लागि उत्साह दिन चाहन्छु ।

## सारांशमा

सारांशमा म मण्डलीहरूलाई सर्वाङ्गिण सेवाकाईसंग खेलचारी नगर्न र एउटा इच्छाको विषयको रुपमा मात्रै नलिनको लागि उत्साह दिन्छु । सम्पूर्ण सुसमाचार तबमात्र सबैभन्दा बढी प्रभावकारी हुन्छ, जब यस सुसमाचार मण्डलीको एक आधारभुत अंगको रुपमा वा DNA को रुपमा रहन्छ । जब हामी समुदायमा गएर खीष्टलाई चिनाउछौं र उनीहरूलाई सेवा दिन्छौं जुन कुरा येशू मेयर हुनुभएको भए उहाँले गर्नुहुन्थ्यो, तब हामी खीष्टले गर्न बोलाउनुभएको कामको लागि एक महत्वपूर्ण अंग बन्नेछौं ।

एउटा सार्वाङ्गिण दर्शनलाई अगुवाहरूद्वारा पहिचान गरिएको एवं देखिएको हुनुपर्दछ र त्यसपछि मण्डलीलाई त्यस दर्शन देखाइनु पर्दछ र त्यस दर्शनलाई समुदायमा लागू गरिनु पर्दछ । मण्डलीलाई आफ्नो घेराहरू भन्दा बाहिर गएर सेवाकाई गर्नको लागि सुसज्जित पार्नुपर्दछ । जुनचाहिँ ब्यक्ति ब्यक्तिद्वारा, परिवारहरूद्वारा, साभा भुण्डहरूद्वारा, मण्डलीहरूद्वारा हुनसक्दछ ।

परमेश्वरले आफ्ना मानिसहरूलाई ईतिहासकै सबैभन्दा ठूलो उद्देश्यमा सहभागी हुने मौका दिनुभएको छ । उहाँले हामीहरूलाई भण्डारेहरू बनाउनु भएको छ । हाम्रो कार्यहरूले अनन्त प्रभाव पार्दछ । उहाँको इच्छा अनुसार गरिने कुनै पनि कार्य कम महत्वपूर्ण हुदैंन । मन्दिरमा हुँदा खेरि आफूले दिएको दुई सिक्काको प्रभाव आज २००० वर्ष पछि सम्म पनि रहनेछ

भनेर त्यस विधवाले सोंचेकी पनि थिइनन् होला । हामीले पनि येशू ख्रीष्टको मण्डलीले भविष्यका पुस्ताहरूसम्म पुग्ने किसीमको प्रभाव सिर्जना गर्दछौं, जसको प्रभाव हामीले देख्न व जान्न सक्ने भन्दा टाढाको हुन्छ ।

यदि हाम्रा मण्डलीका विश्वासीहरूले उनीहरूको जीवन र परमेश्वरको मानिसहरूप्रतिको उदेकका अभिप्रायहरू विचको सम्बन्धलाई बुझ्न सके भने वर्तमान र भविष्य दुवैमा उनीहरूले थाहा पाउने छन् कि जिउन र मर्नको लागि त्यो भन्दा ठूलो अरु कुनै कारण नै छैन । हाम्रा स्थानीय मण्डलीका मानिसहरले परमेश्वरको त्यस बृहत दर्शनमा आफ्ना भूमिकाहरूलाई झनभन्दा झन् राम्ररी बुझ्न आवश्यक छ ।

# राज्यको गणित सेवाकाईको विस्तार ११

योभन्दा अगाडीको अध्यायमा हामीहरूले गवाहीको निम्ति परिचालन भन्ने विषयलाई हेरेका थियौं । यस अध्यायमा हामी सेवाको विस्तार बारेमा हेर्नेछौं । विस्तार गराउने व्यक्ति परमेश्वर स्वयं हुनुहुन्छ । यो सन्देश साधारण तर शक्तिशाली छ । मलाई यो सिकाउन आनन्द लाग्छ किनभने परमेश्वरले संसारभरी भएका अगुवाहरुलाई विशेषगरी भौतिकरुपमा गरीब भएकाहरूलाई उनीहरूले यदि येशू खीष्ट मेयर हुनुभएको भए गर्नुहुने कामहरू जुन छन् ती कामहरू आफ्नो समूदायहरूमा गर्नको लागि उनीहरूलाई स्वतन्त्र पार्नको लागि यस सन्देशको सत्यतालाई प्रयोग गर्नुहुन्छ भनि म जान्दछु ।

आज संसारमा भएका विकासउन्मुख देशका मण्डलीहरू अरुमा आश्रित रहने मनसायले कैद भएको पाईन्छ । परमेश्वरले मण्डलीलाई एउटा माध्यमको रुपमा चलाउन चाहानु हुन्छ जसद्वारा उहाँले भाँचिएकाहरूलाई निकोपार्नको लागि आफ्नो रुपान्तरणको शक्ति प्रवाह गर्नुहुन्छ तर यदि मण्डलीहरूले उनीहरूको भरोसा परमेश्वरमा राख्नुको सट्टा, अन्य स्रोत साधनहरूमा राख्दछन् भने परमेश्वरले यस्तो कार्य गर्नुहुन्न । निश्चयनै, परमेश्वरले बाहिरका स्रोत साधनहरू चलाउन सक्नुहुन्छ, तर मण्डलीहरूले उनीहरूको प्राथमिक स्रोतको रुपमा परमेश्वरतिर नै हेर्नुपर्दछ । यदि हामी अन्य कुनै कुरालाई हेर्दछौं भने हामी हाम्रो सृष्टिकर्ताई आराधना गर्नको सट्टा अरु कुनै कुरालाई आराधना गर्ने जोखिममा पर्न सक्दछौं जुनचाहिँ एउटा नजानेर गरेको मुर्ति पूजा हुन जान्छ ।

हामीहरूले सम्मेलनहरूमा परमेश्वरको राज्यको गणीतीय कुराहरूलाई सिकाउदा हामी सबैले जानको बाइबलको खण्डलाई हेर्दछौं र त्यसलाई गणितीय समिकरणमा परिणत गर्ने गर्दछौ । हामीले गणितीय सुत्रमा परिणत गर्ने पहिलो अध्याय हो यशैया ४०:२९ *''उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढाई दिनुहुन्छ ।''* म पाँचजना स्वयंसेवकहरूलाई अगाडी आउन लगाउँछु । म पाँचजना सबैलाई त्यस पदमा लेखिएको शब्दहरू वा चिन्हहरू देखाएको एउटा ठूलो कागज समातेर उभिँन लगाउँदछु । त्यसपछि म त्यहाँ उपस्थित सहभागिहरूलाई

यशैया ४०:२९ मा लेखिएको कुरासंग मिल्ने गरि ती कागजहरू लिएर उभिएकाहरूलाई ठीक ठीक कममा राख्न लगाउँदछु ।

यसरी उनीहरूले यी कुराहरूलाई मिलाउनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| **हाम्रो कमजोरी** | X | **परमेश्वर** | = | **शक्ति** |

राज्यको गणित पाठको सन्देशलाई तलको सानो खण्डमा सारांश खिचिँएको छ । यसले भन्दछ कि जब हामी हाम्रा दुर्बलताहरू परमेश्वरलाई दिन्छौं, उहाँले त्यसलाई गुणनात्मक ढंगले बढाइदिनुहुन्छ । उहाँले हाम्रा दुर्बलताहरूलाई सामर्थ्यतामा बदलिदिनुहुन्छ । बाँकि खण्डले भन्दछ, *"युवक पनि दुर्बल र थकित हुन्छन, र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुमा आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुड भैं माथि माथि उड्नेछन्, र दगुरेर पनि उनीहरू थाक्ने छैनन् । तिनीहरू हिड्नेछन् तापनि मूर्छा पर्नेछैनन्"* (यसैया ४०:३०,३१) ।

यो एक साधारण किसीमको रुपान्तरण होइन । यो न हामीले आफैले गर्ने कुनै कुरा हो, न त हामी भित्रबाट आउने कुनै कुरा नै हो । यो आश्चर्यपूर्ण हुन्छ । यो परमेश्वरद्वारा नै हुन्छ । राज्यको गणितीय कुराहरू कुनै एउटा दर्शनशास्त्र होइन जसले भन्दछ "यदि तपाईले आफैमा र सकरात्मक सोचाईहरूको शक्तिमा विश्वास गर्नुहुन्छ भने तपाईले आफ्नो परिस्थितीहरूमा सुधार ल्याउन सक्नुहुन्छ ।" जब हामी हाम्रा कमजोरीहरूलाई मानिलिन्छौं, तब यस गणितीय सुत्रलागू हुन्छ ? युवक पनि दुर्बल र थकित हुन्छन् र जवान मान्छेहरू थाकेर लोट्दछन ! जब हामी हाम्रो कमजोरीलाई मानीलिन्छौ, हामी त्यसबेला परमेश्वरकहाँ जान सक्छौं र हाम्रो कमजोरी परमेश्वरलाई चढाउन सक्छौं । त्यसपछि मात्रै परमेश्वरले राज्यको गणितीय कुराहरूलाई अचम्म रितीले प्रयोग गर्नुहुन्छ र हाम्रा दुर्वलताहरूलाई उहाँको शक्तिमा परिणत गर्नुहुन्छ ।

हामीले गर्ने सम्मेलनहरूमा कथासुनाउने मान्छेभैं मलाई धेरै बाइबलीय घटनाहरूको बारेमा बताउन मन पर्छ । त्यसपछि म त्यहाँ भएकाहरूलाई साना झुण्डहरूमा बाँड्न लगाउँछु र त्यस घटनालाई बताउने गणितीय सुत्र बनाउन लगाउँदछु । उनीहरूले ती सुत्रहरू बनाई सकेपछि, हामी हामीले सिकेका सत्यताहरूको सारांश निकाल्दछौं ती सत्यताहरू जसले मानिसहरूलाई कुनै मानिस वा थोकमा आश्रित हुनदेखि छुटकारा दिन्छ र परमेश्वरमा भरोसा राख्न सिकाउँदछ ।

## बाइबलीय समिकरण

मलाई भन्न मन पर्ने एउटा कथा यहाँ छ ।

एकादेशमा एकजना बाराक नाँऊ गरेको केटा थियो । ऊ दश वर्षजतिको थियो । उसले छिमेकीहरूबाट सुनेको थियो कि त्यस बिहान एक जना प्रसिद्ध गुरु तालको नजिकै बसेर मानिसहरूसंग कुरा गर्दै हुनुहुन्छ । बाराक आफ्नो आमाकहाँ गयो ।

"आमा-आमा, म तल तालमा गएर गुरुले बोलेको सुन्न सक्छु ?"
"होइन, छोरा । एकदम टाढा छ । तिम्रो बुबा पनि घरमा हुनुहुन्न र तिमीलाई यसरी एक्लै जान दिन डर लाग्छ । त्यहाँ सम्म पुग्न कम्तीमा पनि एक घण्टा त लाग्छ ।"

"आमा, हुन्छ भन्नुस् न । मलाई केही पनि हुन्न । म दश वर्षको भईसके, तपाईलाई थाहै छ ।"

"छोरा, अहिले खाना खाने बेला भएको छ र तिमीले खाएको पनि छैनौ ।"

"आमा, मलाई भोकलागेको छैन । मलाई जान दिनुस् न, म विन्ति गर्छु ।"

"ल हुन्छ त, तर तिमीले आफूसंग केहि खाना लैजानु पर्छ ।"

त्यसैगरी, बाराकको आमाले एउटा रुमाल निकालिन् र भान्छाकोठामा उनीले बिहान पकाएका रोटीहरू भाँडाबाट एक, दुई, तीन, चार गर्दै पाँचवटा रोटीहरू र बिहान बजारबाट किनेका दुइवटा माछाहरू पनि निकालिन् । उनीले ती रोटीहरू र माछालाई एउटा रुमालमा राखेर कसिदिईन् र बाराकको हातमा राखिदिईन् । त्यसपछि त्यस केटा रोटी लिएर हतारिदै बाहिर दगुऱ्यो । बाराक दगुर्दै ताल नजिक पुग्यो । जब उ त्यहाँ पुग्यो, उस्ले गुरुको चारैतिर यति ठूलो मान्छेहरूको भीड देख्यो कि गुरुले बोलेको केही पनि सुन्न सकेन । एउटा ठूलो मान्छे भएको भए उ नम्र भएर एक छेउ लाग्थ्यो होला, तर त्यस दश वर्ष उमेरको केटा भने त्यसो गर्न सकेन । बाराक भीडहरूबाट भित्र छिर्दै सबैभन्दा अगाडी आईपुग्यो ।

बाराकले गुरुले बोलेको त्यति धेरै बुझ्नेनन् तर उ गुरुको नजिक बस्न चाहन्थ्यो । धेरैजसो प्रचारकहरूजस्तै, त्यस गुरुले पनि धेरै बेर सम्म कुरा  गरे ! जब चार बज्न लाग्यो तब बाराकको पेट कराउन थाल्यो । पेट कराउन थाल्ने बित्तिकै उसले आमाले रुमालमा बेरीदिएको खाना सम्झियो । तर ती सबै मान्छेहरूका बीचमा खाना कसरी खाने ? भनेर उसले विचार गऱ्यो । उसले मनमनै सोँच्यो, "यदि मैले होस् पुऱ्याए भने, मैले के गरिरहेछु कसैले पनि देख्नेछैनन् होला ।" त्यसैले बराकले त्यस खानाको पोकोलाई बिस्तारै भुँईमा राख्यो र राम्ररी त्यस रुमाललाई फुकाल्यो । उसलाई भोक लागेको थियो र खाना मीठो देखिन्थ्यो । उसले आफ्नो पहिलो रोटी छुनै के लागेको थियो उसले गुरुका चेलाहरूले गुरुलाई केही कुरा भन्दै गरेको सुन्यो । चेलाहरूले सल्लाह दिए कि दिन बित्न लागेकोले भीडलाई बिदा दिनु पर्छ ताकि उनीहरू नजिकैका गाँउहरूमा गएर आफ्नो लागि गाँस, बाँस खोज्न सकून् । त्यस केटाले गुरुले भनेको सुन्यो "मानिसहरूलाई बिदा दिन आवश्यक छैन, तिमीहरूले नै उनीहरूलाई खाना देओ ।"

एकजना चेला, फिलीपले गुनासो गर्दै भन्यो कि आठ महिनासम्मको तलबले पनि यति जना मान्छेहरूको पेटको एकछेउ पनि भर्न सकिदैन । अर्को एकजना चेला, आन्द्रियास, बाराकको छेउमा बसिरहेको थियो र बाराकाले खाना खोलेको उसले देखेको थियो । उसले गुरुलाई के

भन्यो जो हामीलाई थाहै छ, येशू त्यहाँ हुनुहुन्थ्यो –"येशू, हामीसंग भएको यत्तिनै हो ।" त्यसपछि, आन्द्रियासले त्यस रुमालमा हेरे र गन्न लागे "……पाँचवटा रोटीहरू र दुइवटा साना माछाहरू ।" येशूले भन्नुभयो "त्यस खानालाई म कहाँ ल्याऊ ।"

मलाई मनमा लाग्छ कि त्यस बेला बाराकको मनमा के बितिरहेको थियो होला । मलाई भोक लागेको छ । मसंग भएको यति मात्रै हो । यहि मैले मेरो खाना गुरुलाई दिएँ भने मैले के खाने होला ? केही छैन, मलाई उहाँ राम्रो लाग्छ । उहाँले लिन सक्नुहुन्छ । हामी सबैलाई यस कथाको बाँकि अंश त थाहै छ । बाराकले आफुसंग भएको सबै खाना आन्द्रियासलाई दियो र उनले येशूलाई । येशूले त्यस थोरै खानाको लागि धन्यबाद दिनुभयो र रोटी भाँच्न लाग्नु भयो र भीडलाई बाँड्न लगाउनु भयो । त्यस रात जब बाराक घर पुग्यो उसको र आमाको बिचमा कस्तो कुराकानी भएको हुनुपर्छ भनि तपाई कल्पना गर्न सक्नुहुन्छ ।

"आमा-आमा, तपाईलाई थाहा छ, आज के भयो । गुरुले मेरो खाना लिनुभयो ।"

"उहाँले, के गर्नु भयो रे ?"

"हो आमा ? उहाले मेरो खाना लिनुभयो, र उहाँले त्यस खानालाई टुक्रा पार्नुभयो र त्यहाँ भएका सबैलाई खुवाउनु भयो । त्यहाँ पक्का पनि हजारौ हजार मान्छेहरू भएको हुनुपर्छ । र जब सबैले पेट भरी खाए, त्यसपछि बाह्र डाला खाना अझै उब्रियो ।"

"बाराक ? मैले तिमीलाई कतिपटक बढाईचढाई नबोल भनेर सम्झाउनुपर्छ ।" बाराकले, पक्का पनि, बढाइचढाई बोलेको थिएनन् ।

तब म सम्मेलनमा आएकाहरूलाई यो प्रश्न सोध्ने गर्छु, *यदि त्यस केटाको ठाँउमा तपाई आफै हुनुभएको भए तपाईलाई कस्तो लाग्थ्यो होला ? कस्तो लाग्थ्यो होला, यदि तपाईसंग आफ्नो लागि भनेर राखेको रोटी येशूले माग्नुभएको भए ?* निश्चय नै येशूले ती मानिसहरूलाई अर्को उपाय गरेर खुवाउन सक्नुहुन्थ्यो । उहाँले अन्धालाई निको पार्नुभयो । उहाँले आँधीलाई शान्त पार्नुभयो । उहाँ पानीमाथि हिड्नुभयो । उहाँले ढुङ्गाहरूलाई रोटीमा परिणत गर्न सक्नुहुन्थ्यो तर पनि उहाँले त्यसो गर्नुभएन । बरु, उहाँले एउटा सानो केटालाई उसंग भएको खाना आफूलाई दिन भन्नुभयो (यूहन्ना ६:१-१४, मत्ती १४:१३-२१) ।

जब हामी यस कथालाई गणितीय सुत्रमा कसरी परिणत गर्न सकिन्छ भनेर छलफल गर्छौं, हामी हरेक साना झुणहरूलाई कथाको मूख्य शब्दहरूका काटिएकम टुक्राहरूलाई

निकालेर दिन्छौं र ती शब्दहरूलाई कथाको तात्पर्य बुझाउने रुपमा मिलाउन लगाउदछौं । यहाँ एउटा सम्भावना प्रस्तुत गरिएको छ ।

**केटा**
**+ ५ वटा रोटीहरु र २ वटा माछाहरु**
**X येशू**

---

**= ५००० जनाको लागि खाना**
**+ आइमाई र केटाकेटीहरु**
**+ १२ डाला**

आईमाई र केटाकेटीहरूको संख्या १००० मान्छौ भने त्यस खाना ६००० पटक गुणा भएको हुनुपर्छ ।

परमेश्वरले गुणनात्मक रुपमा बिस्तार गर्ने यो कथा र यो जस्तै अरु कथाहरूलाई पनि परमेश्वरको राज्यको गुणनात्मक समिकरणमा यसरी ढाल्न सकिन्छ ।

**परमेश्वरको राज्यको समीकरण**

**सबै मानिसहरु (गरीबहरु पनि)**
**+ परमेश्वरमा विश्वास**
**+ बलिदानपूर्ण समर्पणता**
**X परमेश्वर**

---

**= विशाल गुणनफल**
**+ अरुहरुलाई आशिष**
**+ ब्यक्तिगत आशिष (कहिलेकाही)**

यी कथाहरूबाट सिक्न सकिने पाठहरू येशू ख्रीष्टले जिउनुभएको जीवनसंग मिल्छ । उहाँसंग यस संसारमा भएका थोकहरूको सानो मात्रै अंश थियो । उहाँले एकपटक भन्नुभयो

*"स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन् तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाँउ पनि छैन"* तरपनि अरु कसैले गर्नसक्ने भन्दा ठूलो बलिदान उहाँले चढाउनुभयो (मत्ती १४:१३-२१) । । उहाँले आफ्नो जीवन नै दिनुभयो ।

बाइबलमा आर्को पनि कथा छ जसको दुःखलाग्दो अन्त्य छ । येशूले आफ्नो राज्यको बारेमा उहाँ स्वर्ग जानुभन्दा अघि यो कथा भन्नुभएको थियो ।

एकजना धनी मानिस परदेश जादै थियो, र उसले आफ्ना नोकरहरूलाई बोलाएर यी निर्देशनहरू दियो । उसका ३ जना नोकरहरू थिए । उसले आफ्ना नोकरहरूलाई भन्यो कि उसले उनीहरूलाई आफ्नो सम्पतीको केही भाग सुम्पिदैछ । उसले तिनीहरूलाई दिएको कुरालाई उनीहरूले लगानी गरेको उ चाँहनथ्यो ताकी फर्किए पछि उसले केही नाफा कमाउन सक्दथ्यो । उनीहरूको क्षमता अनुसार उसले तिनीहरू मध्ये एउटालाई ५ सिक्का, अर्कोलाई २ सिक्का र तेस्रोलाई १ सिक्का गरी हिसाब लगायो । त्यसपछि यो धनी मानिस परदेश लाग्यो ।

जब उ फर्कियो, उसले आफ्ना नोकरहरूलाई बालायो । उनीहरू बिचको कुराकानी यस्तो भएको हुनसक्दछ ।

"सिमोन, तिमीले कस्तो गऱ्यौ ?"

"मालिक, ब्यापार अति नै राम्रो चलिरहेको छ । मैले खरिद बिक्री गरेर तपाईले दिएको सिक्काहरूलाई दुईगुणा बढी बनाएको छु । तपाईले दिएका पाँचवटा सिक्काको दश सिक्काहरू बनाएर म तपाईको हातमा हाल्दैछु ।"

"स्याबास ? तिमीले गरेको राम्रो कामको कारणले, म तिमीलाई यो भन्दा अझै धेरै कुराहरूको जिम्मेवारी दिनेछु । साँच्चै भन्नुपर्दा, म तिमीलाई आफ्नै घरको सदस्य ठान्नेछु ।"

त्यसपछि मालिकले दोस्रो नोकर, जोशुवालाई, बोलाउनुभयो ।

"म नभएको बेलामा तिमीले कस्तो प्रगति गऱ्यौ ?"

“मालिक, बजार एक्दम राम्रो थियो । मैले तपाईले दिएको कुरालाई लगानी गरी त्यस्लाई दोब्बर बनाएको छु । तपाईले दिएको दुईवटा सिक्काको बदलामा चार सिक्काहरू म तपाईलाई टकयाउदछु ।”

“स्याबास, जोशुवा ! मलाई तिमीमाथि गर्व छ । तिमीसंग भएको कुरालाई तिमीले धेरै राम्रोसंग सदुपयोग गरेको छौ । तिमीले आफूलाई मेरो परिवारको सदस्यको रुपमा हेरेको म चाहँन्छु ।”

मालिकले, त्यसै गरी तेस्रो नोकरलाई पनि बोलायो ।

“अनानियस, स्वागत छ । मैले तिमीसंग छाडेको सिक्काले तिमीले कस्तो प्रगति गऱ्यौ ?” अनानियसको मुखमा हेरेर थाहा हुन सक्दथ्यो कि उस्ले के भन्न जाँदै थियो । मालिक र अरु २ नोकरहरूको बिचमा उसलाई एक्दम अप्ठयारो महशुस भएको थियो ।

“मालिक, तपाईले मसंग एक सिक्का मात्रै छोड्नुभयो जम्मा १ मात्रै ।” अनानियासले आफ्ना दुईजना साथीहरूलाई ईष्याले हेऱ्यो । उ डराएर यसो भन्दै बोल्यो ।

“तपाईलाई थाहै छ, मालिक, तपाई एक कडा ब्यापारी हुनुहुन्छ भनेर मानिसहरूले जान्दछन । त्यसैको कारणले मैले त्यस सिक्कालाई प्रयोग गर्नदेखि डराएँ । त्यसकारण, मैले लगानी गरिनँ । तपाईले दिएको सिक्कालाई मैले बचाएर माटोमा गाडेर राखें । त्यस सिक्का, त्यहाँ सुरक्षित थियो । मैले त्यसलाई हराइन पनि । तपाईले दिनुभएको सिक्कालाई म नम्रताका साथ तपाईलाई फिर्ता गर्दैछु ।”

अनानियसले कुरा गर्दै गर्दा मालिकको अनुहार फेरियो । उसले अनानियसलाई उसको नाम समेत नलिईकन प्रतिक्रिया जनायो, र भन्यो,

“त दुष्ट र अल्छि मानिस ! म एक कडा ब्यापारी हुँ र आफ्नो सम्पत्तीको लगानीबाट नाफा आर्जनको आशा राखेको थिए भनेर जब तैले जानेको थिईस् भने तैले त्यस सिक्कालाई किन बैंकमा भए पनि रीखनस्, कम्तीमा केही ब्याज त पाईन्थ्यो । .........पहरेदार हो । यस बेकम्मा मान्छेको हातबाट त्यस सिक्कालाई खोसेर शिमोनको हातमा हालिदेओ । यसलाई मेरो घरबाट बाहिर फालिदेओ जहाँ अन्धकार हुन्छ र मानिसहरू रुनेछन् र दर्ह्रा किट्नेछन्” (मत्ती २५:१४-३०) ।

कति कठोर प्रतिजवाफ ! के हामीले जानेको परमेश्वर यस्तै नै हुनुहुन्छ ? गरीबहरूलाई परमेश्वरले दया गर्नहुन्छ र तेस्रो नोकरचाही सबैभन्दा गरीब थियो । परमेश्वरले त्यस मानिस प्रति अलिकता भएपनि दयाँ देखाउनसक्नु हुन्नथ्यो होला र ? त्यस भयभीत नोकरले आफूसंग भएको सिक्का मात्र गुमाएन तर मालिकको राज्यबाट पनि बाहिर फालियो ।

तब हाम्रा सम्मेलनमा हुने सानाझुण्डहरूले यस तथ्यलाई समीकरणमा राख्न खोज्दछन । यस दृष्टान्तलाई सारांश दिने एउटा उदाहरण यहाँ दिइएको छ ।

**नोकर**

\+ १ सिक्का
X ०
\-------------------------------------
= ०
\+ नोकर अन्धकारमा फालिएको

## परमेश्वरको राज्यको लागि यसका असरहरू

यी कथाहरूले सबै खीष्यनहरूसंग महत्वपूर्ण मतलब राखेको हुन्छ, तर विशेषगरी तिनीहरूको लागि जसले आफूलाई मात्रै पुग्ने स्रोत साधन छ भनेर ठान्दछन् । यी कथाहरू र समीकरणहरूले निम्न कुराहरू सिकाउँदछन् ।

- सबै मानिसहरू, चाहे उनीहरूसंग कत्ति पनि धनसम्पत्ती वा जीवनमा स्थान किन नहोस् उनीहरूलाई परमेश्वरले उनीहरूसंग भएको कुराहरू परमेश्वरको लागि दिन भन्नुहुन्छ । गरीबहरूका लागि पनि कुनै बाहना छैन ।

- कुनै पनि अवस्थामा हामीसंग भएका कुराहरू "अति थोरै" वा "कम महत्वपूर्ण" हुदैन जसलाई परमेश्वरले प्रयोग गर्न सक्नुहुन्न ।

- परमेश्वरले मागेको बेलामा हामीले दिनुपर्दछ, चाहे हामी जस्तोसुकै अवस्थामा किन नहोऔं ।

- दिनुको पछाडी हाम्रो प्रेरणा, परमेश्वरमा विश्वास, र परमेश्वरप्रतिको प्रेम हुनु पर्दछ । सम्पत्ती आर्जन गर्नुचाहि हाम्रो मनाशाय हुनुहुदैंन । फाईदा आउन सक्दछ, तर दिनुको पछाडी फेरि केहि कुरा पाईन्छ कि भनेर आशा भने गर्नु हुदैन् ।

- यदि बलिदानपूर्ण रुपले दिन्छौं भने यसले गुणानात्मक बृद्धिमा डोऱ्याउँदछ । हामीले परमेश्वरलाई दिएको कुरालाई परमेश्वरले गुणानात्मक रुपमा बृद्धि गर्नुहुन्छ ।

- जति ठूलो बलिदान हुन्छ, त्यति नै ठूलो बृद्धि पनि हुन्छ ।

- अन्तिम पाठ शायद सबैभन्दा गाह्रो छ । यदि परमेश्वरले हामीलाई सुम्पनु भएको कुरालाई लगानी गर्दैनौं भने हामीले यस कुरालाई गुमाउने मात्रै होइन, तर मालिकको घरानाबाट बाहिर फालिने जोखिममा पनि पर्दछौं ।

जसै हामी परमेश्वरको राज्यको गणीतका सिद्धान्तहरूलाई विचार गर्छौं, हामीलाई मनमा लाग्न सक्छ कि कसरी यस्तो प्रेमिलो परमेश्वरले यस्तो ठूलो बलिदानको माग गर्नुहुन्छ । तर पनि हामीले देख्न सक्छौं कि परमेश्वरको राज्यको शक्ति कसरी बगेको थियो जब एक व्यक्तिले प्रेमपूर्ण र आज्ञाकारी भएर बलिदान चढाँए । परमेश्वरले हामी उहाँजस्तै भएको चाहनु हुन्छ । र प्रेमपूर्ण बलिदानले परमेश्वर स्वयंको चरित्र देखाउँछ । जति हामी उहाँजस्तै हुन्छौ, त्यति नै हामी उन्नति गर्छौं र उति नै संसारमा भएका मानिसहरूले पनि आशिष पाउँछन् । बलिदानको लागि बोलावट साँच्चिनै हामीलाई प्रेम गर्ने परमेश्वरबाट हो, त्यो परमेश्वरको जो स्वयं प्रेम हुनुहुन्छ ।

## तिम्रो हातमा भएको के हो ?

धेरै खीष्यनहरूले आफैलाई हेरेर भन्ने गर्छन, *''म राज्यको लागि केही गर्न सक्दिन । मसंग त्यो प्रतिभा नै छैन । म अगुवा पनि होइन । म प्रचार गर्न वा बोल्न पनि जान्दिन । असाहायहरूलाई मद्दत गर्नको लागि मसंग प्रशस्त श्रोत पनि छैन ।''* उनीहरूले आफैलाई अपर्याप्त सम्झन्छन् । यसको पहिलो उदारहण व्यवस्था ३ र ४ अध्यायमा मोशाको जीवनमा देख्नपाईन्छ । परमेश्वरले मोशालाई जलिरहेको पोथ्रा नजिक भेट्नुभयो र भन्नुभयो *"मोशा"* म तिमी *फारोह* कहाँ गएर मेरा प्रजाहरूलाई मिश्रदेशबाट मैले उनीहरूका पितापूर्खालाई प्रतिज्ञा गरेको देशमा लैजानको लागि अगुवाई गरेको चाँहन्छु । त्यतिबेला मोशाको मनमा के कुरा खेलिरहेको थियो भनेर हामी सजिलै कल्पना गर्न सक्छौं । परमेश्वर, तपाईले बुझ्नुहुन्न । मिश्रमा मेरो टाउकोको मूल्य राखिएको छ । मैले एकजना मान्छेलाई मारे । म मिश्रदेशबाट बाहिर निस्किएको चालिस वर्ष भयो । मैले त्यहाँको संस्कृती पनि बिर्सिसकें र त्यहाँ के भईरहेको छ मलाई केही थाहा छैन । म पूर्णरुपमा यो काम गर्नको लागि तयार छैन । मोशाले भने "को, म ?" उसले भन्यो "फारोहकहाँ गएर दासत्वमा परेकाहरूलाई मिश्रदेशबाट इस्रायलमा ल्याउने म को हुँ र ?"

परमेश्वरले उत्तर दिनुभयो "तर, मोशा, म तिमीसंग हुनेछु ।" मोशाले त्यस पछि पनि बाहाना बनाउदै जान्छन् "परमेश्वर, म राम्ररी बोल्न पनि सक्दिन । म धेरै प्रतिभाशाली छैन । म भन्दा मेरो दाई नै यस्तो काममा राम्रो हुनुहुन्छ ।"

त्यसपछि परमेश्वरले मोशालाई भन्नुभयो (र म परमेश्वरको जवाफमा रिसावट देख्न सक्छु ।), "मोशा, तिम्रो हातमा भएको त्यो कुरा के हो ?" मोशाले जवाफ दिए "यो एउटा लौरो हो ।" परमेश्वरले मोशालाई त्यो लौरो तल फाल्न भन्नुभयो । मोशाले त्यसलाई तल फाले र त्यो सर्प बन्यो । परमेश्वरले मोशालाई त्यो टिप्न भन्नुभयो । अचम्म गरी मोशाले त्यसै गरे । फेरि त्यो लौरोमा परिणत भएको थियो । परमेश्वरले त्यही लौरोलाई फारोहको अगाडी, आफ्नो शक्ति प्रदर्शन गर्न प्रयागेमा ल्याउनुभयो । उहाँले त्यस लौरोलाई, मिश्रका सेनाहरूले इस्रायलीहरूलाई लखेट्दा खेरि लाल समुन्द्रलाई दुई भागमा छुट्टयाउनको लागि चलाउनुभयो । इस्रायलीहरूलाई मरुभूमी हुदै जादैगर्दा तिर्खालागेको बेलामा पानी दिलाउनको लागि त्यस लौरोले चट्टानमा हानेर पानी निकाल्न प्रयोग गर्नुभयो । इस्रायलीसेनाहरूलाई शत्रुहरूको बिरुद्ध बिजय

हासिल गराउनको लागि बल प्रदान गरिराख्न त्यस लौरोको प्रयोग गर्नुभयो । त्यो लौरो परमेश्वरले प्रयोग नगर्दा सम्म एउटा लौरोमात्र थियो । मोशाले परमेश्वरले भनेका कुराहरू गर्न सक्दिन भनेर सौँचेका थिए र उनले सौँचेका थिए कि त्यो लौरो एउटा मामूली लौरो मात्रै हो । परमेश्वरले मोशालाई त्यस लौरोलाई तल भुईमा फाल्न लगाएर यो भन्न खोज्नुभएको थियो "मोशा, तिम्रो हातमा भएको जे छ मलाई देऊ र म त्यसलाई लिनेछु र आफ्नो राज्यको बिस्तारको लागि चलाउने छु ।"

हामीले याद गर्नुपर्दछ कि परमेश्वरले हाम्रो हातमा जेसुकै भए तापनि उहाँलाई, उहाँको प्रयोगको लागि त्यो कुरा दिएको चाहनुहुन्छ । यो जोखिमपूर्ण देखिन सक्छ । हामी हाम्रो सृष्टिकर्ताका छोराछोरी भएको नाताले, हामी जस्तो सुकै अभावमा पनि उहाँलाई हाम्रा कुरा दिएर जोखिम उठाउनु अर्थपूर्ण हुन्छ । यस्तो जोखिम अन्धो भरोसा होइन, तर परमेश्वरमा भरोसा हो । यो सम्झनु महत्वपूर्ण छ कि जसै हामी परमेश्वरको राज्यको लागि जोखिम उठाउछौं, कि हामीले जोखिममा राखेको कुरा हाम्रो आफ्नै होइन । हामीले जोखिममा हाल्नेकुरा त्यस "सिक्का" हो जुन परमेश्वरले हाम्रो हातमा सुम्पनुभएको छ । बाइबलले बताउँछ *"आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनु हुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ"* (२ पत्रुस १:३) । परमेश्वरले उहाँलाइ महिमा पुऱ्याउने काम गर्नको लागि पहिल्यै नै हामी सबैलाई केही कुरा दिइसक्नुभएको छ । त्यहाँ आशा छ । परमेश्वरले आफ्ना छेराछोरीहरूको विश्वासयोग्यतालाई आदर गर्नुहुन्छ भन्ने निश्चयता छ । मण्डलीहरू उनीहरूले परमेश्वरको प्रेलाई ब्यक्त गर्नमा साहसीलो हुनु पर्दछ । साँचो बलिदानले साहस खोज्दछ तर पनि *"महत्वपूर्ण त्यागको लागि अयोग्य जीवन, साहसीलो कार्यको लागि पनि अयोग्य हुँदछ ।"* [१]

## स्थानीय मण्डलीहरूका लागि यसका असरहरू

स्थानीय मण्डलीहरूका लागि यसका केहि बाध्यात्मक असरहरू ।

- स्थानीय मण्डलीहरू थारै भौतिक श्रोत साधन भएकाहरू पनि निर्वल हुदैनन् । उनीहरूले प्रेमपूर्ण भावले आज्ञाकारी भएर परमेश्वरलाई जे पनि दिन्छन्, परमेश्वरले त्यस्को प्रयोग

गर्नुहुन्छ र उहाँलाई महिमा पुग्ने गरी त्यसलाई गुणनात्मक रुपले बृद्धि गर्नु हुन्छ । जब परमेश्वर महिमीत पारिनुहुन्छ, तब उहाँको राज्यको विस्तार हुन्छ ।

- स्थानीय मण्डलीहरूले आफूसंग भएका कुराहरूलाई आफ्नै लागिमात्र प्रयोग गर्नु जोखिमपूर्ण हुन्छ । मण्डलीहरूले परमेश्वरको दयालाई दर्शाउनका निम्ति आफूसंग भएका कुराहरूलाई अरुहरूको आवश्यकता पूर्तिको लागि चलाउनु पर्दछ ।

- जब परमेश्वरको राज्य भन्दा बाहिरको मान्छेले बलिदानपूर्ण रुपले दिएको साहायता पाउँछ, तब त्यसको प्रभाव कुनै पनि मान्छेले रहलपहल रुपमा दिएको भन्दा ज्यादै ठूलो हुन्छ ।

- मण्डलीहरूले आफ्ना सदस्यहरूलाई दिन सिकाउनु पर्दछ । हामीले परमेश्वरको राज्यको गणीत सिकाउनु पर्दछ । यी कुराहरू मानिसहरूलाई नसिकाउनु भनेको उनीहरूलाई परमेश्वरको आशिषहरू देखि बञ्चित राख्नु हो ।

- स्थानीय मण्डलीहरूले यसका सदस्यहरूले त्यागपूर्ण रुपले दिएको कुराहरूको परावर्तन गर्नु पर्दछ । मण्डलीभित्र मात्रै ती स्रोतसाधनहरूलाई खुशीसाथ र त्यागपूर्ण ढंगले प्रयोगगर्नु भन्दा मण्डली बाहिरकाको सेवाहरूमा लगानी गर्नुपर्दछ ।

- मण्डलीहरू डराउनु हुदैन तर परमेश्वरमा आत्माविश्वास हुनुपर्दछ जो बृद्धिकर्ता हुनुहुन्छ । सिक्काको दृष्टान्तमा तीनजना नोकरहरूको बीचमा भएको एउटा भिन्नता यो थियो कि उनीहरूले विश्वासलाई उल्था गरे । पहिलो दुईजनाले यसलाई **जोखिमको** रुपमा उल्था गरे । त्यो जोखिम अन्धो भरोसा थिएन तर परमेश्वरमा **भरोसा** थियो । तेस्रो नोकरले यसलाई **"डर"** को रुपमा उल्था गर्‍यो डर जुनचाहि उसंग भएको त्यो थोरै पनि हराउने डर थियो ।

# रुपन्तरणका लागि साधनहरू

# १२

सन् १९८० को शुरुवातमा, हार्भेष्टले दक्षिण अमेरिकामा भएका मण्डलीहरूलाई भौतिकरुपमा गरीब समुदायहरूमा सन्तुलित सेवाकाईको लागि सघाउन एउटा साधारण नमूनाको प्रयोग गर्न थाल्यो । हामीले यो भन्ने गर्थ्यौं कि पवित्र आत्माले लुका, एक ग्रीक डाक्टरलाई सुसमाचार लेख्न अगुवाई गर्नुहुँदा, येशूको बृद्धिको बारेमा पनि यसरी लेख्न प्रेरित गर्नुभयो: *"येशू बुद्धिमा, कदमा, र परमेश्वर र मानिसको अनुग्रहमा बढ्दैजानु भयो"* (लुका २:५२) । यस खण्डले हामीलाई मानव बिकासको बारेमा र परमेश्वरको इच्छाको बारेमा विचार गर्नको लागि एउटा साधारण र व्यवहारिक खालको तरिका प्रदान गऱ्यो । धर्मशास्त्रमा, मानिसहरूलाई येशू जस्तै बढ्नु पर्छ भनेर आज्ञा गरिएको त छैन, तर पनि उहाँ अनन्तको परमेश्वर मानव शरिरमा बास गर्नुभएको थियो । मानव प्राणीहरूका लागि परमेश्वरका इच्छाहरू प्रकट गर्ने उहाँ मात्रै एक्लो ब्यक्ति हुनुहुन्थ्यो, यसैले हामीले लुकाको ब्याख्यालाई एउटा नमूनाको रुपमा प्रयोग गर्ने सोच्यौं । यस छोटो पदले मानव बिकासका चार भागहरूलाई प्रस्तुत गर्दछन् ।

१ "कदमा" बृद्धि भन्नाले शारिरीक विकासलाई बुझिन्छ ।

२ "परमेश्वरको अनुग्रह"मा बृद्धिले आत्मिकी विकासलाई जनाउँदछ ।

३ "मानिसको अनुग्रह" मा बृद्धि भन्नाले सामाजिक विकासलाई बुझाउँदछ । [३]

४ “बुद्धि” मा बृद्धि भन्नाले परमेश्वरका मार्गहरू, शिक्षाहरू, योजनाहरू, आज्ञाहरू, र हाम्रो शारिरीक, आत्मिक तथा सामाजिक सम्बन्धहरूको बारेमा सिक्नु र आज्ञापालन गर्नु भन्ने जनाउँदछ ।

हामीले लुका २:५२ लाई ब्यक्ति, परिवार, मण्डली, समुदाय साथै सामाजिक बृद्धिको लागि एउटा राम्रो नमुनाका रुपमा पाएका छौं । जब हामीले यसलाई सेवाकाईको लागि नमुनाको रुपमा सिकाउन थाल्यौं, हामीलाई मानिसहरूले सरलवाद भनेर दोष लगाए । हो हामीलाई थाहा थियो कि कुन कुराले मानिसहरू र समाजहरूलाई उन्नतिको मार्ग तिर धकेल्दछ भनेर जान्नका लागि विश्वविद्यालयहरूले आफ्ना सम्पूर्ण विभागहरूलाई समर्पित गर्दछ । मानब र सामाजिक विकासलाई अझै कठिन शब्दहरूमा ब्याख्या गर्न सकिन्छ भनेर हामीले बुझेका थियौं । तर हामीलाई यो विश्वास लागेन कि एक पूरा ब्यक्तिलाई सेवाकाई गर्न वा कुनै एउटा राष्ट्रमा रुपान्तरण ल्याउनको निम्ति मानिसहरूले सबै कुरा गहिराईमा बुझ्नुपर्छ । मानब तथा सामाजिक विकासलाई अध्ययन गर्ने कठिन शैक्षिक बिधि ठीक सन्दर्भमा काम लाग्दछ तर हामीसंग काम गर्ने मण्डलीको लागि ती विधिहरू अनावश्यक रुपमा गाह्रो र अव्यवहारिक थियो । हामी यो विश्वास गर्दछौं कि हरेक पुस्ताका विद्वान र धर्मशास्त्रीहरू गहिराईमा गएर धर्मशास्त्रलाई अध्ययन गर्ने गरेको भए तापनि धर्मशास्त्र साधारण, वास्तविक तथा उपयोगी पनि छ ।

बाइबलका खण्डहरूलाई यसको वास्तविक अर्थभन्दा बाहिर लागिएको भनेर पनि हामी माथि दोष लगाईयो । हामीलाई  मानिसहरूले भने यी खण्डहरूलाई गलत ढंगले प्रयोग गरेर कहिल्यै सफल हुन सकिन्न, तर शूरुका केही अनुभवहरले मलाई विश्वास दिलाएको थियो कि लुकाको कलमले लेखेको यस सानो पदले सकरात्मक भिन्नताहरू निकाल्नेछ ।

यस्तै किसीमको एउटा अनुभव ब्राजिमा पनि घटेको थियो । मैले “युथ वीथ अ मिशन” भन्ने संस्थाको एउटा मिशनरी समूहलाई लुका २:५२ बाट सिकाएको थिएँ । पछि गएर उनीहरू सबै ब्राजिलभरी छरिए । दुईजना विद्यार्थी युवतीहरू थिए जसले अमाजोन नदी नजिक भएको एउटा आदिवासी बस्तीमा गएर सेवाकाई थाले । त्यहाँका बाँसिन्दाहरू धेरै जसो अनपढ भएकाले ती दुइजनाले चित्रहरू र कथाहरूको प्रयोगले सुसमाचार सुनाएँ । ती जातिहरूलाई सिकाईसकेपछि ती दुइजनाले उनीहरूलाई सोधे कि तिनीहरूलाई यी चारवटामध्ये कुन क्षेत्रमा काम गर्न मन पर्छ । त्यहाँबाट अगुवाहरू खडा भए । त्यहाँ नदीका माझिहरूले यस दर्शनलाई यति स्पष्टताका साथ बुझे कि ती मिशनरीहरूले चार जना एल्डरहरू र साहायकहरूलाई आफ्नो गाँउलाई लुका २:५२ अनुसारले अगुवाई तथा ब्यवस्थापन गर्नका लागि नियूक्त गरे ।

स्थानीय मण्डलीहरूले सेवाकाईको यस नमुनालाई बुझेका छन् । यस लुका २:५२ मा भएको नमुनालाई बुझ्न, सम्झन र ब्यवहारमा उतार्न सजिलो छ । यो बीस वर्ष भन्दा लामो समय देखि हजारौं मण्डलीहरूमा, विभिन्न संस्कृतीहरूमा, र लगभग सबै महादेशहरूमा प्रयोग हुदै आएको छ । हार्भेष्टले बिकास गरेको विधिहरू लुकाको २:५२ मा भएको येशूको बृद्धिका चार क्षेत्रहरूसंग सम्बन्धित छन् । दुई प्राथमिक बिधिहरू भनेकै *प्रेमको अनुसासन* र *बिऊ रोप्ने योजनाहरू* हुन् ।

- *प्रेमको अनुशासनले* व्यक्तिगत विश्वासीहरूलाई परमेश्वरको आज्ञा मानेर अरु मानिसहरूलाई प्रेमको सेवाकाई गर्नुमा योजना बनाएर काम गर्नमा मद्दत दिंद्छ । यस विधिले अरुहरूलाई उनीहरूको आवश्यकताका चार क्षेत्रहरूमा अर्थात बौद्धिक, शारिरीक, आत्मिक तथा सामाजिक क्षेत्रहरूमा सेवाकाई गर्नको लागि सिकाउँदछ । यसले यी प्रयासहरूलाई तीनवटा सन्दर्भमा पनि डोऱ्याउँदछ जस्तै परिवार, मण्डली, र स्थानीय समाज । यो विधिको प्रयोगद्वारा कुनै एउटा व्यक्तिले छिमेकीहरूलाई प्रेम गर्न एउटा बानी वा जीवनशैलीको को विकास गर्दछ ।

- *बिऊ रोप्ने योजनाहरू* प्रेमपूर्ण सेवाका ती कियाकलापहरू हुन् जुन मण्डलीका सदस्यहरू साना साना झुण्डमा मण्डलीभन्दा बाहिर आवश्यकतामा परेकाहरूका आवश्यकताहरूलाई पुरा गर्नको लागि स्थानीय समुदायहरू वा त्यस भन्दा टाढा गएर गरिने क्रियाकलाप हो । यस्ता योजनाहरू साधारण, छोटो अवधिको, र स्थानीय स्रोतसाधन परिचालनबाट कार्यान्वयन गरिने खालका हुन्छन् । यी कुराहरू परमेश्वरको दयाले भरिएर वा परमेश्वरको योजनाहरूबाट प्रेरित भएर गरिनुपर्दछ न कि अन्य आसयद्वारा वा करकापमा । यी कुराहरू प्रार्थनाका साथ विचार गरिएर योजना गरिएको हुनुपर्दछ । जहाँ सम्म हुन्छ, यसबाट लाभ आर्जन गर्नेहरूलाई पनि यसमा सहभागी हुन उत्साह दिइनुपर्दछ । जहाँ उचित हुन्छ ती कुराहरूलाई विभिन्न आत्मिक आयामहरू समावेश हुने गरि योजना बनाइनुपर्छ । जब यो पुरा हुन्छ ती कुराहरूलाई परमेश्वरको राज्यको नापले मूल्याँङ्कन गरिनुपर्छ ।

*"यदी येशू मेयर हुनु भएको भए"* को पूर्ण संस्करणको भाग चारमा पुरारुपमा यी विधिहरू र तिनीहरूलाई योजना गर्ने स्वरुपहरूका बारेमा प्रस्तुत गरिएको छ । साथै यस्तै अरु थप जानकारी हार्भेष्टको वेब साईडमा पाउन सकिन्छ । www.harvestfoundation.org (Home Page बाट, Materials Link मा click गर्नुहोस्)

संयूक्त राज्य अमेरिकाको एउटा मण्डलीका धेरै सदस्यहरू यो योजनाको विहिरूलाई सहजै समर्थन गर्नमा पछाडी पर्दैनन् । उनीहरूले एकजना नर्सले उसको समुदायमा गरेको बुढाबुढीहरू प्रतिको सेवाको कदर गर्नको निम्ति एउटा बिऊ रोप्ने योजना शुरु गर्ने निर्णय गरे । उनीहरूले त्यसको लागि एउटा रात्री भोज र सम्मान कार्यक्रमका आयोजना गरे । अन्त्यमा, मण्डलीका सदस्यहरूले व्यक्तगरे की हामीहरूले कहिल्यै पनि यस बिऊ रोप्ने योजना गर्ने थिएनौ होला । योजनाले ठूलो परिवर्तन ल्यायो । (टोम पोल्सिन, हार्भेष्टको प्रतिबेदन अनुसार)

## साधनहरूको प्रयोगको लागि मुख्य सिद्धान्तहरू

***सिद्धान्त १ :*** *सेवाको लागि बीऊहरूको ठूलो महत्व हुन्छ, विशेषगरी जसै तिनीहरूले त्यागपूर्ण कार्यहरू उदाहरण प्रकट गर्दछन् र हामीले गर्ने सेवाको प्रभाव हामीले गर्ने त्याग अनुसारको हुन्छ ।*

बीऊहरूका बारेमा सबैभन्दा महत्वपूर्ण शिक्षा त्यस बेलामा आयो जब येशूले आफ्नै मृत्युको विषयमा भविष्यवाणी गर्नुभयो, *"साँच्चै म तिमीहरूलाई भन्दछु, गहुँको दाना माटोमा परेर मरेन भने त्यो एक्लो रहन्छ । तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ"* (यूहन्ना १२:२४) ।

बीऊहरूले बलिदानलाई दर्शाउँदछ । बीऊहरूले आफ्नो उद्देश्य पूरा गर्नको लागि मर्न जरुरी हुन्छ । उनीहरू नमरेसम्म, उनीहरुले फल फलाउन सक्दैनन् । जब उनीहरू मर्दछन उनीहरूले गुणनात्मक रुपले उत्पादन गर्दछन् । मृत्यृ अन्तिम बलिदान हो जो बीऊहरूको लागि, मानिसहरूका लागि र त्यस मानिसको लागि पनि जो स्वयं परमेश्वर हुनुहुन्थ्यो । येशूले स्पष्टसंग आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँको पछि लाग्नु भनेको आफैलाई इन्कार गर्नु हो अर्थात सबै कुराहरूका लेखि मरेर उहाँलाई पछ्याउनु । परमेश्वरको राज्यको अर्थशास्त्रमा यो त्यही नै बलिदान हो जसले चङ्गाईको शक्ति, मुक्तिको शक्ति, र रुपान्तरणको शक्तिलाई प्रवाहमा ल्याउँदछ ।

***सिद्धान्त २ :*** *फसलको कटनी गर्ने परमेश्वर नै हुनुहुन्छ । हामीहरू आज्ञाकारी भएर बीऊ रोप्नु पर्दछ तर योजनाहरूलाई फलदायी बनाउने परमेश्वर नै हुनुहुन्छ ।*

येशूले आफ्ना चेलाहरूलाई याद दिलाउनुभयो कि उनीहरूले गरेको सेवाको प्रभावको श्रेय उनीहरूको लागि होइनः

> *"मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरले परिश्रम गरेका छैनौं । अरुहरूले परिश्रम गरेका छन्, र तिनीहरूका परिश्रमका फल तिमीहरूले पाएका छौ ।"*
> (यूहन्ना ४:३८)

यो कुरा हाम्रो लागि पनि उत्तिकै रुपमा लागुहुन्छ । हामीहरूले सेवाकाई गर्ने मानिसहरूका हृद्यमा परमेश्वरले लामो समय अघिदेखि नै काम गर्न थाल्नु भएको हुन्छ । परमेश्वरले गरेको कामको श्रेय आफुले लिनु भनेको अपरिपक्कता हो । यो खतरानाक पनि हुन्छ । यसले परमेश्वरको श्रेय र महिमालाई लुट्दछ । जब परमेश्वरको राज्यमा हाम्रो आज्ञाकारीताद्वारा प्रभाव आउँदछ, तब हाम्रो मनहरूमा र हाम्रो बोलिहरूमा कसलाई हामी श्रेय दिन्छौ ? पावलले भने, *"यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वर मात्र जसले बृद्धि ल्याउनुहुन्छ ।"* ( १ कोरिन्थी ३:७) ।

***सिद्धान्त ३ :*** *यदि व्यक्तिहरूले र मण्डलीहरूले येशूको प्रेमलाई आफ्नो जीवनशैलीको रुपमा देखाउनु छ भने उनीहरू यसमा अनुशासीत हुनु आवश्यक पर्दछ।*

मैले *''उहाँको सर्बोच्चता, मेरो उत्कटता''* भन्ने किताब पढदै गर्दा ओसवल्ड च्याम्वर्सले २ पत्रुस १:५-७ को बारेमा प्रस्तुत गरेको आफ्नो बिचारबाट मैले चुनौती पाएँ । जसलाई यसरी लेखिएको छ :

> *"यसैकारण सबै किसीमका प्रयात्नहरूद्वारा तिमीहरूको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप, ज्ञानमा आत्मसंयम, र आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, भक्तिमा भ्रातृ स्नेह,र भ्रातृस्नेहमा प्रेम थप ।"*

> च्याम्बर्सले बताएका छन् :

> मथि उल्लेखित सबै विशेषताहरूलाई हामीले हाम्रो जीवनमा समावेश गर्नुपर्दछ । यी विशेषताहरू लिएर कोही पनि स्वाभविक वा अस्वभाविक रुपले जन्मिएको हुदैन, यसलाई विकास गरिनु पर्दछ । न त हामीहरू बानीहरू लिएरै जन्मिन्छौं, परमेश्वरले हामीभित्र राखिदिनुभएको नयाँ जीवनको आधारमा हामीले ईश्वरीय बानीहरू बसाल्नु पदर्छ ।[1]

हामीले येशूको प्रेमलाई जैवनशैली सरह देखाउनु छ भने अनुशासन आवश्यक पर्दछ । यो कुरा ब्यक्ति ब्यक्तिहरूलाई मात्रै नभएर स्थानीय मण्डलीहरूलाई पनि चाहिन्छ । पत्रुसले लेख्छन की चरित्रको विकास जोडात्मक रुपमा परिश्रम द्वारा हुन्छ, र हामीले विरलै मात्र जानेर बुझेर ती कुराहरूलाई आफ्नो चरित्रमा समावेश परिश्रम गर्छौं । पत्रुसले लेखेको खण्डको तात्पर्य यो हो की यस्ता किसीमका अनुशासनहरूलाई थप्दै जानुपर्छ जसले हामीलाई प्रेम र परिपक्कताको जीवनशैलीतिर डोऱ्याउँदछ ।

***सिद्धान्त ४ :*** *मण्डलीले सुसमाचार सुनाउने कार्यमा परमेश्वरको प्रेमलाई ब्यक्तिगत तथा मण्डलीगत जीवनशैलीको रुपमा प्रस्तुत गर्नु पर्दछ ।*

मानिसहरू बीऊ रोप्ने योजना तर्फ आकर्षित हुने गर्दछ किनकी यी योजनाहरूले तुरुन्तै देख्न सकिने र महशुस गर्न सकिने खालको नतिजाहरू उत्पादन गर्दछन् । तिनीहरू उत्साहपूर्ण र शक्तिशाली हुन्छन् । तिनीहरूले परिवर्तन ल्याउछन् । तिनीहरूले जोश जगाउँदछन् । तिनीहरू उत्साहजनक र नाटकिय पनि हुन्छन् । यो अर्थपूर्ण छ । तथापी, मानिसहरू यसलाई ब्यक्तिगतरुपमा लागू गरिने कुराहरूलाई त्यति महत्वपूर्ण ठान्दैनन् जस्तो मलाई लाग्छ, जुन कुरा प्रेमको अनुशासनमा थियो । ब्यक्तिगत अनुशासन, बीऊ रोप्ने योजना जस्तो उत्साहजनक र शक्तिशाली नलाग्न सक्छ तर म यसमा असहमत छु । दुबै कुराहरू त्यतिकै उत्साहजनक हुन्छन् । दुबै सवेदनशील हुन्छन् । दुवै कुराहरू गरिनु पर्दछ । नियमितता नै यस्को उत्तर हो । यदि मण्डलीले सामूहिक रुपमा आफ्ना छिमेकीहरूलाई प्रेम गर्दछ तर यसका सदस्यहरूले ब्यक्तिगत रुपमा केही पनि गर्दैनन् भने संसारले थाहा पाईहाल्नेछन् । यदि ब्यक्तिगतरुपमा मात्र सदस्यहरूले छिमेकीहरूलाई प्रेम गर्दछन् तर मण्डलीले केही पनि गर्दैन भने तब पनि संसारले थाहा पाउनेछ ।

सौभाग्यबस्, हामीहरूले यी दुई विच कुनै एकलाई छान्नु पर्दैन ! मण्डलीले यी दुबै साधनहरूलाई परमेश्वरको राज्यको लाीग चलाउन सक्दछन् । प्रेमको अनुशासनमा, ब्यक्तिहरू परमेश्वरको राज्यका राजदुतहरू हुन् । बीऊ रोप्ने योजनाहरूमा मण्डली परमेश्वरको राज्यको दुतावास हो । जसै मण्डलीले सुसमाचारको निम्ति योजनाहरू बनाउँदछ, यसले ब्यक्तिगत र मण्डलीगत दुबै रुपमा परमेश्वरको प्रेमलाई प्रकट गर्न आवश्यक पर्दछ ।

प्रेमको अनुशासन र बीऊ रोप्ने योजना दुबै केवल साधनहरू मात्रै हुन् । यी ब्यक्तिगत तथा सामूहिक रुपमा सर्वाङ्गिण चेलापन गर्ने दुई तरिकाहरू हुन र यस्ता अरु धेरै पनि हुन सक्छन् । साईकल चलाउन सिक्दा दाँया र वाँया पाङग्राहरू भएभ्कै वा बुवाले साईकल समातिदिएभ्कै यी दुई साधनहरू ती साधनहरू हुन् जसले परमेश्वरको पुरा सुसमाचारलाई सेवाकाई गर्नको लागि आत्मविश्वास र अुभवको विकास गर्दछन् । साईकलको तालिमे साईड पाङ्गग्राहरूभ्कैं, जब मानिसहरूले अनुभव र आत्मविश्वासको विकास गर्दछन, त्यसपछि ती कुराहरूको आवश्यकता पर्दैन । त्यसपछि पनि तालिम पाईसकेका चालकहरूले आफूले सिकेका शीपहरू, तकनिकीहरू, अनुशासनहरू, र सन्तुलनलाई बिर्सनु हुदैंन, जसै उनीहरूले परमेश्वरको प्रेम आफ्नो छिमेकीहरूलाई देखाउँदछन् र अरुहरूलाई तालिम दिनका निम्ति ती साधनहरूको प्रयोग गर्दछन् ।

सेवा भनेको जीवनशैली हुनुपर्दछ । ख्रीष्टयन परिपक्कताको कुनै पनि स्तरमा रहेका मानिसहरुले जब एउटा बीऊ रोप्ने योजना वा प्रेमको अनुशासनलाई पुरा गर्दछन, त्यतिमैं सन्तुष्ट भएर बस्ने छुट पाउदैंनन वो पुरा गरेको योजनाको मूल्याँङ्कनहरू पनि नगरी बस्न पाउदैनन् । होइन, उनीहरूले परमेश्वरको प्रेम र सेवालाई प्रस्तुत गर्नको निम्ति अर्को तयारीमा लाग्नु पर्दछ ।

यदि येशू हाम्रो मेयर हुनभएको भए उहाँले आफ्ना जनहरूलाई ब्यक्तिगत र मण्डलीगत रुपमा सानो बलिदान रुपी बीऊहरू रोपिरहनको लागि उत्साह दिनुहुन्थ्यो होला भन्ने मलाई लाग्छ । यी त्यस्तै खालका प्रेममय सेवाका बीऊहरू थिए जसलाई हामी धर्मशास्त्रमा देख्न सक्दछौं र रोपण गर्न पनि सक्दछौं । यदि येशू हाम्रो मेयर हुनभएको भए उहाँले धर्मशास्त्रमा जस्तै आज पनि हाम्रा बलिदानरुपी बीऊहरूलाई आशिष दिनुहुन्थ्यो होला, साथै त्यसलाई गुणनात्मक ढंगले बृद्धि पनि गर्नुहुन्थ्यो होला ।

हामीले प्रस्तुत गरेको साधनहरूले तपाई र तपाईको मण्डली, र मण्डलीमा भएका हरेक सदस्यहरूलाई , परमेश्वरको रुपान्तरणीय कार्ययोजना, येशू मेयर हुनुभएभ्कैं सम्पन्न गर्नका लागि सशक्त पार्न सकोस् ।

# उपसंहार

यदि येशू मेयर हुनुभएको भए तपाईको समुदाय कसरी परिवर्तन हुन्थ्यो होला ?

यो एउटा ठूलो प्रश्न हो, होइन त ? मेरा विचारहरूलाई तपाईहरूसंग बाड्न पाउनु मेरो अहोभाग्य हो । मलाई विश्वास छ, कि यो प्रश्नका सम्भावित उत्तरहरू र त्यसका परिणामहरूको बारेमा विचार गर्नु तपाईलाई पनि त्यतिकै चुनौतीपूर्ण हुनेछ ।

मण्डलीले आफूले सेवाकाई गर्ने समुदायमा यसले खेल्ने भूमीकाहरूको लागि परमेश्वरको के कस्ता योजनाहरू छन् भनेर हेर्नको लागि, येशूलाई मेयरको रुपमा हेर्नु बाहेक अरु यस्तै धेरै उदारणहरू छन् । यसले हामीलाई बाध्यात्मक र चुनौतीपूर्ण चित्रण दिंद्छ । परमेश्वरले आफ्ना चेलाहरूका मण्डलीहरूलाई उनीहरू उहाँको उद्देश्यलाई घोषणागर्न र अघि बढाउनका लागि परमेश्वरको सरकारको राजदुतावास भएको चाहनुहुन्छ भन्ने कुरामा दूईमत छैन् ।

हाम्रो कुराकानीलाई अन्त गर्नु भन्दा अघि, यदि येशू मेयर हुनुभएको भए हाम्रो समुदाय कसरी परिवर्तन हुन्थ्यो होला ? भन्ने प्रश्नको उत्तर ब्यक्तिगत तथा सामूहिक रुपमा विचार गर्दै गर्दा, म हाम्रा पिता संग यो प्रार्थना गर्न चाहन्छु कि उहाँले हामीलाई उहाँको इच्छा देख्न र पालना गर्न मद्दत दिनुभएको होस् ।

पिता, मेरा दाजुभाई दिदिबहिनीहरुका निम्ति तपाईलाई धन्यवाद दिन्छु । तपाईले तपाईको दुलही र उसको उद्देश्यहरुको बारेमा मेरा केही विचारहरु बाँड्ने अवसर र सम्मान दिनुभएको छ ।

मैले लेखेका कुराहरुलाई गहूँलाई भुषबाट अलग गरेझैं, तपाईको आत्माले निफन्नु होस् ।

पिता, तपाईको ईच्छा पालन गर्नको लागि तपाईको दयाले हामीलाई पूर्णरुपमा भर्नुहोस् । तपाईको वर्तमान राज्यको महिमाले, हाम्रा समूदायमा भएका, हराएकाहरु र तोडिएकाहरुलाई तपाईको चङ्गाइको ज्योतिमा नल्याउजेलसम्म, तपाईको दयाले हामीलाई भर्नुहोस् । पहिला हाम्रो आफ्नो जीवनमा र त्यसपछि हामीले सेवा गर्ने मण्डलीहरुमा ।

तपाईको पुत्र हाम्रो मेयरले सबैकुराहरुलाई पुर्नस्थापना गर्न चाहन्नुहुन्छ भन्ने कुराले हाम्रो मन र हृदयहरुलाई भरिदिनुहोस् । हामीहरु पनि भरिन सकौं कि हामीले उहाँको कार्ययोजनाहरुलाई अघि बढाउनका लागि आर्कैलाई समर्पित गर्न र बाँड्न देखि पछि नपरेका हौं ।

तपाईको राज्य आओस, तपाईको ईच्छा जस्तो स्वर्गमा छ, त्यस्तै यस पृथ्वीमा पनि पुराहोस् ?

येशूको नाउँमा, आमेन

# End Notes:

# Bible Texts Cited

*New International Version* (NIV). Colorado Springs CO: International Bible Society, 1978, 1984.
*The King James Version* (KJV).

# Works Cited

# About the Author

# Last Cover Page

People’s comments about the book